महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना

परिदृश्य (*Vision*)

कानूनी शासनको सुनिश्चितता ।

परिलक्ष्य (*Mission*)

वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यावसायिक संस्थाको रूपमा स्थापित हुनु ।

मूल्य (*Values*)

कानून र न्यायका मान्य सिद्धान्तको अवलम्बन, स्वच्छ सुनुवाई, उत्तरदायित्व र जवाफदेहिता, व्यावसायिकता, मानव अधिकारको संरक्षण, अपराध पीडितलाई न्याय, बाल मैत्री तथा लैङ्गिक संवेदनशीलता, सार्वजनिक हितको संरक्षण, स्वामित्वबोध, निरन्तर सिकाई र सुधार ।

लक्ष्यहरू (*Goals*)

लक्ष्य १: अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने

लक्ष्य २: मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने

लक्ष्य ३: संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्ने

लक्ष्य ४: सरकारी वकील सेवालाई व्यावसायिक बनाउने

लक्ष्य ५: संस्थागत सुदृढीकरण गर्ने

महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०७७/०७८

महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७७/०७८



महान्यायाधिवक्ताको कार्यालय, नेपाल

रामशाहपथ, काठमाडौं

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले महान्यायाधिवक्ताको कार्यालयको ७१औं स्थापना दिवस समारोहको उद्घाटन गर्नुहुँदै ।

माननीय महान्यायाधिवक्ता श्री खम्मबहादुर खातीज्यूले पदबहाली गर्नुहुँदै ।

माननीय महान्यायाधिवक्ता श्री खम्मबहादुर खातीज्यूले महान्यायाधिवक्ताको कार्यालयको ७१औं स्थापना दिवस समारोहलाई सम्बोधन गर्नुहुँदै ।

नवनियुक्त सरकारी वकीलहरूका लागि आधारभुत प्रशिक्षण कार्यक्रम, २०७८ ।

"अभियोजनमा सुधार र व्यावसायिकता विकास"

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू

समक्ष

महान्यायाधिवक्ता

श्री खम्मबहादुर खातीले

पेश गरेको

आर्थिक वर्ष २०७७/०७८ को

वार्षिक प्रतिवेदन

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

रामशाहपथ, काठमाडौं

महान्यायाधिवक्ताको
वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०७७/०७८

प्रकाशन संख्या	:	१,००० (एक हजार) प्रति
प्रकाशित मिति	:	२०७८ माघ
सम्पादन समिति	:	नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला
		सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल
		सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी
		सहन्यायाधिवक्ता श्री लोकराज पराजुली
		सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी
		उपन्यायाधिवक्ता श्री सविता शर्मा
		सहायक न्यायाधिवक्ता श्री शिव वाग्ले
		सहायक न्यायाधिवक्ता श्री उमंग निरौला
		सहायक न्यायाधिवक्ता श्री प्रभात क्षेत्री
सम्पादन सहयोग	:	कम्प्युटर अपरेटर श्री नारायण स्वर्णकार
प्रकाशक	:	महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं, नेपाल
फोन	:	४२००८२४,४२००८२५, ४२००८२६
फ्याक्स	:	४२००८२७
वेभ साइट	:	www.ag.gov.np
मुद्रण	:	गणपति अफसेट प्रेस
		९८५१०९८६४२

माननीय महान्यायाधिवक्ता श्री खम्मबहादुर खाती

नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे

नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय

नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला

नायब महान्यायाधिवक्ता डा. श्री टेकबहादुर घिमिरे

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतलनिवास, काठमाडौं ।

विषय : आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन पेश गरिएको ।

नेपालको संविधानको धारा १५९ को उपधारा (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ । सोही धाराको उपधारा (२) ले सो प्रतिवेदनमा महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ ।

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ को उपनियम (७) मा महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा संविधानमा उल्लेख भएका विषयका अतिरिक्त मुलुकभित्र भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसंख्याको तुलनात्मक स्थिति, नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा कसूर ठहर भएको वा सफाइको स्थिति, महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयहरूलाई प्राप्त विनियोजित बजेट, खर्चको स्थिति र स्रोत साधनको व्यवस्था, नेपाल सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या र सुधारका उपायहरू र कसूर नियन्त्रणका लागि सुधारका उपायहरू समेत समावेश हुनु पर्ने व्यवस्था गरिएको छ । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको छु ।

समय, संचार र समाजसँगै आपराधिक क्रियाकलाप तथा यसका शैली, तरिकामा परिवर्तन हुने गर्दछ । अपराधको प्रभाव र प्रकृतिमा भिन्नता देखिएको छ । भौतिक उपस्थिति विना अपराधमा संलग्नता रहने वा संगठित रूपमा अपराध गर्ने प्रवृत्ति पनि देखिएको छ । आपराधिक गतिविधिको प्रभाव फौजदारी न्याय प्रशासनमा मात्र पर्ने हुँदैन । सार्वजनकि प्रशासन र समाजका गतिविधिमा यसले प्रत्यक्ष प्रभाव पार्ने हुन्छ ।

फौजदारी न्याय प्रशासनको मुख्य अवयवका रूपमा कार्य गर्ने सरकारी वकीलले नेपाल सरकारको तर्फबाट अभियोजनकर्ताको रूपमा कार्य गर्दै आएका छन् । नेपाल सरकारको हक, हित वा सरोकार रहेका मुद्दा तथा रिट

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

निवेदनमा अदालतमा बहस पैरवी, प्रतिरक्षा गर्दै आएका छन् । यसैगरी नेपाल सरकार र सरकारी निकायलाई कानूनी राय प्रदान गर्ने कार्य समेत सम्पादन गर्दै आएको छन् । यी कार्य आफैमा व्यावसायिक कार्य हुन् । जसका लागि सरकारी वकील पनि सक्षम, योग्य र इमान्दार हुनु पर्दछ । आफुले सम्पादन गरेका कार्यमा उत्तरदायित्व र जिम्मेवारी लिन सक्ने अवस्थामा हुनु पर्दछ ।

महान्यायाधिवक्ता तथा मातहतका सरकारी वकीलले संविधान र कानूनले सुम्पिएको कार्य प्रभावकारी रूपमा सम्पादन गर्न सरकारी वकील कार्यालयहरूलाई आवश्यक जनशक्ति एवं भौतिक स्रोत साधनहरूको व्यवस्था जरूरी हुछ । सरकारी वकीललाई सुम्पिएको जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा लक्ष्य रणनीति र क्रियाकलापहरूको प्रक्षेपण गरिएको छ । योजनामा प्रक्षेपण गरिएका क्रियाकलापहरू कार्यान्वयनका लागि स्रोत साधन र समन्वयको अपरिहार्यता रहन्छ । प्रक्षेपित क्रियाकलापको संचालनबाट वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन गर्न, सरकार वादी भई दायर भएका वा सरकार उपर परेका मुद्दा र रिट निवेदनमा प्रभावकारी प्रतिनिधित्व गर्न, फौजदारी कानूनको कार्यान्वयन गर्न तथा सरकारी वकीलहरूलाई संविधान र कानूनले सुम्पेको जिम्मेवारी सक्षम र सबल रूपमा सम्पन्न गर्न सहयोग मिल्ने आशा गरेको छु ।

अन्त्यमा, संवैधानिक सर्वोच्चता तथा कानून र न्यायका मान्य सिद्धान्तहरुको अवलम्बन, स्वच्छ सुनुवाइ, उत्तरदायित्व र जवाफदेहिता, व्यावसायिकता, मानव अधिकारको संरक्षण, अपराध पीडितलाई न्याय, बालमैत्री तथा लैंगिक संवेदनशिलता, सार्वजनिक हितको संरक्षण, स्वामित्वबोध र निरन्तर सिकाइ एवं सुधारप्रति महान्यायाधिवक्ताको कार्यालयको उच्च प्रतिबद्धता रहेको छ । फौजदारी न्याय प्रशासनका लागि प्रभावकारी अभियोजन प्रणाली संस्थागत गर्न र सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा लगायतका मूल्य मान्यतामा सदैव प्रतिबद्ध रहेको छ । व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा रही कार्य गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरू सदैव दृढतापूर्वक निरन्तर क्रियाशील रहेको व्यहोरा सम्माननीय राष्ट्रपतिज्यू समक्ष सादर निवेदन गर्दछु ।

माघ, २०७८

(खम्मबहादुर खाती)
महान्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

संक्षिप्त झलक

आ.व. २०७७/०७८

१. मुद्दा, रिट तथा निवेदनहरुको लगत, फछ्यौंट र बा ँकीको विवरण

कार्यालय	बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्यौंट				बाँकी	रिट खारेज, कसूर ठहर प्रतिशत
		गतवर्ष	यसवर्ष	जम्मा	रिट खारेज, कसूर ठहर	रिट जारी, कसूरमा सफाई	मुल्तवी, तामेली, अन्य	जम्मा		
म.न्या.का.	मुद्दा	४२७९	१२२४	५५०३	७१८	८७२	१	१५९१	३९१२	४५.१३
	रिट निवेदन	३५६५	१७९२	५३५७	३५४	३१३	३७	७०४	४६५३	५०.२८
	अन्य निवेदन	२४०६	४३९	२८४५	२१४	२२२	०	४३६	२४०९	४९.०८
म.न्या.का.को जम्मा		**१०२५०**	**३४५५**	**१३७०५**	**१२८६**	**१४०७**	**२६९३**	**२७३१**	**१०९७४**	**४७.०९**
उ.स.व.का.	मुद्दा	६६३६	८२३४	१४८७०	४०४३	३२०९	८०	७३३२	७५३८	५५.१४
	रिट निवेदन	८६०	२४१६	३२७६	८८९	६२०	१३२	१६४१	१६३५	५४.१७
	अन्य निवेदन	४८५	३५१६	४००१	२१११	११९३	१	३३०५	६९६	६३.८७
उ.स.व.का.को जम्मा		**७९८१**	**१४१६६**	**२२१४७**	**७०४३**	**५०२२**	**२१३**	**१२२७८**	**९८६९**	**५७.३६**
वि.स.व.का.	मुद्दा	४११९	२३८६	६५०५	२४००	२८२	०	२६८२	३८२३	८९.४९
	रिट निवेदन	०	०	०	०	०	०	०	०	०.००
	अन्य निवेदन	०	०	०	०	०	०	०	०	०.००
वि.स.व.का.को जम्मा		**४११९**	**२३८६**	**६५०५**	**२४००**	**२८२**	**०**	**२६८२**	**३८२३**	**८९.४९**
जि.स.व.का.	मुद्दा	२९७५३	२६९६४	५६७१७	१८३७९	५०२२	२९८	२३६९९	३३०१८	७७.५५
	रिट निवेदन	३५४	३५७	७११	१६२	८४	१४	२६०	४५१	६२.३१
	अन्य निवेदन	०	०	०	०	०	०	०	०	०.००
जि.स.व.का.को जम्मा		**३०१०७**	**२७३२१**	**५७४२८**	**१८५४१**	**५१०६**	**३१२**	**२३९५९**	**३३४६९**	**७७.३९**
कुल जम्मा	**मुद्दा**	**४४७८७**	**३८८०८**	**८३५९५**	**२५५४०**	**९३८५**	**३७९**	**३५३०४**	**४८२९१**	**७२.३४**
	रिट निवेदन	**४७७९**	**४५६५**	**९३४४**	**१४०५**	**१०१७**	**१८३**	**२६०५**	**६७३९**	**५३.९३**
	अन्य निवेदन	**२८९१**	**३९५५**	**६८४६**	**२३२५**	**१४१५**	**१**	**३७४१**	**३१०५**	**६२.१५**
	कुल जम्मा	**५२४५७**	**४७३२८**	**९९७८५**	**२९२७०**	**११८१७**	**५६३**	**४१६५०**	**५८१३५**	**७०.२८**

२. सवारी साधन, सूचना तथा विद्युतीय सामग्रीको विवरण

कार्यालय	विवरण	कार	जीप	भ्यान	मोटरसाइकल	ल्यापटप	कम्प्युटर	प्रिन्टर	इन्भर्टर	सोलार	फोटोकपि	टेलिफोन	फ्याक्स
म.न्या.का.	चालु अवस्था	२१	७	१	३९	३४५	७५	७९	०	०	४	२९	०
	मर्मत गर्नुपर्ने	२	०	०	२	०	०	०	०	०	०	०	०
	काम नलाग्ने	०	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	२३	७	१	४१	३४५	७५	७९	०	०	४	२९	०
उ.स.व.का.	चालु अवस्था	१५	६	१	२८	३५	१०२	६६	३०	१४	२५	३९	६
	मर्मत गर्नुपर्ने	१	२	०	८	६	१५	११	६	१	११	१	२
	काम नलाग्ने	०	१	०	०	३	१२	१९	४	०	३	५	७
	जम्मा	१६	९	१	३६	४४	१२९	९६	४०	१५	३९	४५	१५
वि.स.व.का.	चालु अवस्था	२	२	०	१०	८	२५	९	४	१२	५	२	१
	मर्मत गर्नुपर्ने	०	०	०	०	६	१	०	०	०	१	०	०
	काम नलाग्ने	०	०	०	०	०	०	२	०	०	०	०	०
	जम्मा	२	२	०	१०	१४	२६	११	४	१२	६	२	१
जि.स.व.का.	चालु अवस्था	६३	२	२	६१	८३	३१२	२३०	१०३	५६	७२	१५०	२४
	मर्मत गर्नुपर्ने	७	१	०	१९	१७	९१	६५	१७	३	३२	९	११
	काम नलाग्ने	४	५	१	१०	५	३७	२२	५	२	१३	१७	११
	जम्मा	७४	८	३	९०	१०५	४४०	३१७	१२५	६१	११७	१७६	४६
कुल जम्मा	चालु अवस्था	१०१	१७	४	१३८	४७१	५१४	३८४	१३७	८२	१०६	२२०	३१
	मर्मत गर्नुपर्ने	१०	३	०	२९	२९	१०७	७६	२३	४	४४	१०	१३
	काम नलाग्ने	४	६	१	१०	८	४९	४३	९	२	१६	२२	१८
	जम्मा	**११५**	**२६**	**५**	**१७७**	**५०८**	**६७०**	**५०३**	**१६९**	**८८**	**१६६**	**२५२**	**६२**

३. सरकारी वकीलहरुको कुल दरबन्दी र पदपूर्तिको अवस्था

सि.नं.	पद	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त
१	महान्यायाधिवक्ता	संवैधानिक	१	१	०
२	नायब महान्यायाधिवक्ता	राजपत्राङ्कित विशिष्ट श्रेणी	४	४	०
३	सह-न्यायाधिवक्ता	राजपत्राङ्कित प्रथम	३८	३४	४
४	जिल्ला न्यायाधिवक्ता/उप-न्यायाधिवक्ता	राजपत्राङ्कित द्वितीय	१७४	१६४	१०
५	सहायक जिल्ला न्यायाधिवक्ता/शाखा अधिकृत	राजपत्राङ्कित तृतीय	३०३	२१९	८४
	जम्मा		**५२०**	**४२२**	**९८**

४. विनियोजन, निकासा र खर्चको विवरण

बजेटको अवस्था		म.न्या.का.	उ.स.व.का.	वि.स.व.का.	जि.स.व.का.	जम्मा
विनियोजन	चालु	१३७८५८०००.००	२१०२१५०००.००	२९९४६०००.००	५६८४४८०००.००	९४६४६७०००.००
	पुँजीगत	१३०१४०००.००	६०६२५०००.००	६७०८०००.००	१९५२६१०७५.००	२७५६०८०७५.००
	जम्मा	**१५०८७२०००.००**	**२७०८४००००.००**	**३६६५४०००.००**	**७६३७०९०७५.००**	**१२२२०७५०७५.००**
निकासा/खर्च	चालु	११४६६४८८९.७८	१७११९५२१२.००	२६३२९३१२.२९	४४१९२०७२६.००	७५४११०१४०.०७
	पुँजीगत	११२८४२०१०.०१	५१३०३२८७.००	६४१२०२२.८०	१३९१६८०५०.००	३०९७२५३६९.८१
	जम्मा	**२२७५०६८९९.७९**	**२२२४९८४९९.००**	**३२७४१३३५.०९**	**५८१०८८७७६.००**	**१०६३८३५५०९.८८**

द्रष्टव्यः म.न्या.का. ले महान्यायाधिवक्ताको कार्यालय, उ.स.व.का ले उच्च सरकारी वकील कार्यालय, वि.स.व.का. ले विशेष सरकारी वकील कार्यालय र जि.स.व.का. ले जिल्ला सरकारी वकील कार्यालयलाई बुझाउँछ

५. **महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण**

	सि.नं.	मुद्दाको नाम		महान्यायाधिवक्ताको कार्यालय							उच्च सरकारी वकील कार्यालय					
				लगत	फछ्यौट					बाँकी	लगत	फछ्यौट				बाँकी
					कसूर ठहर	सफाई	मुल्तवी	अन्य	जम्मा			कसूर ठहर	सफाई	अन्य	जम्मा	
अनुसूची १ मित्रका मुद्दाका अभियोजन र कारवाहीको विवरण	१	राज्य विरुद्ध		७	०	६	०	०	६	१	८६	११	५१	०	६२	२४
	२	सार्वजनिक शान्ति विरुद्ध		०	०	०	०	०	०	०	७९	१४	३२	०	४६	३३
	३	सार्वजनिक न्याय विरुद्ध		०	०	०	०	०	०	०	६	२	३	०	५	१
	४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता		०	०		०	०	०	०	३२	७	९	०	१६	१६
	५	हातहतियार तथा खरखजाना		८	४	१	०	०	५	३	१४१	३९	२६	०	६५	७६
	६	विष्फोटक पदार्थ		०	०	०	०	०	०	०	४८	१४	११	०	२५	२३
	७	राष्ट्रिय तथा सार्वजनिक सम्पदा		०	०	०	०	०	०	०	६	०	१	०	१	५
	८	धर्म सम्बन्धी कसुर		०	०	०	०	०	०	०	१४	०	७	०	७	७
	९	भेदभाव तथा अपमानजन्य व्यवहार	बन्धक वा बाँधा बनाउने	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			छुवाछूत वा भेदभाव गर्ने	०	०	०	०	०	०	०	५०	५	२३	०	२८	२२
			यातना दिने	०	०	०	०	०	०	०	१	०	१	०	१	०
			अन्य	३	१	०	०	०	१	२	४०	४	१०	०	१४	२६
	१०	विवाह	क) बहु विवाह	३४	९	१७	०	०	२६	८	७८१	१७१	२३४	१	४०६	३७५
			ख) बाल विवाह	५	२	१	०	०	३	२	७७	१६	२३	०	३९	३८
			ग) हाडनाता विवाह	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	११	ज्यान	क) कर्तव्य ज्यान	८१९	१७५	२०९	०	०	३८४	४३५	७४३	१९८	१४९	३	३५०	३९३
			ख) आवेश प्रेरित हत्या	१	०	१	०	०	१	०	२	१	०	०	१	१
			ग) लापरवाहीबाट हत्या	०	०	०	०	०	०	०	२	०	१	०	१	१
			घ) हेलचेक्याईपूर्वक हत्या	०	०	०	०	०	०	०	२	०	२	०	२	०
			ङ) ज्यान मार्ने उद्योग	१२०	३०	३९	०	०	६९	५१	९०७	२०४	३५५	२	५६१	३४६
			च) फाली वा परित्याग गरेको	०	०	०	०	०	०	०	१	०	०	०	०	१
			छ) भवितव्य ज्यान	०	०	०	०	०	०	०	७	१	४	०	५	२
			ज) गर्भपतन	४	०	१	१	०	२	२	२३	६	८	०	१४	९
			झ) आत्महत्या गर्न दुरुत्साहन गर्ने	१	१	०	०	०	१	०	११८	१५	४६	०	६१	५७
	१२	कुटपिट अंगभंग		१४	४	२	०	०	६	८	१०८	१७	३४	०	५१	५७
	१३	गैरकानूनी बुना		०	०	०	०	०	०	०	०	०	०	०	०	०
	१४	व्यक्ति बेपत्ता पार्ने		०	०	०	०	०	०	०	३	०	२	०	२	१
	१५	अपहरण वा शरीर बन्धक	क) अपहरण	८४	७	१४	०	०	२१	६३	८९	११	३२	०	४३	४६
			ख) शरीर बन्धक	३	०	३	०	०	३	०	६२	१५	१६	०	३१	३१
			ग) दुरुत्साहन, उद्योग, अन्य	१	०	१	०	०	१	०	१	०	१	०	१	०
	१६	करणी	क) जबर्जस्ती करणी	४१२	५०	४७	०	०	९७	३१५	१६४९	४२९	४३७	२	८६८	७८१
			ख) जबर्जस्ती करणी उद्योग	६०	८	२५	०	०	३३	२७	६४२	१२१	२२८	१	३५०	२९२
			ग) बाल यौन दुरुपयोग	३	२	०	०	०	२	१	१११	२५	२७	०	५२	५९
			घ) अप्राकृतिक मैथुन	७	२	४	०	०	६	१	२०	३	३	०	६	१४
			ङ) वैवाहिक बलात्कार	०	०	०	०	०	०	०	१०	३	२	०	५	५
			च) अन्य	४	२	२	०	०	४	०	२४	१२	३	०	१५	९
	१७	इलाज सम्बन्धी		०	०	०	०	०	०	०	१	०	०	०	०	१
	१८	चोरी तथा डाँका	क) साधारण चोरी	१८	७	६	०	०	१३	५	१०२९	३७४	१९७	०	५७१	४५८
			ख) नकबजनी चोरी	१७	१	३	०	०	४	१३	६६४	२१९	१२७	१	३४७	३१७
			ग) डाँका	४३	१	१	०	०	२	४१	४३१	१३४	६०	०	१९४	२३७
			घ) बगली मारा	०	०	०	०	०	०	०	२	१	१	०	२	०
			ङ) अन्य	१४	३	५	०	०	८	६	४४	४	३	०	७	३७
	१९	आर्थिक	क) ठगी	१३३	२६	३८	०	०	६४	६९	४९१	१४३	७१	५	२१९	२७२
			ख) आपराधिक विश्वासघात	०	०	०	०	०	०	०	१३	३	५	०	८	५
			ग) आपराधिक लाभ (एक्सटर्सन)	१	०	०	०	०	०	१	१४	३	७	०	१०	४
			घ) मुद्रा	०	०	०	०	०	०	०	१०	३	१	०	४	६
			ङ) टिकट	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			च) बैंकिङ्ग कसूरसम्बन्धी	५५१	६१	४०	०	०	१०१	४५०	९९१	२६४	२८	१	२९३	६९८
			ज) नेपाल राष्ट्र बैंक सम्बन्धी	०	०	०	०	०	०	०	२	०	१	०	१	१
			झ) अन्य (राजश्व समेत)	५	३	०	०	०	३	२	५५	४	५	०	९	४६
	२०	कीर्ते		४९	१५	१५	०	०	३०	१९	१८०	३२	२२	२	५६	१२४
	२१	आपराधिक प्रवेश		०	०	०	०	०	०	०	६	३	१	०	४	२
	२२	आपराधिक उपद्रव		०	०	०	०	०	०	०	६४	९	१९	०	२८	३६
	२३	पशुपक्षी	गाई, गोरु मार्ने वा कुट्ने	२			०	०	०	२	२०	२	६	०	८	१२
			अन्य	०	०	०	०	०	०	०	८	०	०	०	०	८
	२४	नागरिकता		८	१	१	०	०	२	६	५८	९	१२	०	२१	३७
	२५	प्रतिलिपि अधिकार		६	०	०	०	०	०	६	१	०	०	०	०	१
	२६	प्रविधि सम्बन्धी	क) दूर संचारसम्बन्धी	७	१	२	०	०	३	४	२१	२	४	०	६	१५
			ख) विद्युतीय कारोबार	०	०	०	०	०	०	०	९४	४३	१८	०	६१	३३
			ग) अन्य	०	०	०	०	०	०	०	१	०	१	०	१	०
	२७	मानव बेचबिखन	क) मानव किनबेच	४२	७	१२	०	०	१९	२३	७७	८	१६	०	२४	५३
			ख) मानव ओसारपसार	१५९	२०	१८	०	०	३८	१२१	२०९	४०	६५	०	१०५	१०४
			ग) मानव अंग झिक्ने, बेच्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			घ) वेश्यागमन	०	०	०	०	०	०	०	१	१	०	०	१	०
			ङ) वेश्यावृत्ति	०	०	०	०	०	०	०	४	०	१	०	१	३
	२८	राहदानी		०	०	०	०	०	०	०	२	०	०	०	०	२
	२९	लागू औषध		२८१	२२	४२	०	०	६४	२१७	२२२२	८४५	४३२	०	१२७७	९४५
	३०	सवारी ज्यान	क) सवारीबाट अंगभंग	४	०		०	०	०	४	१५३	३८	३४	०	७२	८१
			ख) सवारीबाट कर्तव्य ज्यान	०	०	०	०	०	०	०	३७२	१६४	७६	०	२४०	१३२
			ग) लापरवाही	१६	२	३	०	०	५	११	६७	३४	७	०	४१	२६
			घ) भवितव्य	०	०	०	०	०	०	०	३८३	११५	४१	०	१५६	२२७
			ङ) क्षतिपूर्ति	०	०	०	०	०	०	०	१	०	०	०	०	१
	३१	विविध	क) अंग प्रत्यारोपण	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ख) आवश्यक वस्तु संरक्षण	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ग) कालो बजार	१	०	०	०	०	०	१	१५	०	२	०	२	१३
			घ) गोवध	०	०	०	०	०	०	०	२५	८	८	०	१६	९
			ङ) जुवा	०	०	०	०	०	०	०	१७	३	७	०	१०	७
			च) प्राचीन स्मारक सम्बन्धी	०	०	०	०	०	०	०	३	१	०	०	१	२
			छ) शिक्षा ऐनको दफा १७(१क)	०	०	०	०	०	०	०	३	०	२	०	२	१
			ज) स्वास्थ्यकर्मी/संस्थाको सुरक्षा	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			झ) अन्य	१०	१	२	०	०	३	७	५१	१०	१०	०	२०	३१

अनुसूची २ विपक्का मुद्दामा अभियोजन र कारवाहीको विवरण	**अनुसूची १ का मुद्दाको जम्मा**	**२९५७**	**४६८**	**५६१**	**१**	**०**	**१०३०**	**१९२७**	**१३६९०**	**३८६३**	**३०७१**	**१८**	**६९५२**	**६७३८**
	१ अध्यागमन	०	०	०	०	०	०	०	१	०	०	०	०	१
	२ उपभोक्ता संरक्षण	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	३ औषधि	०	०	०	०	०	०	०	९	१	०	०	१	८
	४ खाद्य पदार्थ सम्बन्धी	०	०	०	०	०	०	०	२	१	०	०	१	१
	५ पानी दूषित पार्ने	०	०	०	०	०	०	०	१	०	०	०	०	१
	६ वातावरण प्रदूषित गर्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	७ खाद्य ऐन अन्तर्गका	०	०	०	०	०	०	०	२	०	०	०	०	२
	८ गुणस्तर (प्रमाण चिन्ह)	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	९ नाप तौल सम्बन्धी	०	०	०	०	०	०	०	१३	३	२	०	५	८
	१० निर्वाचन सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	११ वैदेशिक रोजगार	७३८	१८०	२६३	०	०	४४३	२९५	०	०	०	०	०	०
	१२ राजश्व चुहावट	१४	१	१	०	०	२	१२	२२८	१९	५	०	२४	२०४
	१३ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	२७	२	०	०	०	२	२५	७७	२५	८	०	३३	४४
	१४ विदेशी विनिमय	३	०	१	०	०	१	२	३९	४	५	०	९	३०
	१५ वन	२९	८	१०	०	०	१८	११	२३४	६४	५७	०	१२१	११३
	१६ विद्युत चोरी	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	१७ शिक्षा ऐन दफा १७(१)	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	१८ सम्पत्ति शुद्धीकरण	१६	२	४	०	०	६	१०	०	०	०	०	०	०
	१९ सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२० स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२१ अन्य	१	१	०	०	०	१	०	१९	६	१	०	७	१२
	अनुसूची २ का मुद्दाको जम्मा	**८२८**	**१९४**	**२७९**	**०**	**०**	**४७३**	**३५५**	**६२५**	**१२३**	**७८**	**०**	**२०१**	**४२४**
देवानी	क) सरकारी जग्गा दर्पोट	१९४	६	१	०	०	७	१८७	०	०	०	०	०	०
	ख) तिरो दर्पोट	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	ग) विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	घ) विदेशीलाई अंश अपुतालि दिएको	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	ङ) अन्य				०	०	०	०	०	०	०	०	०	०
	देवानी मुद्दाको जम्मा	**१९४**	**६**	**१**	**०**	**०**	**७**	**१८७**	**०**	**०**	**०**	**०**	**०**	**०**
	कुल जम्मा	**३९७९**	**६६८**	**८४१**	**१**	**०**	**१५१०**	**२४६९**	**१४३१५**	**३९८६**	**३१४९**	**१८**	**७१५३**	**७१६२**

६. विशेष सरकारी वकील कार्यालयमा रहेका मुद्दाहरुको विषयगत विवरण

अनुसूची		मुद्दाको नाम	जम्मा		फछ्यौंट						जम्मा		बाँकी	
					कसुर कायम		सफाइ		अन्य					
			मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
अनुसूची १ का	वाणिज्य दुरुपयोगमा	१) बैंकिङ्ग कसुर तथा सजाय ऐन सम्बन्धी	४६४०	६१०८	२०९३	२०९७	४७	४९	०	०	२१४०	२१४६	२५००	३९६२
		२) कम्पनी ऐन दफा १५९	०	०	०	०	०	०	०	०	०	०	०	०
		३) सुर्रक्षित कारोबार	०	०	०	०	०	०	०	०	०	०	०	०
		४) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०
जम्मा			४६४०	६१०८	२०७७	२१५०	०	०	०	०	२१४०	२१४६	२५००	३९६२
अनुसूची २ का	विशेष अदालतमा	१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा ३५ग बमोजिमको पुनरावेदन	०	०	०	०	०	०	०	०	०	०	०	०
		२. भ्रष्टाचार												
		क) कमिसन लिएको	०	०	०	०	०	०	०	०	०	०	०	०
		ख) गैर कानूनी सम्पत्ति आर्जन गरेको	३५	९८	०	०	६	१३	०	०	६	१३	२९	८५
		ग) झुठ्ठा विवरण दिएको	२६	१५७	४	२४	६	३६	०	०	१०	६०	१६	९७
		घ) नक्कली प्रमाणपत्र	७३	७३	३१	३१	०	०	०	०	३१	३१	४२	४२
		घ) राजश्व चुहावट	२०	७२	१	२	४	२०	०	०	५	२२	१५	५०
		ङ) रिसवत लिएको	४६९	७६४	४७	९८	१९	२८	०	०	६६	१२६	४०३	६३८
		च) सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरेको	१०५	६४८	४	६	६	१५	०	०	१०	२१	९५	६२७
		च) अन्य	३६	४३७	०	०	०	०	०	०	०	०	३६	४३७
		३. सम्पत्ति सुद्धीकरण सम्बन्धी	२९	१००	४	१५	१	२	०	०	५	१७	२४	८३
		४. राज्य विरुद्धको अपराध	०	०	०	०	०	०	०	०	०	०	०	०
		५. अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा		७९३	२३४९	९१	१७६	४२	११४	०	०	१३३	२९०	६६०	२०५९
	वैदेशिक रोजगार न्यायाधिकरण	१) संस्थागत	०	०	०	०	०	०	०	०	०	०	०	०
		२) व्यक्तिगत	४६०	४८६	११६	१२०	१४३	१४८	०	०	२५९	२६८	२०१	२१८
		जम्मा	४६०	४८६	१५५	१६०	४२	४७	१	१	१९८	२०८	२६२	२७८
जम्मा			१२५३	२८३५	२९८	३२८	६६	८०	१	१		४०९	१२५३	२४२६
प्रतिरक्षा	प्रशासकीय अदालतमा	१) विशेष सजाय उपर	७	७	३	३	०	०	०	०	३	३	४	४
		२) सामान्य सजाय उपर	११	११	२	२	०	०	०	०	२	२	९	९
	जम्मा		१८	१८	०	०	०	०	०	०	०	०	१८	१८
	राजश्व न्यायाधिकरण, काठमाडौं	१) आयकर	२१५	०	२५	०	०	०	०	०	२५	०	१९०	०
		२)मूल्य अभिवृद्धि कर	१४५	०	१५	०	०	०	०	०	१५	०	१३०	०
		३) भन्सार	१४५	०	७	०	०	०	०	०	७	०	१३८	०
		४) अन्य	८९	०	४	०	०	०	०	०	४	०	८५	०
		जम्मा	५९४	०	५१	०	०	०	०	०	५१	०	५४३	०
कुल जम्मा			**६५०५**	**८९६१**	**२४२६**	**२४७८**	**६६**	**८०**	**१**	**१**	**२९९१**	**२५५५**	**४३१४**	**६४०६**

७. **जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका मुद्दाहरुको विषयगत विवरण**

क मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ का मुद्दाहरुको विषयगत वर्गीकरण

मुद्दाको विषयगत विवरण		यस आर्थिक वर्षको अभियोजन गरेका निर्णय संख्या				फछ्यौंट संख्या								जम्मा		बाँकी	
		मुद्दा चलाउने		मुद्दा नचलाउने		जम्मा लगत संख्या		कसुर कायम		सफाई		फिर्ता,मुलतबी, अन्य					
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
राज्य विरुद्ध		१७	५१	१	१	९४	४१०	५	१२	२६	९०	१	१७	३२	११९	६२	२९१
सार्वजनिक शान्ति विरुद्ध		१९३४	३३९९	०	०	६२९०	१०३७४	२३८०	३५५१	११९	२२९	०	०	२४९९	३७८०	३७९१	६५९४
सार्वजनिक न्याय विरुद्ध		८०	१४८	०	०	१५३	२८९	९४	१५७	१४	३१	०	०	१०८	१८८	४५	१०१
सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता		५२८०	९३५९	२२	३७	११५८६	२००२५	५३५८	८६२८	१५२	२७७	४	११	५५१४	८९१६	६०७२	१११०९
हातहतियार तथा खरखजाना		२७६	५०५	३	३	६१३	१३५३	१८३	३३४	५०	९५	३	४	२३६	४३३	३७७	९२०
विष्फोटक पदार्थ		५७	१८६	२	१८	१९२	८३४	२४	६९	२२	६४	२	२६	४८	१५९	१४४	६७५
राष्ट्रिय तथा सार्वजनिक सम्पदा		१	२	०	०	१२	७०	०	०	२	९	०	०	२	९	१०	६१
धर्म सम्बन्धी कसुर		४	१२	०	०	१८	४६	१	२	५	१९	०	०	६	२१	१२	२५
मेलमाप तथा अपमानजन्य व्यवहार	बन्धक वा बाँधा बनाउने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	छुवाछुत वा भेदभाव गर्ने	४५	१३१	०	०	८२	२१९	१४	३८	२६	७०	०	०	४०	१०८	४२	१११
	यातना दिने	१८	७२	०	०	२९	१२१	२	७	३	१२	०	०	५	१९	२४	१०२
	अन्य	५२	१५२	०	०	१११	३१७	५	६	१२	२३	०	४	१७	३३	९४	२८४
विवाह	क) बहु विवाह	८४६	१६६०	७	१३	१६२८	३१९९	३१२	५७८	३३५	७०२	३६	६६	६८३	१३४६	९४५	१८५३
	ख) बाल विवाह	१४७	२७१	१	१	२३२	४७१	४९	६९	२९	८२	२	५	८०	१५६	१५२	३१५
	ग) हाडनाता विवाह	३	९	०	०	९	२५	१	३	०	०	१	२	२	५	७	२०
ज्यान	क) कर्तव्य ज्यान	८१२	१७९३	२६	५४	१७१४	४४०३	३५२	५८६	२४३	६३७	१५	५५	६१०	१२७८	११०४	३१२५
	ख) आवेश प्रेरित हत्या	२	२	०	०	१४	२३	१	१	०	३	०	०	१	४	१३	१९
	ग) लापरवाहीवाट हत्या	१७	४४	०	०	२३	६३	७	१९	१	२	०	०	८	२१	१५	४२
	घ) हेलचेक्याईपूर्वक हत्या	११	२४	०	०	२४	४९	४	६	४	८	०	०	८	१४	१६	३५
	ङ) ज्यान मार्ने उद्योग	११२८	३४६४	२५	६१	२२६६	६८०९	२९४	४१७	६५३	१८१८	२५	५२	८९२	२२८७	१३७४	४५२२
	च) फाली वा परित्याग गरेको	२	४	०	०	४	७	०	०	१	२	०	०	१	२	३	५
	छ) भवितव्य ज्यान	१७	२१	०	०	३१	३७	५	८	३	३	०	०	८	११	२३	२६
	ज) गर्भपतन	२९	५२	०	०	६९	१६३	१२	२०	११	३०	०	०	२३	५०	४६	११३
	झ) आत्महत्या गर्न दुरुत्साहन गर्ने	२१६	३२७	१०	१३	३८८	६१४	४९	७७	११९	१९०	१	१	१६९	२६८	२१९	३४६
कुटपिट अंगभंग		२११	६१२	७	११	३८०	१११३	३७	८९	५०	११५	०	१	८७	२०५	२९३	९०८
गैरकानूनी थुना		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
व्यक्ति बेपत्ता पार्ने		१६	३८	०	०	२४	५३	१	१	३	८	०	०	४	९	२०	४४
अपहरण वा शरीर बन्धक	क) अपहरण	११६	३१३	१	३	२५४	६७९	३८	१०६	४४	१४८	३	८	८५	२६२	१६९	४१७
	ख) शरीर बन्धक	१८	३५	३	६	४९	१२४	३	५	८	१९	०	०	११	२४	३८	१००
	ग) दुरुत्साहन, उद्योग, अन्य	२	२	०	०	७	१७	२	२	०	०	०	०	२	२	५	१५
करनी	क) जबर्जस्ती करणी	२६२४	२९८९	१२	२३	४९७२	५८८३	१०६६	१२६७	८७७	१०७०	७०	७९	२०१३	२४१६	२९५९	३४६७
	ख) जबर्जस्ती करणी उद्योग	७०८	७९५	०	०	१२८७	१४८१	१९४	२०६	३५५	३९५	१८	१९	५६७	६२०	७२०	८६१
	ग) बाल यौन दुरुपयोग	२६७	२८८	०	०	४५६	४९७	१३०	१३५	६४	७२	१	१	१९५	२०८	२६१	२८९
	घ) अप्राकृतिक मैथुन	३६	३६	०	०	७१	८६	१४	२२	७	७	०	०	२१	२९	५०	५७
	ङ) वैवाहिक बलात्कार	२२	२२	०	०	३४	३८	४	४	९	९	०	०	१३	१३	२१	२५
	च) अन्य	३२	४०	३	३	७३	१२४	५	५	५	५	०	०	१०	१०	६३	१११४
इलाज सम्बन्धी		७	१३	०	०	१३	३२	१	१	२	९	०	०	३	१०	१०	२२
चोरी तथा डाँका	क) साधारण चोरी	१६२६	२६९०	४	८	२७२१	४६८०	९५७	१५७७	२३४	४७६	४	६	१११५	२०५९	१५२६	२६२१
	ख) नकबजनी चोरी	४९६	८५३	१	२	९३६	१६६३	३९३	५७३	१०८	१८३	३	४	५०४	७६०	४३२	९०३
	ग) डाँका	५०३	१४९९	२	७	१०६९	३२५१	२५८	६०२	१२७	३३६	३	७	३८८	९४५	६८१	२३०६
	घ) बगली मारा	०	०	१	१	१	१	०	०	०	०	०	०	०	०	१	१
	ङ) अन्य	६९	१०३	१	१	१४२	२६५	५६	१०७	४	७	०	०	६०	११४	८२	१५१
आर्थिक	क) ठगी	५०६	११५७	४३	८०	१३७२	३७९७	१९०	५४०	१४१	३५४	३८	९९	३६९	९९३	१००३	२८०४
	ख) आपराधिक विश्वासघात	१७	३५	३	६	४४	१२५	६	१०	५	७	०	०	११	१७	३३	१०८
	ग) आपराधिक लाभ (एक्सटर्सन)	३९	१५५	०	०	९२	३४४	१५	२९	७	२४	०	०	२२	५३	७०	२९१
	घ) मुद्रा	३०	७४	२	५	६६	१६५	२१	४७	१	२	१	२	२३	५१	४३	१११४
	ङ) टिकट	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	च) बैंकिङ कसुरसम्बन्धी	२२	३७	१०	१०	७१	१३०	०	०	०	०	०	०	०	०	७१	१३०
	छ) नेपाल राष्ट्र बैंक सम्बन्धी	१	१	१	२५	१०	३९	०	०	०	०	०	०	०	०	१०	३९
	ज) अन्य	४२	९२	०	०	८१	१९२	१६	२५	१३	२७	०	०	२९	५२	५२	१४०
कीर्ते		१६३	५०३	७	८	४१८	१२९०	१०९	३२१	२६	८५	४	१२	१३९	४१८	२७९	८७२
आपराधिक प्रवेश		४	१६	०	०	१४	६१	५	१३	३	१३	०	१०	८	३६	६	२५
आपराधिक उपद्रव		१७६	४९६	०	०	३४८	१२१८	७०	१४६	४८	२००	५	१५	१२३	३६१	२२५	८५७
पशुपन्छी	गाइ, गोरु मार्ने वा कुट्ने	८४	२२५	०	०	१४५	४११	४१	१००	२२	५५	०	०	६३	१५५	८२	२५६
	अन्य	२०	३१	९	२२	४३	६९	२२	३६	५	६	०	०	२७	४२	१६	२७
	नागरिकता	३५	११७	१	१	१२०	४५६	३३	७३	८	४०	१	३	४२	११६	७८	३४०
	प्रतिलिपि अधिकार	२	३	०	०	१६	२८	०	०	०	०	०	०	०	०	१६	२८
पुर्पक्षी सम्बन्धी	क) दूर संचारसम्बन्धी	३	९	०	०	१२	५६	२	८	३	२७	१	३	६	३८	६	१८
	ख) विद्युतीय कारोवार	१११	१२६	१	१	२३९	२८६	५७	६७	८	११	८	८	७३	८६	१६६	२००
	ग) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
मानव बेचबिखन	क) मानव किनबेच	१७	३९	०	०	५६	१४५	१३	३३	१३	२५	०	०	२६	५८	३०	८७
	ख) मानव ओसारपसार	१२५	२४७	१	२	३०४	६६७	५८	१२३	७२	१६०	२	२	१३२	२८५	१७२	३८२
	ग) मानव अंग झिक्ने, बेच्ने	०	०	०	०	१	५	०	०	०	०	०	०	०	०	१	५
	घ) वेश्यागमन	१	८	०	०	५	२०	१	८	१	३	०	०	२	११	३	९
	ङ) वेश्यावृत्ति	३	६	०	०	९	१९	०	०	१	१	०	०	१	१	८	१८
	राहदानी	५	९	०	०	२०	२९	२	३	०	०	०	०	२	३	१८	२६
	लागू औषध	२९२८	५४३१	०	०	५२७०	९८७२	२०८१	३५५५	३४९	७९३	१२	३२	२४४२	४३८०	२८२८	५४९२
स्थानी ज्यान	क) सवारीवाट अंगभंग	२२९	२९४	५	६	५२९	६६८	१६६	१९४	६७	८४	३	३	२३६	२८१	२९३	३८७
	ख) सवारीवाट कर्तव्य ज्यान	२७०	३३९	०	०	४४८	५६८	१७५	१९९	३३	४७	३	४	२११	२५०	२३७	३१८
	ग) लापरवाही	६२३	८९५	१	१	१०७२	१५२४	३६९	४८७	८६	१६०	०	०	४५५	६४७	६१७	८७७
	घ) भवितव्य	९८१	१०७०	५	५	१४८१	१६५०	८३०	८७२	३०	४२	१	४	८६१	९१८	६२०	७३२
	ङ) क्षतिपूर्ति	२५९	५३९	०	०	९६०	२१४८	१९३	४४९	१०	१४	०	०	२०३	४६३	७५७	१६८५
विविध	क) अंग प्रत्यारोपण	३	२२	०	०	३	२२	०	०	०	०	०	०	०	०	३	२२
	ख) आवश्यक वस्तु संरक्षण	०	०	०	०	२	५	०	०	१	२	०	०	१	२	१	३
	ग) कालो बजार	६०	१३९	०	०	१४७	३२२	४९	८८	२	७	०	०	५१	९५	९६	२२७
	घ) गोवध	३३	९१	०	०	६६	२५६	२८	१०२	६	३५	०	०	३४	१३७	३२	११९
	ङ) जुवा	४३५	३२२८	०	०	६५५	४८५७	३३०	२५९०	११	९६	२	२	३४३	२६८८	३९२	२१६९
	च) प्राचीन स्मारक सम्बन्धी	४	१२	२	७	१५	३८	३	९	०	६	०	०	३	१५	१२	२३
	छ) शिक्षा ऐनको दफा १७१क)	५	२८	०	०	२०	७२	९	२५	१	४	०	०	१०	२९	१०	४३
	ज) स्वास्थ्यकर्मी/संस्थाको सुरक्षा	४	८	०	०	१५	२६	०	०	०	०	०	०	०	०	१५	२६
	झ) अन्य	३३०	६०४	१	२	७३०	१५७१	३३५	६१७	६९	१७५	१	१	४०५	७९३	३२५	७७८
	जम्मा	**२५३१७**	**४८१०२**	**२२४**	**४४७**	**५२९७०**	**१०३०५९**	**१७४६०**	**३००५९**	**४७६९**	**९७६०**	**२७४**	**५६८**	**२२५०३**	**४०३८७**	**३०४६७**	**६२६७२**

ख मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ का मुद्दाहरुको विषयगत वर्गीकरण

अध्यागमन	२	२	०	०	४	५	२	२	०	०	०	०	२	२	२	३
उपभोक्ता संरक्षण	१	८	१	५	३	१३	१	१	०	०	०	०	१	१	२	१२
औषधि	४२	८५	०	०	६४	१२९	२४	३९	४	६	०	०	२८	४५	३६	८४
खाद्य पदार्थ सम्बन्धी	२०	२०	०	०	४८	५९	८	८	०	०	०	०	८	८	४०	५१
पानी दुषित पार्ने	२	२	०	०	९	१२	२	४	१	१	०	०	३	५	६	७
वातावरण प्रदुषित गर्ने	१	१	०	०	१	१	०	०	०	०	०	०	०	०	१	१
खाद्य ऐन अन्तर्गका	३०	४१	०	०	१०४	१२२	३२	३२	१	१	०	०	३३	३३	७१	८९
गुणस्तर (प्रमाण चिन्ह)	७	९	०	०	१९	२६	७	९	०	०	०	०	७	९	१२	१७
नाप तौल सम्बन्धी	१५	१५	०	०	५१	६२	१२	१३	५	८	०	०	१७	२१	३४	४१
निर्वाचन सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
वैदेशिक रोजगार	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
राजश्व चुहावट	१०	१३	१	१	६६	१२७	१०	१८	०	१०	२०	३३	३०	६१	३६	६६
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	१७२	५९९	०	०	३५८	११२०	८३	२०४	१५	३२	०	१	९८	२३७	२६०	८८३
विदेशी विनिमय	६८	१३६	२	२	१८७	३१७	७२	९६	४	५	०	०	७६	१०१	१११	२१६
वन	७९०	२१०६	६	१५	१६८९	४७३३	४३९	१०५३	११४	३२०	०	०	५५३	१३७३	११३६	३३६०
विद्युत चोरी	२	२	०	०	२	२	०	०	०	०	०	०	०	०	२	२
शिक्षा ऐन दफा १७१)	०	०	०	०	५	१०	२	२	०	०	०	०	२	२	३	८
सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	३	३	२	२	०	०	०	०	२	२	१	१
अन्य	७८	१५४	०	०	१३६	२५८	५२	९७	११	१७	०	०	६३	११४	७३	१४४
जम्मा	**१२४०**	**३१९३**	**१०**	**२३**	**२७४९**	**६९९९**	**७४८**	**१५८०**	**१५५**	**४००**	**२०**	**३४**	**९२३**	**२०१४**	**१८२६**	**४९८५**

ग) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची २८ का मुद्दाहरुको विषयगत वर्गीकरण

क) सरकारी जग्गा दर्पोट	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
ख) तिरो दर्पोट	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
ग) विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
घ) विदेशीलाई अंश अपुताली दिएको	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
ङ) अन्य	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
जम्मा	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**

८. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुमा रहेका रिट र निवेदनहरुको विषयगत विवरण

सि.नं.	विषय / रिटको नाम	महान्यायाधिवक्ताको कार्यालय					उच्च सरकारी वकील कार्यालय					जिल्ला सरकारी वकील कार्यालय				
		लगत	फछ्यौट			बाँकी	लगत	फछ्यौट			बाँकी	लगत	फछ्यौट			बाँकी
			रिट खारेज	रिट जारी	अन्य			रिट खारेज	रिट जारी	अन्य			रिट खारेज	रिट जारी	अन्य	
१	बन्दीप्रत्यक्षीकरण	५५८	१८२	१४०	७	२२९	२१८	१४१	५१	२	२४	३९	१६	१२	४	७
२	उत्प्रेषण	४५७७	१६२	१६६	२९	४२२०	८३७	१९१	१९७	१४	४३५					०
३	परमादेश	२०५	१०	६	१	१८८	२२	६	०	२	१४					०
४	प्रतिषेध	१४	०	१	०	१३	१	०	०	०	१					०
५	अधिकारपृच्छा	३	०	०	०	३	८१०	१९०	१५७	१९	५२४					०
६	निषेधाज्ञा	०	०	०	०	०	१०४३	२१३	१७१	९१	४८८	६७२	१४६	७२	१०	४४४
७	निषेधाज्ञा/परमादेश	०	०	०	०	०	२६५	६८	४४	४	१४९					०
	जम्मा	**५३५७**	**३५४**	**३१३**	**३७**	**४६५३**	**३२७६**	**८८९**	**६२०**	**१३२**	**१६३५**	**७११**	**१६२**	**८४**	**१४**	**४५१**

९. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरुबाट संवैधानिक तथा कानूनी विषयमा प्रदान गरिएको राय सल्लाहको विवरण

सि.नं.	कार्यालयहरु	राय सल्लाह माग भएको संख्या	राय सल्लाह दिएको संख्या	बाँकी	कैफियत
१	महान्यायाधिवक्ताको कार्यालय	२६	१८	०	८ थान रीत नपुगेको तथा प्रक्रिया पूरा नभएकोले फिर्ता
२	उच्च सरकारी वकील कार्यालय	०	०	०	
३	जिल्ला सरकारी वकील कार्यालय	२६	२६	०	
	जम्मा	५२	४४	०	

१०. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरु र अन्य निकाय एवं कार्यालयहरुमा रहेको दरबन्दी विवरण

कार्यालय	महान्यायाधिवक्ता	नेपाल सरकारका निजामती कर्मचारीहरु													जम्मा
		राजपत्राङ्कित					राजपत्र अनंकित						श्रेणी विहीन		
		विशिष्ट	प्रथम	द्वितीय	तृतीय	लेखा/प्रा.	प्रथम	द्वितीय	लेपा/सलेपा	क.अ	स.क.अ	टाईपिष्ट	ह.स.चा.	का.स.	
महान्यायाधिवक्ताको कार्यालय	१	४	१४	२४	१६	३	२१	९	३	६	३	३	२४	२७	१५८
उच्च सरकारी वकील कार्यालयहरु			१८	३२	६१	०	६७	२२	१८	१६	१२	१०	२०	७९	३५५
विशेष सरकारी वकील कार्यालय			१	१४	५	०	७	०	१	३		०	३	५	३९
जिल्ला सरकारी वकील कार्यालयहरु			१	८६	१७१	२	१६७	७९	१	५४	४०	१८	७८	२५७	९५४
अख्तियार दुरुपयोग अनुसन्धान आयोग			४	६	१३	०									२३
निर्वाचन आयोग				१	१	०									२
राष्ट्रिय महिला आयोग				०	१	०									१
मुख्य न्यायाधिवक्ताको कार्यालयहरु				७	२१	०									२८
आन्तरिक राजश्व विभाग				१	१	०									२
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग					१	०									१
राजश्व अनुसन्धान विभाग				१	१	०	४								६
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग				१	२	०	२								५
वैदेशिक रोजगार विभाग				१	४		३								८
भन्सार विभाग					१	०									१
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग					१	०									१
जिल्ला प्रशासन कार्यालय काठमाडौं					१	०									१
ठूला करदाता कार्यालय					१	०									१
मध्यमस्तरीय करदाता कार्यालय					१										१
जम्मा	**१**	**४**	**३८**	**१७४**	**३०३**	**५**	**२७१**	**११०**	**२३**	**७९**	**५५**	**३१**	**१२५**	**३६८**	**१५८७**

विषय सूची

परिच्छेद - एक
सामान्य परिचय

१. परिचय १

१.१ ऐतिहासिक पृष्ठभूमि १

१.२ महान्यायाधिवक्ताको जिम्मेवारी २

१.३ सरकारी वकीलको जिम्मेवारी २

१.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था ३

२. संगठनात्मक स्वरूप ३

३. व्यवस्थापन तथा प्रशासनिक संरचना ३

३.१ सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था ४

३.२ कार्यालय भवन तथा भौतिक स्रोत साधनको अवस्था ५

३.३ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको बजेट विवरण ६

३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण ६

४. सम्पादित कार्यहरूको विवरण ६

४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या ६

४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण ११

४.३ नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण १२

४.४ नेपाल सरकार, सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण १३

४.५ अपराध सम्बन्धी विवरण १३

४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण १६

४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण १७

५. संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू २१

५.१ महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना २१

५.२ राष्ट्रिय योजनामा सम्बोधन २५

५.३ कार्यालय अनुगमन तथा अभियोजन परीक्षण २५

५.४ समुदायमा सरकारी वकील कार्यक्रम २५

५.५ महान्यायाधिवक्ताको कार्यालयको अन्य गतिविधि २५

५.६ अध्ययन प्रतिवेदन २९

५.७ संस्थागत सुधारका सम्बन्धमा भएका प्रयासहरू ३८

५.८ महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशनहरू ३९
५.९ सूचना प्रविधिको प्रयोग र यसको अवस्था ३९
५.१० अपराधशास्त्रीय अनुसन्धान केन्द्र ४१
५.११ सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७७ ४१
५.१२ विधिविज्ञान प्रयोगशालाको स्थापना ४१
६. समन्वय समितिको गतिविधि ४१

परिच्छेद – दुई

महान्यायाधिवक्ताको कार्यालय

१. गठन ४५
२. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार ४५
३. महान्यायाधिवक्ताको भूमिका ४६
४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन ४८
५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण ४८
५.१ मुद्दा सम्बन्धी कार्य ४८
५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह ५४
५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य ५५
५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य ५५
६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ लगत, फछ्यौंट विवरण ५५
७. महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ५७
८. सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको अनुगमन सम्बन्धी कार्यहरू ५७
९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू ५८

परिच्छेद – तीन

उच्च सरकारी वकील कार्यालय

१ गठन ६१
२. उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार ६१
३. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ६२
३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य ६४
३.२ प्रतिवादी नखुलेका मुद्दामा निकासा दिने कार्य ६७
३.३ कानूनी राय सम्बन्धी कार्य ६७
३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाका लागि पठाइएका मुद्दाहरूको विवरण ६८
३.५ उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण ६८
३.६ उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावको विवरण ६९
४. उच्च सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ६९

परिच्छेद – चार

विशेष सरकारी वकील कार्यालय

१. गठन ७१

२. विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार ७१

३. विशेष सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ७१

३.१ मुद्दा तथा रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा सम्बन्धी कार्य ७१

३.२ अभियोजन सम्बन्धी कार्य ७२

३.३ विशेष सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण ७२

३.४ विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावको विवरण ७२

३.५ विशेष सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ७३

परिच्छेद – पाँच

जिल्ला सरकारी वकील कार्यालय

१. गठन ७४

२. जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलको काम, कर्तव्य र अधिकार ७४

३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण ७४

३.१ मुद्दा सम्बन्धी कार्य ७४

३.२ जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको विवरण ८०

३.३ मुद्दाहरूको जनसंख्या तथा प्रदेशगत विभाजन तथा लगतको स्थिति ८५

३.४ जिल्ला सरकारी वकील कार्यालयमा रहेका संगठित अपराध सम्बन्धी मुद्दाको विवरण ८९

३.५ जिल्ला सकारी वकील कार्यालयहरूबाट कार्य सम्पादन भएका नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण ९०

३.६ कानूनी राय सम्बन्धी कार्य ९०

३.७ जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएको प्रतिवादी नभएका वारदातको विवरण ९१

३.८ जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण ९१

३.९ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण ९१

३.१० महिला, बालबालिका तथा जेष्ठ नागरिकहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण ९२

४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार ९३

परिच्छेद – छ

समस्या तथा सुझावहरू

१. समस्या र चुनौतीहरू ९४

२. सुझावहरू ९५

अनुसूचीहरू

अनुसूची १ महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको संगठनात्मक स्वरूप

अनुसूची २ महान्यायाधिवक्ताको कार्यालबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण

अनुसूची ३ सरकारी वकीलबाट बहस पैरवी र प्रतिरक्षा गएिका मुद्दाहरूको विषयगत वर्गीकरण

अनुसूची ४ महान्यायाधिवक्ताको कार्यालयबाट पुनरावेदन, पुनरावलोकन, दोहोऱ्याई पाउने निवेदन र दफा ७३ को निवेदन सम्बन्धमा भएको कारवाही विवरण

अनुसूची ५ महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचलाउने र आंशिक मुद्दामा भएको कारवाहीको विवरण

अनुसूची ६ महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित निकासा सम्बन्धी कार्यहरूको विवरण

अनुसूची ७ कानूनी राय सम्बन्धी विवरण

अनुसूची ८ महान्यायाधिवक्ताको कार्यालयबाट मातहत कार्यालयमा भएको निरीक्षण विवरण

अनुसूची ९ महान्यायाधिवक्ताको कार्यालयको भौतिक सामग्रीको विवरण

अनुसूची १० महान्यायाधिवक्ताको कार्यालयको जनशक्ति विवरण

अनुसूची ११ सरकारी वकीलहरूको कुल दरवन्दी र पदपूर्तिको विवरण

अनुसूची १२ महान्यायाधिवक्ताको कार्यालय/मातहत कार्यालय/अन्य कार्यालयहरूमा रहेका सरकारी वकीलहरूको दरबन्दी विवरण

अनुसूची १३ उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा हुने मुद्दा तथा रिट निवेदनको विवरण

अनुसूची १४ उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण र कारबाहीको विवरण

अनुसूची १५ उच्च सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण

अनुसूची १६ उच्च सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रस्तावको विवरण

अनुसूची १७ मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण

अनुसूची १८ कानूनी राय सम्बन्धी विवरण

अनुसूची १९ उच्च सरकारी वकील कार्यालयबाट मातहत कार्यालयमा भएको निरीक्षण विवरण

अनुसूची २० उच्च सरकारी वकील कार्यालयको कार्यालय र जग्गाको विवरण

अनुसूची २१ उच्च सरकारी वकील कार्यालयको भौतिक सामग्रीको विवरण

अनुसूची २२ जनशक्ति विवरण

अनुसूची २३ विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा हुने मुद्दा तथा रिट निवेदनको विवरण

अनुसूची २४ विशेष सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको कार्य सम्पादन विवरण

अनुसूची २५ विशेष सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रस्तावको विवरण

अनुसूची २६ विशेष सरकारी वकील कार्यालयबाट भएको अभियोजन सम्बन्धी निर्णयको विषयगत विवरण

अनुसूची २७ मुद्दाहरूको विषयगत वर्गीकरण

अनुसूची २८ पक्राउ, फरार तथा थुनछेक सम्बन्धी विवरण

अनुसूची २९ महिला तथा बालबालिका पीडित वा प्रतिवादी भएका मुद्दामा विवरण

अनुसूची ३० विशेष सरकारी वकील कार्यालयको कार्यालय, जग्गा र भौतिक सामग्रीको विवरण

अनुसूची ३१ विशेष सरकारी वकील कार्यालयको जनशक्ति विवरण

अनसूची ३२ जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट निवेदन र कारवाहीको विवरण

अनुसूची ३३ सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची १ र २ का मुद्दाको विषयगत वर्गीकरण र कारवाहीको विवरण

अनुसूची ३४ जिल्ला सरकारी वकील कार्यालयबाट अनुसन्धान तथा अभियोजनका क्रममा गरिएको कार्य सम्पादन विवरण

अनुसूची ३५ जिल्ला सरकारी वकील कार्यालयबाट सुनुवाइको क्रममा गरिएको कार्य सम्पादन विवरण

अनुसूची ३६ जिल्ला सरकारी वकील कार्यालयबाट संगठित अपराधमा गरिएको अभियोजन र कारबाहीको विवरण

अनुसूची ३७ अर्धन्यायिक निकायहरूका फैसला उपर जिल्ला अदालतमा पुनरावेदन परेका मुद्दा तथा कारबाहीको विवरण

अनुसूची ३८ सरकार वादी फौजदारी मुद्दाका पक्राउ, फरार प्रतिवादी र थुनछेक सम्बन्धी विवरण

अनुसूची ३९ मुल्तवी, तामेली र मुद्दा स्थानान्तरण सम्बन्धी विवरण

अनुसूची ४० मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका वारदातको विवरण

अनुसूची ४१ जिल्ला सरकारी वकील कार्यालयबाट प्रदान गरिएका कानूनी राय सम्बन्धी विवरण

अनुसूची ४२ महिला, बालबालिका तथा जेष्ठ नागरिक पीडित तथा प्रतिवादी भएका मुद्दाको विवरण

अनुसूची ४३ जिल्ला सरकारी वकील कार्यालयको जग्गा र भवनको विवरण

अनुसूची ४४ जिल्ला सरकारी वकील कार्यालयको भौतिक सामग्रीको विवरण

अनुसूची ४५ जिल्ला सरकारी वकील कार्यालयहरूको जनशक्ति विवरण

अनुसूची ४६ सरकारी वकीलहरूको नामावली

अनुसूची ४७ विदेशमा संचालित तालिम, प्रशिक्षण, अवलोकन भ्रमण, कार्यशाला सम्बन्धी विवरण

अनुसूची ४८ स्वदेशमा संचालित तालिम, प्रशिक्षण, कार्यशाला सम्बन्धी विवरण

अनुसूची ४९ सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलनको घोषणापत्र, २०७७

परिच्छेद - एक
सामान्य परिचय

१. परिचय

नेपालको संविधानले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकार विरुद्ध दायर भएका मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको उजुरी वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने र नेपाल सरकार र सरकारी निकायलाई संवैधानिक एव कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकेको छ । महान्यायाधिवक्ताको संवैधानिक जिम्मेवारी बहन गर्न र कार्यसम्पादनमा सहयोग गर्न देशभर विभिन्न तहमा सरकारी वकील कार्यालयको स्थापना गरी फौजदारी न्याय प्रशासन लगायतका कार्यसम्पादन ती कार्यालयहरूबाट हुँदै आएको छ ।

१.१ ऐतिहासिक पृष्ठभूमि

नेपाल सरकार वैधानिक कानून, २००४ को धारा १२ को खण्ड (क) मा कानूनको विषयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ बाट नियुक्त हुने भन्ने व्यवस्थाबाट महान्यायाधिवक्ताको सुरुवात भएको मानिन्छ । तथापि उक्त कानून कार्यान्वयनमा आएन । नेपाल अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था नभए पनि सरकारको लागि कानूनी सल्लाहकारको आवश्यकता महसुस गरी कार्यकारिणी आदेशबाटै वि.सं. २००८ साल पौष ८ गते पहिलो महान्यायाधिवक्ताको नियुक्ति गरियो । तत्पश्चात तत्कालीन प्रधान न्यायालय ऐन, २००८ मा भएको प्रथम संशोधन (२००९ साल आश्विन ३१ गते जारी भएको) को दफा ४१ को उपदफा (१) ले महान्यायाधिवक्ताको सेवाका शर्तहरू, काम, कर्तव्य र अधिकार निर्धारण गऱ्यो । उक्त दफामा प्रधान न्यायालयको न्यायाधीश हुन लायक व्यक्तिलाई महान्यायाधिवक्ताको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको थियो । सर्वोच्च अदालत ऐन, २०१३ को दफा २१ ले प्रदान गरेको अधिकार प्रयोग गरी गृह मन्त्रालयबाट २०१३ साल श्रावण १ गतेको राजपत्रमा प्रकाशित सूचनाबाट सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा आवश्यकतानुसार गभर्मेण्ट एडभोकेटले सर्वोच्च अदालत लगायत नेपालको जुनसुकै अड्डा अदालतमा हाजिर भई सरकारको तर्फबाट बहस पैरवी गर्ने व्यवस्था गरियो । नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था नभएकोले २०१६ साल भाद्र २२ को राजपत्रमा प्रकाशित सूचना अनुसार २०१६ साल भाद्र ९ गतेको कार्यकारिणी निर्णय बमोजिम महान्यायाधिवक्ता नियुक्त गरियो ।

नेपालको संविधान, २०१९ ले सर्वप्रथम महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रूपमा स्थापित गऱ्यो । उक्त संविधानले महान्यायाधिवक्तालाई सरकारको कानूनी सल्लाहकार र सरकारको हक, हित र सरोकार रहेको मुद्दामा अड्डा अदालतमा प्रतिनिधित्व गर्ने अधिकार प्रदान गरेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्ता सरकारको मुख्य कानूनी सल्लाहकार र प्रमुख अभियोजनकर्ताको रूपमा स्थापित गर्दै कुनै अदालत वा न्यायिक अधिकारी समक्ष सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार प्रदान गऱ्यो । साथै नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ता वा निज मातहतका अधिकृतबाट प्रतिनिधित्व गर्ने अधिकार र कर्तव्य पनि महान्यायाधिवक्तामा निहित गरेको थियो । यसैगरी सो संविधानले महान्यायाधिवक्तालाई संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत प्रदान गरेको थियो ।

उक्त संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान, अभियोजन, प्रतिरक्षा लगायतको व्यवस्था गर्न आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो । उक्त ऐनको अनुसूची १ भित्रका फौजदारी मुद्दाको अनुसन्धानको सिलसिलामा सरकारी वकीलले अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्ने र अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा सरकारी वकीलसँग आवश्यक निर्देशन वा कानूनी राय लिन सक्ने व्यवस्था गरिएको थियो । अनुसन्धान अधिकृतले अनुसन्धान कार्य समाप्त भएपछि अभियोजन सम्बन्धी कार्य गर्न सरकारी वकील

समक्ष रायसहितको मिसिल प्रमाण प्रस्तुत गर्नुपर्ने र सरकारी वकीलले अभियोजन गर्ने, अदालतमा अभियोगपत्र दायर गर्ने, बहस पैरवी गर्ने लगायतका कार्य सम्पादन गर्ने व्यवस्था रहेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ मा पनि महान्यायाधिवक्ता सम्बन्धी व्यवस्थाले निरन्तरता पाएको थियो ।

१.२ महान्यायाधिवक्ताको जिम्मेवारी

नेपालको संविधान (यसपछि संविधान भनिएको) को धारा १५८ ले नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरेको छ । नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने, नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था संविधानले गरेको नयाँ व्यवस्था हो । महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने, हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार समेत महान्यायाधिवक्तालाई हुने व्यवस्था गरिएको छ । यसैगरी संविधानको धारा १५८ को उपधारा (४) अनुसार महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्ने उल्लेख गरेको छ । संविधानमा गरिएका यी व्यवस्थाहरूबाट महान्यायाधिवक्ताले कार्यपालिकालाई कानूनी सल्लाह प्रदान गर्ने, व्यवस्थापिकालाई कानूनी प्रश्नमा राय दिने र न्यायपालिकामा नेपाल सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी तोकिएको छ । यसबाट महान्यायाधिवक्ताले आफ्नो पदीय जिम्मेवारी राज्यका तीन वटै निकायसँग आबद्ध भई निर्वाह गरिरहेको अवस्था छ ।

१.३ सरकारी वकीलको जिम्मेवारी

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । उक्त संवैधानिक प्रावधान अनुरूप महान्यायाधिवक्तामा निहित अभियोजनको अधिकार मातहतका सरकारी वकीललाई मिति २०७८/०१/१३ को राजपत्रमा प्रकाशित सूचनाबाट सुम्पिए बमोजिम संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीललाई प्राप्त छ ।

त्यस्तै संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ मा सो संहिताको अनुसूची १ वा २ अन्तर्गतको कसूर गरेकोमा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा मुद्दा चलाउन र प्रमाण नपुग्ने देखिएमा मुद्दा नचलाउन सोही व्यहोरा खुलाई मिसिल सरकारी वकील कार्यालयमा पठाउनु पर्ने व्यवस्था गरिएको छ । यसरी प्राप्त मिसिल प्रमाणका आधारमा सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम अभियोजन सम्बन्धी कार्य गर्दछ । अभियोजन पश्चात् सम्बन्धित मुद्दामा अभियोगपत्र दायर गर्ने, प्रतिरक्षा, बहस पैरवी लगायतका कार्य सरकारी वकीलबाट हुन्छ ।

जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ का मुद्दामा मुद्दा नचल्ने निर्णय गरेकोमा उच्च सरकारी वकील कार्यालय समक्ष पठाउनु पर्छ । यसरी प्राप्त कागजात अध्ययन गरी उच्च सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा अन्य निकायमा मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फाइल फिर्ता गर्ने र सम्बन्धित जिल्लाका सरकारी वकीलबाट कानून बमोजिम मुद्दा दायर गर्ने र उच्च सरकारी वकील कार्यालयबाट समेत मुद्दा नचल्ने निर्णय भएमा

महान्यायाधिवक्ता समक्ष पेश गर्ने र महान्यायाधिवक्ताको निर्णय अन्तिम हुने व्यवस्था छ । यसैगरी उच्च तथा विशेष सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने नचल्ने निर्णय गर्ने अधिकार प्रत्यायोजन गरिएका मुद्दामा ती कार्यालयबाट मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा अन्य निकायमा मुद्दा दायर गर्न र नचल्ने निर्णय भएकोमा महान्यायाधिवक्ता कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने व्यवस्था छ ।

यसैगरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५४ मा संहिताको अनुसूची-२८ मा लेखिएको मुद्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी वा त्यसरी अधिकारी नतोकिएकोमा सम्बन्धित जिल्लाको मालपोत अधिकृतले जाँचबुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि सङ्कलन गरिएको प्रमाण र राय समेत उल्लेख गरी मुद्दा चल्ने नचल्ने निर्णयकालागि सम्बन्धित जिल्लाको सरकारी वकील समक्ष पठाउने र सरकारी वकीलले अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गर्नेछ । सरकारी वकीलले मुद्दा चल्ने निर्णय गरेमा सरकारी वकीलले फिरादपत्र तयार गरी प्रमाण सहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्ने कानूनी व्यवस्था छ ।

१.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष यो संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था छ । सो प्रतिवेदनमा अन्य कुराको अतिरिक्त महान्यायाधिवक्ताले वर्षभरिमा संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको छ ।

यसैगरी सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ को उपनियम (७) मा महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा संविधानमा उल्लेख भएका विषयका अतिरिक्त मुलुकभित्र भए घटेका अपराधको प्रकृति तथा अपराध र जनसंख्याको तुलनात्मक स्थिति, नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा कसूर ठहर भएको वा सफाइको स्थिति, महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयहरूलाई प्राप्त विनियोजित बजेट, खर्चको स्थिति र स्रोत साधनको व्यवस्था, नेपाल सरकार वादी भई चल्ने मुद्दामा देखिएका समस्या, सुधारका उपायहरू र कसूर नियन्त्रणका लागि सुधारका उपायहरू समेत समावेश हुनु पर्ने व्यवस्था गरिएको छ ।

२. संगठनात्मक स्वरूप

महान्यायाधिवक्ताको कार्यालय सरकारी वकील कार्यालयहरूको केन्द्रीय तहको कार्यालय हो । महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत १८ वटा उच्च सरकारी वकील कार्यालयहरू, १ वटा विशेष सरकारी वकील कार्यालय र ७७ वटा जिल्ला सरकारी वकील कार्यालयहरू रहेका छन् । महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरूप र मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक स्वरूपलाई प्रस्तुत प्रतिवेदनको **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

३. व्यवस्थापन तथा प्रशासनिक संरचना

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको वर्तमान अवस्था, भौतिक स्थिति र आवश्यकताहरूलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

३.१ सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दीको अवस्था

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको जिम्मेवारी सो कार्यालयमा रहेका सरकारी वकील तथा कर्मचारीहरूबाट सम्पादन हुँदै आएको छ । संविधान एवं कानूनले सरकारी वकीललाई तोकेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूमा सरकारी वकील तथा सहायक कर्मचारीहरूको दरबन्दी क्रमशः थप हुँदै आएको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालहरू तथा अन्य सरकारी निकाय एवं कार्यालयहरूमा रहेका सरकारी वकील तथा कर्मचारीहरूको मौजुदा दरबन्दी देहायको तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. १

सरकारी वकील एवं अन्य कर्मचारीहरूको दरबन्दी विवरण

कार्यालय	संवैधानिक पद	नेपाल सरकारका निजामती कर्मचारीहरु													
		राजपत्राङ्कित					राजपत्र अनङ्कित						श्रेणी विहीन		जम्मा
		विशिष्ट	प्रथम	द्वितीय	तृतीय	लेखा/प्रा.	प्रथम	द्वितीय	लेपा/पु.स.	क.अ	स.क.अ	टाइपिष्ट	ह.स.चा.	का.स.	
महान्यायाधिवक्ताको कार्यालय	१	४	१४	२४	१६	३	२१	९	३	६	३	३	२४	२७	**१५८**
उच्च सरकारी वकील कार्यालयहरु			१८	३२	६१		६७	२२	१८	१६	१२	१०	२०	७९	**३५५**
विशेष सरकारी वकील कार्यालय			१	१४	५		७		१	३			३	५	**३९**
जिल्ला सरकारी वकील कार्यालयहरु			१	८६	१७१	२	१६७	७९	१	५४	४०	१८	७८	२५७	**९५४**
अख्तियार दुरुपयोग अनुसन्धान आयोग			४	६	१३										**२३**
निर्वाचन आयोग				१	१										**२**
राष्ट्रिय महिला आयोग					१										**१**
मुख्य न्यायाधिवक्ताको कार्यालयहरु				७	२१										**२८**
आन्तरिक राजश्व विभाग				१	१										**२**
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग					१										**१**
राजश्व अनुसन्धान विभाग				१	१		४								**६**
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग				१	२		२								**५**
वैदेशिक रोजगार विभाग				१	४		३								**८**
भन्सार विभाग					१										**१**
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग					१										**१**
जिल्ला प्रशासन कार्यालय काठमाडौं					१										**१**
ठूला करदाता कार्यालय					१										**१**
मध्यमस्तरीय करदाता कार्यालय					१										**१**
जम्मा	१	४	३८	१७४	३०३	५	२७१	११०	२३	७९	५५	३१	१२५	३६८	**१५८७**

महान्यायाधिवक्तालाई संविधानले दिएको जिम्मेवारी प्रभावकारी रूपले निर्वाह गर्न जिम्मेवारी र कार्यबोझका आधारमा मानव संसाधन योजना निर्माण गरी लागू गर्न जरुरी छ । संवैधानिक अंगको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा हाल विद्यमान कर्मचारी दरबन्दी संख्यालाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको दरबन्दी र पदपूर्तिको अवस्थालाई क्रमशः **अनुसूची १०, २२, ३१ र ४५** मा प्रस्तुत गरिएको छ । नेपाल न्याय सेवा अन्तर्गत सरकारी वकील समूहमा रही महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरू एवं विभिन्न सरकारी निकायहरूमा कार्यरत सरकारी वकीलहरूको नामावली सहितको विवरण **अनुसूची ४६** मा समावेश गरिएको छ ।

३.२ कार्यालय भवन तथा भौतिक स्रोत साधनको अवस्था

महान्यायाधिवक्ताको कार्यालय, उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूको कार्यालय भवन, जग्गाको अवस्थालाई **अनुसूची ९, २०, ३० र ४३** तथा भौतिक अवस्थालाई क्रमशः प्रस्तुत प्रतिवेदनको **अनुसूची ९, २१, ३० र ४४** मा प्रस्तुत गरिएको छ । मुद्दाको कार्यबोझ बढी भएको उच्च सरकारी वकील कार्यालय पाटनको कार्यालय भवन छैन ।

घर, जग्गा भवनको अवस्था

महान्यायाधिवक्ताको कार्यालय मातहतका कार्यालयहरूको भवनको अवस्था निम्नानुसार रहेको छः

तालिका नं. २

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको भवनको अवस्थाको विवरण

क्र. सं.	विवरण	उच्च सरकारी वकील कार्यालय	जिल्ला सरकारी वकील कार्यालय
१	नयाँ भवन महान्यायाधिवक्ताको कार्यालय	विराटनगर, जनकपुर, बाग्लुङ्ग, सुर्खेत, नेपालगञ्ज, जुम्ला, तुल्सीपुर, हेटौंडा, पोखरा र इलाम	ताप्लेजुङ, झापा, धनकुटा, संखुवासभा, तेह्रथुम, भोजपुर, मोरङ, सुनसरी, सोलुखुम्बु, ओखलढुंगा, उदयपुर, सिराहा, धनुषा, महोत्तरी, बारा, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, धादिङ्ग, रसुवा, नुवाकोट, तनहुँ, कास्की, गोरखा, लमजुङ, स्याङजा, बाग्लुङ्ग, मुस्ताङ, पर्वत, म्याग्दी, रूपन्देही, अर्घाखाँची, गुल्मी, बाँके, बर्दिया, प्युठान,

			रोल्पा, रुकुम पश्चिम, सल्यान, दैलेख, मुगु, कालिकोट, हुम्ला, अछाम, बाजुरा, कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला
३	निर्माणको अन्तिम चरणमा रहेका	बुटवल	सर्लाही, चितवन, दाङ
४	निर्माणाधीन	विशेष सरकारी वकील कार्यालय काठमाडौं र जिसवका काठमाडौं **(एउटै भवन)**	पाँचथर, रौतहट, बझाङ, र डोटी
५	निर्माण प्रक्रियामा रहेका	दिपायल	काभ्रेपलाञ्चोक, कास्की, सुर्खेत, जाजरकोट
६	अव प्राथमिकतापूर्वक बनाउनु पर्ने भवन	पाटन, दिपायल, ओखलढुंगा, वीरगञ्ज र राजविराज	सप्तरी, पर्सा, भक्तपुर, नवलपरासी पूर्व, रुकुम पूर्व
७	जग्गा व्यवस्थापन गर्नु पर्ने	वीरगञ्ज, ओखलढुंगा	सप्तरी, भक्तपुर, नवलपरासी पूर्व, रुकुम पूर्व
अन्य सरकारी वकील कार्यालयहरू चालु अवस्थामा रहेका छन् ।			

तालिका नं. ३

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको भौतिक स्थिति

कार्यालय	विवरण	कार	जीप	भ्यान	मोटरसाइकल	ल्यापटप	कम्प्युटर	प्रिन्टर	इन्भर्टर	सोलार	फोटोकपि	टेलिफोन	फ्याक्स
म.न्या.का.	चालु अवस्था	२१	७	१	३९	३४५	७५	७९	०	०	४	२९	०
	मर्मत गर्नुपर्ने	२	०	०	२	०	०	०	०	०	०		०
	काम नलाग्ने	०	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	२३	७	१	४१	३४५	७५	७९	०	०	४	२९	०
उ.स.व.का.	चालु अवस्था	१५	६	१	२८	३५	१०२	६६	३०	१४	२५	३९	६
	मर्मत गर्नुपर्ने	१	२	०	८	६	१५	११	६	१	११	१	२
	काम नलाग्ने	०	१	०	०	३	१२	१९	४	०	३	५	७
	जम्मा	१६	९	१	३६	४४	१२९	९६	४०	१५	३९	४५	१५
वि.स.व.का.	चालु अवस्था	२	२	०	१०	८	२५	९	४	१२	५	२	१
	मर्मत गर्नुपर्ने	०	०	०	०	६	१	०	०	०	१	०	०
	काम नलाग्ने	०	०	०	०	०	०	२	०	०	०	०	०
	जम्मा	२	२	०	१०	१४	२६	११	४	१२	६	२	१
जि.स.व.का.	चालु अवस्था	६३	२	२	६१	८३	३१२	२३०	१०३	५६	७२	१५०	२४
	मर्मत गर्नुपर्ने	७	१	०	१९	१७	९१	६५	१७	३	३२	९	११
	काम नलाग्ने	४	५	१	१०	५	३७	२२	५	२	१३	१७	११
	जम्मा	७४	८	३	९०	१०५	४४०	३१७	१२५	६१	११७	१७६	४६
कुल जम्मा	चालु अवस्था	१०१	१७	४	१३८	४७१	५१४	३८४	१३७	८२	१०६	२२०	३१
	मर्मत गर्नुपर्ने	१०	३	०	२९	२९	१०७	७६	२३	४	४४	१०	१३
	काम नलाग्ने	४	६	१	१०	८	४९	४३	९	२	१६	२२	१८
	जम्मा	११५	२६	५	१७७	५०८	६७०	५०३	१६९	८८	१६६	२५२	६२

३.३ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको बजेट वितरण

आर्थिक वर्ष २०७७/०७८ मा नेपाल सरकारले महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको लागि विनियोजन गरेको बजेट रकम रु. १ अर्ब २२ करोड २० लाख ७५ हजारलाई देशको कुल बजेट विनियोजित रकम रु. १४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखलाई अनुपातमा विभाजन गरी हेर्दा कुल विनियोजित रकमको ०.०८३ प्रतिशत मात्र यस कार्यालयलाई विनियोजन भएको देखिन्छ । केन्द्रमा महान्यायाधिवक्ताको कार्यालय १, उच्च सरकारी वकील कार्यालयहरू १८, विशेष सरकारी वकील कार्यालय १ तथा ७७ जिल्ला सरकारी वकील कार्यालय समेत गरी देशव्यापी रूपमा फैलिएको कार्यालयको संरचना तथा कार्यरत झण्डै १,६०० को संख्यामा रहेको जनशक्तिको दृष्टिकोणबाट हेर्दा यो रकमको अनुपात सन्तोषजनक मान्न सकिदैन । महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूका लागि आर्थिक वर्ष २०७७/०७८ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूका लागि विनियोजन, निकासा एवं खर्च भएको रकमको विवरण

बजेटको अवस्था		म.न्या.का.	उ.स.व.का.	वि.स.व.का.	जि.स.व.का.	जम्मा
विनियोजन	चालु	१३७८५८०००.००	२१०२१५०००.००	२९९४६०००.००	५६८४४८०००.००	९४६४६७०००.००
	पुँजीगत	१३०१४०००.००	६०६२५०००.००	६७०८०००.००	१९५२६१०७५.००	२७५६०८०७५.००
	जम्मा	**१५०८७२०००.००**	**२७०८४०००.००**	**३६६५४०००.००**	**७६३७०९०७५.००**	**१२२२०७५०७५.००**
निकासा/खर्च	चालु	११४६६४८८९.७८	१७११९५२१२.००	२६३२९३१२.२९	४४१९२०७२६.००	७५४११०१४०.०७
	पुँजीगत	११२८४२०१०.०१	५१३०३२८७.००	६४१२०२२.८०	१३९१६८०५०.००	३०९७२५३६९.८१
	जम्मा	**२२७५०६८९९.७९**	**२२२४९८४९९.००**	**३२७४१३३५.०९**	**५८१०८८७७६.००**	**१०६३८३५५०९.८८**

उल्लेखित विवरण हेर्दा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूमा वृद्धि भएको कार्यबोझ र जनशक्तिको अनुपातमा कार्यालयलाई विनियोजन गरिने बजेट अपेक्षा अनुरूप वृद्धि हुन सकेको छैन । अदालत र सरकारी वकील कार्यालय भवनहरू फरक-फरक ठाउँमा रहेको कारण मुद्दा सम्बन्धी काम कारबाही तथा बहस पैरवीको लागि अदालत आउन जान र मिसिल लगायतका महत्वपूर्ण कागजातहरू समेतको सुरक्षाको संवेदनशीलता समेतको दृष्टिकोणले उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा सवारी साधन उपलब्ध हुनुपर्ने महसुस गरी सवारी साधन नभएका वा नपुग भएका सरकारी वकील कार्यालयहरूलाई क्रमशः सवारी साधन उपलब्ध गराउने कार्यको सुरुवात गरिएको छ । साथै कार्यालयको लागि अत्यावश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपि मेसिन, फ्याक्स मेसिन लगायतका साधन र तिनको मर्मत सम्भार समेतको लागि प्रत्येक सरकारी वकील कार्यालयमा आवश्यक रकम वार्षिक रूपमा उपलब्ध गराउने कार्यको सुरुवात गरिएको छ । यसलाई समयानुकूल वृद्धि गरी नियमितता दिनु जरुरी छ ।

३.४ सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण, अध्ययन, भ्रमण तथा तालिमको विवरण

महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलहरूलाई समयसापेक्ष रूपमा दक्ष र व्यावसायिक बनाउन विदेश तथा स्वदेशमा उच्च अध्ययन एवं सेवा समूहसँग सम्बन्धित तालिमको अवसर उपलब्ध गराउन पहल भई रहेको छ । विशेष गरी फौजदारी न्याय प्रणाली र फौजदारी कानूनमा आएका नवीनतम् अवधारणासँग सम्बन्धित विषयमा अध्ययन, तालिम, गोष्ठी, कार्यशाला, सेमिनार आदिमा सरकारी वकीललाई अवसर उपलब्ध गराउने तर्फ विशेष ध्यान दिइएको छ । सरकारी वकीलहरू तथा कर्मचारीहरू संलग्न भएका अन्तर्राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी **अनुसूची ४७** मा र राष्ट्रिय अध्ययन, भ्रमण, तालिम, गोष्ठी **अनुसूची ४८** मा समावेश गरिएको छ ।

४. सम्पादित कार्यहरूको विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूबाट आर्थिक वर्ष २०७७/०७८ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या, मुद्दा तथा रिट निवेदनहरूमा बहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यको सिलसिलामा सम्पादित कार्यहरूको कार्यालयगत तथा एकमुष्ठ लगत फछ्यौंट विवरणलाई तल उल्लेखित तालिकाहरूमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

४.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संख्या

महान्यायाधिवक्ताको कार्यालय, मातहतका कार्यालयहरूबाट यस आर्थिक वर्षमा संवैधानिक तथा कानूनी विषयमा ५२ वटा विषयमा राय माग भएकोमा ४४ वटा राय प्रदान गरिएको, ८ वटा रीत नपुगेको वा प्रक्रिया पूरा नभएको हुँदा फिर्ता गरिएको देखिन्छ । कार्यालयगत रूपमा संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह माग भएको र दिएको संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट संवैधानिक एवं कानूनी विषयमा राय सल्लाह प्रदान गरेको विवरण

कार्यालयहरु	राय सल्लाह माग भएको संख्या	राय सल्लाह दिएको संख्या	बाँकी संख्या	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	२६	१८	०	८ थान रीत नपुगेको हुँदा फिर्ता भएको ।
उच्च सरकारी वकील कार्यालय	०	०	०	
जिल्ला सरकारी वकील कार्यालय	२६	२६	०	
जम्मा	५२	४४	०	

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयमा २६ थान कानूनी राय माग गरिएकोमा ८ थान कानूनी राय माग गर्दा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३८ को रीत प्रक्रिया पूरा नगरी माग गरिएको र १८ थान कानूनी रायमा नियमानुसार कानूनी राय प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष २०७७/०७८ मा प्रदान गरिएको कानूनी रायको संक्षिप्त विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ६

आर्थिक वर्ष २०७७/०७८ मा प्रदान गरिएको कानूनी रायको विवरण

क्र. सं	राय माग गर्ने कार्यालय	माग गरेको मिति	राय प्रदान गरिएको रायको संक्षिप्त व्यहोरा	राय प्रदान गरेको मिति
१	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२०७७/०४/६	विशेष अदालतबाट भ्रष्टाचारको कसूर ठहर भई सजाय भएको भन्ने आधारमा कर्मचारीलाई सेवाबाट वर्खास्त गरिएको र निज कर्मचारीले उक्त भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतबाट सफाई पाएको हुँदा त्यस्ता कर्मचारीलाई अख्तियारवालाले पुर्नवहालीको निर्णय गर्न कुनै कानूनी बाधा नदेखिने ।	२०७७/०४/१६
२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२०७७/०४/१३	अति दुर्गम वा दुर्गम क्षेत्रमा फार्मेसी समूहको सातौं तहको पद वा दरबन्दी नै नभएको भन्ने अवस्था नभई अपर्याप्त (एक मात्र) दरबन्दी रहेको र सातौं तहमा कार्यरत कर्मचारी संख्यासँग तुलना गर्दा सो तहका सबै कर्मचारीले दुर्गम क्षेत्रमा सेवा अवधि पुऱ्याउन नसक्ने अवस्था भई कर्मचारीको वृत्ति विकासमा असर पर्न गएको भन्ने देखिएको हुँदा यस सम्बन्धमा कर्मचारीको वृत्ति विकासलाई दृष्टिगत गरी मौजुदा कर्मचारी संख्या र दरबन्दी संख्याको विश्लेषण गरी नीतिगत तथा प्रशासनिक तवरबाट आवश्यक प्रवन्ध हुनुपर्ने देखिएको ।	२०७७/०४/३२
३	उद्योग विभाग त्रिपुरेश्वर, काठमाडौं	२०७७/०५/१८	साविकको औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ८(५) बमोजिम कानूनले निर्दिष्ट म्याद भित्र उद्योग सञ्चालन हुन नसकेको आधारमा उद्योगको दर्ता प्रमाणपत्र खारेज गरेको र सो खारेज गर्ने निर्णय उच्च अदालतबाट कानून अनुरूप रहेको भनी रिट खारेज भएमा पनि प्रचलित औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६० बमोजिमको आधारमा उद्योग विभागबाट उद्योग सञ्चालनको म्याद थप सम्बन्धी निर्णय गर्ने कानूनी बाधा नदेखिने ।	२०७७/०६/१३

क्र. सं	राय माग गर्ने कार्यालय	माग गरेको मिति	राय प्रदान गरिएको रायको संक्षिप्त व्यहोरा	राय प्रदान गरेको मिति
४	उद्योग विभाग त्रिपुरेश्वर काठमाडौं	२०७७/०६/२९	श्री माउण्ट एभरेष्ट डिस्टीलरी उद्योगको रूपमा दर्ता भए पश्चात् सञ्चालनमा नआएको, सञ्चालन म्याद थप पनि हुन नसकेको र उच्च अदालत पाटनबाट उक्त उद्योगको सञ्चालन म्याद थपका सम्बन्धमा सो उद्योग नेचुरल स्पीरिट्स नेपाल प्राइभेट लिमिटेडको तर्फबाट परेको उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन मिति २०७४।११।३० मा खारेज गर्ने गरी आदेश भएको अवस्था देखिए पनि उक्त आदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लागू हुनु भन्दा पहिला भएको देखिएको समेतबाट सो आदेश जारी हुँदाका बखत बहाल रहेको औद्योगिक व्यवसाय ऐन, २०७३ लाई खारेज गरी जारी भएको औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६० ले गरेको म्याद थप सम्बन्धी विशेष व्यवस्था बमोजिम उद्योग सञ्चालनको म्याद थप सम्बन्धी कारवाही गर्न कानूनी बाधा नदेखिने र ऐ. दफा ६०, दफा २ को खण्ड (त) एवं ऐ. दफा ४ को कानूनी व्यवस्था अनुसार निवेदक प्रकृतिका उद्योग दर्ता गर्ने निकाय उद्योग विभाग नै रहेको देखिएकोले साविकको कानूनी व्यवस्थाका आधारमा घरेलु तथा साना उद्योग विभागबाट निवेदक उद्योगको सञ्चालन म्याद थप नगर्ने भनी निर्णय भएको भए तापनि हाल प्रचलित कानूनले गरेको विशेष व्यवस्था बमोजिम ऐ. दफा ६० द्वारा निर्दिष्ट आधारमा उद्योग विभागबाट म्याद थप सम्बन्धी निर्णय गर्न कानूनी बाधा नदेखिने ।	२०७७/०७/२८
५	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	२०७७/०८/०७	पाँच वर्ष भन्दा बढी अवधी अस्थायी शिक्षकको रूपमा काम गरेका शिक्षकलाई सर्वोच्च अदालतको निर्देशनात्मक आदेश बमोजिम शिक्षा ऐन, २०२८ संशोधन सहितको दफा ११ च (९) बमोजिमको सुविधा दिन कानूनी बाधा नदेखिए पनि २०७१।११।६ देखि २०७३।१०।२४ सम्म लामो समय गैर हाजिर रहेका शिक्षकको पदाधिकार कायम रहीरहने अवस्था नभएको र अदालतबाट पुर्नवहाली भएको समेत नदेखिँदा गैर हाजिर रहेको अवधीलाई अविच्छिन्न रूपमा कार्यरत अवधी मान्न नमिल्ने ।	२०७७/०९/२१
६	प्रहरी प्रधान कार्यालय, नक्साल	२०७७/१०/०६	निलम्बन भएका प्रहरी कर्मचारी बढुवाका लागि सम्भाव्य उमेद्वार हुन सक्ने प्रहरी नियमावलीको नियम २९(१)(क) मा कानूनी व्यवस्था भएता पनि निलम्बनकै अवधीमा अनिवार्य अवकाश भएका प्रहरी कर्मचारी पुर्नवहाली भएमा निलम्बन भए देखिको पुरै तलब भत्ता पाउने भएता पनि अवकाश पछि एक तह बढुवा गरी सुविधा दिन मिल्ने कानूनी आधार नरहेको ।	२०७७/११/२३
७	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	२०७७/१०/२५	मिति २०७१।१०।१४ देखि लागू हुने गरी अवकाश दिएको शिक्षकले सो निर्णय उपर तत्काल कुनै कारवाही नगरी मिति २०७३।७।२६ मा मात्र सर्वोच्च अदालतमा रिट निवेदन पेश गरेकोमा ऐ. २०७३।८।२१ मा मात्र सर्वोच्च अदालतबाट अवकाश विरुद्ध अन्तरिम आदेश जारी भई	२०७७/१२/२७

क्र. सं	राय माग गर्ने कार्यालय	माग गरेको मिति	राय प्रदान गरिएको रायको संक्षिप्त व्यहोरा	राय प्रदान गरेको मिति
			मिति २०७३।१२।०९ देखि मात्र विद्यालयमा पुनः हाजिर भएको देखिँदा गैर हाजिर भई कुनै सेवा नै नगरेको उक्त अवधिलाई अविछिन्न रूपमा सेवा गरेको भनी मान्न मिल्ने अवस्था नदेखिने ।	
८	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	२०७७/१२/०३	निकट भविष्यमा अनिवार्य अवकाश हुने शिक्षकले शिक्षक सेवा आयोगमा हाल कुनै पनि पदाधिकारी बहाल नरहेकै कारण निजलाई सर्वोच्च अदालतको आदेश अनुसार बढुवा गर्न नसक्ने अवस्थामा शिक्षा ऐन, २०२८ को दफा २० ले नेपाल सरकारलाई प्रदान गरेको बाधा अड्काउ हटाउने अधिकारको प्रयोग गरी सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक प्रबन्ध हुन सक्ने देखिन्छ ।	२०७७/१२/०४
९	अर्थ मन्त्रालय	२०७७/१२/०३	नेपाल सरकारले मिति २०६२।९।२४ मा सम्झौता गर्दा श्री कृष्ण रिफाइनरी एण्ड भेजिटेवल घी इण्डष्ट्रिज प्रा.लि. का सञ्चालक मनिष कुमार अग्रवाल रहेकोमा उच्च अदालत जनकपुर, विरगञ्ज इजलासबाट भएको फौसला बमोजिम उक्त प्रा.लि. को आधिकारीक सञ्चालक मनोज कुमार अग्रवाल कायम भएकाले निज मनोजकुमार अग्रवालसँग पूर्व संझौताको व्यवस्थालाई असर नपर्ने गरी मन्त्रालयले पुनः सम्झौता गर्न उपयुक्त देखिने ।	२०७७/१२/२१
१०	संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालय	२०७७/१२/०३	यसमा कुनै काम कारवाहीका सम्बन्धमा द्विविधा भई वा स्पष्ट कानूनी व्यवस्था नभएका कारण समस्या परी कानूनी राय माग गरेको नभई कानूनी प्रतिरक्षा गरिदिने सम्बन्धमा अनुरोध पत्र पठाएको भन्ने देखिँदा जिल्ला समन्वय समितिमा नेपाल सरकारले खटाएका निजामती कर्मचारीको विरुद्धमा कुनै मुद्दा वा निवेदन परेको अवस्थामा त्यस विषयको प्रतिरक्षा महान्यायाधिवक्ताको कार्यालयबाट हुने, तर जिल्ला सभा वा जिल्ला समन्वय समितिको प्रतिरक्षा महान्यायाधिवक्ताको कार्यालयबाट हुन नसक्ने र उल्लेखित निकायले आफै कानून व्यवसायी नियुक्त गर्न सक्ने ।	२०७७/१२/१६
११	प्रहरी प्रधान कार्यालय, नक्साल	२०७७/१२/१३ (दर्ता ५कै विषय)	यसमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग ऐन, २०७१ को दफा १४ र दफा १५ मा भएको कानूनी व्यवस्था बमोजिम आयोगबाट माग भए बमोजिमको सर्जमिन मुचुल्का गरी पठाउन कानूनी रूपमा बाधा पर्ने नदेखिने ।	०७८/३/१३
१२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२०७७/१२/२४	नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३४ को उपदफा (१)(ख) तथा स्वस्थ्य सेवा नियमावली, २०५५ को नियम ५३ को उपनियम (६) बमोजिम "कर्मचारी आफू बहाल रहेको पदमा अति दुर्गम क्षेत्रमा कम्तीमा एक वर्ष वा दुर्गम क्षेत्रमा दुई वर्ष रुजु हाजिर रही तीन वर्षसम्म सेवा नगरी अध्ययन बिदा पाउने छैन" भन्ने कानूनी व्यवस्था रहेकोमा उल्लेखित कानूनमा अन्य वैकल्पिक व्यवस्था राखेको पनि पाइँदैन । त्यसरी वैकल्पिक व्यवस्था भएको नदेखिएको बाट उल्लेखित पदहरूको दुर्गम क्षेत्रमा दरबन्दी	२०७८/०१/०२

क्र. सं	राय माग गर्ने कार्यालय	माग गरेको मिति	राय प्रदान गरिएको रायको संक्षिप्त व्यहोरा	राय प्रदान गरेको मिति
			नभएको भन्ने आधारमा निवेदकहरूको सो योग्यता नभए पनि अध्ययनको लागि अध्ययन बिदा पाउन सक्ने भनी भन्न सकिँदैन । अतः भई रहेको कानूनलाई नै निष्कृय पार्ने गरी कानूनी राय दिन मिल्ने नदेखिएको ।	
१३	संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालय	२०७७/१२/२२	निजामति सेवामा बहाल रहेका अवस्थामा सरकारी छाप दस्तखत किर्ते मुद्दामा कैद र जरिवाना हुने ठहरी फैसला भए पनि फैसलामा नैतिक पतन देखिने कसूर भनी ठहर नभएको र विभागीय कारवाही गरी वर्खास्त गरेको समेत नदेखिँदा सेवामै रहेका अवस्थामा मृत्यु भएका कर्मचारीको परिवारलाई कानून बमोजिम पाउने सेवा सुविधा दिन बाधा पर्ने नदेखिएको ।	२०७७/१२/२६
१४	चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर	२०७८/०२/१३	राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी आयोगमा प्राप्त मिति २०७६।११।०१ को वि.एण्ड सी. मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.ली. झापा बिर्तामोडको निवेदन उपरको कारवाही अगाडि बढाउन सामान्यतयाः बाधा पर्ने नदेखिने ।	२०७८/०२/१४
१५	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२०७८/०२/२७	यसमा सुगम क्षेत्रको प्रदेश वा स्थानीय तहमा समायोजन हुने कर्मचारीले दुर्गम क्षेत्रको सेवा अवधि पुऱ्याउन सक्ने अवस्था नरहेको हुँदा कर्मचारीहरूको वृत्ति विकासमा असर पर्न जाने अवस्था आउन नदिन नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (२) मा प्रतिबन्धात्मक व्यवस्था गरी "तर पद वा दरबन्दी नभएको कारण कुनै कर्मचारीलाई त्यस्तो क्षेत्रमा खटाउन नसकिने भएमा यस दफाको अन्य उपदफाको अधीनमा रही त्यस्ता कर्मचारीलाई माथिल्लो तहमा स्तरवृद्धि गर्न बाधा पर्ने छैन" भन्ने कानूनी व्यवस्था देखिँदा निवेदक कर्मचारीहरूलाई माथिल्लो तहमा स्तरवृद्धि गर्न कानूनी बाधा नपर्ने ।	२०७८/०३/०१
१६	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२०७८/०३/०२ (दर्ता २० कै विषय)	नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (१) को ३(ग) मा सातौ तहमा बढुवा हुने न्युनतम योग्यता कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा सेवा गरेको, पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा उत्तम अंक प्राप्त गरेको, सम्बन्धित तहमा आठ वर्ष सेवा गरेको र छैठौं तहमा स्तरवृद्धि भएका मध्ये पाँचौं तहमा शुरु नियुक्ति भएका भन्ने व्यवस्था रहेको र उच्च अदालत पाटनबाट समेत योग्यता, प्रकृया पूरा गरेका निवेदकसँग बुझ्नु पर्ने भएमा बुझी कानून बमोजिम स्तरवृद्धि गर्नु भनी आदेश जारी गरेकोलेमा मन्त्रालयको रायमा नै निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को तहगत व्यवस्था अनुसार तह मिलान गर्दा सहायक पाचौं तहमा तह मिलान गरिएको भन्ने उल्लेख भएकोबाट निजहरूको सुरु नियुक्ति पाँचौं तहमा भएको हो भन्ने नदेखि सो भन्दा तल्लो तह चौथो	२०७८/०३/०८

क्र. सं	राय माग गर्ने कार्यालय	माग गरेको मिति	राय प्रदान गरिएको रायको संक्षिप्त व्यहोरा	राय प्रदान गरेको मिति
			तहमा शुरु नियुक्ति भई स्वास्थ्य सेवा ऐन, २०५३ जारी भएपछि सहायक पाँचौं तहमा तह मिलान भएको भन्ने देखिन्छ । अतः निवेदकहरूको नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (१) को ३ (ग) बमोजिम सातौँ तहमा बढुवा हुने न्युनतम् योग्यता पूरा भएको भनी भन्न सकिने देखिएन ।	
१७	प्रहरी प्रधान कार्यालय, नक्साल	२०७८/०३/१०	यसमा न्यायिक समितिबाट भएको निर्णयको कार्यपालिकाले तत्काल कार्यवन्वन गर्नु गराउनु पर्छ भनी सोही ऐनको दफा ५२ मा कानूनी व्यवस्था रहेको छ भने मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३ मा यस संहिताले नियमित गरेका विषयमा कानूनमा छुट्टै व्यवस्था भएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले कुनै असर पार्ने छैन भन्ने उल्लेख भएको हुँदा विशेष ऐन बमोजिम भए गरेका काम कारबाहीमा सोही ऐनले गरेको व्यवस्था नै आकर्षित हुने देखिन्छ । निजहरू हालसम्म श्रीमान् श्रीमती रहेको कुरामा विवाद नरहेको र श्रीमान्ले श्रीमतीलाई खान लाउन दिनुपर्ने कानूनी व्यवस्था समेत रहेको परिप्रेक्ष्यमा निवेदकले जिविकोपार्जनको लागि पाउदै आएको मानाचामल वापतको मासिक रकम निरन्तर रूपमा उपलव्ध गराउनु नै पर्ने देखिन्छ ।	२०७८/०३/१३
१८	प्रहरी प्रधान कार्यालय, नक्साल	२०७८/०३/१०	अवैध रूपमा सालकको खपटा आखेटोपहार ओसारपसार मुद्दामा पक्राउ परी थुनामा रहेका प्रहरी जवान प्रहरी नियमावली, २०७१ को परिच्छेद १० को नियम ११५ को उपनियम ८ बमोजिम स्वतः निलम्बन हुने व्यवस्था बमोजिम पक्राउ परेको मितिबाटै निजलाई निलम्बन गरिएको, निजलाई २०७४।७६ को काठमाडौं जिल्ला अदालतको फैसलाले कसूर ठहर गरी रु. १०,००,००० ।- जरिवानाको सजाय तोकिएको छ भई जरिवानको सजाय तोकि थुना मुक्त भए पछि निजको निलम्बन २०७७।१०।१४ मा फुकुवा गरिएको भन्ने देखिएको छ । यसरी निलम्बन फुकुवा भएको भन्ने कारणले मात्र निजको फौजदारी अभियोगमा थुनामा परी निलम्बन भएको अवधिको तलव भत्ता पाउने भन्ने प्रहरी नियमावली, २०७१ को नियम ११५(ख) बमोजिम मिल्ने देखिएन ।	२०७८/०३/२०

४.२ सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण

महान्यायाधिवक्ताबाट मातहतका सरकारी वकीलहरूलाई मुद्दा चलाउने नचलाउने अधिकार सुम्पिए अनुसार सरकारी वकीलहरूले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र अनुसूची-२ मा उल्लेखित मुद्दा र नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दछन् । सो अनुसार यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या २६,५५७ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ५१,२९५ रहेको छ । सोमध्ये मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ का मुद्दा संख्या २५,३१७ र प्रतिवादी संख्या ४८,१०२ र अनुसूची २ का मुद्दा संख्या १२४० र प्रतिवादी संख्या ३,१९३ रहेको देखिन्छ । विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या २,०५४ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या २,१३८ रहेको छ । यसैगरी उच्च सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या ७४ र

ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या १८५ रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १४क, २६ र ३३** मा समावेश गरिएको छ । यस आर्थिक वर्षमा सरकार वादी भई चलेका मुद्दा र प्रतिवादीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७

सरकार वादी भई चलेका अनुसूची १ र २ का मुद्दाहरूको विषयगत विवरण

अनुसूची १ का मुद्दा			
सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा	प्रतिवादी
१	राज्य विरुद्ध	१७	५१
२	सार्वजनिक शान्ति विरुद्ध	१९३४	३३९९
३	सार्वजनिक न्याय विरुद्ध	८०	१४८
४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा,	५२८०	९३५९
५	हातहतियार तथा खरखजाना	२७६	५०५
६	विष्फोटक पदार्थ	५७	१८६
७	राष्ट्रिय तथा सार्वजनिक सम्पदा	१	२
८	धर्म सम्बन्धी कसुर	४	१२
९	भेदभाव तथा अपमानजन्य व्यवहार	११५	३५५
१०	विवाह	९९६	१९४०
११	ज्यान	२२३४	५७३१
१२	कुटपिट अंगभंग	२११	६१२
१३	गैरकानुनी थुना	०	०
१४	व्यक्ति बेपत्ता पार्ने	१६	३८
१५	अपहरण वा शरीर बन्धक	१३६	३५०
१६	करणी	३६८९	४१७०
१७	इलाज सम्बन्धी	७	१३
१८	चोरी तथा डाँका	२६९४	५१४५
१९	आर्थिक	६५७	१५५१
२०	कीर्ते	१६३	५०३
२१	आपराधिक प्रवेश	४	१६
२२	आपराधिक उपद्रव	१७६	४९६
२३	पशुपक्षी	१०४	२५६
२४	नागरिकता	३५	११७
२५	प्रतिलिपि अधिकार	२	३
२६	प्रविधि सम्बन्धी	११४	१३५
२७	मानव बेचविखन	१४६	३००
२८	राहदानी	५	९
२९	लागु औषध	२९२८	५४३१
३०	सवारी ज्यान	२३६२	३१३७
३१	विविध	८७४	४१३२
	जम्मा	२५३१७	४८१०२

अनुसूची २ का मुद्दा			
सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा	प्रतिवादी
१	अध्यागमन	२	२
२	उपभोक्ता संरक्षण	१	८
३	औषधि	४२	८५
४	खाद्य पदार्थ सम्बन्धी	२०	२०
५	पानी दूषित पार्ने	२	२
६	वातावरण प्रदूषित गर्ने	१	१
७	खाद्य ऐन अन्तर्गका	३०	४१
८	गुणस्तर (प्रमाण चिन्ह)	७	९
९	नाप तौल सम्बन्धी	१५	१५
१०	राजश्व चुहावट	१०	१३
११	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	१७२	५९९
१२	विदेशी विनिमय	६८	१३६
१३	वन	७९०	२१०६
१४	विद्युत चोरी	२	२
१५	अन्य	७८	१५४
	जम्मा	१२४०	३१९३

विशेष सरकारी वकील कार्यालयबाट भएको अभियोजन

मुद्दा		मुद्दा	प्रतिवादी
वैदेशिक रोजगार	व्यक्तिगत	१८०	१९३
	संस्थागत	०	०
वैंकिङ्ग कसूर		१८६१	१९०५
सम्पत्ति शुद्धीकरण		१३	४०
जम्मा		२०५४	२१३८

उच्च सरकारी वकील कार्यालयबाट भएको अभियोजन

मुद्दा	मुद्दा	प्रतिवादी
राजश्व चुहावट	७४	१८५

४.३ नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण

महान्यायाधिवक्ताको कार्यालय, मातहतका कार्यालयहरूबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई वा प्रतिरक्षाका लागि दायर भएका एवं गत सालबाट जिम्मेवारी सरी आएका मुद्दाहरूको कुल लगत ८३,५९५ मध्ये जम्मा ३५,३०४ अर्थात् ४२.२३ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये २५,५४० अर्थात् ७२.३४ प्रतिशत कसूर ठहर भएको र ९,३८५ अर्थात् २६.५८ प्रतिशत कसूरमा सफाइ भएको र ३७९ अर्थात् १.०७ प्रतिशत मुद्दा मुल्तवी, मुद्दा फिर्ता वा अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । मुद्दाहरूको फछ्यौंट स्थितिलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेका मुद्दाहरू मध्ये २८.९१ प्रतिशत, उच्च सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ४९.३१ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा रहेका मुद्दाहरू मध्ये ४१.२३ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका मुद्दाहरू मध्ये ४१.७८ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा ७१८ अर्थात् ४४.१३ प्रतिशत, उच्च सरकारी वकील कार्यालयमा ४,०४३ अर्थात् ५५.१४ प्रतिशत, विशेष सरकारी वकील कार्यालयमा २,४०० अर्थात् ८९.४९ प्रतिशत, जिल्ला सरकारी वकील कार्यालयमा १८,३७९ अर्थात् ७७.५५ प्रतिशत कसूर कायम भएको देखिन्छ । यस सम्बन्धी एकीकृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा र कारबाहीको विवरण

बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर प्रतिशत
	गतवर्षको	यसवर्षको	जम्मा	कसूर ठहर	सफाइ	मुल्तवी, अन्य	जम्मा		
महान्यायाधिवक्ताको कार्यालय	४२७९	१२२४	५५०३	७१८	८७२	१	१५९१	३९१२	४५.१३
उच्च सरकारी वकील कार्यालय	६६३६	८२३४	१४८७०	४०४३	३२०९	८०	७३३२	७५३८	५५.१४
विशेष सरकारी वकील कार्यालय	४११९	२३८६	६५०५	२४००	२८२	०	२६८२	३८२३	८९.४९
जिल्ला सरकारी वकील कार्यालय	२९७५३	२६९६४	५६७१७	१८३७९	५०२२	२९८	२३६९९	३३०१८	७७.५५
कुल जम्मा	४४७८७	३८८०८	८३५९५	२५५४०	९३८५	३७९	३५३०४	४८२९१	७२.३४

४.४ नेपाल सरकार, सरकारी निकाय वा अधिकारी उपर दायर भएका रिट निवेदनमा प्रतिरक्षा गरेको विवरण

महान्यायाधिवक्ताको कार्यालय, मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा नेपाल सरकार प्रत्यर्थी प्रतिवादी भई दायर भएका एवं गत वर्षबाट जिम्मेवारी सरी आएका रिट निवेदनहरूको कुल लगत ९,३४४ थान मध्ये २,६०५ थान अर्थात् २७.८८ प्रतिशत फछ्यौंट भएको देखिन्छ। फछ्यौंट भएका मुद्दा, रिट निवेदनहरू मध्ये १,४०५ थान अर्थात् ५३.९३ प्रतिशत रिट खारेज भएको, १,०१७ थान अर्थात् ३९.०४ प्रतिशत जारी भएको र १८३ थान अर्थात् ७.०२ प्रतिशत अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ। रिट निवेदनहरूको फछ्यौंट स्थितिलाई विश्लेषण गर्दा फछ्यौंट भएका निवेदनहरू मध्ये महान्यायाधिवक्ताको कार्यालयमा १३.१४ प्रतिशत, उच्च सरकारी वकील कार्यालयमा ५०.०९ प्रतिशत र जिल्ला सरकारी वकील कार्यालयमा ३६.५७ प्रतिशत रिटहरू फछ्यौंट भएको देखिन्छ।

तालिका नं. ९

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका रिट निवेदनको विवरण

बहस पैरवी/प्रतिरक्षा	लगत			फछ्यौंट				बाँकी	रिट खारेज प्रतिशत
	गतवर्षको	यस वर्षको	जम्मा	खारेज	जारी	अन्य	जम्मा		
महान्यायाधिवक्ताको कार्यालय	३५६५	१७९२	५३५७	३५४	३१३	३७	७०४	४६५३	५०.२८
उच्च सरकारी वकील कार्यालय	८६०	२४१६	३२७६	८८९	६२०	१३२	१६४१	१६३५	५४.१७
जिल्ला सरकारी वकील कार्यालय	३५४	३५७	७११	१६२	८४	१४	२६०	४५१	६२.३१
कुल जम्मा	४७७९	४५६५	९३४४	१४०५	१०१७	१८३	२६०५	६७३९	५३.९३

४.५ अपराध सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७७/७८ मा नेपाल प्रहरीका कार्यालयहरूमा दर्ता भएका अनुसूची १ का अपराधहरूको तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १०

आर्थिक वर्ष २०७७/०७८ मा अनुसूची १ का अपराधको तथ्यांक विवरण

आ.व. २०७७०७८ को अपराध तथ्याङ्क											
प्रकृति	**अपराध शीर्षक**	**के.अ. ब्युरो**	**उपत्यका**	**प्रदेश नं. १**	**प्रदेश नं. २**	**बाग्मती प्रदेश**	**गण्डकी प्रदेश**	**लुम्बिनी प्रदेश**	**कर्णाली प्रदेश**	**सु.पश्चिम प्रदेश**	**जम्मा**
ज्यान सम्बन्धी	खुन डाँका	०	०	०	१	०	०	०	०	०	१
	कर्तव्य ज्यान	०	५०	१५७	१२६	६९	५४	१२४	४९	६८	६९७
	विष खुवाएर	०	०	०	०	०	०	०	०	०	०
	ज्यान मार्ने उद्योग	०	९७	१९०	३३१	१०५	५१	१३९	४७	९१	१०५१
	भवितव्य ज्यान	०	७२०	१०१८	६४०	५९६	३८६	७४०	२४२	३२९	४६७१
	फुटकर ज्यान	०	८७	१४८	१७३	२६७	२३५	३४४	६४	११२	१४३०
	गौवध	०	०	८	०	२	३	३	०	१	१७
	ए आत्म हत्या दुरुत्साहन	०	१७	१७	१०	१६	१५	३१	१७	४१	१६४
	गर्भ सम्बन्धी कसूर	०	३	५	१०	१	३	४	१	१	२८
	जम्मा	०	९७४	१५४३	१२९१	१०५६	७४७	१३८५	४२०	६४३	८०५९

आ.व. २०७७।०७८ को अपराध तथ्याङ्क

प्रकृति	अपराध शीर्षक	के.अ. ब्युरो	उपत्यका	प्रदेश नं. १	प्रदेश नं. २	बाग्मती प्रदेश	ग्ण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सु.पश्चिम प्रदेश	जम्मा
आत्महत्या सम्बन्धी	विष खाएर	०	१२४	१४३	२१४	२४३	४३	२६७	७०	१७२	१२७६
	आगो लगाएर	०	१	२	३	२	१	७	०	३	१९
	झ्ण्डिएर	०	४१५	१३५५	७३६	७७६	५७०	१०८९	२८३	४९६	५७२०
	हाम फालेर	०	७	१	१	६	२३	५	१	२	४६
	करेण्ट लाएर	०	०	१	०	०	०	०	०	१	२
	हात हतियारबाट	०	३	७	०	०	२	४	१	१	१८
	पानीमा डुबेर	०	०	७	१	५	४	६	७	६	३६
	जम्मा	०	५५०	१५१६	९५५	१०३२	६४३	१३७८	३६२	६८१	७११७
चोरी सम्बन्धी	डाँका चोरी	०	५९	१५	३२	३४	३	१४	८	३	१६८
	नकबजनी चोरी	०	२	३	३	६	३०	२६	१७	२१	१०८
	जवरजस्ती चोरी	०	०	०	०	०	०	०	०	४	४
	साधारण चोरी	०	४६१	३९३	५१३	१७६	९०	१६९	२४	१०५	१९३१
	सवारी चोरी	०	५१	१८	१७	२	१	४०	१	२०	१५०
	पुरातात्विक चोरी	०	०	०	०	०	०	०	१	०	१
	चौपाया चोरी	०	०	९	०	२	१	७	०	१	२०
	जम्मा	०	५७३	४३८	५६५	२२०	१२५	२५६	५१	१५४	२३८२
संगठित तथा आर्थिक सम्बन्धी	जुवा वा सट्टाबाजी	०	९९	४९	२६	५७	१३०	६०	१८	५६	४९५
	मुद्रा सम्बन्धी कसूर	०	७	३	७	२	०	१	०	५	२५
	सम्पत्ति सम्बन्धी कसूर	४	२४७	९९	१०३	४०	३३	४५	२३	१३	६०७
	लागू औषध	०	३५७	६८१	७१५	२६०	३१४	३६३	७०	२५३	३०१३
	नापतौल सम्बन्धी कसूर	०	१८	१२	१६	७	१	४	२	०	६०
	प्राचीन स्मारक	०	२	०	०	१	०	१	०	०	४
	चंदा संकलन	०	५	२	०	०	३	१	४	१	१६
	सरकारी छाप दस्तखत किर्ते	०	०	५	१९	६	२	९	४	७	५२
	राहदानी	०	३	०	०	०	०	०	०	०	३
	अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर	१	७	१८	४१	७	४	१९	२	६	१०५
	हातहतियार खरखजना	०	६	४८	५०	२७	४६	४४	११	३८	२७०
	प्रतिलिपि अधिकार	०	२	०	०	०	०	०	०	०	२
	जम्मा	५	७५३	९१७	९७७	४०७	५३३	५४७	१३४	३७९	४६५२
सामाजिक अपराध	सार्बजनिक शान्ती बिरुद्धको कसूर	०	१	५	५६८	२६	१७	९४	५१	२०६	९६८
	सार्बजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता बिरुद्धको कसूर	०	१६२९	१२६३	११८३	६७५	५३१	८११	१७४	३८२	६६४८
	सार्बजनिक अधिकारीको अवज्ञा सम्बन्धी कसूर	०	०	१	३	०	०	०	०	०	४
	आपराधिक प्रवेश, आपराधिक उपद्रव सम्बन्धी कसूर	०	६	२१	४५	११	१९	१९	११	५	१३७
	नागरिकता सम्बन्धी	०	४	१५	८२	५	५	४	४	५	१२४
	कुटपिट अंगभंग	०	१०	३१	८६	२३	११	२७	९	१२	२०९
	राज्य विरुद्दका कसूर	०	२	१	०	०	२	१	०	२	८
	धर्म सम्बन्धी कसूर	०	०	२	२	०	०	०	०	०	४
	आवश्यक वस्तु संरक्षण	०	०	१	०	१	१	०	१	०	४

आ.व. २०७७।०७८ को अपराध तथ्याङ्क											
प्रकृति	अपराध शीर्षक	के.अ. ब्युरो	उपत्यका	प्रदेश नं. १	प्रदेश नं. २	बाग्मती प्रदेश	ग्ण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सु.पश्चिम प्रदेश	जम्मा
	ऐन										
	आवश्यक सेवा संचालन ऐन	०	०	०	०	०	०	०	०	०	०
	भेदभाव तथा अपमानजन्य व्यवहार	०	३	७	१८	३	१	६	६	१८	६२
	जम्मा	०	१६५५	१३४७	१९८७	७४४	५८७	९६२	२५६	६३०	८१६८
महिला तथा बालबालिका सम्बन्धी	मा.बे.बि. तथा ओसारपसार	०	२७	२१	१४	५	७	२६	१	२१	१२२
	बहु विवाह	०	७२	१७०	१०८	८२	८१	१३१	९७	१११	८५२
	बाल विवाह	०	३	१३	१२	९	८	१०	१९	१०	८४
	जवरजस्ती करणी	०	२२७	६०२	३७५	३००	२०९	४३८	१५५	२२६	२५३२
	जवरजस्ती करणी उद्योग	०	४०	१६७	११५	८८	५६	१३४	४६	८९	७३५
	अप्राकृतिक मैथुन	०	२	८	८	१	३	१०	१	३	३६
	बालयौन दुराचार	०	२८	७७	३५	४७	३८	३४	३	१९	२८१
	यौन दुर्व्यवहार	०	२	०	०	०	०	०	०	०	२
	बोक्सीको आरोप	०	०	४	२५	१३	२	९	४	४	६१
	घरेलु हिंसा	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	०	४०१	१०६२	६९२	५४५	४०४	७९२	३२६	४८३	४७०५
सवारी सम्बन्धी	सवारी ज्यान	०	१२९	३८८	४४१	२६२	१५१	४१५	६३	१२२	१९७१
	सवारी अंगभंग	०	४९	४१	५४	१९	१४	१८	४	८	२०७
	सवारीबाट क्षति	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	०	१७८	४२९	४९५	२८१	१६५	४३३	६७	१३०	२१७८
विविध	मा.बे.बि. तथा मानव अंग प्रत्यारोपण	०	१	०	०	०	०	०	०	०	१
	मा.बे.बि तथा जवरजस्ती करणी	०	१	२	२	०	०	१	३	४	१३
	कुटपिट गरी गर्भ तुहाएको	०	०	०	०	०	०	०	०	०	०
	जिउदो वच्चा जन्माई फालेको	०	०	०	०	०	०	०	१	०	१
	आगलागी	०	०	४	७	३	१	३	१	१	२०
	विष्फोटक पदार्थ सम्बन्धी कसूर	०	७	५	६	१	२	१	१	२	२५
	बम विष्फोटन	०	०	३	०	०	१	०	०	०	४
	अपहरण तथा जवरजस्ती करणी	०	३	३	३३	७	०	९	२	८	६५
	जवरजस्ती करणी गरी कर्तव्य	०	०	१	१	०	०	०	०	२	४
	अपहरण तथा कर्तव्य	०	०	१	२	०	०	१	०	०	४
	संगठित अपराध	०	१	२	५	१	०	०	०	५	१४
	विधुतिय (साईवर) कसूर	०	१०३	०	१	०	०	०	०	०	१०४
	दुरसंचार कसूर	२	०	०	०	०	०	०	०	०	२
	वैंकिङ कसूर	१३	१९४७	८०	१५४	२८	१०१	४८	१	१	२३७३
	परिक्षा तथा शिक्षा ऐन	०	०	१	१	१	१	०	०	७	११
	पशुपंक्षी सम्बन्धी कसूर	०	३	२०	२	८	३१	१५	५	८	९२
	चिठ्ठा	०	०	२	०	०	०	०	०	०	२

आ.व. २०७७०७८ को अपराध तथ्याङ्क											
प्रकृति	अपराध शीर्षक	के.अ. ब्युरो	उपत्यका	प्रदेश नं. १	प्रदेश नं. २	बाग्मती प्रदेश	ग्ण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सु.पश्चिम प्रदेश	जम्मा
	इलाज सम्बन्धी कसूर	०	०	३	४	१	०	०	०	०	८
	लिखत सम्बन्धी कसूर	२१	४४	३	१३	७	३	२	०	०	९३
जम्मा		३६	२११०	१३०	२३१	५७	१४०	८०	१४	३८	२८३६
	अन्य जम्मा	०	१	०	८	१	७	२	१	३	२३
कुल जम्मा		**४१**	**७१९५**	**७३८२**	**७२०१**	**४३४३**	**३३५१**	**५८३५**	**१६३१**	**३१४१**	**४०१२०**

(स्रोतः प्रहरी प्रधान कार्यालय)

(ख) आर्थिक वर्ष २०७७/७८ मा नेपाल भरमा अनुसूची २ का अपराधको तथ्यांक देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ११

आर्थिक वर्ष २०७७/०७८ मा अनुसूची २ का अपराधको तथ्यांकको विवरण

अपराध शीर्षक	प्रदेश नं. १	प्रदेश नं. २	बाग्मती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सुदूरपश्चिम प्रदेश	जम्मा
अध्यागमन	०	०	४	०	०	०	०	४
उपभोक्ता संरक्षण	०	०	०	०	०	०	०	०
औषधि	५	५	५	०	४	०	२	२१
खाद्य पदार्थ सम्बन्धी	१	०	१	०	२	०	०	४
पानी दुषित पार्ने	०	०	३	०	०	१	०	४
वातावरण प्रदुषित गर्ने	०	०	०	०	०	०	१	१
खाद्य ऐन अन्तर्गका	१	०	१२	६	४	६	०	२९
गुणस्तर (प्रमाण चिन्ह)	०	०	२	०	०	०	०	२
नाप तौल सम्बन्धी	३	१२	१५	०	१	०	०	३१
निर्वाचन सम्बन्धी	०	०	०	०	०	०	०	०
बैदेशिक रोजगार	०	०	०	०	०	०	०	०
राजश्व चुहावट	३	६	४४	१	१०	०	४	६८
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	७	०	१९	८	४९	१४	१	९८
विदेशी विनिमय	११	२४	८०	१	१०	०	११	१३७
वन	७१	१११	१५४	५१	९६	२४	६०	५६७
विद्युत चोरी	५	०	०	०	०	०	०	५
शिक्षा ऐन दफा १७(१)	०	३	०	०	०	०	०	३
सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०
सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०
स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०
अन्य	१	१	३४	३	४	०	१	४४
जम्मा	१०८	१६२	३७३	७०	१८०	४५	८०	१०१८

४.६ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विवरण

यस आर्थिक वर्षमा बहस पैरवी गरिएका मुद्दा तथा रिटहरूको एकमुष्ठ फछ्यौंट विवरणलाई गत वर्षको विवरणसँग तुलना गरी हेर्दा यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदन १३,७०५ थान मध्ये २,७३१ थान फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा तथा निवेदनहरू मध्ये १,२८६ थान अर्थात् ४७.०९ प्रतिशत मुद्दा तथा निवेदमा कसूर कायम तथा रिट खारेज भएको थियो ।

उच्च सरकारी वकील कार्यालयहरूमा यस आर्थिक वर्षमा लगत रहेका मुद्दा, रिट तथा निवेदन २२,१४७ मध्ये १२,२७८ थान फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा तथा निवेदनहरू मध्ये ७,०४३ थान अर्थात् ५७.३६ प्रतिशत मुद्दा तथा निवेदनमा कसूर कायम तथा रिट खारेज भएको थियो ।

विशेष सरकारी वकील कार्यालयबाट उच्च अदालत पाटन अन्तर्गत वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरणमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत ६,५०५ रहेकोमा २,६८२ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये २,४०० अर्थात् ८९.४९ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो । जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय एवं अन्य निकायहरूमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा रिट निवेदनहरूको लगत ५७,४२८ मध्ये २३,९५९ फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा तथा रिट निवेदनहरू मध्ये १८,५४१ अर्थात् ७७.३९ प्रतिशत मुद्दामा कसूर कायम तथा रिट खारेज भएको देखिन्छ ।

बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा तथा रिटको लगत, फछ्यौंट र बाँकीको स्तम्भ चित्र



महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको विगत पाँच वर्षको लगतको विवरणलाई विश्लेषण गर्दा मुद्दाको संख्या घटबढ भएको देखिन्छ । कार्यालयगत रूपमा हेर्दा महान्यायाधिवक्ताको कार्यालयको लगत संख्यामा वृद्धि हुँदै गएको देखिन्छ भने उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरूमा मुद्दाको लगत संख्यामा निरन्तर वृद्धि भएकोमा यस आर्थिक वर्षमा केही घटेको देखिन्छ । यसैगरी विगत पाँच वर्षको लगत रहेका मुद्दाको तथ्यांकलाई विश्लेषण गर्दा महान्यायाधिवक्ताको कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७६/०७७ मा लगत १४,२३६ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७४/०७५ मा १२,०१० रहेको देखिन्छ । उच्च सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७५/०७६ मा २२,४३१ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७३/०७४ मा १९,०६७ रहेको देखिन्छ । विशेष सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७७/०७८ मा ६,५०५ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७४/०७५ मा २,१९३ रहेको देखिन्छ । साथै जिल्ला सरकारी वकील कार्यालयमा सबैभन्दा बढी लगत संख्या आ. व. २०७७/०७८ मा ५७,४२८ रहेको देखिन्छ भने सबैभन्दा कम लगत आ. व. २०७३/०७४ मा ४०,१७० रहेको देखिन्छ । सबै कार्यालयहरूको छुट्टाछुट्टै तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १२
विगत पाँच वर्षको मुद्दाहरूको एकमुष्ठ र तुलनात्मक विवरण

कार्यालय	आर्थिक वर्ष	लगत			फछ्यौट				बाँकी	कसुर ठहर प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर, रिट खारेज	कसुरमा सफाई, रिट जारी	अन्य	जम्मा		
महान्यायाधिवक्ता कार्यालय	२०७३/०७४	९४११	३६२६	१३०३७	३२५७	१५८४	३३९	५१८०	७८५७	६२.८८
	२०७४/०७५	७८५७	४१५३	१२०१०	२१४४	१२६२	२६५	३६७१	८३३९	५८.४०
	२०७५/०७६	८३३९	५१५३	१३४९२	१५३२	१५५५	३४२	३४२९	१००६३	४४.६८
	२०७६/०७७	१००६३	४१७३	१४२३६	११२७	१८१९	६७	३०१३	११२२३	३७.४०
	२०७७/०७८	१०२५०	३४५५	१३७०५	१२८६	१४०७	३८	२७३१	१०९७४	४७.०९
उच्च सरकारी वकील कार्यालय	२०७३/०७४	७६४१	११४२६	१९०६७	४५९४	५६४९	४९२	१०७३५	८३३२	४२.७९
	२०७४/०७५	८४३६	११६६३	२००९९	७००३	६१५८	३५४	१३५१५	६५८४	५१.८२
	२०७५/०७६	६२८३	१६१४८	२२४३१	६८४०	७८०८	३९६	१५०४४	७३८७	४५.४७
	२०७६/०७७	७२४२	१३९१७	२११५९	६८०१	५८९१	१२८	१२८२०	८३३९	५३.०५
	२०७७/०७८	७९८१	१४१६६	२२१४७	७०४३	५०२२	२१३	१२२७८	९८६९	५७.३६
वि.स.व.का.	२०७३/०७४	१३६२	१२१५	२५७७	११५५	२१६	४२	१४१३	११६४	८१.७४
	२०७४/०७५	१११२	१०८१	२१९३	८२७	१६३	२२	१०१२	११८१	८१.७२
	२०७५/०७६	११४६	२४८५	३६३१	१४०६	१४९	८४	१६३९	१९९२	८५.७८
	२०७६/०७७	१९५९	४४२६	६३८५	२४३१	११६	१	२५४८	३८३७	९५.४१
	२०७७/०७८	४११९	२३८६	६५०५	२४००	२८२	०	२६८२	३८२३	८९.४९
जिल्ला सरकारी वकील कार्यालय	२०७३/०७४	१४२४२	२५९२८	४०१७०	१९४१४	४९१८	१३२	२४४६४	१५७०६	७९.३६
	२०७४/०७५	१५६८३	३००९२	४५७७५	२२१५७	३९४५	१५५	२६२५७	१९५१८	८४.३९
	२०७५/०७६	१८६९५	३१८८५	५०५८०	२०९९८	५०२८	४४४	२६४७०	२४११०	७९.३३
	२०७६/०७७	२३४६०	३०५६०	५४०२०	१९०५२	४०७१	३३७	२३४६०	३०५६०	८१.२१
	२०७७/०७८	३०१०७	२७३२१	५७४२८	१८५४१	५१०६	३१२	२३९५९	३३४६९	७७.३९
सबै कार्यालयहरूको	२०७३/०७४	३२६५६	४२१९५	७४८५१	२८४२०	१२३६७	१००५	४१७९२	३३०५९	६८.००
	२०७४/०७५	३३०८८	४६९८९	८००७७	३२१३१	११५२८	७९६	४४४५५	३५६२२	७२.२८
	२०७५/०७६	३४४६३	५५६७१	९०१३४	३०७७६	१४५४०	१२६६	४६५८२	४३५५२	६६.०७
	२०७६/०७७	४२७२४	५३०७६	९५८००	२९४११	११८९७	५३३	४१८४१	५३९५९	७०.२९
	२०७७/०७८	५२४५७	४७३२८	९९७८५	२९२७०	११८१७	५६३	४१६५०	५८१३५	७०.२८

विगत पाँच वर्षको मुद्दा तथा रिटहरूको लगत तथा कारबाहीको एकीकृत रेखा चित्र



४.७ महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ठ विवरण

महान्यायाधिवक्ताको कार्यालय र मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सुरु मुद्दा दायरी, निवेदन दायरी, पुनरावेदन दायरी, मुद्दा मामिलामा निर्णय निकासा, बहस पैरवी, प्रतिरक्षा, निवेदन सम्बन्धी तथा कानूनी राय प्रदान गर्ने सम्बन्धमा सम्पादित कार्यहरूको एकमुष्ठ जिम्मेवारी विवरणलाई हेर्दा अदालत तथा न्यायिक निकायहरूमा बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको संख्या ८३,५९५ थान, रिट निवेदनहरू ९,३४४ थान र अन्य निवेदन सम्बन्धी ६,८४६ थान गरी जम्मा सम्पादित भएका मुद्दा, रिट र अन्य निवेदन समेतको कुल लगत संख्या ९९,७८५ थान, अनुसन्धान अधिकृतलाई दिएको राय र निर्देशन दिएको संख्या २,१६८, मुद्दा चलाउने नचलाउने निर्णय संख्या २९,७०३, मिलापत्र गर्ने आदेश संख्या १९४, पुनरावेदन, दोहोऱ्याउने निवेदन, अभियोगपत्र तथा फिराद मस्यौदा संख्या ३४,००६, पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने नगर्ने सम्बन्धमा मिसिल कागजात अध्ययन गरी निर्णय एवं निकासा प्रदान गरिएको संख्या ६,७२८ एवं प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने निर्णय संख्या १०,८६१ थान, पुनरावेदन वा दोहोऱ्याउने प्रस्ताव संख्या ९,१५२, बयान तथा बकपत्र गराएको संख्या ८७,५७८ कानूनी राय प्रदान गरेको संख्या ५२, दफा ७३ बमोजिमको निवेदन सम्बन्धी कार्य १,७१८ गरी कुल कार्य २,८१,९४५ थान रहेको तथ्याङ्कबाट देखिन्छ । सबै कार्यालयहरूबाट सम्पादित कामको छुट्टाछुट्टै तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १३

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित कार्यहरूको विवरण

कार्यालय	मुद्दा तथा रिट निवेदनको लगत				अनुसन्धान मा राय/निर्देश न दिएको संख्या	मुद्दा चल्ने नचल्ने निर्णय (आंशिक समेत)	मिलाप त्र आदेश	पुनरावेदन/ दो.पा. निवेदन, अभियोगपत्र/ फिराद मस्यौदा	निकासा / निर्णय सम्बन्धी	प्रतिवादी नखुलेका मुद्दा नचलाउने	प्रस्ताव पेश	बयान/ बकपत्र गराएको संख्या	कानूनी राय	दफा ७३ को निवेदन	सम्पादित कार्यहरुको जम्मा
	मुद्दाहरु	रिटहरु	अन्य निवेदन हरु	कुल मुद्दाहरू											
म.न्या.का.	५५०३	५३५७	२८४५	१३७०५	०	४५३	१९४	५७५	१८३५	०	०	०	२६	१४	१६८०२
उ.स.व.का.	१४८७०	३२७६	४००१	२२१४७	०	३२७	०	६१९०	४८९३	५२०९	११२५	६५२	०	४७	४०५९०
वि.स.व.का.	६५०५	०	०	६५०५	०	२१३२	०	१९२४	०	०	१७५	२४६७	०	०	१३२०३
जि.स.व.का.	५६७१७	७११		५७४२८	२१६८	२६७९१	०	२५३१७	०	५६५२	७८५२	८४४५९	२६	१६५७	२११३५०
जम्मा	८३५९५	९३४४	६८४६	९९७८५	२१६८	२९७०३	१९४	३४००६	६७२८	१०८६१	९१५२	८७५७८	५२	१७१८	२८१९४५

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूबाट सम्पादित कार्यहरूको वृत्त चित्र



माथि तालिकामा प्रस्तुत मुद्दा तथा अन्य कार्यहरूको लगत विवरण र सम्बन्धित कार्यालयमा रहेका सरकारी वकीलहरूको कुल दरबन्दी संख्याको अनुपात हेर्दा प्रति सरकारी वकील पर्न आउने (सम्पादित कुल कार्य र मुद्दा तथा रिट निवेदनका आधारमा) कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्य र प्रति सरकारी वकीलको कार्यबोझ

कार्यालय	सरकारी वकील संख्या	सम्पादित कार्य	कुल मुद्दा तथा रिट	प्रति सरकारी वकील सम्पादित कार्यका आधारमा	प्रति सरकारी वकील मुद्दा, रिटका आधारमा
म. न्या. का. १	४३	१६८०२	१३७०५	३९०.७४	३१८.७२
उ.स.व.का. - १८	१११	४०५९०	२२१४७	३६५.६८	१९९.५२
वि.स.व.का. - १	२०	१३२०३	६५०५	६६०.१५	३२५.२५
जि.स.व.का. - ७७	२५८	२११३५०	५७४२८	८१९.१९	२२२.५९
जम्मा	**४३२**	**२८१९४५**	**९९७८५**	**६५२.६५**	**२३०.९८**

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १५

बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दा तथा रिटको अनुपातमा प्रति मुद्दामा तलब र भत्तामा खर्च भएको रकम

कार्यालय	मुद्दा, रिटको तथा निवेदनको कुल लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.
महान्यायाधिवक्ताको कार्यालय- १	१३७०५	५८०७९६७०.००	४,२३७.८५
उच्च सरकारी वकील कार्यालय - १८	२२१४७	१०७८४२५३४.००	४,८६९.४०
विशेष सरकारी वकील कार्यालय - १	६५०५	१५०२३३६९.३६	२,३०९.५१
जिल्ला सरकारी वकील कार्यालय - ७७	५७४२८	२५७०८१३२२.००	४,४७६.५८
जम्मा	**९९७८५**	**४३८०२६८९५.३६**	**४,३८९.७१**

यसैगरी यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई कार्यालयगत रूपमा विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको चालुतर्फको विनियोजित रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १६

सरकारी वकील कार्यालयहरूमा सम्पादित कार्यमा भएको खर्चको विवरण

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च अनुपात
महान्यायाधिवक्ताको कार्यालय- १	१६८०२	२२७५०६८९९.७९	१३,५४०.४७
उच्च सरकारी वकील कार्यालय - १८	४०५९०	२२२४९८४९९.००	५,४८१.६१
विशेष सरकारी वकील कार्यालय - १	१३२०३	३२७४१३३५.०९	२,४७९.८४
जिल्ला सरकारी वकील कार्यालय - ७७	२११३५०	५८१०८८७७६.००	२,७४९.४१
जम्मा	**२८१९४५**	**१०६३८३५५०९.८८**	**३,७७३.२०**

माथि विभिन्न तालिकाहरूमा उल्लेख भएका तथ्याङ्कहरूबाट सरकार पक्ष भएको वा वादी भएको मुद्दाहरूमा कसूर ठहर प्रतिशतमा अपेक्षाकृत सुधार हुन सकेको छैन । सरकारी मुद्दाको अनुसन्धानको जिम्मेवार निकाय प्रहरीमा व्यावसायिकताको विकास हुन नसकेको, अनुसन्धान कार्यले प्राथमिकता पाउन नसकेको, दक्ष जनशक्तिलाई अनुसन्धानको काममा खटाउन नसकेको, अपराध अनुसन्धानका लागि पर्याप्त स्रोत साधनको कमी जस्ता कारण अपराध अनुसन्धानको कार्य प्रभावकारी बन्न सकेको छैन । अनुसन्धानमा स्तरीयता ल्याउन अनुसन्धान कार्यमा मात्र खटिने विशेषज्ञ तालिम

प्राप्त प्रहरी एकाइको व्यवस्था गरी त्यहाँ कार्यरत जनशक्तिलाई सोही कार्यमा मात्र परिचालन गर्ने व्यवस्था गर्नुपर्ने हुन्छ । त्यसैगरी सरकारी वकीलहरूलाई निजको कार्यसम्पादनसँग सम्बन्धित विषयमा नियमित रूपमा प्रशिक्षण प्रदान गर्न नसकिएको अवस्थामा अनुसन्धान अधिकृतलाई अनुसन्धानको क्रममा प्रभावकारी निर्देशन दिन नसक्नु, पर्याप्त आधार विना नै अभियोजन गर्ने, अभियोजन गर्दा ठीक ढंगले गर्न नसक्नु, साक्षी संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको अभाव, समयमै परीक्षण प्रतिवेदन प्राप्त नहुनु, अदालती कारबाहीमा समय लाग्ने कारण साक्षी उपस्थित गराउन कठिनाई रहनु र कतिपय कानूनमा रहेका अपर्याप्ततालेे गर्दा सरकार वादी मुद्दामा कसूर ठहर कम भएको अवस्था छ ।

सरकार वादी मुद्दामा कसूर ठहर वा सफाइको कारणको सम्बन्धमा अपराधको प्रकृति, अनुसन्धान एवं अभियोजन पद्धति, प्रचलित कानून एवं न्याय सम्पादन पद्धतिको सन्दर्भमा छुट्टाछुट्टै रूपमा अध्ययन गरेपछि मात्र भन्न सकिने अवस्था रहन्छ । सरकार वादी मुद्दाको सफलताको वर्तमान अवस्थामा सुधार ल्याउन अनुसन्धान एवं अभियोजन तथा विद्यमान कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रस्तुत प्रतिवेदनको **परिच्छेद छ** मा उल्लेख गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका उच्च, विशेष एवं जिल्ला सरकारी वकील कार्यालयहरूको कार्यसम्पादन विवरण तथा कार्य प्रगति विवरणलाई यस पछिका छुट्टाछुट्टै परिच्छेदहरूमा विगत वर्षहरूको तथ्याङ्कसँग तुलनात्मक विश्लेषण गरी मुद्दामा कसूर ठहर वा सफाइ भएको र रिट जारी वा खारेज भएको अवस्थालाई समेत प्रस्तुत गरिएको छ ।

५. संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू

५.१ महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना

नतिजामुखी र प्रभावकारी फौजदारी न्यायमा केन्द्रित महान्यायाधिवक्ताको कार्यालयको प्रथम पञ्चवर्षीय रणनीतिक योजना योजनाबद्ध संस्थागत विकासका लागि महत्वपूर्ण रहेको थियो । रणनीतिक योजनाको निरन्तरता दिँदै संस्थागत सुदृढीकरण र व्यावसायिक विकासमा जोड दिई दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । सो योजनाले प्रक्षेपण गरेका ६७ प्रतिशत क्रियाकलापहरू सम्पन्न भएका थिए । लक्ष्यगत रूपमा सो योजनाको कार्यान्वयनको अवस्था निम्नानुसार रहेको छ :

क्र.सं.	लक्ष्य	प्रतिशत
१	सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुपरक र प्रभावकारी बनाउने	७८.२०
२	सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने	६०.७७
३	सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने	६०.००
४	महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयको संस्थागत सुदृढिकरण गर्ने	६५.८७

समग्रमा आ.व. २०७३।०७४ का लागि महान्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्ययोजनामा १५४ कार्यक्रम रहेकोमा ती कार्यक्रमहरूको कार्यान्वयनको अवस्था हेर्दा कार्यान्वयन भएका ५४ (करिब ३५ प्रतिशत), आंशिक कार्यान्वयन भएका ४० (करिब २६ प्रतिशत), कार्यान्वयनको अन्तिम चरणमा रहेका २ (करिब १ प्रतिशत), कार्यान्वयन प्रारम्भ भएका ६ (करिब ४ प्रतिशत), कार्यान्वयन नभएका ५२ (करिब ३४ प्रतिशत) रहेका थिए । यसैगरी आ.व. २०७४।०७५ का लागि महान्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्ययोजनामा २७० कार्यक्रम रहेकोमा ती कार्यक्रमहरूको कार्यान्वयनको अवस्था हेर्दा कार्यान्वयन भएका १२१ (करिब ४४.८१ प्रतिशत), आंशिक कार्यान्वयन भएका ६४ (करिब २३.७० प्रतिशत), कार्यान्वयन हुन बाँकी ८४ (करिब ३१.११ प्रतिशत) रहेका थिए । आ.व. २०७५।०७६ मा योजनाको मध्यावधि मूल्यांकन गर्दा योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरू मध्ये ७१.१० प्रतिशत कार्यान्वयन भएका थिए । सो मूल्यांकनको क्रममा केही क्रियाकलापहरू समेत पुनरावलोकन गरिएको छ । योजना कार्यान्वयनको चौथो वर्षमा पनि योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरूबाट सन्तोषजनक नतिजा प्राप्त भएको थियो । आ.व २०७६।०७७ को वार्षिक कार्यक्रम अन्तर्गत १९८ क्रियाकलापहरू रहेकोमा ११४ (करिब ५७.५७ प्रतिशत), कार्यान्वयन भएको, ४५ (करिब २२.६६ प्रतिशत) आंशिक कार्यान्वयन भएको र ३९ (करिब १९.६९ प्रतिशत) कार्यान्वयन हुन बाँकी रहेका थिए । योजनाको अन्तिम आ.व २०७७/०७८ मा जम्मा १०१ क्रियाकलापहरू रहेकोमा ३९ (करिब ३८.६१ प्रतिशत) पूर्ण रूपले सम्पन्न ४१ (करिब ४०.६ प्रतिशत) आंशिक देखि अधिकांश कार्य सम्पन्न भएको र २१ (करिब २०.८ प्रतिशत) सम्पन्न हुन बाँकी रहेको देखिन्छ । योजनाले प्रक्षेपण गरेका २१८ मध्ये ८१ (करिब ३७.१५ प्रतिशत) क्रियाकलापहरू सम्पन्न हुन नसकेको समीक्षाबाट देखिएको छ ।

दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको प्रभाव

योजना अवधिमा भएका काम कारवाहीको तथ्याङ्कबाट समग्र मुद्दाको सफलता प्रतिशत वृद्धि भए पनि अझै अपेक्षित नतिजा प्राप्त भएको देखिएको पाइदैन । तथापि यस अवधिमा सरकारी वकील र कर्मचारीहरूका लागि क्षमता विकासका लागि विषयगत प्रशिक्षण कार्यक्रम संचालन भएको छ । सरकारी वकीललाई विषयगत रूपमा विशिष्टीकरण गर्नका लागि मापदण्ड स्वीकृत गरी विभिन्न विषयका पाठ्यक्रम तयार भई विभिन्न विषमया विशिष्टीकरण गर्ने कार्य भएको छ । वैदेशिक अध्ययन अवलोकनको अवसमा विस्तार भएको छ । क्षमता विकास कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गरिएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूको कार्यालय भवन निर्माणमा लागि जग्गाको बन्दोबस्त तथा भवन निर्माणको अवस्था योजनाले प्रक्षेपण गरे अनुसार रहेको अवस्था छ । सवारी साधनको व्यवस्थापन सन्तोषजनक रहेको अवस्था छ । क्रमशः सरकारी वकील र कर्मचारीहरूमा योजनाबद्ध रूपमा काम गर्ने सोच प्रारम्भ भएको छ । मूलतः महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूमा कार्यरत महान्यायाधिवक्ता देखि कार्यालय सहयोगीसम्मका सरकारी वकील तथा कर्मचारीहरू महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य, परिलक्ष्य एवं उद्देश्य आदिका सम्वन्धमा साझा दृष्टिकोणका साथ योजनाका बारेमा धेरै हदसम्म परिचित भएका छन् ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८।०७९-२०८२।०८३) तर्जुमा

महान्यायाधिवक्ताको कार्यालयले योजनाबद्ध विकासलाई निरन्तरता दिँदै २०७८ साउन १ गते देखि लागू गर्ने गरी तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरेको छ । "अभियोजनमा सुधार तथा व्यावसायिकता विकास"लाई प्राथमिकतामा राखी तर्जुमा गरिएको तेस्रो रणनीतिक योजनाले ५ वटा लक्ष्य, २९ वटा रणनीति तथा रणनीति कार्यान्वयनको लागि २०४ वटा क्रियाकलापहरू प्रक्षेपण गरेको छ । महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको विद्यमान वस्तुस्थितिको विश्लेषण गरी सबल र कमजोर (Strength & Weakness) पक्षहरू तथा अवसर र चुनौती (Opportunity & Threat) को पहिचान गरी तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरिएको छ । रणनीतिक योजनाले राखेका परिदृष्य, परिलक्ष्य, मूल्यहरू तथा लक्ष्य र रणनीतिहरू यसप्रकार रहेका छन्:

परिदृष्य

कानूनी शासनको सुनिश्चितता

परिलक्ष्य

वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यावसायिक संस्थाको रूपमा स्थापित हुनु

मूल्यहरू

कानून र न्यायका मान्य सिद्धान्तको अवलम्बन, स्वच्छ सुनुवाइ, उत्तरदायित्व र जवाफदेहिता, व्यावसायिकता, मानव अधिकारको संरक्षण, अपराध पीडितलाई न्याय, बाल मैत्री तथा लैङ्गिक संवेदनशीलता, सार्वजनिक हितको संरक्षण, स्वामित्वबोध र निरन्तर सिकाइ र सुधार

योजनाका लक्ष्य र रणनीतिहरू

लक्ष्य १: अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने

लक्ष्य प्राप्तिका रणनीतिहरू

- प्रमाण संकलन र परीक्षणलाई प्रभावकारी बनाउने
- वस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने
- अनुसन्धान तथा अभियोजन परीक्षणलाई प्रभावकारी बनाउने
- अपराध पीडित र साक्षीको संरक्षण गर्ने
- स्वच्छ सुनुवाइका आधारभूत मान्यताको प्रभावकारी कार्यान्वयन गर्ने
- जनशक्तिको क्षमता विकास गर्ने

लक्ष्य २: मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने

लक्ष्य प्राप्तिका रणनीतिहरू

- मुद्दाको सुनुवाइ र रिटको प्रतिरक्षालाई प्रभावकारी बनाउने
- साक्षी प्रमाणको प्रस्तुति र परीक्षण प्रभावकारी रूपमा गर्ने
- मपदण्डका आधारमा पुनरावेदन तथा निवेदन गर्ने
- सरोकारवालासँगको समन्वयलाई प्रभावकारी बनाउने
- मिसिल व्यवस्थापन प्रभावकारी बनाउने

लक्ष्य ३: संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रूपमा व्यवस्थापन गर्ने

लक्ष्य प्राप्तिका रणनीतिहरू

- कानूनी राय प्रदान गर्न संस्थागत क्षमता विकास गर्ने
- सर्वोच्च अदालतबाट भएका व्याख्या र प्रतिपादित सिद्धान्तको कार्यान्वयन गर्न सहजीकरण गर्ने
- हिरासत, निगरानी कक्ष, कारागार तथा बाल सुधार गृहको अनुगमन गरी सुधारका लागि सहजीकरण गर्ने
- दण्ड प्रणालीको सुधार र सोसँग सम्बन्धित बोर्ड, समितिलाई क्रियाशील गराउने
- फौजदारी कानूनको बारेमा सचेतना अभिवृद्धि गर्ने

लक्ष्य ४: सरकारी वकील सेवालाई व्यावसायिक बनाउने

लक्ष्य प्राप्तिका रणनीतिहरू

- सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र सम्बर्द्धन गर्ने
- सरकारी वकीलको काम कारवाहीलाई उत्तरदायी बनाउने
- मानव संशाधनको व्यवस्थापन र विकास गर्ने
- अभियोजन प्रशिक्षण केन्द्रको संस्थागत विकास गर्ने
- निरन्तर सिकाइ विधि अवलम्बन गर्ने

लक्ष्य ५: संस्थागत सुदृढीकरण गर्ने

लक्ष्य प्राप्तिका रणनीतिहरू

- संगठनात्मक संरचना पुनरावलोकन गर्ने
- भौतिक पूर्वाधार विकास गर्ने
- कार्यसम्पादनलाई सूचना तथा सञ्चार प्रविधिमा आबद्ध गर्ने
- सेवा प्रवाहलाई गुणस्तरीय बनाउने
- पुस्तकालय आधुनिकीकरण गर्ने
- अपराधशास्त्रीय अनुसन्धान केन्द्रलाई सुदृढ गर्ने
- सरकारी वकील कार्यालयको सुरक्षा व्यवस्था गर्ने
- योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने

यो योजना कार्यान्वयनका लागि योजना कार्यान्वयनको पहिलो आर्थिक वर्ष २०७८/७९ मा रु. ९१,४१,९५,०००।-, दोस्रो आर्थिक वर्ष २०७९/०८०मा रु. ९१,८६,६५,०००।-, तेस्रो आर्थिक वर्ष २०८०/०८१ मा रु.८८,७३,७५,०००।-, चौथो आर्थिक वर्ष २०८१/०८२ मा रु. ७२,६०,२५,०००।- र योजनाको अन्तिम आर्थिक वर्ष २०८२/०८३ मा रु. ७२,४८,३४,०००।- गरी जम्मा रु. ४,१७,१०,९४,०००।- अक्षरेपी चार अर्ब सत्र करोड दश लाख चौरानब्बे हजार रूपैयाँ आर्थिक लागत लाग्ने प्रक्षेपण गरिएको छ ।

तेस्रो रणनीतिक योजनाले अनुमान गरेको जोखिम र न्यूनीकरणका रणनीतिहरू

सम्भावित जोखिम

- आवश्यक पर्ने स्रोतसाधन समयमा उपलब्ध हुन नसकेमा कार्यक्रमहरू निर्धारित समयमा सञ्चालन हुन सक्दैनन् ।
- सरकारी वकीलको कार्यसम्पादन सुधारका लागि ऐन, नियम एवं नीतिगत तहबाट निकासा हुनुपर्ने अवस्थामा तथा प्रहरी प्रधान कार्यालय, अर्थ मन्त्रालय, योजना आयोग, सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समेतको सहयोग र समन्वयको आवश्यकता हुने क्रियाकलापहरू कार्यान्वयन गर्न पर्याप्त सहयोग प्राप्त हुन नसकेमा अपेक्षित नतिजा प्राप्त हुन सक्दैन ।
- योजनाले विभिन्न कामहरू चरणबद्ध रूपमा सम्पादन गर्न प्रस्ताव गरेको कार्यहरू मध्ये अघिल्लो चरणमा गर्नु पर्ने कार्यहरू समयमा हुन नसकेमा पछिल्लो चरणका कार्यहरू सम्पादन गर्न नमिल्ने भई प्रभावित हुन सक्ने अवस्था रहन्छ ।
- महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका सरकारी वकील कार्यालयमा कार्यबोझको अनुपातमा सक्षम जनशक्ति प्राप्त गर्न नसकेमा कार्य सञ्चालन गर्न सहज हुँदैन र लक्षित कार्यक्रमहरू समयमै प्रभावकारी रूपमा सञ्चालन हुन नसक्ने अवस्था रहन्छ ।
- बन्द, हड्ताल, राजनीतिक अस्थिरताको कारण महान्यायाधिवक्ताको कार्यालयको नेतृत्वमा हुने परिवर्तनले समेत सरकारी वकील कार्यालयबाट सम्पादन हुने कार्य र संस्थागत सुधारमा समेत नकारात्मक प्रभाव पर्न सक्ने जोखिम रहन्छ ।
- कार्यान्वयनको अवधिमा कोभिड १९ जस्ता महामारी तथा अन्य प्राकृतिक प्रकोप उत्पन्न भएमा पनि योजनाका काम कारबाहीहरू प्रभावित हुन सक्ने अवस्था रहन्छ ।
- योजना कार्यान्वयनका लागि नेतृत्व तहदेखि तल्लो तहसम्म सबैले अपनत्व ग्रहण गरी संस्थागत सुधारका प्रयासहरूलाई योजनासँग आबद्ध गर्न सक्नु पर्दछ । योजना कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मूल्यांकन हुन नसकेमा कार्यान्वयनको नतिजामा नकारात्मक प्रभाव पर्न सक्ने जोखिम रहन्छ ।

जोखिम न्यूनीकरणका लागि गर्नुपर्ने प्रयासहरू

उल्लिखित जोखिमहरूलाई न्यूनीकरण गरी योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयबाट गर्नु पर्ने प्रयासहरू यसप्रकार रहेका छन् ।

- योजनाले निर्धारण गरेको कार्य सञ्चालन गर्न वस्तुगत आधारमा वार्षिक कार्यान्वयन योजना तयार गरी समयमै निर्धारित स्रोत साधन प्राप्तिका लागि प्रयास गर्ने, निकासासँग जोडिएका अधिकारीहरूसँग समन्वय, सरकारले अंगिकार गरेको नीतिको प्रतिकूल नहुने गरी अन्य दातृ निकायहरूसँग सहकार्य गर्दै सहयोग लिई कार्यक्रम सञ्चालन गर्ने प्रयास गरिनेछ ।
- प्राप्त भएका स्रोत साधनको परिचालन प्रभावकारी रूपमा गरी न्यूनतम स्रोत साधनबाट अधिकतम उपलब्धि हासिल हुने गरी कार्यक्रमहरू सञ्चालन हुने व्यवस्था गरिनेछ ।
- सरोकारवाला निकायहरूको रणनीतिक योजना तथा वार्षिक योजनासँग समेत यस योजनाका सम्बन्धित विषयमा तालमेल मिलाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरकारी वकीलहरूको सेवा, शर्त र सुविधा सम्बन्धी कानूनको निर्माण, महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका सरकारी वकील कार्यालयको व्यवस्थापन र सुविधाको पुनरावलोकन गरी दक्ष र योग्य जनशक्तिलाई सरकारी वकीलको सेवामा आकर्षित गरिने, विद्यमान जनशक्तिको क्षमता विकास गरी योजना कार्यान्वयनमा परिचालन गरिनेछ ।
- योजना कार्यान्वयनको अवस्थाका बारेमा विस्तृत समीक्षा गरी वार्षिक प्रतिवेदनमा समेत प्रस्तुत गरिनेछ ।
- संस्थागत अभिलेखलाई मजबुद गराई योजनाले प्रक्षेपण गरेका लक्ष्य, रणनीति र क्रियाकलापमा केन्द्रित भई बाह्य वातावरणबाट नकारात्मक प्रभाव पर्न नदिन प्रयास गरिनेछ ।
- योजना कार्यान्वयनको नियमित समीक्षा, मध्यावधि मूल्याङ्कन गरी आवश्यक परिमार्जन र सुधार गरिनेछ ।

- कोभिड १९ जस्ता महामारी तथा अन्य विभिन्न किसिमका विपद्को अवस्था आउनसक्ने अवस्था र सो बाट योजना कार्यान्वयनमा पर्न सक्ने असरको बारेमा पूर्वानुमान गरी पूर्वतयारी तथा प्रभाव न्यूनिकरण (mitigation) गर्नेतर्फ पर्याप्त ध्यान दिइनेछ ।
- सरकारी वकीलको कार्यसम्पादन मूल्यांकनलाई योजना कार्यान्वयनसँग आबद्ध गरिने, सेवा प्रवाहको गुणात्मकता परीक्षण गरिने तथा सरकारी वकीलहरूको प्रशिक्षण, समीक्षा र परामर्श कार्यक्रममा रणनीति योजनाको कार्यान्वयनको केन्द्रबिन्दुमा राखिने छ ।योजना कार्यान्वयनको प्रत्येक चरणमा सूचना प्रविधिको उपयोग गरिनेछ ।

५.२ राष्ट्रिय योजनामा सम्बोधन

पन्ध्रौं योजनामा प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षालाई न्याय प्रणालीको लक्ष्यको रूपमा राखिएको छ । वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणाली विकास गरी पीडित पक्ष र सरकारी पक्षका साक्षीको संरक्षण एवम् अपराध पीडितलाई न्याय दिई दण्डहीनताको अन्त्य गर्ने उद्देश्य लिइएको छ । अपराध अनुसन्धानमा वैज्ञानिक पद्धतिको प्रयोगलाई बढाउँदै लैजाने, विधिविज्ञान प्रयोगशालालाइ प्रादेशिक तहमा विस्तार गर्ने, हेलो साक्षी कार्यक्रम, इ-एटर्नी कार्यक्रम, समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालनमा ल्याइने र पीडित मैत्री कक्षको विस्तार गरिने कार्यनीति रहेको छ । साथै कार्यनीतिमा सरकारी वकील कार्यालयको संस्थागत क्षमता सुदृढ गरिने विषय समेत समावेश भएको छ ।

५.३ कार्यालय अनुगमन तथा अभियोजन परीक्षण

महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका कार्यालयहरूको काम कारवाहीको बारेमा नियमित अनुगमन गर्ने कार्यलाई यस आर्थिक वर्षमा समेत निरन्तरता प्रदान गरिएको छ । माननीय महान्यायाधिवक्ता र नायब महान्यायाधिवक्ताहरूबाट समेत सरकारी वकील कार्यालयको अनुगमन तथा अभियोजन परीक्षण गरिएको छ । अभियोजन परीक्षण तथा कार्यालय अनुगमन सम्बन्धी निर्देशिका जारी गरी कार्य सम्पादनको अवस्थाको अनुगमनलाई व्यवस्थित बनाउने प्रयास गरिएको छ । आर्थिक वर्ष २०७७/०७८ तथा २०७८ पुस १५ गते सम्ममा ३८ वटा टोलीबाट विभिन्न सरकारी वकील कार्यालयहरूको अनुगमन सम्पन्न भएको थियो । सो अनुगमनबाट सरकारी वकीलको कार्य सम्पादनमा एकरूपता कायम गर्न तथा आगामी दिनमा लागि मार्गदर्शन समेत प्रदान भएको थियो । अनुगमन गरिएका सरकारी वकील कार्यालय र अनुगमन गर्ने अधिकारीको विवरण **अनुसूची ८** मा समावेश गरिएको छ ।

५.४ समुदायमा सरकारी वकील कार्यक्रम

सरकारी वकीललाई समुदायमा परिचित गराई सरकारी मुद्दा सम्बन्धी काम कारवाहीमा समुदायको सहयोग प्राप्त गर्ने मुख्य उद्देश्यका महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयबाट समुदायमा सरकारी वकील कार्यक्रम संचलान हुँदै आएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट २०७८ कात्तिक महिनाको १४ गते कर्णाली प्रदेशको जुम्लाको कनकासुन्दरी गाउँपालिका कार्यालयमा गाउँ कार्यपालिकाका पदाधिकारीहरू एवम् सर्वसाधारणहरूको उपस्थितिमा समुदायमा सरकारी वकील तथा कानूनी सचेतनाकार्यक्रम सञ्चालन गरिएको थियो । यसैगरी २०७८ साल पुस महिनाको २ गते लुम्बिनी प्रदेश, प्यूठान जिल्ला, स्वर्गद्वारी नगरपालिका-५, सारीमा वडाका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, आमा समूहका प्रतिनिधिहरू एवम् स्थानीयवासीको उपस्थितिमा समुदायमा सरकारी वकील तथा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो ।

५.५ महान्यायाधिवक्ताको कार्यालयको अन्य गतिविधि

(क) सरकारी वकील कार्यालयको भवन उद्घाटन

माननीय महान्यायाधिवक्ताज्यूबाट यस आर्थिक वर्षमा उद्घाटन र शिलान्याश भएका सरकारी वकील कार्यालयहरूको विवरण देहायको तालिका उल्लेख गरिएको छ:

तालिका नं. १७

सरकारी वकील कार्यालयहरूको कार्यालय भवनको उद्घाटन र शिलान्याशको विवरण

क्र. सं.	उद्घाटन तथा शिलान्यास गरिएका कार्यालय	उद्घाटन तथा शिलान्यास	मिति	पदाधिकारी
१.	महान्यायाधिवक्ताको कार्यालय सिंहदरबार	उद्घाटन	२०७७ पुस ८ गते	सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली

२.	उच्च सरकारी वकील कार्यालय पोखरा	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
३.	जिल्ला सरकारी वकील कार्यालय भोजपुर	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
४.	जिल्ला सरकारी वकील कार्यालय धनुषा	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
५.	जिल्ला सरकारी वकील कार्यालय महोत्तरी	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
६.	जिल्ला सरकारी वकील कार्यालय सिरहा	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
७.	जिल्ला सरकारी वकील कार्यालय सल्यान	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
८.	जिल्ला सरकारी वकील कार्यालय बर्दिया	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
९.	जिल्ला सरकारी वकील कार्यालय हुम्ला	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१०.	जिल्ला सरकारी वकील कार्यालय कैलाली	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
११.	जिल्ला सरकारी वकील कार्यालय डडेल्धुरा	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१२.	जिल्ला सरकारी वकील कार्यालय दार्चुला	उद्घाटन	२०७७ भदौ ७ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१३.	जिल्ला सरकारी वकील कार्यालय बारा	उद्घाटन	२०७७ पुस २२	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१४.	जिल्ला सरकारी वकील कार्यालय बाजुरा	उद्घाटन	२०७७ पुस २२	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१५.	जिल्ला सरकारी वकील कार्यालय तेह्रथुम	उद्घाटन	२०७७ माघ १४	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१६.	जिल्ला सरकारी वकील कार्यालय बैतडी	उद्घाटन	२०७७ माघ १४	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१७.	उच्च सरकारी वकील कार्यालय इलाम	उद्घाटन	२०७७ माघ २८	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१८.	जिल्ला सरकारी वकील कार्यालय मोरङ्ग	उद्घाटन	२०७७ फागुन ८	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
१९.	जिल्ला सरकारी वकील कार्यालय रुकुम पश्चिम	उद्घाटन	२०७७ फागुन ८	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
२०.	जिल्ला सरकारी वकील कार्यालय कालिकोट	उद्घाटन	२०७८ असार १६	माननीय महान्यायाधिवक्ता श्री रमेश वडाल
२१.	जिल्ला सरकारी वकील कार्यालय ओखलढुङ्गा	उद्घाटन	२०७८ पुस १४	माननीय महान्यायाधिवक्ता श्री खम्मबहादुर खाती
२२.	विशेष र जिल्ला सरकारी वकील कार्यालय काठमाडौं	शिलान्यास	२०७७ भदौ १५ गते	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल
२३.	जिल्ला सरकारी वकील कार्यालय पाँचथर	शिलान्यास	२०७७ माघ २८	माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल

(ख) सरकारी वकील तथा कर्मचारी पुरस्कृत

नेपाल सरकारले निजामती सेवा दिवसको उपलक्ष्यमा नेपाल सरकारका कर्मचारीहरूलाई पुरस्कृत गर्ने क्रममा २०७७ सालको निजामती सेवा पुरस्कारबाट महान्यायाधिवक्ताको कार्यालयका सहायक न्यायाधिवक्ता श्री गजराज घिमिरे र जिल्ला सरकारी वकील कार्यालय, धनुषाका कार्यालय सहयोगी श्री उमेश घटवार पुरस्कृत हुनु भएको थियो । यसैगरी

२०७८ सालको निजामती सेवा पुरस्कारबाट महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली पुरस्कृत हुनु भएको थियो ।

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरू र कर्मचारीहरूलाई महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिने पुरस्कार सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गरी लागू गरिएको छ । सो मापदण्डका आधारमा सरकारी वकील तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने अभ्यासलाई निरन्तरता दिइएको छ । महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवस समेत पारी आयोजना गरिएको सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७७ का अवसर (२०७७।०९।०८ देखि १०) मा आयोजित कार्यक्रममा सहन्यायाधिवक्ता **श्री श्यामकुमार भट्टराई**लाई **सर्वोत्कृष्ट सरकारी वकील (Attorney of the Year, 2077)** का रूपमा नगद पुरस्कार सहित पुरस्कृत गरिएको थियो भने देहाय बमोजिमका सरकारी वकील तथा कर्मचारीहरूलाई उत्कृष्ट सरकारी वकील तथा कर्मचारीको रूपमा नगद पुरस्कार सहित पुरस्कृत गरिएको थियो ।

तालिका नं. १८

पुरस्कृत सरकारी वकील तथा कर्मचारीहरूको विवरण

सि.नं.	पद	नाम थर
१.	उपन्यायाधिवक्ता	श्री शम्भु गौतम
२.	जिल्ला न्यायाधिवक्ता	श्री मनोजकुमार आचार्य
३.	जिल्ला न्यायाधिवक्ता	श्री जीवनीधि पौडेल
४.	उपन्यायाधिवक्ता	श्री सोमकान्ता भण्डारी
५.	उपन्यायाधिवक्ता	श्री टीकाभूषण घिमिरे
६.	सहायक जिल्ला न्यायाधिवक्ता	श्री रुक्मेडा पोखरेल
७.	नायब सुब्बा	श्री चन्दनकुमार ठाकुर
८.	कम्प्युटर अपरेटर	श्री बुद्धिराम पराजुली
९.	हलुका सवारी चालक	श्री रविलाल पुडासैनी
१०.	कार्यालय सहयोगी	श्री हरिशरण खड्का

२०७७ साल असोज ३ गते संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूबाट देहायका सरकारी वकीलहरूलाई विभूषण प्रदान गर्ने घोषणा भए अनुरूप २०७८ वैशाख १ गते विभूषित गरिएको थियो ।

१. नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय : सुप्रबल जनसेवा श्री तृतीय श्रेणी

२. सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी : सुप्रबल जनसेवा श्री तृतीय श्रेणी

महान्यायाधिवक्ताको कार्यालयको ७१ औं स्थापना दिवस विशेष समारोह (२०७८।०९।०८) का साथ आयोजना गरिएको थियो । स्थापना दिवसको पूर्व सन्धामा काठमाडौं उपत्यकामा संचालित कानून स्नातक अध्यापन गराउने क्याम्पसमा अध्ययनरत विद्यार्थी बीच "देशको फौजदारी न्याय प्रशासनमा सरकारी वकीलको भूमिका र अपेक्षा" विषयमा वक्तृत्वकला आयोजना गरिएको थियो । सो कार्यक्रममा श्री दीपक अर्याल, नेपाल ल क्याम्पस प्रदर्शनीमार्ग, काठमाडौं प्रथम, श्री चन्द्रप्रसाद घिमिरे नेपाल ल क्याम्पस प्रदर्शनीमार्ग, काठमाडौं द्वितीय र श्री लोमश न्यौपाने नेशनल ल क्याम्पस झम्सिखेल तृतीय हुनु भएको थियो । स्थापना दिवसको विशेष समारोह तीनै जना विद्यार्थीलाई नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

७१ औं स्थापना दिवसको अवसरमा आयोजित विशेष समारोहमा पूर्व महान्यायाधिवक्ताहरू, पूर्व वरिष्ठ सरकारी अधिवक्ता तथा नायब महान्यायाधिवक्ताहरूलाई समेत सम्मान गरिएको थियो । सम्मानित हुनु हुने पूर्व महान्यायाधिवक्ताहरूमा श्री वसन्तराम भण्डारी, श्री अग्नि प्रसाद खरेल र श्री रमेश बडाल हुनु हुन्थ्यो । यसैगरी सम्मानित हुनु हुने पूर्व वरिष्ठ सरकारी अधिवक्ता तथा नायब महान्यायाधिवक्ताहरू देहाय बमोजिम हुनु हुन्थ्यो ।

सि.नं.	नाम थर
१.	श्री मोहनप्रसाद शर्मा
२.	श्री केदारनाथ उपाध्याय
३.	श्री देवशरण प्रसाद
४.	श्री बलराम के.सी.
५.	श्री नरेन्द्रकुमार श्रेष्ठ
६.	श्री लीलाबहादुर बस्नेत
७.	श्री नन्दबहादुर सुवेदी
८.	श्री नरेन्द्रप्रसाद पाठक
९.	श्री चेतनाथ घिमिरे
१०.	श्री पुष्पराज कोइराला
११.	श्री टिकाबहादुर हमाल
१२.	डा. कुमार चुडाल
१३.	श्री सूर्यप्रसाद कोइराला
१४.	श्री प्रेमराज कार्की
१५.	श्री ठोकप्रसाद सिवाकोटी
१६.	श्री दुर्गाबन्धु पोखरेल
१७.	श्री महेशकुमार थापा
१८.	श्री राजेन्द्र सुवेदी
१९.	श्री बद्रीप्रसाद गौतम
२०.	श्री खगराज पौडेल
२१.	श्री किरण पौडेल
२२.	श्री गणेशबाबु अर्याल
२३.	श्री नारायणप्रसाद पौडेल

७१ औं स्थापना दिवसको समारोहमा उत्कृष्ट सरकारी वकील तथा कर्मचारीहरूलाई नगद पुरस्कार सहित पुरस्कृत गरिएको थियो । सहन्यायाधिवक्ता **श्री संजीवराज रेग्मी**लाई **सर्वोत्कृष्ट सरकारी वकील (Attorney of the Year, 2078)** का रूपमा नगद पुरस्कार सहित पुरस्कृत गरिएको थियो भने देहाय बमोजिमका सरकारी वकील तथा कर्मचारीहरूलाई उत्कृष्ट सरकारी वकील तथा कर्मचारीको रूपमा नगद पुरस्कार सहित पुरस्कृत गरिएको थियो ।

पुरस्कृत भएका उत्कृष्ट सरकारी वकील तथा कर्मचारीहरूको विवरण

सि.नं.	पद	नाम थर
१.	जिल्ला न्यायाधिवक्ता	श्री बाबुराम अधिकारी
२.	जिल्ला न्यायाधिवक्ता	श्री रत्नप्रकाश गिरी
३.	जिल्ला न्यायाधिवक्ता	श्री प्रेममाया राना
४.	उपन्यायाधिवक्ता	श्री राजकुमार राउत
५.	उपन्यायाधिवक्ता	श्री योगेन्द्रप्रसाद ढुङ्गेल
६.	सहायक न्यायाधिवक्ता	श्री मन्मथकुमार उपाध्याय
७.	नायब सुब्बा	श्री गोविन्दबहादुर बस्नेत
८.	नायब सुब्बा	श्री रामजुलुम साह
९.	कम्प्युटर अपरेटर	श्री शोभा पनेरु
१०.	कार्यालय सहयोगी	श्री जर्नबहादुर महतारा

२०७८ साल असोज ३ गते संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूबाट देहायका सरकारी वकीलहरूलाई विभूषण प्रदान गर्ने घोषणा गरिएको थियो ।

१. नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला : सुप्रबल जनसेवा श्री तृतीय श्रेणी
२. नायब महान्यायाधिवक्ता डा. श्री टेकबहादुर घिमिरे : सुप्रबल जनसेवा श्री तृतीय श्रेणी
३. सहन्यायाधिवक्ता श्री चिरिञ्जीवी पराजुली : सुप्रबल जनसेवा श्री तृतीय श्रेणी
४. सहन्यायाधिवक्ता डा. श्री गोपीकृष्ण भट्टराई : सुप्रबल जनसेवा श्री तृतीय श्रेणी
५. सहन्यायाधिवक्ता श्री मोहनसागर बस्याल : सुप्रबल जनसेवा श्री तृतीय श्रेणी
६. सहायक जिल्ला न्यायाधिवक्ता श्री श्रीराम खनाल : प्रबल जनसेवा श्री चतुर्थ श्रेणी

(ग) विभिन्न देशका पदाधिकारीहरुसँग शिष्टाचार भेट र छलफल

माननीय महान्यायाधिवक्ता श्री खम्मबहादुर खातीसँग देहायको मितिमा देहायका कूटनीतिक प्रतिनिधिहरुको महान्यायाधिवक्ताको कार्यालयमा भेटघाट भएको थियो:

तालिका नं. १९

माननीय महान्यायाधिवक्ताज्यूसँग कूटनीटिक प्रतिनिधिहरुको भेटघाट विवरण

S.N.	Name/Head of the Delegation	Position	Country/Institute	Visit Date
1.	Prof. Olivier De Schutter et al.	UN Special Rapporteur on Extreme Poverty and Human Rights	United Nations	01 December 2021
2.	Ms. Namgya C. Khampa et al.	Charge d'Affaires	Indian Embassy	12 September 2021

५.६ अध्ययन प्रतिवेदन

महान्यायाधिवक्ताको कार्यालयबाट आ.व.२०७७।०७८ मा भएका अनुसन्धानमूलक अध्ययन सम्बन्धी कार्यहरू ती प्रतिवेदनहरूका सुझावहरू देहाय बमोजिम रहेका छन् :

१. दिशान्तर सम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था, दिशान्तरको अभ्यासमा देखिएका समस्याहरू पहिचान गरी ती विषयमा सुधारका लागि सुझावसहितको प्रतिवेदन, २०७७ प्रतिवेदनको सुझावहरू

(क) कानूनी सुधार: हाल प्रचलनमा रहेको कानूनमा सजायको व्यवस्था बालबालिकालाई दिशान्तर गर्न सकिने भनी सिमा (Limit) निर्धारण गरिएको सजाय भन्दा बढी देखिएको, (विगो जरिवाना र कैद) हुँदा बालबालिका ऐनमा दिशान्तर गर्न सकिने कैद, जरिवाना र विगोको सिमा विस्तार गरिनु आवश्यक देखिन्छ । त्यस्तै दिशान्तर प्रकृयामा पठाएका बालबालिकाले कार्यक्रम पूरा नगरेमा वा बीचमा छोडेमा के गर्न सकिन्छ सो बारेमा नयाँ वैकल्पिक उपाय सहितको व्यवस्था राख्न उपयुक्त देखिन्छ ।

(ख) दिशान्तर प्रकृयामा संलग्न रहने: अनुसन्धानकर्ता, अभियोजनकर्ता, अदालतका पदाधिकारी, नागरिक समाज र यसका सरोकारवालाहरूलाई यसको अवधारणागत स्पष्टता र यसको उपादेयताका बारेमा आवधिक रूपमा र समय समयमा पुनर्ताजगी तालिम दिईनु पर्छ ।

(ग) दिशान्तर प्रकृयालाई सफल रूपमा कार्यान्वयन गर्न अन्य देशका असल अभ्यासलाई एकीकृत गरी सार्वजनिकीकरण गरिनु पर्दछ ।

(घ) दिशान्तर प्रकृया भनेको के हो ? यसको क्षेत्र, उपादेयता आदिका विषयमा व्यापक रूपले प्रचार प्रसार गरिनु पर्दछ ।

(ङ) दिशान्तर प्रकृयालाई सफल कार्यान्वयन गर्न आवश्यक पर्ने जनशक्ति, प्रोवेशन/वालकल्याण अधिकारी बालमनोविज्ञ लगायतका आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुका साथै यसका कर्ताहरूका लागि आवश्यक आर्थिक र भौतिक स्रोतको व्यवस्था हुनु पर्दछ ।

२. बाल न्याय अनुसन्धान र अभियोजनको स्थिति र सुधारका क्षेत्रहरू, २०७८

१. कानूनमा गर्नु पर्ने सुधार

सो अध्ययनबाट बालबालिका सम्बन्धी ऐन, २०७५, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र मुलुकी अपराध संहिता, २०७४ मा गर्नुपर्ने सुधारका सम्बन्धमा निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

१.१. बालबालिका सम्बन्धी कानून

१. बालबालिका संलग्न कसूरको अनुसन्धान गर्ने छुट्टै एकाई गठन नभएसम्म अनुसन्धानको प्रयोजनको लागि अनुसन्धान गर्ने निकायमा कार्यरत र अभियोजनको प्रयोजनको लागि अभियोजन गर्ने निकायमा कार्यरत बाल न्याय सम्बन्धी तालिम प्राप्त कर्मचारीलाई सो कार्य गर्न तोक्नु पर्ने गरी कानूनी व्यवस्था गर्ने । तालिमका हकमा एउटा निश्चित अवधि भित्र वा एक वर्ष भित्र बालबालिका सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजन गर्ने निकायका जनशक्तिलाई कम्तीमा २१ घण्टाको (कम्तीमा एक घण्टा तीस मिनेटका दरले पन्ध्र सत्र) बाल न्याय सम्बन्धी प्रशिक्षण प्राप्त गरेका जनशक्ति रहने गरी नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने,

२. बालबालिकाले गरेको कसूरजन्य कार्यमा निज वयस्क भए पछि अनुसन्धान र अभियोजन गर्नुपर्ने अवस्था भएमा बाल न्याय सम्बन्धी कार्यविधि अनुसार नै गर्नुपर्ने गरी कानूनमा स्पष्ट व्यवस्था गर्न उपयुक्त हुने,

३. दिशान्तरका लागि निर्धारण गरिएको सजायको सीमाले अनुसन्धान र अभियोजनमा सो व्यवस्था अभ्यास गर्ने प्रकृतिका मुद्दा नै अत्यन्त कम रहेको हुँदा पुनरावलोकन गरी अनुसन्धान अधिकारीले एक वर्षसम्म कैद हुन सक्ने

विवाद, अभियोजनकर्ताले तीन वर्षसम्म कैद हुन सक्ने विवाद र बाल अदालतलाई कसूरको प्रकृतिका आधारमा जुनसुकै विवादमा पनि दिशान्तर गर्ने गरी अधिकार दिनु उपयुक्त हुने । दिशान्तरको कार्यान्वयनका लागि अनुसन्धान, अभियोजन र न्याय सम्पादनमा यसको प्रयोग सम्बन्धी आधार र मापदण्ड बनाउनुपर्ने,

४. बालबालिकाको परिभाषामा एकरूपता कायम गर्न अठार वर्ष भन्दा कम उमेर भएको बालबालिका मानिने भन्ने व्यवस्थासँग एकरूपता कायम हुने गरी सम्बन्धित कानूनमा पुनरावलोकन गर्ने,

५. बालबालिका सम्बन्धी ऐनको दफा ३६(२) मा उल्लेख भएको बाल सुधार गृहमा पठाउने व्यवस्था र मुलुकी अपराध संहिताको दफा ४५(२) मा उल्लेख भएको सुधार गृहमा पठाउने व्यवस्थामा पनि एकरूपता कायम गर्नु पर्ने देखिन्छ भने छ महिना कैदको विकल्पको रूपमा एक वर्ष बाल सुधार गृह वा सुधार गृहमा पठाउने व्यवस्थामा पुनरावलोकन गर्ने,

६. बालबालिकाले गरेको कसूर, निजको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका र निजको आचरण समेतलाई विचार गर्दा नियमित रूपमा बालसुधार गृहमा राख्न उपयुक्त नदेखिएमा त्यसको कारण खोली शर्त सहित अदालतले निजलाई सप्ताहको अन्तिम दिन मात्र वा दैनिक रूपमा रात्रिकालीन समयमा मात्र बालसुधार गृहमा बस्नु पर्ने गरी आदेश दिन सक्ने व्यवस्था गर्ने,

७. बाल सुधार गृहमा रहेका बालबालिकालाई मनोसामाजिक परामर्श प्रदान गर्नको लागि प्रत्येक बाल सुधार गृहमा मनोसामाजिक परामर्शदाता र शैक्षिक कार्यक्रममा सहभागिताका लागि उपयुक्त शिक्षकको व्यवस्था गर्न कानूनी व्यवस्था गर्ने,

८. अनुसन्धानको क्रममा समाजशास्त्री वा समाजसेवी वा सामाजिक कार्यकर्ताबाट सामाजिक अध्ययन प्रतिवेदन तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञबाट मनोवैज्ञानिक अध्ययन प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गर्ने र त्यस्तो प्रतिवेदन तयार गर्ने विज्ञले पाउने पारिश्रमिकको बारेमा ऐन वा कार्यविधिमा व्यवस्था गर्ने,

९. बालबालिकाको उमेर निर्धारणका सम्बन्धमा गरिएको व्यवस्थालाई बढी विश्वसनीय बनाउनका लागि जन्म दर्ता वा प्रमाणपत्र त्यस्तो कसूर हुनु भन्दा अघि नै प्राप्त भएको हुनु पर्ने, उमेर निर्धारणका लागि पेश भएका कागजात वा विवरणको सत्यापन परीक्षण गर्न सकिने, त्यस्तो प्रमाणपत्र वा कागजात झुट्ठो भएको ठहर भएमा झुट्ठो प्रमाणपत्र वा कागजात तयार गर्ने व्यक्तिलाई सजाय हुने गरी ऐनमा व्यवस्था गरिनु पर्ने, यसैगरी चिकित्सकले उमेर समूह खुलाएको अवस्थामा न्यूनतम उमेरको सीमालाई आरोपित व्यक्ति एवम् पीडितको उमेर कायम गरिनु पर्ने व्यवस्था गर्ने, जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेरलाई पनि आधार लिन सकिने व्यवस्था भएको सन्दर्भमा त्यस्तो विवरण सही रूपमा आउनु पर्ने बनाउन झुठा विवरण पेश गर्नेलाई सजाय हुने गरी व्यवस्था गर्ने,

१०. बाल अदालतको स्थापना नभएसम्मका लागि बाल इजलासबाट बालबालिका सम्बन्धी विवादको न्याय निरूपण गर्ने व्यवस्था गरिएको कुरा अनन्तकालसम्म कायम गर्न उचित र औचित्यपूर्ण हुँदैन । बाल इजलासमा रहने न्यायाधीशले जिल्ला न्यायाधीशको रूपमा अन्य कानूनी विवाद हेर्नुपर्ने हुन्छ र पर्याप्त मात्रामा बालबालिका सम्बन्धी विषय हेर्न र अध्ययन गर्न कठिन हुन्छ । तसर्थ, बालबालिका सम्बन्धी ऐनले गरेको व्यवस्था अनुसार बाल अदालतको स्थापनाको कार्यलाई कानूनमा नै अवधि तोकी कार्यान्वयन गरिनु पर्दछ । यसैगरी अनुसन्धान र अभियोजन गर्न अलग एकाईको कानूनी व्यवस्था गर्ने ।

११. दश वर्ष देखि चौध वर्ष बीचको अवस्थाको बालबालिकाको लागि गरिएको फौजदारी दायित्वका सम्बन्धमा पुनरावलोकन गरी दश देखि बाह्रवर्ष र बाह्र वर्षदेखि चौध वर्षसम्मको समूहलाई वर्गीकरण गरी फरक सजायको व्यवस्था गर्ने ।

१.२ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

१. दण्डका सुधारात्मक व्यवस्था बाल सुधार गृहमा रहने बालबालिकाले पनि पाउने गरी बालबालिका सम्बन्धी ऐनमा नै संशोधन गर्ने । त्यसको विकल्पमा सजाय निर्धारण ऐनमा रहेको सुधारात्मक व्यवस्थामा बाल सुधार गृहमा रहेका बालबालिकाका लागि समेत अनुकूल हुने गरी पुनरावलोकन गर्ने ।

२. बाल न्याय अनुकूल नरहेका कसूरदार बालबालिका भन्ने लगायत शब्दावली तथा व्यवस्थाहरू परिमार्जन गरी कानूनको विवादमा परी दोषी ठहर भएका बालबालिका भन्ने शब्दावली समावेश गर्ने,

३. बालबालिका सम्बन्धी ऐनका व्यवस्थासँग सामञ्जस्य हुने गरी फौजदारी कसूर (सजाय निधारण तथा कार्यान्वयन) ऐनमा प्रयुक्त पटके कसूर गरेकोमा भन्ने शव्दावली परिमार्जन गर्ने,

४. बालबालिकासँग सम्बन्धित विषयमा समेत दण्डका सुधारात्मक कार्य गर्न र बाल सुधार गृहका लागि समेत सुधारात्मक व्यवस्थाका लागि मापदण्ड बनाउन ऐनको दफा ३८ मा रहेको संघीय प्रोवेसन तथा प्यारोल बोर्ड र प्रदेश प्रोवेसन तथा प्यारोल बोर्डमा बालमनोविज्ञ वा समाजशास्त्री समेत थप गर्ने गरी उक्त बोर्डको संरचनामा सुधार गर्नु उपयुक्त हुने देखिन्छ । ऐनको दफा ३९ मा रहेको संघीय प्रोवेशन तथा प्यारोल बोर्डको काम, कर्तव्य र अधिकारमा बाल सुधार गृहमा रहेका बालबालिकाको हकमा सुधारात्मक व्यवस्थाका लागि आवश्यक मापदण्ड, आधार र शर्तहरू निर्धारण गर्ने व्यवस्था थप गर्ने,

५. सजाय सुझाव समितिले बालबालिकाका हकमा सजाय निर्धारण सम्बन्धी नीति निर्माण गर्दा बाल न्याय अनुकूल हुने गरी गर्नु पर्ने हुँदा सो समितिमा बालमनोविज्ञ वा समाजशास्त्रीसमेत सदस्य रहने गरी उक्त समितिको संरचना पुनरावलोकन गर्ने,

६. कसूर कायम भएको बालबालिकाले बुझाउनु पर्ने क्षतिपूर्ति निजको अभिभावक वा संरक्षकले बुझाउनु पर्ने व्यवस्था गर्ने र त्यसरी क्षतिपूर्ति भराउन नसकिने अवस्था भएमा बाल कोष वा पीडित राहत कोषबाट त्यस्तो क्षतिपूर्ति भराउने गरी अदालतबाट आदेश दिन सक्ने व्यवस्था थप गर्नु उपयुक्त हुने ।

७. क्षतिपूर्ति तिर्न नसकेको कारणबाट बालबालिकालाई थप कैद गर्न नहुने गरी कानूनी व्यवस्थामा सुधार गर्ने ।

१.३ मुलुकी अपराध संहिता, २०७४

१. संहिताको दफा ४१ को जीवित रहेसम्म कैद हुने सजायको व्यवस्थामा पुनरावलोकन गरी बालबालिकाको हकमा जन्म कैदको अवधि पच्चीस वर्ष हुने र सोही अनुसार बालबालिकालाई सजाय निर्धारण गर्ने गरी कानूनी व्यवस्था गर्ने,

२. बालबालिकालाई पटके कसूरदार मान्न नहुने व्यवस्थालाई आत्मसात गरेको सन्दर्भमा मुलुकी अपराध संहिताको दफा ४५(५) र बालबालिका सम्बन्धी ऐनको दफा ३६ को उपदफा (७) मा उल्लिखित पटके रूपमा कसूर गरेको भन्ने शव्दावलीलाई पनि पुनरावलोकन गर्नु पर्ने,

३. भिक्षा माग्ने सम्बन्धी कसूरमा पटके सजाय हुने व्यवस्था रहेको र सो व्यवस्था बालबालिकाका हकमा लागू नहुने गरी पुनरावलोकन गर्नु पर्ने,

२. कानून कार्यान्वयनमा गर्नुपर्ने सुधार

१. कानून कार्यान्वयनका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तथा स्रोत साधनको व्यवस्थामा सुधार गर्ने,

२. बाल न्यायका नयाँ अवधारणा र मान्यताका बारेमा र बाल न्याय सम्बन्धमा बालबालिका सम्बन्धी कानूनमा गरिएका व्यवस्थाहरूको बारेमा सम्बन्धित अनुसन्धान अधिकारी, अभियोजनकर्ता तथा सम्बद्ध पदाधिकारीलाई पर्याप्त मात्रामा अभिमुखीकरण र प्रशिक्षण गर्ने,

३. बालबालिकालाई आरोपको सम्बन्धमा नियन्त्रणमा लिएको कुराको जानकारी अभिभावक वा संरक्षकलाई निर्धारित ढाँचामा सूचना दिने, अनुसन्धानका लागि अलगै निगरानी कक्षको प्रबन्ध गर्ने जस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित निकाय तथा अधिकारीले ध्यान दिनुपर्ने,

४. बालबालिकालाई प्रतिवादी शव्द प्रयोग नगर्ने, पक्राउ, हिरासत, बयान र कसूरदार जस्ता शब्दको सट्टामा बालमैत्री शब्द प्रयोग गर्ने,

५. बालबालिकाको कागज गर्दा संरक्षक वा अभिभावकलाई रोहबरमा राख्ने, सोधपुछ वा कागज गर्दा बालबालिकाले बुझ्ने भाषाको प्रयोग गर्ने, दोभाषेको सेवा उपलब्ध गराउने,

६. अनुसन्धानको क्रममा बालबालिकाको अभिभावकको धारणा लिने, बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्तिसँग परामर्श सेवा अनिवार्य उपलब्ध गराउने जस्ता व्यवस्थाको कार्यान्वयन र अनुगमन गर्ने,

७. दिशान्तरको प्रयोग र कार्यान्वयन कमजोर देखिएको सम्बन्धमा सुधार गर्न सम्बद्ध निकाय तथा पदाधिकारीलाइ उत्तरदायित्व बनाउने ।

८. बालन्याय सम्बन्धी तालिम लिएका अनुसन्धान र अभियोजनकर्तालाई सो कार्यमा कमजोरी गरेमा उत्तरदायी बनाउने व्यवस्था गर्ने ।

९. बालबालिका सम्बन्धी कानूनले गरेको व्यवस्थाका आधारमा अर्थात् बाल न्यायको दृष्टिकोणबाट अनुसन्धान तथा अभियोजन गर्ने निकायबाट अनुगमन गरी निर्देशन दिने र आवधिक रूपमा प्रतिवेदन उपर छलफल गर्ने परिपाटी शुरु गर्ने ।

३. भौतिक पूर्वाधार र संरचनामा सुधार

१. कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिईएका बालबालिकालाई अनुसन्धान अबधिभर राख्ने प्रयोजनका लागि नेपाल सरकारले निगरानी कक्ष स्थापना गर्ने र सो नभएसम्म अलग्गै कक्ष जिल्ला प्रहरी कार्यालयमा व्यवस्था गरिने कानूनी व्यवस्था रहेकोमा सो अनुसार निगरानी कक्षको स्थापना वा व्यवस्था हुन सकेको अध्ययनबाट देखिँदैन । तसर्थ नेपाल सरकारले हरेक अनुसन्धान गर्ने निकायमा मापदण्ड अनुसारको निगरानी कक्ष बनाउन वा त्यसको व्यवस्था गर्न आवश्यक पर्ने स्रोत उपलब्ध गराउनुपर्ने देखिन्छ । निश्चित अबधिभित्र सबै स्थानमा निगरानी कक्ष व्यवस्था गर्ने गरी कार्य योजना बनाई निर्माण र व्यवस्था गर्नुपर्ने,

२. बाल अदालत वा बाल इजलास बालबालिका मैत्री र सुनुवाइमा सहजता हुने किसिमको मापदण्डको समेतका आधारमा निर्माण गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने,

३. भैरहेका बाल सुधार गृहको सुधार र प्रत्येक प्रदेशमा कम्तीमा मापदण्ड अनुसार दुई वटा बाल सुधार गृहको निर्माण गर्ने,

४ बाल न्याय अनुसन्धान एकाइ र बाल न्याय अभियोजन एकाइको संरचना स्थापना गर्ने ।

५ बालबालिका सम्बन्धी नियमावली पारित गरी सो नियमावलीमा बालन्याय कार्यान्वयनमा सम्बद्ध रहने बाल कल्याण अधिकारी प्रोवेसन अधिकारी बाल कल्याण समिति जस्ता संरचनाहरूको स्थापना र जिम्मेवारी सुनिश्चित गर्ने

४. सर्वोच्च अदालतका आदेशको कार्यान्वयनमा गर्नुपर्ने सुधार

१. सर्वोच्च अदालतबाट मिति २०६२।८।९ र मिति २०७७।३।२१ मा जारी भएको निर्देशनात्मक आदेशको कार्यान्वयन तथा बालबालिकाको सर्वोत्तम हितका लागि पूर्वाधार र सुबिधा सहित बाल अदालत गठन गर्ने कार्य कानूनी रूपमा सुनिश्चित गर्ने, यसका लागि समय सीमा ऐनमा नै तोकी कार्यान्वयन गर्ने,

२. बालबालिकालाई धरौटी दिन नसके वा जरिवाना तिर्न नसके वापत कैद गर्न नपाइने गरी कानूनी सुरक्षा गर्ने,

३. मिति २०७७।३।२१ को आदेश अनुसार कसूरजन्य कार्यको सिलसिलामा बालबालिकालाई नियन्त्रणमा लिई राख्दा सुविधायुक्त निगरानी कक्षमा राख्ने व्यवस्था गर्न सो अनुसार निगरानी कक्षको व्यवस्था गर्ने, यसमा गृह मन्त्रालयको नाममा आदेश जारी भएकोले गृह मन्त्रालयले यसका लागि ठोस कार्ययोजना सहित आवश्यक व्यवस्था गर्ने,

४. कोभिड-१९को महामारीसँग लड्न शारीरिक दुरी कायम गर्ने एउटा रणनीतिको रूपमा स्वीकार गरेको हुँदा कारागारको भीडभाड कम गर्न बालबालिका, दुध खुवाइरहेको महिलालाई प्राथमिकताको आधारमा स्वास्थ्यमा हुने जोखिमता र सार्वजनिक सुरक्षा समेतलाई ध्यानमा राखी दुवै बीच सन्तुलन कायम गरी व्यवस्थापन गर्ने ।

३. विवरण खुली आएका बखत थप अभियोगपत्र पेश गर्ने गरी भएका अभियोजन सम्बन्धी निर्णयको सर्वेक्षण सम्बन्धी प्रतिवेदन, २०७८

प्रतिवेदनको सुझावहरू:

१. सरकार वादी मुद्दामा कसूरमा सम्लग्न सबै अभियुक्तहरूलाई मुद्दाको कारवाहीमा ल्याउन र फरारीको संख्यात्मक सूची लामो हुन नदिन गर्नुपर्ने नीतिगत सुधार

- नेपालमा जन्मेका वा विदेशबाट नेपालमा प्रवेश गरेका र आफ्ना वडामा बसोबास गर्ने हरेक व्यक्तिको दुवै हातको डिजिटल पञ्जा छाप (Palm Print) र अनुहारको तस्विर प्रत्येक स्थानीय तहले संकलन गर्ने, सुरक्षित राख्ने प्रवन्धका लागि नेपाल सरकार गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक आपसमा समन्वय गरी अभिलेख व्यवस्थित गर्नुपर्ने ।

- विदेशबाट नेपाल प्रवेश गर्ने विदेशी नागरिक वा विदेशमा जन्म भई पहिलो पटक नेपाल प्रवेश गरेका नेपाली नागरिकको दुवैहातको डिजिटल पञ्जा छाप (Palm Print) र अनुहारको तस्विर नेपाल प्रवेश गर्ने हरेक सीमा नाकामा रहेका अध्यागमन कार्यालय र स्थानीय तहले संयुक्त रूपमा संकलन र अभिलेख व्यवस्थित गर्नुपर्ने ।
- अधिक मात्रामा आपराधिक घट्ना हुन सक्ने र प्रत्यक्षदर्शी व्यक्तिको अभाव हुन सक्ने संभावित स्थानहरूको पहिचान गरी गोप्य रूपमा सिसि क्यामेरा लगाउन संभव हुने स्थानहरू खोजी गरी प्रवन्ध मिलाउनु पर्ने ।
- अपराधमा सम्लग्न हुन सक्ने फरार अभियुक्तहरूको पहिचान यकिन गर्न, संभावित व्यक्तिहरूको जैविक नमुना संकलन र परीक्षण गर्न, संकलित सबुद प्रमाणहरूको अध्ययन विश्लेषण गर्न, सबुद प्रमाणबाट संकित व्यक्ति रहेबसेको स्थान यकिन गर्न र शंकित अभियुक्तलाई पक्राउ गर्नका लागि प्रहरी प्रधान कार्यालय र मातहत कार्यालयहरूमा अलग एकाइ गठन गरी जिम्मेवारी तोक्नु पर्ने ।
- कसूर अपराध पूरा हुँना साथ विदेश जाने अभियुक्तका हकमा विदेशमा रहने बस्ने संभावित स्थानको यकिन गर्न, नेपालमा अपराध गरी विदेशी नागरिक आफ्नो मुलुक पुगेको यकिन गर्न, नेपाली नागरिक अभियुक्तलाई नेपाल फर्काउन वा विदेशी नागरिक अभियुक्तलाई नेपालमा सपुर्दगीका लागि सम्वन्धित मुलुकसँग अनुरोध गर्न वा नेपालमा सपुर्दगी नहुने भई विदेशमै अनुसन्धान र मुद्दाको कारवाही हुने सुनिश्चित गर्न हाल प्रचलित पारस्पारिक कानूनी सहायता ऐन र सपुर्दगी ऐनलाई प्रभावकारी बनाउनु पर्ने तथा इन्टरपोल मार्फत अभियुक्तलाई नेपालमा झिकाउने कारवाहीलाई प्रभावकारी बनाउन परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र कानून मन्त्रालयको सक्रियता बढाउनु पर्ने ।
- शंकित अभियुक्तको जैविक, विद्युतीय वा अन्य सबुद प्रमाण वा नमुना संकलनमा राज्यका अन्य निकाय निर्वाचन आयोग, राष्ट्रिय सूचना केन्द्र, दूरसञ्चार सेवा प्रदायक कम्पनीहरू, अध्यागमन विभाग र अन्तर्गत कार्यालयहरू, राहादानी विभाग, राष्ट्रिय पञ्जीकरण विभाग, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय शंकित रहे बसेको वडा र सम्बन्धित पालिका लगायत जो जससँग शंकित अभियुक्तका सम्बद्ध नमुना वा सबुद प्रमाण वा अभिलेख छन् ती कुराको अनुसन्धान अधिकारीले शीघ्र र सहज पहुँच पाउने प्रबन्धका लागि गृह मन्त्रालयले आँफु मातहतका र अन्य विषयगत मन्त्रालय एवं विभागहरूसँग समन्वय गर्न एक विशेष एकाइ गठन गरी प्रहरी वा अनुसन्धान अधिकारीलाई सूचना सम्प्रेषण गर्ने प्रबन्ध मिलाउनु पर्ने ।

२. *अनुसन्धान अधिकारीले फरार अभियुक्तको संख्या बढ्न नदिन अपनाउनु पर्ने सावधानी*

- कसूरमा पक्राउ परेका बाहेक अन्य अभियुक्तको पनि सम्लग्नता छ भन्ने स्रोत के हो ? त्यो स्रोत व्यक्तिबाट फरार अभियुक्तको नाम, थर, उमेर, हुलिया, बाबु बाजेको यकिन विवरण मध्ये के कति कुरा खुलाउन सकिन्छ वा खोज्न सकिन्छ सबै कुरा यथासमयमै खोज्न प्रयत्न गर्नु पर्ने ।
- शंकित फरार अभियुक्तको कसूरमा सम्लग्नता रहे नरहेको वा सम्लग्नता रहेको भए के कुन प्रकृतिको संलग्नता हो यकिन गर्न अन्य पक्राउ सहअभियुक्तबाट, पीडित व्यक्तिबाट, साक्षी वा अन्य सबुद प्रमाणबाट निजको कसूर प्रकृतिको विस्तृत तथ्य संकलन गरी यकिन गर्ने प्रयत्न गर्नुपर्ने ।
- शंकित फरार अभियुक्त पक्राउ गर्न आधुनिक प्रविधिको प्रयोगलाई अधिकतम उपयोग गर्ने, नेपालका सीमा नाकाका सबै अध्यागमन तथा प्रहरी निकायलाई अभियुक्तका फेला परेसम्मका तथ्य र विवरण दिई निगरानी बढाउने कुरामा तत्काल सञ्चार गर्ने तर्फ हेक्का राख्नु पर्ने ।
- कसूर प्रकृतिबाटै एक भन्दा बढी वा अधिक व्यक्तिको सम्लग्नताबाट मात्र कसूरले पूर्णता प्राप्त गर्ने प्रकृतिको घट्ना देखिएकोमा तत्काल संभावित र शंकित अभियुक्तहरू पक्राउ गर्न अदालतको अनुमति लिने वा कानून बमोजिम अवस्था अनुसार पछि अनुमोदन गराउने गरी पक्राउ गर्ने तर्फ समयमै ध्यान दिनु पर्ने ।

३. सरकार वादी मुद्दामा प्रतिवादीको पहिचान सम्वन्धी आवश्यक विवरण खुलाउने सम्बन्धमा अनुसन्धान अधिकारी एवं सरकारी वकीलले अपनाउनु पर्ने क्रियाशिलता

क. प्रहरी कार्यालयको CRS र सरकारी वकील कार्यालयको CMS अभिलेख प्रणालीलाई प्रभावकारी बनाई Data exchange and access सम्मको व्यवस्था गर्ने ।

ख. अभियुक्तको विवरण खुलाउनको हकमा सरकारी निकाय मुद्दा हेर्ने निकाय अदालत समेतमा रहेको विद्युतीय तथा अन्य अभिलेखमा अनुसन्धान अधिकारी तथा सरकारी वकीलको सहज पहुँचको व्यवस्था गर्न आवश्यक नीतिगत निर्णष एवं कार्य गर्ने फौजदारी मुद्दामा प्रतिवादीको यकिन नाम थर वतन नखुलेको सम्बन्धमा प्रतिवादीको हुलिया विवरण संकलन गरी हुलियाद्वारा पहिचानको पहल गर्ने ।

ग. प्रतिवादीको नाम, थर वतन कहिँ कतैबाट खुल्न आएको अवस्थामा निज व्यक्ति यही नै हो भनी प्रमाणित गर्न निजको जन्मदर्ता, नागरिकता, निर्वाचन कार्यालयमा भएको मतदाता नामावली लगायतको कागजातहरू मार्फत पहिचान गर्ने व्यवस्था मिलाउने ।

घ. घटनास्थलमा फेला परेको औँठाछाप, निर्वाचन आयोगले मतदाता नामावली संकलनका क्रममा संलग्न गरेको औँठाछाप विवरणसँग भिडाउने सम्बन्धमा आवश्यक पहल हुनुपर्ने ।

ङ. विधिविज्ञान प्रयोगशालामा हालसम्म अपराधमा संलग्न भई मुद्दा चलेका प्रतिवादीहरूको औठाछाप विवरण हुने हुँदा AFIS systems-Automated Fingerprint Identification Systems द्वारा पहिचान गर्ने व्यवस्था हुनुपर्ने ।

च. घटनास्थलमा DNA Profiling-Deoxyribonucleic Acid गर्न मिल्ने भौतिक सबुद फेला परेको खण्डमा DNA Profiling को व्यवस्था गर्ने ।

छ. अनुसन्धानको क्रममा साक्षी/पीडित/अभियुक्तसँग सोधपुछ/घटना विवरण कागज/बयान गर्दा अभियुक्त वा अन्य अभियुक्तको विस्तृत विवरण (जस्तैः वास्तविक नाम थर, बोलाउने नाम, वतन, हुलिया, सम्पर्क नं., ईमेल, सामाजिक सञ्जालको विवरण, काम गर्ने स्थान वा कार्यालय, प्रयोग गर्ने सवारी साधन, बैंक खाताको विवरण आदि) प्राप्त गरी सोको आधारमा सम्बन्धित निकायसँग पत्राचार एवं समन्वय गरी थप विवरण प्राप्त गरी अभियुक्तको पहिचान गर्ने ।

ज. मुद्दाका सम्बद्ध पक्षहरूसंग निरन्तर सम्पर्क गरी अभियुक्तको पहिचान गर्न विवरण संकलन गर्ने ।

झ. विदेशी नागरिकको हकमा अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको राहदानी लगाएतको विवरण र नेपाल स्थित राजदूतावास समेतको समन्वय सहकार्यमा थप अनुसन्धान गर्ने ।

ञ. सादा पोशाकमा प्रहरी तथा सुराकी परिचालन गरी अभियुक्तको पहिचान खुलाउने तर्फ अनुसन्धान गर्ने ।

ट. सामाजिक सञ्चालहरूमा उपयोग गरी प्रतिवादीहरूको नाम तथा फोटो Search गरी अनुसन्धान गर्ने ।

ठ. पहिचान खुलाउन स्थानीय सर्वसाधारण स्थानीय तह विद्यालय नागरिकता जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यालय समेतको निकाय सँग आवश्यक समन्वय सहकार्य गर्ने ।

ड. जिल्ला तहको समन्वय समितीको वैठक नियमित बसी अनुसन्धान तथा अभियोजनको क्रममा देखिएको समस्या समाधानको लागि आवश्यक नीतीगत निर्णय तथा कानून निर्माणको लागि उच्च सरकारी वकील कार्यालय तह मार्फत केन्द्रिय तहको समन्वय समितीमा लेखी पठाउने ।

ढ. समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रमको प्रभावकारी तरीकाले संचालन गरी कानूनको जानकारी सचेतनामा समेत वृद्धि गर्ने ।

४. *अभियुक्तको पहिचान नखुलेको कारण अभियोजन गर्न नसकिने बाध्यात्मक अवस्थामा गर्नुपर्ने कामहरू*

क. एक भन्दा वढी प्रतिवादीहरू भएको मुद्दाको हकमा कसुरको प्रकृति हेरी मुद्दाको ऐनको हदम्याद रहेकोमा प्रकाउ प्रतिवादीलाई हिरासतमा राखी अनुसन्धान गर्ने हदम्याद सकिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ समेतको कानूनको प्रयोग गरी थप अनुसन्धान गरी ऐनको हदम्याद भित्र वतन नखुलेको सहअभियुक्तको वतन खुलाउनेतर्फ थप अनुसन्धान गरी प्राप्त सक्कल मिसिलको आधारमा अभियोजन गर्ने ।

ख. अनुसन्धानमा निर्देशन दिनु पर्ने अवस्था भए सो कार्य गर्ने ।

ग. अनुसन्धानको क्रममा साक्षी/पीडित/अभियुक्तसंग सोधपुछ/घटना विवरण कागज/बयान गर्दा अभियुक्त वा अन्य अभियुक्तको विस्तृत विवरण (जस्तैः वास्तविक नाम थर, बोलाउने नाम, वतन, हुलिया, सम्पर्क नं., ईमेल, सामाजिक सञ्जालको विवरण, काम गर्ने स्थान वा कार्यालय, प्रयोग गर्ने सवारी साधन, बैंक खाताको विवरण आदि) प्राप्त भएको विवरण अभिलेखीकरण गरी अभियोगपत्रमा उल्लेख गरी यकीन नाम वतन खुलेको वखत पुरक अभियोगको दावी लिइने व्यहोरा खुलाई अन्य प्रतिवादीको हकमा अभियोग पत्र दायर गर्ने ।

घ. अभियोजन गर्ने ऐनको हदम्याद नै समाप्त हुन केही समय बाँकी रहदा समेत वतन नखुलेको कारण अभियोजन गर्न नसकिएको हकमा समयमा नै कानून बमोजिम मुद्दा चल्ने/नचल्ने आधार कारण सहित अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष राय सहीतको अनुसन्धान प्रतिवेदन निर्णार्यार्थ पेश गरी सरकारी वकीलले म्याद भित्र नै मुद्दा चल्ने/नचल्ने निर्णय गरी अधिकारी प्राप्त अधिकारी वा माथिल्लो निकाय वा महान्यायाधिवक्ताको कार्यालय निर्णय निकासाका लागि पेश गरी निर्णय बमोजिम गर्ने ।

५. *वतन नखुलेको कारण अभियोजन गर्न नसकिने सम्वन्धमा अभिलेख राखि अभियोगपत्र दायर गरी सकेपछि गर्नु पर्ने कामहरू*

क. वतन नखुलेको कारण अभियोजन गर्न नसकिएको विवरण अनुसन्धान गर्ने निकायलाई जानकारी गराई अभियोगपत्रको प्रतिलिपि उपलव्ध गराउने ।

ख. प्रहरी कार्यालयको CRS र सरकारी वकील कार्यालयको CMS अभिलेख प्रणालीलाई अभिलेखीकरण गर्ने ।

ग. अभियुक्तको विवरण खुलाउनको हकमा सरकारी निकाय मुद्दा हेर्ने निकाय अदालत समेतमा रहेको विधुतीय तथा अन्य अभिलेखबाट प्राप्त गर्न सकिने भए सोतर्फ अनुसन्धान गर्ने । अनुसन्धान अधिकारी तथा सरकारी वकीलको सहज पहुँचको व्यवस्था गर्न आवश्यक नीतिगत निर्णण एवं कार्य गर्ने । प्रतिवादीको नाम, थर वतन कहिँ कतैबाट खुल्न आएको अवस्थामा निज व्यक्ति यही नै हो भनी प्रमाणित गर्न निजको जन्मदर्ता, नागरिकता, निर्वाचन कार्यालयमा भएको मतदाता नामावली लगायतको कागजातहरू मार्फत पहिचान गर्ने व्यवस्था मिलाउने ।

घ. विधिविज्ञान प्रयोगशालामा हालसम्म अपराधमा संलग्न भई मुद्दा चलेका प्रतिवादीहरूको औँठाछाप विवरण हुने हुँदा AFIS system द्वारा पहिचान गर्न आवश्यक कार्य गर्ने ।

ङ. अनुसन्धानको क्रममा साक्षी/पीडित/अभियुक्तसंग सोधपुछ/घटना विवरण कागज/ वयान गर्दा अभियुक्त वा अन्य अभियुक्तको विस्तृत विवरण (जस्तैः वास्तविक नाम थर, बोलाउने नाम, वतन, हुलिया, सम्पर्क नं., ईमेल, सामाजिक सञ्जालको विवरण, काम गर्ने स्थान वा कार्यालय, प्रयोग गर्ने सवारी साधन, बैंक खाताको विवरण आदी) प्राप्त गरी सो को आधारमा सम्बन्धित निकायसंग पत्राचार एवं समन्वय गरी थप विवरण प्राप्त गरी अभियुक्तको पहिचान गर्ने ।

च. मुद्दाका सम्बद्ध पक्षहरूसँग निरन्तर सम्पर्क गरी अभियुक्तको पहिचान गर्न विवरण संकलन गर्ने ।

छ. सादा पोशाकमा प्रहरी तथा सुराकी परिचालन गरी अभियुक्तको पहिचान खुलाउने तर्फ अनुसन्धान गर्ने ।

ज. पहिचान खुलाउन स्थानीय सर्वसाधारण स्थानीय तह विद्यालय नागरिकता जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यालय समेतको निकायसँग आवश्यक समन्वय सहकार्य गर्ने ।

झ. जिल्ला तहको समन्वय समितीको वैठक नियमित बसी अनुसन्धान तथा अभियोजनको क्रममा देखिएको समस्या समाधानको लागि आवश्यक नीतिगत निर्णय तथा कानून निर्माणको लागि उच्च सरकारी वकील कार्यालय तह मार्फत केन्द्रिय तहको समन्वय समितीमा लेखि पठाउने ।

ञ. समुदायमा सरकारी वकील र समुदाय प्रहरी साझेदारी कार्यक्रमको प्रभावकारी तरीकाले संचालन गरी कानूनको जानकारी सचेतना कार्यक्रमको समेत वृद्धि गर्ने ।

ट. अभियोगपत्र दायर भए पश्चात् अभियुक्तको बारेमा कुनै जानकारी प्राप्त भएमा अभियुक्तको पहिचान तर्फ अनुसन्धान गर्ने ।

ठ. मुद्दाका सम्बद्ध पक्षहरूसँग निरन्तर सम्पर्क गरी अभियुक्तको पहिचान गर्न विवरण संकलन गर्ने ।

ड. विदेशी नागरिकको हकमा अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको राहदानी लगाएतको विवरण र नेपाल स्थित राजदूतावास समेतको समन्वय सहकार्यमा थप अनुसन्धान गर्ने ।

ढ. Interpol लगायतका अनुसन्धानमा सहजीकरण गर्ने International Institution सँगको सम्बन्ध समन्वय सहकार्यमा वृद्धि गर्ने ।

ण. वतन नखुलेको प्रतिवादीहरूको विवरण राख्न मासिक प्रतिवेदनमा छुट्टै अनुसूची ढाँचा निरमाण गरी प्रयोगमा अनिवार्यता गरी हरेक महिना विवरणको विश्लेषण गरी फछ्यौंट तथा लगतको सम्वन्धमा सरोकारवाला निकाय बीच छलफल गर्ने ।

त. अनुसन्धानमा संलग्न कर्मचारी तथा अभियोजन गर्ने सरकारी वकील तथा सहायक कर्मचारीलाई तालिमको व्यवस्था गरी प्रोत्साहनका अन्य सेवा सुविधाको लागि आवश्यक पहल गर्ने ।

थ. नेपाली नागरिकको जन्म देखिको व्यक्तिगत विवरणको अभिलेख विधुतिय माध्यममा व्यवस्थित तवरवाट राख्न आवश्यक कार्य गरी सोको प्रयोगमा अनुसन्धान अधिकारीको पहुँचको सुनिस्चितता गर्ने ।

द. आवश्यकता अनुसार नितिगत निर्णय तथा कानून निर्माण गर्ने ।

४. जबरजस्ती करणी मुद्दाको विगत एक वर्षको समग्र स्थिति, २०७७

यस अध्ययनका क्रममा प्राप्त तथ्य एवं विवरणका आधारमा निम्न बमोजिम सुझावहरू प्रस्तुत गरिएका छन्:

- जबरजस्ती करणी मानवता विरोधी कसूर मात्र नभई सभ्य समाजका लागि कलंकको विषय समेत हुँदा समाजमा बढ्दै गई रहेको आपराधिक मनोवृति र यसलाई नियन्त्रण गर्न राज्यबाट रोकथाममूलक स्पष्ट अपराध नियन्त्रण नीतिको तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा जबरजस्ती करणीलाई लैङ्गिक पूर्वाग्रह (Gender bias) अर्थात् महिला वा वालिकालाई करणी गरिएका कार्य मात्र जबरजस्ती करणीजन्य कसूरको रूपमा परिभाषा गरिएको हुँदा मौजुदा कानूनमा संशोधन गरी जबरजस्ती करणीको परिभाषा लैङ्गिक तटस्थताका (Gender Neutral) आधारमा व्यापक एवं विस्तृत गरिनु पर्ने ।

- प्रचलित कानूनले जबरजस्ती करणी सम्बन्धी कसूरलाई सरकार वादी हुने मुद्दाको रूपमा परिभाषित गरेको र यस्ता कसूरका सम्बन्धमा जानकारी हुने जो कोहीले पनि नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्ने र त्यस्ता कसूरका अभियुक्तलाई पक्राउ गर्न, पीडितको उद्धार, उपचार, सहयोग र संरक्षण गर्नु पर्ने कानूनी दायित्व रहेकोमा सो दायित्व पूरा नगरी कसूरजन्य कार्य वा घटनालाई गैरकानूनी रूपमा मिलापत्र वा सहमति गराउने वा अपराधको सूचना दिन पीडित वा पीडित पक्षलाई वाधा एवं अवरोध गर्ने कार्य आफैमा कसूरजन्य कार्य भएको देखिएको र यस्ता प्रकृतिका कार्यमा संलग्न सार्वजनिक पदाधिकारीहरू वा व्यक्तिहरूलाई कारवाहीको दायरामा ल्याउन स्पष्ट कानूनी व्यवस्था नरहेको सन्दर्भमा कानूनमा संशोधन गरी सो लाई गम्भीर कसूरजन्य कार्यको रूपमा स्पष्ट कानूनी प्रवन्ध गरी सजायको व्यवस्था गारिनु पर्ने ।

- जबरजस्ती करणी सम्बन्धी वा करणी सम्बन्धी अन्य कसूरजन्य कार्य वा घटनालाई गैरकानूनी रूपमा मिलापत्र वा सहमति गराउने वा त्यस्ता अपराधको सूचना दिन पीडित वा पीडित पक्षलाई बाधा एवं अवरोध गर्ने कार्यमा सार्वजनिक पदाधिकारीहरू आफै संलग्न भएको देखिएमा निजहरूलाई अन्य व्यक्तिलाई सो कसूर गरे वापत हुने सजाय भन्दा बढी सजाय हुने कानूनी व्यवस्था थप समावेश हुनु पर्ने ।

- प्रतिवादी चुक्ता भएका कतिपय जबरजस्ती करणी मुद्दाको लगातार कारवाही एवं सुनवाई प्रक्रिया थुनछेक आदेश हुँदा साक्षी प्रमाण वुझ्ने आदेश हुने सम्म मात्र सिमित रही बाँकी कारवाही प्रक्रिया अन्य सामान्य मुद्दामा जस्तै अवलम्वन भएको देखिएको अवस्था छ । खासगरी लगातार कारवाही एवं सुनवाई प्रक्रियामा गएका जबरजस्ती करणी मुद्दामा थुनछेक आदेश पश्चात् मुलुकी फौजदारी कार्यविधी संहिताको दफा ७३ बमोजिम माथिल्लो अदालतमा निवेदन दिन सक्ने व्यवस्थालाई कानूनमा संशोधन गरी लगातार कारवाही प्रक्रियालाई कठोरताका साथ अवलम्बन गर्नु पर्ने यसका लागि सरकारी वकीलले सो सुनवाई प्रक्रियालाई प्रभावकारी र परिणाममुखी बनाउने दिशामा फौजदारी न्याय प्रशासनका अन्य अवयव भित्र समेत उपलव्धीमुलक अझ बढी समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्ने ।

- जबरजस्ती करणी सम्बन्धी कसूरमा न्यायिक प्रक्रिया भन्दा बाहिरबाट समाधान खोजिने वा अपराधको सुचना दिन वाधा बिरोध गर्ने वा स्थानीय तहका जनप्रतिनिधिहरू समेत रोहवरमा बसी पीडक र पीडितका बीचमा घटना वा मुद्दा मिलापत्र गराउने वा सहमति गराउने गैरकानूनी कार्य भई रहेको भन्ने देखिँदा सोका विरुद्धमा व्यापक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

- जबरजस्ती करणी सम्बन्धी कसूरमा कसूरदारलाई हुने सजायको मात्रा क्रमश थप गर्दै लगी कसूरका विरूद्धमा कठोर दण्ड नीति अवलम्बन गरिएपनि पछिल्ला दिनमा क्रमशः अपराधहरू अझ बढिरहेका साथै अभियोजन भएका मुद्दाको सफलता दर समेत सन्तोषजनक नदेखिएको हुँदा समाजमा जबरजस्ती करणी सम्बन्धी कसूरजन्य

कार्य अझ बढ्दै जानु र अभियोजन भएका मुद्दाको सफलता दर सन्तोषजनक रूपमा नबढ्नुका कारण पहिचान गर्न छुट्टै अध्ययन गरी सो अनुरूप अनुसन्धान, अभियोजन र न्याय निरोपणमा सुधार ल्याउनु पर्ने ।

- जबरजस्ती करणी सम्बन्धी कसूरमा कसूरदारलाई हुने जरिवानाको रकम राज्यकोषमा जम्मा हुने व्यवस्थाको सट्टा त्यस्तो रकम कसुरबाट पीडित व्यक्ति वा निजको परिवारलाई उपलब्ध गराई दिने व्यवस्था गर्नु उपयूक्त हुने ।

५. महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका विभिन्न प्रकृतिका रिट निवेदनहरुमा भएका आदेशहरुको अध्ययन प्रतिवेदन

नेपाल सरकार वा सरकारी निकाय विरुद्ध दायर रिट निवेदनमा रिट जारी हुने कुराले निश्चित रुपमा सरकारी निकायका निर्णय र कार्यहरु कानूनसम्मत नभएको देखिन्छ । यसका लागि सरकारी पक्षबाट गरिने कार्य वा निर्णयमा सुधार तथा समन्वय र सरकारी वकीलको तर्फबाट प्रभावकारी प्रतिरक्षा गर्ने कार्य हुन आवश्यक देखिन्छ । यही आधारमा निम्न अनुसार सुझाव प्रस्तुत गरिएको छ ।

क. नेपाल सरकारका निकायहरुका तर्फबाट गरिनुपर्ने सुधारका उपायहरु

१. राज्यका तर्फबाट गरिने कार्य वा निर्णयमा कानूनी अधिकारको प्रयोग, अधिकारक्षेत्र तथा कानूनी प्रकृयाको पालना र निर्णयमा आधार र कारणको प्रयोग हुनसकेमा धेरै जसो कानूनी विवाद अदालतमा चुनौतिका विषय बन्न सक्दैनन् । रिट निवेदन जारी हुने आधारलाई हेर्दा सरकारी पक्षबाट भएका काम कारवाहीमा कानूनी त्रुटि गरेको र कार्यविधिगत प्रकृयाको पालना नगरेको, कानूनी जिम्मेवारी वा दायित्वको पालना नगरेको, अधिकार क्षेत्रात्मक त्रुटि गरेको जस्ता आधार रहेको देखिन्छ । कानूनी शासनको मान्यता अनुकूल कानूनी प्रकृयाको पालना गरी कार्यसम्पादन गर्ने, कानूनी जटिलतामा स्पष्ट भएर मात्र निर्णय गर्ने, निर्णयमा आधार र कारण उल्लेख गर्ने जस्ता कुराले अनावश्यक रुपमा कानूनी विवाद अदालतमा जानबाट रोकिने तथा विवादको रुपमा प्रस्तुत भएमा पनि प्रतिरक्षा गर्न सहज हुने र रिट निवेदनको दावी ठहर नहुने अवस्था हुन्छ । यसमा सरकारी निकाय तथा निर्णयकर्ता अधिकारीले विशेष रुपमा ध्यान जान आवश्यक देखिन्छ ।

२. सरकारी पक्षलाई प्रत्यर्थी बनाई दायर हुने रिट निवेदनमा अदालतमा प्रस्तुत गरिने लिखित जवाफमा आवश्यक पर्ने तथ्य र कानूनी कुराहरु तथा प्रतिपादित नजिर वा सिद्धान्त राम्रोसँग उल्लेख गर्ने, लिखित जवाफलाई समर्थन गर्ने कागज, प्रमाण तथा निर्णयको प्रतिलिपि समेत पेश गर्ने, बहस तथा प्रतिरक्षाका लागि आवश्यक पर्ने कागजात तथा फाइल प्राप्तिमा अदालत तथा सरकारी वकीललाई सहजीकरण गर्ने काममा सम्बन्धित निकाय तथा पदाधिकारीको सहयोगी भूमिका र जिम्मेवारी आवश्यक छ । लिखित जवाफ तयारीमा प्रत्यथी बनाइएका निकायहरु बीच आपसी समन्वय गर्न समेत आवश्यक देखिन्छ । यसबाट परस्परमा फरक र बाझिने किसिमले जवाफ प्रस्तुत हुने कुरालाई नियन्त्रण गर्न सकिन्छ ।

३. सरकारी निकायहरुले रिट निवेदनका सम्बन्धमा सरकारी वकील तथा अदालतसँग सहजीकरण गर्न तथा आवश्यक पर्ने सूचना तथा कागजात प्राप्तिमा मदत गर्न स्थायी रुपमा फोकल पर्सन तोकी सोको जानकारी सम्बन्धित अदालत तथा सरकारी वकील कार्यालयमा उपलब्ध गराउने व्यवस्थालाई अझै सुदृढ गर्नुपर्ने देखिन्छ ।

ख. सरकारी वकीलका तर्फबाट गरिनुपर्ने सुधार

१. रिट निवेदनमा रिट जारी भएको तथ्याङ्कले देखाएको परिणामका सम्बन्धमा सरोकारवाला निकाय मात्र नभई सरकारी वकील संगठन र समग्र सरकारी वकीलको गम्भीर चासो रहनुपर्ने देखिन्छ । यसप्रति सरकारी वकीलको पनि उत्तरदायित्व र जवाफदेहिता हुनु पर्दछ । यसमा गम्भीर समीक्षा गरी सिकाइको रुपमा लिई आगामी दिनमा सुधार गर्नेतर्फ ठोस पहल आवश्यक छ ।

२. प्रभावकारी अध्ययन र बहस प्रस्तुतीले पनि सरकारी पक्षको प्रतिरक्षा बलियो हुने र निर्णयको कानूनी आधार देखाउन सकिन्छ । यसका लागि सरकारी वकीलको व्यावसायिक क्षमता, गहिरो अध्ययन र दरो आत्म विश्वास महत्वपूर्ण रहन्छ । सरकारी वकील आफै अध्ययनशील हुनुपर्ने देखिन्छ भने अध्ययन तथा अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत सामाग्रीको उपलब्धतामा संस्थाले सहयोग गर्न आवश्यक हुन्छ ।

३. विशिष्टीकृत सरकारी वकिलको विकास गर्ने कुरा र सोही अनुसार संगठनले जिम्मेवारी दिने कुरा प्रतिरक्षाका लागि अर्को महत्वपूर्ण आधार हो । विशिष्टीकरणको प्रकृयालाई निरन्तरता दिने र सरकारी वकीलले पनि यसको महत्व र विशिष्टतालाई आत्मबोध गरी सोही अनुरुप आफूलाई परिमार्जन गर्न आवश्यक देखिन्छ ।

४. सरकारी वकीलले लिखित जवाफ तयारीमा सरोकारवाला गर्ने र सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने कुरामा ध्यान दिन आवश्यक हुन्छ ।

५. विवादित विषयको गम्भीरताका आधारमा सरकारी वकीलबाट सामूहिक रुपमा प्रतिरक्षा र प्रतिनिधित्व गर्ने परिपाटिको विकास गर्नुपर्ने देखिन्छ । साथै सरकारी वकीलहरु बीच बहस तथा प्रतिरक्षाका विषयमा नियमित

रुपमा छलफल गर्ने, ज्ञान आदानप्रदान गर्ने र सिकाई विधिलाई अवलम्बन गर्ने जस्ता उपायहरु उपयोगी हुन सक्छन् ।

५.७ संस्थागत सुधारका सम्बन्धमा भएका प्रयासहरू

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको संस्थागत सुधारका लागि यस आर्थिक वर्षमा भएका कार्यहरू देहाय बमोजिम रहेका छन् :

१. **मुख्य न्यायाधिवक्ताहरूसँग कार्यशाला :** मुख्य न्यायाधिवक्ताको काम, कारवाही एवम् महान्यायाधिवक्ताको कार्यालयसँगको अन्तरसम्बन्ध विषयक तेस्रो राष्ट्रिय कार्यशाला मिति २०७७।१२।२७ गते काठमाडौंमा सम्पन्न भयो । उक्त कार्यशालामा सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरू एवम् मुख्य न्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ताको समेत उपस्थिति रहेको थियो । महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता तथा अन्य सरकारी वकीलहरूको उपस्थिति रहेको कार्यशालाको अध्यक्षता माननीय महान्यायाधिवक्ता श्री रमेश बडालले गर्नुभएको थियो । कार्यशालामा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा विषयमा सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले र मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठन संरचना तथा महान्यायाधिवक्ताको कार्यालयसँगको अपेक्षा विषयमा प्रदेश नं १ का मुख्य न्यायाधिवक्ता श्री चुडामणि आचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

यसैगरी मुख्य न्यायाधिवक्ताको काम, कारवाही एवम् महान्यायाधिवक्ताको कार्यालयसँगको अन्तरसम्बन्ध विषयक चौथो राष्ट्रिय कार्यशाला मिति २०७८।०७।२६ र २७ गते चितवनमा सम्पन्न भयो । उक्त कार्यशालामा प्रदेश नं. २, गण्डकी प्रदेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका मुख्य न्यायाधिवक्ताहरू एवम् सात वटै मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत उपन्यायाधिवक्ताको समेत उपस्थिति रहेको थियो । महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता तथा अन्य सरकारी वकीलहरूको उपस्थिति रहेको थियो । कार्यशालाको अध्यक्षता माननीय महान्यायाधिवक्ता श्री खम्मबहादुर खातीले गर्नु भएको थियो । कार्यशालामा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनमा मुख्य न्यायाधिवक्ताको समन्वय र सहकार्य विषयमा सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले र मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यको समीक्षा र यसमा महान्यायाधिवक्ताको कार्यालयको सहयोग र अपेक्षा विषयमा लुम्बिनी प्रदेशका मुख्य न्यायाधिवक्ता श्री श्रीकृष्ण सुवेदीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

२. **विद्युतीय माध्यमबाट अनुगमन प्रारम्भः** उपत्यकाका सबै सरकारी वकील कार्यालय एवम् उपत्यका बाहिरका कार्यबोझ बढी भएका कार्यालयहरू समेत गरी देहायका ६० वटा सरकारी वकील कार्यालयमा CCTV जडान गरी विद्युतीय माध्यमबाट कार्यालयको कार्य सम्पादन अनुगमन गर्ने कार्य प्रारम्भ गरिएको छ ।

कार्यालय	स्थान
महान्यायाधिवक्ताको कार्यालय (१)	काठमाडौं
उच्च सरकारी वकील कार्यालयहरू (१८)	इलाम, धनकुटा, विराटनगर, राजविराज, जनकपुर, हेटौंडा, पाटन, पोखरा, बाग्लुङ्ग, बुटबल, तुलसीपुर, नेपालगंज, सुर्खेत, जुम्ला, दिपायल, महेन्द्रनगर, विरगंज, ओखलढुङ्गा
विशेष सरकारी वकील कार्यालय (१)	काठमाडौं
जिल्ला सरकारी वकील कार्यालयहरू (४०)	झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, बारा, पर्सा, रौतहट, कपिलवस्तु, पाल्पा, नवलपरासी सुस्ता पूर्व, रूपन्देही, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कन्चनपुर, गोरखा, तनँहु, कास्की,काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रपलाञ्चोक, सिन्धुपालचोक, रामेछाप, धनकुटा, ईलाम, नवालपरासी बर्दघाट सुस्ता पश्चिम, लमजुङ्ग, धादिङ्ग, मकवानपुर

३. **महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य संचालन कार्यविधि, २०७८ :** महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयमा विभाग, महाशाखा, केन्द्र, शाखा र फाँटको स्थापना गरी कार्य सञ्चालन व्यवस्थित गर्न तथा सरकारी वकील तथा अन्य कर्मचारीहरूको कार्य विवरण निश्चित गर्न महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य संचालन कार्यविधि, २०७८ जारी गरिएको छ । सो कार्यविधि सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम (६) बमोजिम माननीय महान्यायाधिवक्ताबाट मिति २०७८।०८।२२ मा स्वीकृत भई जारी गरिएको हो ।

५.८ महान्यायाधिवक्ताको कार्यालयबाट भएका प्रकाशनहरू

महान्यायाधिवक्ताको कार्यालयबाट महान्यायाधिवक्ताको आवधिक वार्षिक प्रतिवेदनका अतिरिक्त यस आर्थिक वर्षमा प्रकाशन भएका पुस्तकका विवरणहरू यसप्रकार रहेका छन् :

१. संवैधानिक कानून स्रोत सामग्री दोस्रो संस्करण, २०७७
२. संवैधानिक विवादमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू
३. मौलिक हक सम्बन्धी स्रोत सामग्री, २०७७
४. मौलिक हक कार्यान्वयनको क्रममा सर्वोच्च अदालतबाट भएका व्याख्या र प्रतिपादन भएका सिद्धान्त एवं आदेशहरूको कार्यान्वयनको अवस्था, २०७७
५. मानव मर्यादा संरक्षण सम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण (दो.सं.), २०७७
६. सरकारी वकील विशिष्टीकरण सम्बन्धी प्रशिक्षणको पाठ्यक्रम संग्रह (अंग्रेजीमा)
७. जबरजस्ती करणी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसलाको अध्ययन
८. ज्यान सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित प्रतिनिधि नजीरहरूको सारसंक्षेप
९. पुनरावेदन र दोहोऱ्याई पाउँको निवेदन सम्बन्धी सर्वोच्च अदालतका फैसला र आदेशहरूको संगालो, २०७७
१०. सेवा कानून सम्बन्धी कार्यपत्रहरूको संगालो भाग १, २०७७
११. संगठित अपराध निवारण कानून सम्बन्धी कार्यपत्रहरूको सँगालो भाग १, २०७७
१२. भ्रष्टाचार निवारण कानून सम्बन्धी कार्यपत्रहरूको सँगालो भाग १, २०७७
१३. प्रमाण कानून सम्बन्धी स्रोत सामग्री २०७७
१४. भूमि सम्बन्धी कानूनी स्रोत सामग्री, २०७७
१५. सेवा कानून सम्बन्धी नजिरहरूको पूर्ण पाठ संग्रह
१६. सेवा कानून सम्बन्धी नजिरहरूको सार संक्षेप, २०७७
१७. नजिर संग्रह, २०७७
१८. अभियोजन जर्नल अंक ३, २०७७
१९. अभियोजन जर्नल अंक ४, २०७७
२०. प्रमाण कानून सम्बन्धी नजिरहरूको सार संक्षेप, २०७७
२१. महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन वर्ष २० अंक १, स्थापना दिवस विशेषाङ्क

५.९ सूचना प्रविधिको प्रयोग र यसको अवस्था

महान्यायाधिवक्ताको कार्यालयमा देहायका सफ्टवेयरहरूको निर्माण भई प्रयोगमा ल्याइएको छ । ती सफ्टवेयरहरू र प्रयोग सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

मुद्दा व्यवस्थापन सफ्टवेयर (Case Management System)

युएनडिपी रोलरको सहयोगमा निर्मित यस सफ्टवेयर २०७५ साउन १५ देखि कार्यान्वयनमा ल्याइएको छ । जिल्ला, उच्च तथा विशेष सरकारी वकील कार्यालयहरूबाट दायर भएका तथा पुनरावेदनका रूपमा दर्ता भएका मुद्दाका विवरणहरू प्रविष्ट गर्ने कार्य भइरहेको छ । फौजदारी कार्यविधि संहिता अनुसार यस सफ्टवेयरलाई परिमार्जन गरी

महान्यायाधिवक्ताको कार्यालय, उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा डाटा प्रविष्ट भइरहेको छ । हालसम्म सफ्टवेयरमा ८१,८९१ मुद्दाका विवरण राखिएको छ ।

पेशी व्यवस्थापन सफ्टवेयर (Case Tracking System)

यस सफ्टवेयरमा सर्वोच्च अदालतबाट जारी गरिएको पेशीमा महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीललाई तोकिने मुद्दाको पेशीको विवरण यस कार्यालयमा रहेका चार वटा मुद्दा महाशाखाबाट इन्ट्री गर्ने कार्यको सुरूवात गरिएको छ । आ.व. ०७३/०७४ मा निर्माण गरिएको यसमा पेशी तोकिएका मुद्दाको विवरण, सरकारी वकीलको नाम र पद, पेशीमा भएको आदेश वा फैसलाका स्थिति समेत उल्लेख हुने र पेशीको जानकारी र तोकिएका मुद्दाको जानकारी सम्बन्धित सरकारी वकीलकोमा ईमेल मार्फत सूचना हुने गरी सफ्टवेयर तयार भएको छ । हालसम्म सफ्टवेयरमा २२,८७६ मुद्दाका विवरण राखिएको छ ।

इमेल व्यवस्थापन सम्बन्धी सफ्टवेयर

यस सफ्टवेयरमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयमा कार्यरत सरकारी वकील र कमर्चारीका लागि इमेल निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । इमेल सिष्टमको लिंक mail.ag.gov.np रहेको थियो । नेपाल सरकारद्वारा एकीकृत इमेल व्यवस्थापन गर्नका लागि संचालनमा रहेको यस कार्यालयको इमेल व्यवस्थापन सफ्टवेयरलाई पनि एकीकृत गरी nepal.gov.np मा लिंक गरिएको छ । उक्त इमेल व्यवस्थापन सफ्टवेयर संचालन गर्नका लागि लिंक mail.nepal.gov.np रहेको छ ।

वेभसाइट

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूको एकीकृत वेभसाइट निर्माण गरी संचालनमा रहेको छ । वेभसाइटमा आवश्यक ऐन, नियम तथा कानून सम्बन्धी सामाग्रीहरू, महत्वपूर्ण राजपत्रहरू, अध्ययन अनुसन्धानका प्रतिवेदनहरू, परिपत्रहरू तथा सूचनाहरू अपलोड गर्ने कार्य गरिएको छ । यसबाट सरकारी वकील कार्यालयहरूलाई उपयोगी हुने देखिन्छ भने वेभसाइट प्रयोग गर्न सरोकारवाला संस्था तथा निकायहरूलाई पनि सहजता प्राप्त भएको छ ।

मोबाइल एप

महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरूका लागि टेलिफोन डायरी नामक मोबाइल एप निर्माण गरी संचालनमा ल्याइएको छ । हालसम्म मोबाइल एपमा १,३५४ जना कर्मचारीहरूको टेलिफोन नम्बर प्रविष्ट भएको छ । साथै सो एपमा सरकारी वकील र कर्मचारीहरूको तस्विर समेत राख्ने कार्य भैरहेको छ ।

कर्मचारी व्यवस्थापन सफ्टवेयर

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीको सरूवा, बढुवा, काज तथा अन्य विवरणहरू प्रविष्ट गर्न सफ्टवेयर निर्माण गरी संचालनमा रहेको छ । सफ्टवेयरमा कर्मचारीहरू आँफैले सरूवा निवेदन दिन सकिने प्रावधान व्यवस्था गरिएको छ । हालसम्म १३५४ जना कर्मचारीहरूको योग्यता, तालिम, विदेश भ्रमण तथा अन्य विवरण प्रविष्ट गरिएको छ ।

SMS सम्झौता

महान्यायाधिवक्ताको कार्यालय, नेपाल टेलिकम र एनसेल कम्पनी बीच SMS gateway संचालन सम्बन्धी सम्झौता भएको छ । सो कार्यको प्रारम्भ यस कार्यालयको ७१औं स्थापना दिवस २०७८ साल पौष ८ गते गरिएको छ । नेपालको संविधानको धारा २१, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० र महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य संचालन कार्यविधि, २०७८ को प्रकरण नं. ७.१२.११ को प्रयोजनार्थ मुद्दाको अवस्था बारेमा जाहेरवाला/पीडित/सूचनाकर्तालाई जानकारी गराउने, रिटका पक्षलाई मुद्दाको अवस्था बारे तत्काल जानकारी गराउने प्रयोजनको लागि SMS Service संचालन गरिएको हो । साथै यसलाई पेशीको जानकारी सरकारी वकीललाई गराउने तथा कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित कार्यमा प्रयोग गरिनेछ ।

५.१० अपराधशास्त्रीय अनुसन्धान केन्द्र

महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत रहने गरी २०७३।०२।२३ मा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना भएको हो । हाल यस केन्द्रले महान्यायाधिवक्ताको कार्यालयको जनशक्ति, स्रोतसाधनबाटै कार्य गर्दै आएको छ । सो केन्द्रलाई प्रदान गरेका मुख्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

- अपराधको कारण, प्रवृत्ति, रोकथामका उपाय समेतका अपराधका आयामहरू र अपराध र फौजदारी न्याय सम्बन्धमा अध्ययन विश्लेषण गर्ने,
- सूचना संकलन र तथ्याङ्क व्यवस्थापनका सम्बन्धमा अपराध अनुसन्धान, अभियोजन र सरोकारवाला निकायसँग समन्वय गर्ने,
- अपराधको अनुसन्धान र अभियोजनमा स्तरीयता र एकरूपता कायम गर्ने, अभियोगपत्रका सम्बन्धमा अध्ययन गर्ने, अनुसन्धान र अभियोजनमा देखिएका समस्या एवं यसका सफलता र असफलताको पहिचान गर्ने तथा भविष्यमा फौजदारी मुद्दा र न्याय प्रणालीमा सुधारका लागि अनुसन्धान गर्ने,
- नेपाल सरकारबाट मस्यौदा भएका फौजदारी कानूनसँग सम्बन्धित विधेयकहरूमा राय/प्रतिक्रिया दिने,
- फौजदारी कानूनसँग सम्बन्धित नयाँ कानूनको तर्जुमा एवं कानून संशोधन सम्बन्धमा सरोकारवाला निकाय, व्यक्ति वा विज्ञहरूसँग अन्तरक्रिया गर्ने र सुझाव प्रस्तुत गर्ने,

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ६ मा अपराधको प्रवृत्ति सम्बन्धी अध्ययन विश्लेषण गर्न महान्यायाधिवक्ताको कार्यालयमा एक अपराधशास्त्रीय अनुसन्धान केन्द्र रहने व्यवस्था रहेको छ ।

५.११ सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७७

सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७७ साल पौष ८, ९ र १० गते काठमाडौंमा आयोजना गरिएको थियो । भौतिक तथा अनलाइन दुवै माध्यमबाट संचालन गरिएको सो सम्मेलनको मूल नारा **"अभियोजनमा सुधार : फौजदारी न्यायको आधार**" रहेको थियो । सो सम्मेलनमा देशभरका करिब ३९४ जना सरकारी वकील र अन्य सरोकारवाला निकायका प्रतिनिधि ७० जना समेत गरी ४६४ जना सहभागी रहेका थिए । सो सम्मेलनले २३ बुँदे घोषणापत्र समेत जारी गरेको थियो । सम्मेलनको घोषणापत्र अनुसूची ४९ मा समावेश गरिएको छ ।

५.१२ विधिविज्ञान प्रयोगशालाको स्थापना

महान्यायाधिवक्ताको कार्यालयको अग्रसरता र विशेष प्रयासमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको प्रादेशिक कार्यालय स्थापना भएको छ । प्रदेश २ को महोत्तरी जिल्लाको बर्दिवासमा र सुदूरपश्चिम प्रदेशको धनगढीमा दुई वटा प्रादेशिक कार्यालय स्थापना भएका हुन् । पन्ध्रौं योजनामा समेत प्रादेशिक तहमा विधिविज्ञान प्रयोगशाला विस्तारको विषयलाई समावेश गरिएको छ । नेपाल सरकारको नीति तथा कार्यक्रममा पनि सबै प्रदेशमा विधिविज्ञान प्रयोगशाला निर्माण गर्ने विषय समावेश भएको छ । प्रयोगशालाको विस्तारबाट प्रमाणको परीक्षण सम्बन्धी कार्य छिटो हुने अपेक्षा राखिएको छ ।

६. समन्वय समितिको गतिविधि

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ मा समन्वय समितिको व्यवस्था गर्दै अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको समन्वय समिति रहने उल्लेख छ :-

(क)	महान्यायाधिवक्ता	अध्यक्ष
(ख)	सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	सदस्य
(ग)	सचिव, गृह मन्त्रालय	सदस्य
(घ)	प्रहरी महानिरीक्षक, नेपाल प्रहरी	सदस्य
(ङ)	महान्यायाधिवक्ताले तोकेको महान्यायाधिवक्ताको कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो दर्जाको सरकारी वकील	सदस्य सचिव

समन्वय समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । समितिले आवश्यकता अनुसार अनुसन्धान तहकिकातसँग सम्बन्धित विभिन्न निकायका प्रमुखहरूलाई बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था अनुसार आमन्त्रण गरी सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजनमा देखिएका व्यावहारिक समस्याहरू समाधान गर्ने प्रयास गर्दै आएको छ । समितिले विभिन्न समयमा बैठक बसी सरकार वादी मुद्दाको अनुसन्धान, तहकिकात एवं अभियोजन सम्बन्धमा आवश्यक निर्णयहरू गरी अपराध अनुसन्धानमा संलग्न निकायहरू विशेष गरी नेपाल प्रहरी र अभियोजनमा संलग्न मातहतका सरकारी वकीलहरूलाई आवश्यक निर्देशनहरू जारी गर्दै आएको छ । समन्वय समितिको बैठक २०७७ साल साउन १८ गते र २०७८ असोज ७ सते बसेको थियो । साउन १८ गतेको बैठकले एसिड तथा यस्तै प्रकृतिका अन्य रासयानिक पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा ओसारपसार, निर्यात, संचय, नष्ट गर्ने तथा त्यसको अनुगमन तथा नियमनका विषयमा आवश्यक पर्ने कानूनी तथा संस्थागत संरचना निर्माणका बारेमा अध्ययन गर्न समिति गठन गरेको थियो । साथै असोज ७ गतेको बैठकले नेपाल सरकारबाट जारी भएका अध्यादेश निष्क्रिय भए पछिको अपराध अनुसन्धान र अभियोजन सम्बन्धमा परिपत्र गर्ने तथा मुद्दागत रूपमा अनुसन्धान र अभियोजनमा भएका त्रुटिहरू सुधार गर्न आवश्यक निर्देशन गर्ने समेतको निर्णय गरेको थियो ।

यसैगरी मिति २०७५।०५।०६ गतेको समन्वय समितिको बैठकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनसँग संलग्न निकायहरूका बीचमा आवश्यकता अनुसार समन्वय कायम गर्न उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी समस्यामूलक विषयमा छलफल गर्ने भन्ने महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको रणनीति रहेको र नयाँ कानूनहरू लागू भई सकेको सन्दर्भमा उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी अनुसन्धान र अभियोजनलाई सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ देहाय बमोजिमको समन्वय समितिको गठन गरी कार्यादेश समेत तोक्ने निर्णय भएको थियो ।

१. उच्च सरकारी वकील कार्यालय तहमा :

(क) सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय :	संयोजक
(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी :	सदस्य
(ग) सम्बन्धित संघीय प्रहरी इकाई कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत :	सदस्य
(घ) सहन्यायाधिवक्ताले तोकेको अधिकृतस्तरको सरकारी वकील, उच्च सरकारी वकील कार्यालय:	सदस्य सचिव

कार्यादेश :

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन उच्च सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायहरूलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) जिल्ला तहमा रहेको समन्वय समितिलाई मार्ग निर्देशन गर्ने,

(४) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(५) समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्ने ।

(६) समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्ने ।

(७) सम्बन्धित सरकारी वकील कार्यालयले वार्षिक प्रतिवेदन पठाउँदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(८) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) समितिको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

२. विशेष सरकारी वकील कार्यालय तहमा :

(क) सहन्यायाधिवक्ता, विशेष सरकारी वकील कार्यालय, काठमाडौं :	संयोजक
(ख) सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको महानिर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत :	सदस्य
(ग) नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईको प्रमुख :	सदस्य
(घ) वैदेशिक रोजगार विभागको महानिर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत :	सदस्य
(ङ) आन्तरिक राजस्व कार्यालयको महानिर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत :	सदस्य
(च) अपराध अनुसन्धान व्यूरो (CIB) का प्रमुख वा निजले तोकेको सो व्यूरोका अधिकृत :	सदस्य
(छ) संयोजकले तोकेको अधिकृतस्तरको सरकारी वकील, विशेष सरकारी वकील कार्यालय, काठमाडौं:	सदस्य सचिव

कार्यादेश :

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन विशेष सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(४) समितिले विशेष सरकारी वकील कार्यालयको कार्यक्षेत्रमा परेका नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयका साथै सरोकारवाला निकायहरूमा पठाउनु पर्नेछ ।

(६) विशेष सरकारी कार्यालयले वार्षिक प्रतिवेदन पठाउदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(७) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(८) समितिको वैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

३. जिल्ला तहमा :

(क) प्रमुख, जिल्ला सरकारी वकील कार्यालय :	संयोजक
(ख) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी :	सदस्य
(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको अधिकृत :	सदस्य
(घ) जिल्लामा रहेका अपराध अनुसन्धान गर्ने निकायका प्रमुख वा निजले तोकेको अधिकृत :	सदस्य
(ङ) संयोजकले तोकेको अधिकृतस्तरको सरकारी वकील, जिल्ला सरकारी वकील कार्यालय :	सदस्य सचिव

कार्यादेश :

(१) अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन जिल्ला सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,

(२) फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायलाई सूचना तथा जानकारी प्रवाह गर्ने,

(३) केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने ।

(४) समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्ने ।

(५) समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउनु पर्ने ।

(६) सम्बन्धित सरकारी वकील कार्यालयले वार्षिक प्रतिवेदन पठाउदा समन्वय समितिको काम कारवाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

(७) अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(८) समितिको वैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्नेछ ।

परिच्छेद - दुई

महान्यायाधिवक्ताको कार्यालय

१. गठन

नेपालको संविधानको धारा १५७ को उपधारा (२) मा राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति गर्ने व्यवस्था रहेको छ । सोही धाराको उपधारा (३) मा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था गरिएको छ । नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अधिकारीलाई संवैधानिक तथा कानूनी विषयमा राय प्रदान गर्ने, नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने, नेपाल सरकारको तर्फबाट अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई बहस पैरवी र प्रतिनिधित्व गर्ने कार्य महान्यायाधिवक्ता तथा मातहतका कार्यालयहरूबाट सम्पादन गरिन्छ । यसका लागि महान्यायाधिवक्ताको कार्यालय मातहतमा हाल १८ वटा उच्च सरकारी वकील कार्यालयहरू तथा ७७ वटा जिल्ला सरकारी वकील कार्यालयहरू रहेका छन् । विशेष अदालत, राजश्व न्यायाधिकरण, ललितपुर, वैदेशिक रोजगार न्यायाधिकरण, प्रशासकीय अदालत र उच्च अदालत पाटनको वाणिज्य इजलासमा (सो दायर हुने बैंकिङ्ग कसूर मुद्दामा) लगायतका न्यायिक निकायमा बहस पैरवी तथा प्रतिरक्षाको लागि विशेष सरकारी वकील कार्यालय स्थापना गरी कार्यसम्पादन हुँदै आएको छ । महान्यायाधिवक्ताको कार्यालय तथा सो अन्तर्गतका उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय, काठमाडौं तथा जिल्ला सरकारी वकील कार्यालयहरूको संगठनात्मक तालिका **अनुसूची १** मा प्रस्तुत गरिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, राष्ट्रिय महिला आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालयहरू, आन्तरिक राजश्व विभाग, राजश्व अनुसन्धान विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, अध्यागमन विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, वैदेशिक रोजगार विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, जिल्ला प्रशासन कार्यालय काठमाडौं, ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालय लगायतका निकायहरूमा समेत सरकारी वकीलहरू कार्यरत रहेका छन् ।

२. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

नेपालको संविधान तथा प्रचलित कानून बमोजिम महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारहरू मुख्यतः देहाय बमोजिम रहेका छन् :

१. संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने,

२. नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता आफैं वा मातहतका सरकारी वकीलहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने,

३. संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने,

४. नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,

५. नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा नेपाल सरकारलाई राय दिने,

६. आफ्नो पदीय कर्तव्यको पालना गर्दा नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुने,

७. मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,

८. हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानवीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

९. महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने,

१०. संविधान र अन्य कानून बमोजिम आफूले वर्षभरिमा सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने,

११. सर्वोच्च अदालतमा संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा उपस्थित भई बहस पैरवी गर्ने,

१२. अदालतबाट भएका आदेश वा फैसलाको कार्यान्वयनका लागि सम्बन्धित संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयलाई लेखी पठाउने,

१३. प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भइरहेको कानून संशोधन गर्न वा लागू गर्नुपर्ने देखिएमा सोको आधार र कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने,

१४. संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तरीयता ल्याउन त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालय बीच आवश्यक समन्वय गर्ने,

१५. कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

१६. मुख्य न्यायाधिवक्ताको काम कारबाहीको सम्बन्धमा एकरूपता र प्रभावकारिताका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने,

१७. संविधान तथा संघीय कानून कार्यान्वयनको सम्बन्धमा मुख्य न्यायाधिवक्तालाई आवश्यक निर्देशन दिने,

१८. सरकारी कार्यालय वा कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने महान्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले तोकेको अधिकारीले उजुरी नगरेमा वा कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न वा गर्न लगाउन वा सुझाव वा निर्देशन दिने,

१९. नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरिका वा विधि अपनाउनु पर्ने वा अनुसन्धान सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारीको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिने ।

३. महान्यायाधिवक्ताको भूमिका

नेपालको संविधान र प्रचलित कानूनले तोकेका नियमित काम, कर्तव्य तथा अधिकारका अतिरिक्त महान्यायाधिवक्ताको भूमिका तथा जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् :

१. **न्याय सेवा आयोगको सदस्य :** नेपालको वर्तमान संविधानको धारा १५४ ले नेपाल सरकारले कानून बमोजिम संघीय न्याय सेवाको राजपत्रांकित पदमा नियुक्ति, सरुवा, बढुवा गर्दा वा त्यस्तो पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिस अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधान न्यायाधीशको अध्यक्षतामा महान्यायाधिवक्ता समेत सदस्य रहने गरी न्याय सेवा आयोगको गठन हुने व्यवस्था संविधानले गरेको छ । वर्तमान न्याय सेवाको संरचनामा न्याय सेवालाई न्याय समूह, सरकारी वकील समूह र कानून समूह गरी तीन समूहमा विभाजन गरिएको भए पनि सबै समूहका राजपत्राङ्कित कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा तथा विभागीय कारबाही गर्ने सम्बन्धमा न्याय सेवा आयोगको सदस्यको रूपमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहेको छ ।

२. **नेपाल कानून व्यवसायी परिषद्को अध्यक्ष :** नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा ४ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल कानून व्यवसायी परिषद्को गठन सम्बन्धी व्यवस्था गरेको छ । परिषद्ले परीक्षाद्वारा छनौट भएका योग्य व्यक्तिलाई कानून व्यवसायीमा दर्ता गर्ने र प्रमाणपत्र दिने, कानून व्यवसायीले तोकिएको व्यावसायिक आचरण पालन गरे नगरेको अनुगमन गर्ने, कानून व्यवसायीले आचरण विरुद्ध कार्य

गरेको सम्बन्धमा उजुरी सुन्ने र कारबाहीका लागि अनुशासन समिति मार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ ।

३. **नेपाल नोटरी पब्लिक परिषद्को अध्यक्ष :** नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा ५ ले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल नोटरी पब्लिक परिषद्को गठन हुने व्यवस्था गरेको छ । परिषद्ले नोटरी पब्लिक सम्बन्धमा अबलम्बन गर्नुपर्ने नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, परीक्षा सञ्चालन गर्ने, नोटरी पब्लिकको प्रमाणपत्र दिने, आचारसंहिता बमोजिम काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने र अनुशासन समितिमार्फत कारबाही गरी प्रमाणपत्र रद्द गर्ने लगायतका कार्य गर्दछ ।

४. **समन्वय समितिको अध्यक्ष** : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ मा सो संहिताको अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन महान्यायाधिवक्ताको अध्यक्षतामा समन्वय समितिको गठन सम्बन्धी व्यवस्था गरिएको छ । यस समितिले फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा संलग्न निकायहरू बीच समन्वय गरी देखिएका समस्याहरू तथा चुनौतिहरू समाधान गर्ने र अनुसन्धान र अभियोजनमा प्रभावकारिता ल्याउने कार्य गर्दछ ।

५. **संघीय प्रोवेशन तथा प्यारोल बोर्डको अध्यक्ष :** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ मा कैद सजाय पाएका कसूरदारको सामाजिक पुनःस्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग समेत पुऱ्याउनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा गृह मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सदस्य रहेको संघीय प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था गरिएको छ ।

६. **सजाय सुझाव समितिको अध्यक्ष :** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४६ मा सजाय निर्धारण सम्बन्धी नीति निर्माण कार्य समेतको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा सजाय सुझाव समितिको व्यवस्था गरिएको छ । यस समितिले सजाय निर्धारण सम्बन्धी नीति निर्माण र सोसँग सम्बन्धित कार्य गर्दछ ।

७. **पीडित संरक्षण सुझाव समितिको संयोजक:** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४४ मा कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा पीडित संरक्षण सुझाव समिति रहने व्यवस्था गरिएको छ । यस समितिले कसूरबाट पीडित व्यक्तिको हक हितको संरक्षणका लागि चालिनु पर्ने कदम समेतका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने कार्य गर्दछ ।

८. **केन्द्रीय कानूनी सहायता समितिको सदस्य** : नेपालको संविधानको धारा २४ को उपधारा (१०) ले असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुने व्यवस्था गरेको छ । कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ६ ले माननीय कानून तथा न्याय मन्त्रीको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय कानूनी सहायता समिति गठन हुने र सो समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको छ । असमर्थ पक्षको तर्फबाट कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने कार्यमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहने व्यवस्था छ । जिल्लास्तरसम्म यस किसिमको सहायता प्रदान गर्ने सम्बन्धमा उच्च अदालत तथा जिल्ला अदालत रहेको स्थानमा क्रमशः उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता र जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा जिल्ला कानूनी सहायता समिति गठन गर्ने व्यवस्था उक्त ऐनको दफा ७ ले गरेको छ ।

९. **राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको सदस्य** : नेपाल सरकारले नागरिक उड्डयनलाई पूर्ण सुरक्षित गराउने प्रयोजनको निम्ति गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ अनुसार निर्माण गरेको हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६ को परिच्छेद २ नियम २ को उपनियम (१) मा माननीय पर्यटन मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिमा महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरिएको छ ।

१०. **राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद्को सदस्य :** न्यायिक निकायमा कार्यरत न्यायाधीश, कर्मचारी तथा कानून व्यवसायीको कार्य क्षमता र व्यावसायिक दक्षतामा अभिवृद्धि गर्न तथा कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको र सो प्रतिष्ठानको परिषद्को सदस्यको रूपमा महान्यायाधिवक्ता सदस्य रहने व्यवस्था राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा ६ को खण्ड (ङ) मा गरिएको छ ।

४. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभाग, महाशाखा तथा शाखाहरूको गठन

महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालत समक्ष पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याई पाउन गरिने निवेदन लगायत अन्य निवेदन गर्ने, नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने तथा नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय परामर्श उपलब्ध गराउने, उच्च, विशेष तथा जिल्लास्तरका कार्यालयहरूबाट मुद्दा मामिलाका सन्दर्भमा सम्पादित कार्यहरूको प्रशासकीय रेखदेख, निरीक्षण, निर्देशन तथा नियन्त्रण एवम् अनुगमन गर्ने र दैनिक प्रशासनिक कार्यहरू सञ्चालन गर्न फौजदारी कानून र न्याय प्रशासन सम्बन्धमा अनुसन्धान गर्ने लगायतका कार्यसम्पादन गर्न देहाय बमोजिम विभाग, महाशाखा तथा शाखाहरू गठन गरी कार्य विभाजन समेत गरिएको छ ।

१. **कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग :** यस विभाग अन्तर्गत मानव संशाधन महाशाखा, अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा, अभियोजन प्रशिक्षण केन्द्र, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, जिन्सी शाखा, पुस्तकालय तथा संग्राहलय व्यवस्थापन शाखा र दर्ता चलानी तथा सोधपुछ फाँट रहेका छन् ।

२. **योजना, अनुसन्धान तथा अनुगमन विभाग :** यस विभाग अन्तर्गत योजना, अनुसन्धान तथा अनुगमन महाशाखा, साइवर सुरक्षा र सूचना प्रविधि महाशाखा, अनुसन्धान तथा प्रतिवेदन शाखा, योजना कार्यान्वयन तथा अनुगमन शाखा, साइवर सुरक्षा शाखा र सूचना प्रविधि शाखा रहेका छन् ।

३. **मानव अधिकार संरक्षण तथा कानूनी राय विभाग** : यस विभाग अन्तर्गत मानव अधिकार संरक्षण तथा न्यायिक सिद्धान्त अनुगमन महाशाखा, कसूर पीडित तथा साक्षी संरक्षण शाखा, कानूनी राय महाशाखा, र अपराधशास्त्रीय अनुसन्धान केन्द्र रहेका छन् ।

४. **मुद्दा व्यवस्थापन विभाग :** यस विभाग अन्तर्गत अभियोजन, अनुमगन तथा मूल्यांकन महाशाखा, मुद्दा तथा बहस व्यवस्थापन महाशाखा, पुनरावेदन शाखा, मुद्दा तथा रिट शाखा, अभिलेख शाखा र अभियोजन अनुगमन शाखा रहेका छन् ।

उल्लिखित विभागहरू बाहेक नेपाल सरकार वादी हुने फौजदारी मुद्दाहरू, नेपाल सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा तथा रिटहरूमा व्यावसायिक विशिष्टीकरण अनुरूप बहस पैरवी एवं प्रतिरक्षा गर्न मुद्दाको विषयगत प्रकृति अनुसार महान्यायाधिवक्ताको कार्यालयमा मुद्दा सम्बन्धी महाशाखाहरू रहेका छन् । ती विषयगत महाशाखाहरूमा संवैधानिक मुद्दा महाशाखा, राजश्व तथा भ्रष्टाचार मुद्दा महाशाखा, भूमि सम्बन्धी तथा विविध मुद्दा महाशाखा, कर्मचारी मुद्दा महाशाखा गठन भई सोही अनुरूप कार्यसम्पादन हुँदै आएको छ । प्रत्येक विषयगत मुद्दा महाशाखा सम्बन्धित विषयको ज्ञान, रुची र अनुभवको आधारमा एक जना नायब महान्यायाधिवक्ता र आवश्यकता अनुसार सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता तथा अन्य कर्मचारीहरू रहने व्यवस्था गरिएको छ ।

५. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कामको विवरण

महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूबाट नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दामा नेपाल सरकारको प्रतिनिधिको रूपमा सम्बन्धित अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षाको कार्य गरिन्छ । महान्यायाधिवक्ता नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकार समेत भएको हुँदा नेपाल सरकारका केन्द्रीयस्तरका विभिन्न निकायहरूलाई संवैधानिक एवं कानूनी विषयमा दिइने कानूनी राय सल्लाह एवं प्रस्तावित कानून मस्यौदाका सम्बन्धमा परामर्श दिने समेतका कार्यहरू महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित हुँदै आएका छन् । महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने कार्यलाई देहाय बमोजिम वर्गीकरण गर्न सकिन्छ :

१. मुद्दा तथा रिट निवेदन सम्बन्धी कार्यहरू,

२. कानूनी राय सल्लाह तथा परामर्श सम्बन्धी कार्यहरू,

३. निरीक्षण, निर्देशन सम्बन्धी कार्यहरू,

४. प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्यहरू,

५. सर्वोच्च अदालतबाट भएको कानूनको व्याख्या एवं प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयनको अनुगमन सम्बन्धी कार्यहरू ।

५.१ मुद्दा सम्बन्धी कार्य

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने मुद्दा सम्बन्धी कार्यहरू देहाय बमोजिम छन्:

(क) मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य,

(ख) पुनरावेदन सम्बन्धी कार्य,

(ग) मुद्दा दोहोऱ्याई पाउने निवेदन तथा पुनरावलोकन सम्बन्धी कार्य,

(घ) अनुमतिका निवेदनमा बहस पैरवी,

(ङ) पुर्पक्षको आदेश तथा अन्य अन्तरकालीन आदेश उपरको निवेदन सम्बन्धी कार्य,

(च) मुद्दा चलाउने तथा नचलाउने सम्बन्धी निर्णयमा निकासा दिने कार्य,

(छ) सरकार वादी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य ।

(क) मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा सम्बन्धी कार्य

महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरू मार्फत सर्वोच्च अदालतमा नेपाल सरकारको तर्फबाट वा प्रतिवादी तर्फबाट दायर गरिएका नेपाल सरकारको हक, हित वा सरोकार रहेको मुद्दाको पुनरावेदन, पुनरावलोकन र रिट निवेदन लगायतका सबै प्रकारका निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिन्छ । यसरी बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको छुट्टाछुट्टै विश्लेषण देहाय बमोजिम गरिएको छ :

१. मुद्दामा बहस पैरवी : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा उल्लेखित सरकारवादी मुद्दाहरू एवं अन्य प्रचलित कानून बमोजिम महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलहरूबाट यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरेका मुद्दाहरूको लगत संख्या ५,५०३ मध्ये १,५९१ मुद्दा फछ्यौंट भएको देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा ५,०९५ मध्ये ८१६ र २०७५/०७६ मा ४,७३७ मध्ये ८८६ मुद्दाहरू फछ्यौंट भएको तथ्यांकबाट देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये २०७५/०७६ मा ४२१ अर्थात् ४७.५२ प्रतिशत, २०७६/०७७ मा ३८७ अर्थात् ४७.४३ प्रतिशत र यस आर्थिक वर्षमा ७१८ अर्थात् ४५.१३ प्रतिशत मुद्दाहरूमा कसूर कायम भएको देखिन्छ । यस आर्थिक वर्षको मुद्दाको फछ्यौंट विवरणलाई विगत दुई आर्थिक वर्षको तथ्याङ्कसँग गरिएको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २२

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका मुद्दाहरूको तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०७५/०७६	३२५७	१४८०	४७३७	४२१	४६३	२	८८६	३८५१	४७.५२
२०७६/०७७	३८५१	१२४४	५०९५	३८७	४२९	०	८१६	४२७९	४७.४३
२०७७/०७८	४२७९	१२२४	५५०३	७१८	८७२	१	१५९१	३९१२	४५.१३

(क) अनुसूची १ का मुद्दाको लगत र कारबाहीको विवरण

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची १ का मुद्दाहरूको विषयगत लगत तथा फछ्यौंट र बाँकी तथा कसूर कायम र सफाइको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २३

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी गरिएका अनुसूची-१ मुद्दाहरूको विषयगत विवरण

अनुसूची विवरण	सि. नं.	मुद्दाको नाम	लगत मुद्दा			फछ्यौंट				बाँकी
			गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर तथा दावी	सफाई तथा दावी नपुग्ने	मुल्तवी, अन्य	जम्मा	
	१	राज्य विरुद्ध	७	०	७	०	६	०	६	१
	२	हातहतियार तथा खरखजाना	८	०	८	४	१	०	५	३
	३	भेदभाव तथा अपमानजन्य व्यवहार	०	३	३	१	०	०	१	२
	४	विवाह	३०	९	३९	११	१८	०	२९	१०
	५	ज्यान	७७४	१७१	९४५	२०६	२५०	१	४५७	४८८
	६	कुटपिट	१४	०	१४	४	२	०	६	८
	७	अपहरण	७२	१६	८८	७	१८	०	२५	६३
	८	करणी	४१४	७२	४८६	६४	७८	०	१४२	३४४
	९	चोरी	७७	१५	९२	१२	१५	०	२७	६५
	१०	आर्थिक	४३३	२५७	६९०	९०	७८	०	१६८	५२२
	११	कीर्ते	४५	४	४९	१५	१५	०	३०	१९
	१२	पशुपक्षी	०	२	२	०	०	०	०	२
	१३	नागरिकता	५	३	८	१	१	०	२	६
	१४	प्रतिलिपि अधिकार	६	०	६	०	०	०	०	६
	१५	प्रविधि सम्बन्धी	७	०	७	१	२	०	३	४
	१६	मानव बेचबिखन	१६२	३९	२०१	२७	३०	०	५७	१४४
	१७	लागू औषध	२३१	५०	२८१	२२	४२	०	६४	२१७
	१८	सवारी ज्यान	२०	०	२०	२	३	०	५	१५
	१९	विविध	१०	१	११	१	२	०	३	८
		जम्मा	२३१५	६४२	२९५७	४६८	५६१	१	१०३०	१९२७

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची १ का मुद्दाहरूको जम्मा लगत संख्या २,९५७ रहेको छ । यस मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दा संख्या ४६८ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ५६१ र अन्य तवरले फछ्यौंट भएको १ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या १,०३० र बाँकी मुद्दा संख्या १,९२७ रहेको देखिन्छ ।

(ख) अनुसूची २ का मुद्दाको लगत र कारबाहीको विवरण

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची २ का मुद्दाहरूको विषयगत लगत, फछ्यौंट र बाँकी तथा कसूर कायम र सफाइको एकीकृत तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २४

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची २ का मुद्दाहरूको विषयगत विवरण

सि.न.	विषय	लगत			फछ्यौंट				बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर कायम	सफाई	फिर्ता, मुल्तवी, तामेली	जम्मा	
१	वैदेशिक रोजगार	६७१	६७	७३८	१८०	२६३	०	४४३	२९५
२	राजश्व चुहावट	४	१०	१४	१	१	०	२	१२
३	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	२३	४	२७	२	०	०	२	२५
४	विदेशी विनिमय	३	०	३	०	१	०	१	२
५	वन	२७	२	२९	८	१०	०	१८	११
६	सम्पत्ति शुद्धीकरण	१३	३	१६	२	४	०	६	१०
७	अन्य	१	०	१	१	०	०	१	०
जम्मा		७४२	८६	८२८	१९४	२७९	०	४७३	३५५

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची २ का मुद्दाहरूको जम्मा लगत संख्या ८२८ मध्ये कसूर ठहर वा दाबी कायम भएका

मुद्दा संख्या १९४ र सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या २७९ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ४७३ र बाँकी मुद्दा संख्या ३५५ रहेको छ । अनुसूची १ र अनुसूची २ का मुद्दाहरूको विषयगत वर्गीकरण **अनुसूची ३** मा समावेश गरिएको छ ।

२. रिट निवेदन सम्बन्धी कार्य : लोकतान्त्रिक शासन पद्धतिमा आधारित लिखित संविधान देशको सर्वोच्च कानून हो । कानूनी राज्यमा संवैधानिक तथा कानूनी सर्वोच्चताको रक्षा र संविधानद्वारा प्रदान गरिएका नागरिकका मौलिक हकहरूको संरक्षणका लागि सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकनको अधिकार सहित असाधारण अधिकारक्षेत्र प्रदान गरिएको हुन्छ । यस अन्तर्गत नेपाल सरकार, सरकारी वा सार्वजनिक निकाय वा कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय अधिकारीले गरेको निर्णयबाट कुनै व्यक्तिको संवैधानिक हक वा अन्य कानूनी हकको हनन् भई सो कानूनी हकको उपचारका लागि अन्य वैकल्पिक कानूनी उपचार नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा त्यस्ता निकाय वा पदाधिकारी समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर हुन आएका रिट निवेदनमा नेपाल सरकार, सरकारी पदाधिकारी र संवैधानिक निकायका तर्फबाट प्रतिरक्षा गर्ने कार्य महान्यायाधिवक्ताको कार्यालयबाट गरिन्छ ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा परेका रिट निवेदनहरू १,७९२ थान र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको संख्या ३,५६५ थान समेत गरी जम्मा ५,३५७ थान रिट निवेदनहरूको लगत रहेको छ । सो मध्ये ७०४ थान अर्थात् १३.१४ प्रतिशत रिट निवेदन फछ्यौंट भएको र ती मध्ये ३५४ थान अर्थात् ५०.२८ प्रतिशत रिट निवेदन खारेज भएको र ३१३ थान अर्थात् ४४.४६ प्रतिशत रिट जारी भएका छन् । साथै ३७ थान अर्थात् ५.२६ प्रतिशत मुल्तवी, तामेली र अन्य तवरबाट फछ्यौंट भएको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी, प्रतिरक्षा गरेका रिट निवेदनहरूको विगत दुई आर्थिक वर्षको तथ्यांकसँग गरिएको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २५

महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरेका रिट निवेदनहरूको तीन आ.व.को तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज भएको	रिट जारी भएको	अन्य	जम्मा		
२०७५/०७६	३४६१	१८१८	५२७९	६२३	४१३	३४०	१३७६	३९०३	४५.२८
२०७६/०७७	३९०३	१५४६	५४४९	३७७	४६७	६७	९११	४५३८	४१.३८
२०७७/०७८	३५६५	१७९२	५३५७	३५४	३१३	३७	७०४	४६५३	५०.२८

यस आर्थिक वर्षको रिट निवेदन सम्बन्धी लगत फछ्यौंटको विषयगत विवरण **अनुसूची २** मा प्रस्तुत गरिएको छ । रिट सम्बन्धी विषयगत विवरण हेर्दा सबैभन्दा बढी रिट निवेदन उत्प्रेषण सम्बन्धी र त्यसपछि क्रमशः परमादेश, निषेधाज्ञा/परमादेश, बन्दीप्रत्यक्षीकरण सम्बन्धी विषयमा परेको देखिन्छ भने त्यसपछि निषेधाज्ञा, प्रतिषेध र अधिकारपृच्छा विषयमा परेको देखिन्छ । जसलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तालिका नं. २६

महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरेका रिट निवेदनहरूको विवरण

रिटको प्रकृति	लगत			फछ्यौंट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज	रिट जारी	अन्य	जम्मा		
बन्दीप्रत्यक्षीकरण	१३६	४२२	५५८	१८२	१४०	७	३२९	२२९	५५.३२
उत्प्रेषण	३२६५	१३१२	४५७७	१६२	१६६	२९	३५७	४२२०	४५.३८
परमादेश	१५२	५३	२०५	१०	६	१	१७	१८८	५८.८२
प्रतिषेध	१०	४	१४	०	१	०	१	१३	
अधिकारपृच्छा	२	१	३	०	०	०	०	३	०.००
निषेधाज्ञा	०	०	०	०	०	०	०	०	०.००
जम्मा	**३५६५**	**१७९२**	**५३५७**	**३५४**	**३१३**	**३७**	**७०४**	**४६५३**	**५०.२८**

३. अन्य निवेदन सम्बन्धी कार्य : महान्यायाधिवक्ताको कार्यालयबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसारका निवेदनहरू, सोही ऐनको दफा ११ बमोजिम पुनरावलोकनको निवेदन र दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउन दिने निवेदन र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन गर्न अनुमति माग गरी दिएका निवेदनहरूमा बहस पैरवी र प्रतिरक्षा समेत गरिन्छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदनहरूको लगत संख्या २,८४५ थान रहेको देखिन्छ । यस आर्थिक वर्षमा फछ्यौंट भएका ४३६ थान निवेदनहरू मध्ये २१४ थान अर्थात् ४९.०८ प्रतिशत निवेदनहरूमा जिकिर कायम भएको र २२२ थान निवेदनहरूमा जिकिर नपुगेको देखिन्छ । निवेदनहरू मध्ये पुनरावलोकनको निवेदनको संख्या ६८ रहेकोमा १ थान निवेदन फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदन मध्ये १ थान निवेदनमा पुनरावलोकनको निस्सा प्राप्त नभएको देखिन्छ । सर्वोच्च अदालतमा दोहोऱ्याई पाउँको निवेदन संख्या १,८१९ रहेकोमा २८३ निवेदन फछ्यौंट भएको देखिन्छ । सो मध्ये १०० थान अर्थात् ३५.३४ प्रतिशत निवेदनमा पुनरावेदनको लागि निस्सा प्राप्त भएको र १८३ थान निवेदनमा निस्सा प्राप्त नभएको देखिन्छ ।

राजश्व न्यायाधिकरणहरूबाट पुनरावेदनको रोहमा सुनुवाइ भई भएका फैसला सर्वोच्च अदालतमा पुनरावेदनका लागि अनुमति पाउन निवेदन परेको संख्या ७२१ रहेकोमा ४५ थान निवेदन फछ्यौंट भएको देखिन्छ । सो मध्ये २४ थान अर्थात् ५३.३३ प्रतिशत निवेदनमा अनुमति प्राप्त भएको र २१ थान निवेदनमा अनुमति प्राप्त नभएको देखिन्छ । यसैगरी न्याय प्रशासन ऐन, २०७३ को दफा १५ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम अदालतबाट भएका अन्तरकालीन आदेश उपर सर्वोच्च अदालतमा वेरीतको आदेश बदर गरी पाउँ भनी परेका निवेदनको संख्या २३७ रहेकोमा १०७ थान निवेदन फछ्यौंट भएको देखिन्छ । सो मध्ये ९० थान अर्थात् ८४.११ प्रतिशत निवेदनमा जिकिर पुगेको र १७ थान निवेदन जिकिर नपुगेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २** मा समावेश गरिएको छ । यस सम्बन्धी विगत दुई आर्थिक वर्षको तथ्यांकसँग गरिएको तुलनात्मक विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २७

महान्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा गरिएका निवेदनहरूको विवरण

निवेदनको प्रकृति	आर्थिक वर्ष	लगत			फछ्यौंट			बाँकी	जिकिर पुगेको प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	जिकिर कायम	जिकिर नपुगेको	जम्मा		
पुनरावलोकनको निवेदन	२०७५/०७६	२६	२५	५१	३	२	५	४६	६०.००
	२०७६/०७७	४६	२७	७३	४	११	१५	५८	२६.६७
	२०७७/०७८	५८	१०	६८	०	१	१	६७	०.००
	जम्मा	**१३०**	**६२**	**१९२**	**७**	**१४**	**२१**	**१७१**	**३३.३३**
दोहोऱ्याई पाउँको निवेदन	२०७५/०७६	८६८	१३२२	२१९०	१०८	३९६	५०४	१६८६	२१.४३
	२०७६/०७७	१६८६	९२२	२६०८	१८०	८५६	१०३६	१५७२	१७.३७
	२०७७/०७८	१५७२	२४७	१८१९	१००	१८३	२८३	१५३६	३५.३४
	जम्मा	**४१२६**	**२४९१**	**६६१७**	**३८८**	**१४३५**	**१८२३**	**४७९४**	**२१.२८**
अनुमतिको निवेदन	२०७५/०७६	१८२	२३६	४१८	२	५४	५६	३६२	३.५७
	२०७६/०७७	३६२	३४१	७०३	३४	२८	६२	६४१	५४.८४
	२०७७/०७८	६४१	८०	७२१	२४	२१	४५	६७६	५३.३३
	जम्मा	**११८५**	**६५७**	**१८४२**	**६०**	**१०३**	**१६३**	**१६७९**	**३६.८१**
वेरितको आदेश उपरको निवेदन	२०७५/०७६	५४५	२७२	८१७	३७५	२२७	६०२	२१५	६२.२९
	२०७६/०७७	२१५	९३	३०८	१४५	२८	१७३	१३५	८३.८२
	२०७७/०७८	१३५	१०२	२३७	९०	१७	१०७	१३०	८४.११
	जम्मा	**८९५**	**४६७**	**१३६२**	**६१०**	**२७२**	**८८२**	**४८०**	**६९.१६**
निवेदनको जम्मा	२०७५/०७६	१६२१	१८५५	३४७६	४८८	६७९	११६७	२३०९	४१.८२
	२०७६/०७७	२३०९	१३८३	३६९२	३६३	९२३	१२८६	२४०६	२८.२३
	२०७७/०७८	२४०६	४३९	२८४५	२१४	२२२	४३६	२४०९	४९.०८

(ख) पुनरावेदन सम्बन्धी कार्य : न्याय प्रशासन ऐन, २०७३ को दफा ९ मा उच्च अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा, दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा, तीन वर्ष वा सो भन्दा बढी कैदको

सजाय वा पाँच लाख रूपैयाँ भन्दा बढी जरिवाना वा पच्चीस लाख रूपैयाँ भन्दा बढी विगो भएको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था रहेको छ । कुनै मुद्दामा उल्लिखित अवस्थाहरू मध्ये कुनै अवस्था विद्यमान देखिएमा वादी नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन दायर गर्दछ ।

अभियोग मागदाबी बमोजिम कसूर ठहर नभएका वा मागदाबी भन्दा कम सजाय भएका मुद्दाहरूमा मातहतका उच्च सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव सहित पठाइएको मिसिल संलग्न कागज प्रमाणहरू अध्ययन गर्दा मुद्दामा मागदाबी बमोजिम कसूर ठहर हुन सक्ने आधारहरू विद्यमान देखिएमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा पुनरावेदन दायर गरिन्छ । साथै सुरु अदालतबाट मागदाबी बमोजिम कसूर ठहर नभएका वा कम सजाय भएका मुद्दामा उच्च तथा जिल्ला सरकारी वकील कार्यालयबाट पुनरावेदन नगर्ने प्रस्ताव सहित पठाइएका फाइलहरू अध्ययन गर्दा पुनरावेदन गर्नुपर्ने देखेमा सो बमोजिम गर्न निर्देशन सहित मिसिल सम्बन्धित कार्यालयमा पठाउने कार्य समेत महान्यायाधिवक्ताको कार्यालयबाट गरिन्छ । त्यस्तै सुरु अदालत वा मुद्दा हेर्ने अधिकारीले गरेको थुनछेक आदेश वा अन्तरकालीन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिन्छ । जिल्ला अदालतबाट भएको अन्तरकालीन आदेश उपर सम्बन्धित उच्च अदालतमा निवेदन दिन सकिन्छ । जिल्ला अदालतबाट भएको अन्तरकालीन आदेश उपर उच्च अदालतमा निवेदन दिई सो अदालतबाट भएको आदेशमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ को उपदफा (२) मा गरिएको व्यवस्था अनुसार दस वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुपर्क्षको लागि थुना, धरौट वा तारेखमा राखी मुद्दाको कारबाही गर्ने सम्बन्धमा भएका आदेश त्रुटिपूर्ण भएमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा निवेदन दायर गरिन्छ । यसैगरी उच्च अदालतबाट सुरु कारबाहीको रूपमा सुनुवाइ हुने मुद्दामा भएको अन्तरकालीन आदेश तथा कुनै न्यायिक निकायको पुनरावेदन सर्वोच्च अदालतमा लाग्ने कानूनी व्यवस्था भएकोमा ती अदालतबाट भएको अन्तरकालीन आदेश उपर महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा निवेदन दायर गरिन्छ ।

यस आर्थिक वर्षमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदन गर्ने र वेरितको आदेश बदर गर्नको लागि दायर गरिएका निवेदनहरूको लगत देहायको तालिकामा प्रस्तुत तथ्याङ्कबाट देखाइएको र त्यसको विषयगत विवरणलाई **अनुसूची ४** मा समावेश गरिएको छ । यस सम्बन्धी विवरणलाई देहायको तालिकामा तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

तालिका नं.२८

महान्यायाधिवक्ताको कार्यालयबाट भएको पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने र निवेदन गर्ने सम्बन्धी कार्यको लगत फछ्यौंट विवरण

लगत	फछ्यौंट													जम्मा फछ्यौंट	बाँकी	दफा ७३ को निवेदन
	पुनरावेदन प्रस्ताव प्राप्त संख्या			निर्णय संख्या			जम्मा	दोहोऱ्याई पाउने निवेदन प्रस्ताव प्राप्त संख्या			दोहोऱ्याई पाउने निर्णय संख्या					
	पु.गर्ने	पु.नगर्ने	जम्मा	गर्न लेखी पठाउने	गर्ने	नगर्ने		गर्ने	नगर्ने	जम्मा	गर्ने	नगर्ने	जम्मा			
२०१४	३८४	११४१	१५२५	५६	३७८	१०२०	१४५४	४६२	०	४६२	१९७	१८४	३८१	१८३५	१७९	१४

माथि तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार यस आर्थिक वर्षमा निर्णय निकासाको लागि जम्मा लगत २,०१४ थान मुद्दाहरू रहेको देखिन्छ । त्यसमा पुनरावेदन प्रस्ताव संख्या १५२५ प्राप्त भएको थियो । सो मध्ये ३८४ पुनरावेदन गर्ने एवं नगर्ने प्रस्ताव ११४१ रहेको थियो । जम्मा १,४५४ (अर्थात् प्राप्त प्रस्तावहरूमा ९५.३४ प्रतिशत) मुद्दामा पुनरावेदन सम्बन्धी निर्णय भएको देखिन्छ । पुनरावेदन सम्बन्धी निर्णय हेर्दा पुनरावेदन गर्न लेखी पठाएको संख्या ५६, पुनरावेदन गर्ने मुद्दा संख्या ३७८ र नगर्ने मुद्दा संख्या १०२० रहेको देखिन्छ । यसैगरी मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने गरी प्राप्त भएको प्रस्ताव संख्या ४६२ रहेको थियो । सो मध्ये मुद्दा दोहोऱ्याई पाउन निवेदन गर्ने १९७ र नगर्ने निर्णय १८४ गरी जम्मा ३८१ (८२.४७) मुद्दामा निवेदन गर्ने निर्णय भएको देखिन्छ । यस आर्थिक वर्षमा

फछ्यौंट भएका संख्या १,८३५ र १७९ निर्णय हुन बाँकी रहेको देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदन संख्या १४ रहेको छ ।

(ग) मुद्दा चलाउने/नचलाउने सम्बन्धी निर्णय निकासा दिने कार्य : नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा संविधानमा अन्यथा लेखिए बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएकोमा उक्त अधिकार धारा १५८ को उपधारा (७) बमोजिम मातहतका सरकारी वकीललाई मिति २०७८/०१/१३ को राजपत्रमा प्रकाशित सूचनाबाट सुम्पिए बमोजिम संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीललाई प्राप्त छ । जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले पर्याप्त प्रमाणको अभावमा कुनै मुद्दा नचलाउने गरी निर्णय गरेमा निर्णय सहितको मिसिल उच्च सरकारी वकील कार्यालयमा पठाउने र उच्च सरकारी वकीलले मिसिल अध्ययन गर्दा नचलाउने गरी भएको निर्णय उपयुक्त देखेमा आफूले निर्णय गरी सोको अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने र मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाउने व्यवस्था रहेको छ । मुद्दा नचलाउने गरी उच्च सरकारी वकील कार्यालयबाट प्रस्तुत भएको मिसिल अध्ययन गरी महान्यायाधिवक्ताबाट मुद्दा चल्ने देखेमा मुद्दा चलाउने निर्णय गरी मुद्दा दायर गर्न सक्कल मिसिल फिर्ता पठाइन्छ र मुद्दा नचल्ने राय मनासिव देखेमा नचलाउने अन्तिम निकासा गरिन्छ । आंशिक रूपमा मुद्दा नचलाउने गरी गरिएको निर्णयको उपयुक्तता र कानूनी आधारहरू समेत परीक्षण गर्ने उद्देश्यले अनुसन्धान अधिकारीको प्रतिवेदन र सरकारी वकीलको निर्णय समेत उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी आंशिक मुद्दा नचलाउने गरी भएको निर्णय सम्बन्धी प्रक्रियाहरू मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ मा गरिएको छ । सो दफाको उपदफा (८) मा अपराधको अनुसन्धान गर्दा एकभन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्तिमध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाइएको अवस्थामा सम्बन्धित सरकारी वकीलले त्यसको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा तुरुन्त पठाउनु पर्ने व्यवस्था छ । उपदफा (९) मा सो जानकारी प्राप्त भएपछि उच्च सरकारी वकील कार्यालयको प्रमुखले त्यस्तो विषय अध्ययन गरी मुद्दा चलाउने वा नचलाउर्ने निर्णय गर्नु पर्ने र मुद्दा चलाउनु पर्ने मनासिब कारण देखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने निर्देशन दिने र त्यस्तो निर्देशन प्राप्त भएमा त्यस्तो सरकारी वकीलले अभियोगपत्र वा पूरक अभियोग पत्र दायर गरी मुद्दा नचलाइएका व्यक्ति उपर मुद्दा चलाउनु पर्ने कानूनी व्यवस्था छ । उपदफा (१०) मा उच्च सरकारी वकील कार्यालयको प्रमुखले मुद्दा नचलाउने निर्णय गरेकोमा त्यसको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्ने र उपदफा (११) मा महान्यायाधिवक्ताको कार्यालयले सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने कानूनी व्यवस्था रहेको छ । उपदफा (९) बमोजिम उच्च सरकारी वकील कार्यालयका प्रमुखले मुद्दा नचलाउने निर्णय गरी सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा पठाएमा दफा ३२ को उपदफा (११) बमोजिम सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिने प्रयोजनको लागि माननीय महान्यायाधिवक्ताबाट नेपालको संविधानको धारा १५८ को उपधारा (२) बमोजिम मिति २०७८/०१/१३ र ऐ. १९ गतेको राजपत्रमा सूचना प्रकाशित गरी महान्यायाधिवक्ताको कार्यालयका सम्बन्धित नायब महान्यायाधिवक्तालाई अधिकार प्रत्यायोजन भएको छ । सो बमोजिम महान्यायाधिवक्ताको कार्यालयका सम्बन्धित नायब महान्यायाधिवक्ताबाट आंशिक मुद्दा नचलाउने गरी भएको निर्णयमा आवश्यक निर्देशन दिने कार्य हुँदै आएको छ ।

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय समक्ष मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय निकासाको लागि लगत कायम भएका ३२५ थान मुद्दा र ५९० जना प्रतिवादीहरू मध्ये जम्मा १२ थान मुद्दा र १२ जना प्रतिवादी उपर मुद्दा चलाउने निर्णय गरी फिर्ता पठाइएको देखिन्छ भने २८१ थान मुद्दा र ५१४ जना प्रतिवादी उपर मुद्दा नचलाउने, पुनः अनुसन्धान गर्न १७ थान मुद्दा र २३ जना प्रतिवादी गरी जम्मा निर्णय भएको मुद्दा संख्या ३१० थान र ५५१ जना फछ्यौंट भई १५ थान मुद्दा र ३९ जना प्रतिवादी बाँकी भएको देखिन्छ । आंशिक मुद्दा नचलाउने निकासाका लागि १२८ थान मुद्दा र १७२ जना प्रतिवादीको लगत रहेकोमा ६ थान मुद्दा र ६ जना प्रतिवादी उपर मुद्दा चलाउने र ११९ थान मुद्दा र १६३ जना प्रतिवादी उपर मुद्दा नचलाउने एवं पुनः अनुसन्धान गर्न ३ थान मुद्दा र ३ जना प्रतिवादीका हकमा पठाउने निर्णय भएको देखिन्छ । समग्रमा १२२ थान मुद्दाका १६६ जना प्रतिवादीका हकमा निर्णय भएको र ६ थान मुद्दाका ६ जना प्रतिवादीका हकमा निर्णय हुन बाँकी रहेको देखिन्छ । यस सम्बन्धी विवरण देहायको तालिका र **अनुसूची ५** मा समावेश गरिएको छ ।

तालिका नं. २९

महान्यायाधिवक्ताको कार्यालयबाट भएका मुद्दा चलाउने तथा नचलाउने निर्णयको विवरण

सि. नं.	कार्यको प्रकृति	लगत मुद्दा संख्या						फछ्यौट								बाँकी	
		गत वर्षको		यस वर्षको		जम्मा		चलाउने/ मिलापत्र गर्ने		नचलाउने		पुन: अनुसन्धान गर्ने		हदम्याद सकिएका/रीत नपुगेकोले फिर्ता		मुद्दा	प्रतिवादी
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी		
१	मुद्दा चलाउने वा नचलाउने सम्बन्धी	२३	३१	३०२	५५९	३२५	५९०	१२	१४	२८१	५१४	१७	२३	०	०	१५	३९
२	आंशिक मुद्दा नचलाउने सम्बन्धी	२	५	१२६	१६७	१२८	१७२	०	०	११९	१६३	३	३	०	०	६	६
	जम्मा	२५	३६	४२८	७२६	४५३	७६२	१२	१४	४००	६७७	२०	२६	०	०	२१	४५

(घ) मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने सम्बन्धी कार्य : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (२) मा उल्लेख भएका बाहेक अन्य मुद्दामा नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श लिई फिर्ता लिन सक्ने कानूनी व्यवस्था गरिएको छ । मुद्दा फिर्ता लिने निर्णय भएकोमा महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकील मार्फत सम्बन्धित अदालतमा मुद्दा फिर्ता लिनु पर्ने कारण सहितको निवेदन दिनु पर्नेछ । यसरी निवेदन पर्न आएमा अदालतले मुद्दा फिर्ता लिने आदेश दिनुअघि सुनुवाई गरी मुद्दा फिर्ता लिने आदेश गर्न मनासिब हुने देखिएमा कारण खुलाई सम्बन्धित अदालतले मुद्दा फिर्ता लिन सक्ने आदेश गर्न सक्ने व्यवस्था छ । सो कानूनी व्यवस्था बमोजिम यस आर्थिक वर्षमा कुनै पनि मुद्दा फिर्ता नभएको तथ्यांकबाट देखिन्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (१) मा अनुसूची ३ र अनुसूची ४ अन्तर्गतका कसूर सम्बन्धी कुनै मुद्दामा मुद्दाका पीडितहरूको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिनेछ भन्ने कानूनी व्यवस्था र उपदफा (२) मा उपदफा (१) को अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगार सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाउँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारवाही हुँदा त्यस्तो व्यहोरा मनासिव लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ । सो कानूनी व्यवस्था बमोजिम यस आर्थिक वर्षमा १९४ थान मुद्दामा २२९ जना प्रतिवादी रहेको मुद्दा मिलापत्र गरी पाउँ भनी पीडित र प्रतिवादीको संयुक्त निवेदन परेकोमा १६८ थान मुद्दा र १९७ प्रतिवादीका हकमा मिलापत्र गर्ने गरी आदेश भएको, १८ थान मुद्दा र २२ प्रतिवादीका हकमा मिलापत्र नहुने गरी निर्णय भएको तथा ८ थान मुद्दाका १० जना प्रतिवादीका हकमा रीत नपुगेको हुँदा फिर्ता भएको देखिन्छ । यस सम्बन्धी विवरण **अनुसूची ५** मा समावेश गरिएको छ ।

तालिका नं. ३०

महान्यायाधिवक्ताको कार्यालयबाट भएका मिलापत्र गर्ने आदेशको विवरण

मिलापत्र सम्बन्धी	लगत मुद्दा संख्या						फछ्यौट						जम्मा		बाँकी	
	गत वर्षको		यस वर्षको		जम्मा		मिलापत्र गर्ने		मिलापत्र नगर्ने		रीत नपुगेकोले फिर्ता		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी				
	५	८	१८९	२२१	१९४	२२९	१६८	१९७	१८	२२	८	१०	१९४	२२९	०	०

५.२ संवैधानिक एवं कानूनी विषयमा दिएको राय सल्लाह

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयमा नेपाल सरकारका विभिन्न निकायहरूबाट २६ वटा कानूनी राय माग गरिएकोमा ८ कानूनी राय रीत नपुगेकोले फिर्ता भएको र १८ वटा विषयमा कानूनी राय प्रदान गरेको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट पछिल्ला तीन आर्थिक वर्षमा प्रदान गरिएको कानूनी राय विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३१

महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिएका कानूनी रायको विवरण

आर्थिक वर्ष	राय माग गरेको संख्या	राय दिएको संख्या	शैत नपुगेकोले र क्षेत्राधिकार नभएको हुँदा फिर्ता	बाँकी संख्या
२०७५/०७६	३१	२२	९	०
२०७६/०७७	४८	२३	२५	०
२०७७/०७८	२६	१८	८	०

५.३ निरीक्षण, निर्देशन सम्बन्धी कार्य

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ९ को उपनियम (६) अनुसार महान्यायाधिवक्ताको कार्यालयले सबै सरकारी वकील कार्यालयको र उच्च सरकारी वकील कार्यालयले आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयको वर्षको कम्तीमा एक पटक निरीक्षण तथा अनुगमन गर्ने गराउने व्यवस्था छ । सो अनुसार महान्यायाधिवक्ता तथा अन्य अधिकृतबाट मातहतका कार्यालयहरूको निरीक्षण र सम्बन्धित उच्च सरकारी वकील कार्यालयबाट मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको निरीक्षण गर्ने कार्य हुँदै आएको छ । विगत वर्ष देखि कार्यालय अनुमगनका साथै अभियोजन परीक्षण समेत प्रारम्भ गरिएको छ । यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयहरूबाट मातहतका कार्यालयहरूमा गरिएको निरीक्षण सम्बन्धी विवरण **अनुसूची ८ र १९** मा दिइएको छ ।

५.४ प्रशासनिक रेखदेख तथा नियन्त्रण सम्बन्धी कार्य

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ९ को उपनियम (३) अनुसार सबै सरकारी वकील कार्यालय महान्यायाधिवक्ताको कार्यालयको सामान्य प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहने व्यवस्था छ । सो अनुसार महान्यायाधिवक्ताको कार्यालयले मातहतका उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरू उपर प्रशासनिक रेखदेख एवं आवश्यक नियन्त्रण राख्ने कार्य समेत गर्दै आएको छ भने सम्बन्धित उच्च सरकारी वकील कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको कार्य उपर आवश्यक रेखदेख, नियन्त्रण र निर्देशन गर्दै आएको छ । मुद्दा मामिला सम्बन्धी कार्यसम्पादनमा कुनै अनियमितता भएको, म्याद नघाएको वा वेरीतपूर्वक कार्य गरेको मिसिलबाट वा अन्य कुनै व्यहोराबाट खुल्न आएमा त्यस्तो काम कारबाही गर्ने कर्मचारीहरू उपर आवश्यक कारबाही गर्ने सम्बन्धमा अवस्था अनुसार ध्यानाकर्षण गराउने, सचेत गराउने आदि कार्य महान्यायाधिवक्ताको कार्यालयबाट हुँदै आएको छ । यसका अतिरिक्त मातहतका कार्यालयहरूलाई आवश्यक पर्ने प्रशासनिक नीति निर्देशन दिने तथा भौतिक सुविधा र पूर्वाधार जुटाउने जस्ता कार्यहरू पनि हुँदै आएका छन् ।

६. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा अन्य कार्यहरूको एकमुष्ट लगत, फछ्यौंट विवरण

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गरिएका कुल लगत १३,७०५ थान मुद्दा, रिट तथा निवेदनहरू मध्ये २,७३१ थान अर्थात् १९.९३ प्रतिशत फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये १,२८६ थान अर्थात् ४७.०९ प्रतिशत रिट, निवेदन खारेज तथा मुद्दामा कसूर ठहर भएको, १,४०७ थान अर्थात् ५१.५२ प्रतिशत रिट, निवेदन जारी तथा मुद्दामा सफाइ भएको ३८ थान अर्थात् १.३९ प्रतिशत मुद्दा, रिट तथा निवेदन तामेली, मुल्तवी तथा अन्य तवरबाट फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको विवरण देहायको तालिकामा दिइएको छ ।

तालिका नं. ३२

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दामा बहस पैरवी एवं प्रतिरक्षा सम्बन्धी कार्य

कार्यको प्रकृति	लगत			फछ्यौंट				बाँकी	रिट खारेज तथा कसूर ठहर प्रतिशत
	गतवर्ष	यसवर्ष	जम्मा	रिट खारेज, कसूर ठहर	रिट जारी, कसूरमा	अन्य	जम्मा		
मुद्दामा	४२७९	१२२४	५५०३	७१८	८७२	१	१५९१	३९१२	४५.१३
रिट निवेदनमा	३५६५	१७९२	५३५७	३५४	३१३	३७	७०४	४६५३	५०.२८
अन्य निवेदनमा	२४०६	४३९	२८४५	२१४	२२२	०	४३६	२४०९	४९.०८
	१०२५०	**३४५५**	**१३७०५**	**१२८६**	**१४०७**	**३८**	**२७३१**	**१०९७४**	**४७.०९**

महान्यायाधिवक्ताको कार्यालयको मुद्दा, रिट, निवेदन सम्बन्धी कामको लगत फछ्यौंटको स्तम्भ चित्र



महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरूबाट मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गर्नेदेखि बाहेक मुद्दाहरूमा निर्णय निकासा दिने निवेदन दायर गर्ने कानूनी राय प्रदान गर्ने समेतका कार्य पनि सम्पादन हुन्छन् । महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरूबाट निर्णय निकासाको लागि प्रस्तुत गरिएका मुद्दाका मिसिलहरूमा आवश्यक निकासा प्रदान गर्ने, मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन गर्ने र जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने गरी गरेको निर्णयको अन्तिम निकासा प्रदान गर्ने, नेपाल सरकार तथा तोकिएका निकाय र पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कार्य समेत सम्पादन गरिन्छ । ती सबै कामहरूको एकमुष्ठ विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३३

महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा तथा निर्णय निकासा सम्बन्धी कार्यहरूको एकमुष्ठ विवरण

सि. नं.	कार्यको प्रकृति		लगत			निकासा /फछ्यौंट	फछ्यौंट प्रतिशत	बाँकी
			गत वर्ष	यस वर्ष	जम्मा			
१	मुद्दामा बहस पैरवी प्रतिरक्षा		४२७९	१२२४	५५०३	१५९१	२८.९१	३९१२
२	रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा		३५६५	१७९२	५३५७	७०४	१३.१४	४६५३
३	अन्य निवेदनमा बहस पैरवी र प्रतिरक्षा		२४०६	४३९	२८४५	४३६	१५.३३	२४०९
४	निकासा	मुद्दा चलाउने वा नचलाउने सम्बन्धी	२३	३०२	३२५	३१०	९५.३८	१५
		आंशिक मुद्दा चलाउने नचलाउने सम्बन्धी	२	१२६	१२८	१२२	९५.३१	६
		मिलापत्र	५	१८९	१९४	१९४	१००.००	०
		पुनरावेदन गर्ने, गर्न पठाउने वा नगर्ने	३१८	१२०७	१५२५	१४५४	९५.३४	७१
		मुद्दा दोहोऱ्याउने तथा नदोहोऱ्याउने	६६	३९६	४६२	३८१	८२.४७	८१
		दफा ७३ बमोजिमको निवेदन	०	१४	१४	१४	१००.००	०
	जम्मा		**१०६६४**	**५६८९**	**१६३५३**	**५२०६**	**३१.८४**	**१११४७**
५	कानूनी राय सम्बन्धी		०	४८	**४८**	४८	१००.००	**०**
कुल जम्मा			**१०६६४**	**५७३७**	**१६४०१**	**५२५४**	**३२.०३**	**१११४७**

महान्यायाधिवक्ताको कार्यालयबाट यस आर्थिक वर्षमा मुद्दा, रिट, कानूनी राय तथा अन्य निर्णय निकासा सम्बन्धी सम्पादित कार्यहरूको एकमुष्ठ लगत संख्या १६,४०१ मध्ये जम्मा ५,२५४ थान अर्थात् ३२.०३ प्रतिशत फछ्यौंट भएको देखिन्छ भने फछ्यौंट हुन बाँकी संख्या ११,१४७ थान अर्थात् ६७.९७ प्रतिशत रहेको देखिन्छ ।

७. महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

महान्यायाधिवक्ताको कार्यालयमा बहस पैरवीमा संलग्न हुने सरकारी वकीलहरूको दरबन्दी संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगत संख्यालाई विभाजन गर्दा यस आर्थिक वर्षमा प्रति सरकारी वकील कार्यबोझको परिमाण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा महान्यायाधिवक्ताको कार्यालयमा रहेको सरकारी वकीलको दरबन्दी संख्या (महान्यायाधिवक्ता समेत) ४३ र कार्य संख्या १६,८०२ लाई अनुपात मिलाउँदा एक सरकारी वकीललाई ३९०.७४ कार्यबोझ रहेको देखिन्छ ।

तालिका नं. ३४

महान्यायाधिवक्ताको कार्यालयमा प्रति सरकारी वकील कार्यबोझ

कार्यालय	सरकारी वकीलको संख्या	सम्पादित कार्य संख्या	प्रति सरकारी वकीललाई परेको कार्य-बोझ	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	४३	१६८०२	३९०.७४	

यस अर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दाको लगत १३,७०५ र तलब भत्तामा भएको खर्च रु. ५८०७९६७०.०० अनुपात हेर्दा प्रति कार्य खर्च रु. ४,२३७.८५ पर्ने देखिन्छ ।

तालिका नं. ३५

महान्यायाधिवक्ताको कार्यालयमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम
महान्यायाधिवक्ताको कार्यालय	१३७०५	५८०७९६७०.००	४२३७.८५

त्यसैगरी यस आर्थिक वर्षमा मुद्दा लगायत अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार यस कार्यालयमा लगत रहेको मुद्दा सम्बन्धी कार्य संख्या १६,८०२ र सम्पूर्ण कार्यालय सञ्चालनमा भएको खर्च रु. २२,७५,०६,८९९.७९ अनुसार प्रति कार्य खर्च रु. १३,५४०.४७ पर्ने देखिन्छ ।

तालिका नं. ३६

महान्यायाधिवक्ताको कार्यालयमा प्रति-सम्पादित कार्यमा भएको खर्चको विवरण

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको	कैफियत
महान्यायाधिवक्ताको कार्यालय	१६८०२	२२७५०६८९९.७९	१३५४०.४७	

८. सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ख) बमोजिम मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने जिम्मेवारी महान्यायाधिवक्तालाई तोकिएको छ । सर्वोच्च अदालतबाट भएका फैसलाहरूको कार्यान्वयन प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाउन सर्वोच्च अदालतबाट मुद्दा मामिलाको रोहमा गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा अदालतबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुनासाथ फैसलाको अध्ययन गरी सम्बन्धित निकायहरूमा कार्यान्वयनका लागि पत्राचार गर्ने गरिएको छ ।

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालयबाट मौलिक हक कार्यान्वयनको क्रममा सर्वोच्च अदालतबाट भएका सिद्धान्त एवम् आदेशहरूको कार्यान्वयनको अवस्था (संक्षिप्त अनुसन्धानमूलक अध्ययन), २०७७ नामक प्रकाशन गरिएको थियो । सो प्रतिवेदनमा वातावरणीय न्याय, ज्येष्ठ नागरिक, नागरिकता, अपराध पीडित संरक्षण, जातीय भेदभाव तथा छुवाछुत, समावेशीकरण, बाल न्याय, लैङ्गिक न्याय, सरकार वादी फौजदादी मुद्दा समेतका ९ वटा विषयमा सर्वोच्च अदातबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन गरी विश्लेषण गरिएको छ ।

९. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको अनुगमन सम्बन्धी कार्यहरू

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ । संविधानको धारा १५८ को उपधारा (६) को देहाय (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७२/०६/०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने सरकारी वकीलले प्रयोग गर्ने गरी सुम्पिएको छ ।

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ को उपनियम (१)(छ) मा कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने व्यवस्था गरेको छ । सो बमोजिम यस आर्थिक वर्षमा माननीय महान्यायाधिवक्ताज्यूबाट तथा माननीय महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम नायब महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताहरूको विभिन्न टोलीले आ.व.२०७७।०७८ तथा आ. व. २०७८।०७९ को पौष मसान्त भित्र विभिन्न जिल्लाका हिरासत, कारागार तथा बाल सुधार गृहको अनुगमन गरी सुधारका लागि सुझाव दिइएको छ । अनुगमन गरिएका कारागार र हिरासतहरू तथा अनुगमन गर्ने पदाधिकारीको विवरण देहाय बमोजिम रहेको छ:

तालिका नं. ३७
हिरासत तथा कारागार अनुगमन गरिएका जिल्लाहरू र अनुगमन गर्ने अधिकारीहरूको विवरण

मा. महान्यायाधिवक्ता श्री खम्मबहादुर खातीबाट जिल्ला प्रहरी कार्यालय, कास्कीको हिरासत कक्ष अनुगमन तथा निरीक्षण गर्नु भएको थियो । उक्त अनुगमन तथा निरीक्षण टोलीमा नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी, उपन्यायाधिवक्ता श्री सुशिल देवकोटा तथा सहायक न्यायाधिवक्ता श्री विन्दुकुमारी धामी रावलको संलग्नता रहेको थियो ।

३७क. आ. व. २०७७।०७८ मा गरिएको हिरासत कारागार तथा बालसुधार गृह अनुगमन

सि.नं.	टोली	अनुगमन गरिएको
१	नायब महान्यायाधिवक्ता श्री नारायण प्रसाद पौडेल समेत	कास्की
२	सहन्यायाधिवक्ता श्री लोकराज पराजुली समेत	हिरासत मोरङ्ग र सुनसरी
३	सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी	हिरासत बाँके र कैलाली
४	सहन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल	हिरासत पर्वत र बाग्लुङ्ग
५	सहन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी समेत	कारागार बाग्लुङ्ग, हिरासत पर्वत र म्याग्दी
६	नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला समेत	हिरासत ओखलढुंगा र सोलुखुम्बु
७	नायब महान्यायाधिवक्ता डा. श्री टेक बहादुर घिमिरे समेत	हिरासत धनकुटा र संखुवासभा
८	सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी समेत	हिरासत गोरखा र लमजुङ्ग
९	सहन्यायाधिवक्ता श्री ईश्वरी प्रसाद ढकाल समेत	हिरासत स्याङ्जा
१०	नायब महान्यायाधिवक्ता डा श्री टेकबहादुर घिमिरे समेत	हिरासत भोजपुर
११	सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल समेत	दाङ्ग र बर्दिया
१२	नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला समेत	बाल सुधार गृह, रूपन्देही
१३	नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला समेत	धादिङ्ग
१४	सहन्यायाधिवक्ता श्री पुण्य प्रसाद पाठक समेत	कारागार र हिरासत दोलखा र सिन्धुपाल्चोक

३७.ख. आ. व. २०७८।०७९ को पौष मसान्त भित्र गरिएको हिरासत तथा कारागार अनुगमन

सि.नं.	निरीक्षण गर्ने पदाधिकारी	सहयोगी सरकारी वकीलको नाम	कारागार तथा हिरासतमा निरीक्षण भएका जिल्लाहरू
१	मा. महान्यायाधिवक्ता श्री खम्मबहादुर खाती, नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला	सहन्यायाधिवक्ता श्री हरी प्रसाद जोशी, उपन्यायाधिवक्ता श्री सुशिल देवकोटा तथा सहायक न्यायाधिवक्ता श्री बिन्दुकुमारी धामी रावल	कास्की र तनहुँ
२	नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे	उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी	मुस्ताङ र म्याग्दी
३	नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डेय	उपन्यायाधिवक्ता श्री श्यामप्रसाद दाहाल, सहायक न्यायाधिवक्ता श्री रोशी भण्डारी	अर्घाखाँची र गुल्मी
४	नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला	सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल,	भोजपुर र तेह्रथुम
५	नायब महान्यायाधिवक्ता डा.श्री टेकबहादुर घिमिरे	उपन्यायाधिवक्ता श्री सविता शर्मा, सहायक न्यायाधिवक्ता श्री रञ्जिता पोखेल	बैतडी, डडेल्धुरा र बझाङ
६	सहन्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजाल	उपन्यायाधिवक्ता श्री कमलराज पन्थी, सहायक न्यायाधिवक्ता श्री शिव वाग्ले	ताप्लेजुङ, पाँचथर, सर्लाही र सुनसरी
७	सहन्यायाधिवक्ता श्री चिरञ्जिवी पराजुली	उपन्यायाधिवक्ता श्री विदुरकुमार कार्की, सहायक न्यायाधिवक्ता श्री आश्मा खड्का	धनकुटा, सप्तरी
८	सहन्यायाधिवक्ता डा.श्री गोपीचन्द्र भट्टराई	उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी, सहायक न्यायाधिवक्ता श्री तुलसा भण्डारी	धादिङ र चितवन
९	सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी	उपन्यायाधिवक्ता श्री विष्णुप्रसाद पौडेल	पर्वत र म्याग्दी
१०	सहन्यायाधिवक्ता श्री लोकराज पराजुली	उपन्यायाधिवक्ता गोकुलबहादुर निरौला, सहायक न्यायाधिवक्ता विष्णुप्रसाद पनेरु	दार्चुला र कञ्चनपुर
११	सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली	उपन्यायाधिवक्ता श्री कैलाश खत्री क्षेत्री, सहायक न्यायाधिवक्ता श्री प्रभात क्षेत्री	इलाम, झापा
१२	सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी	उपन्यायाधिवक्ता श्री यामबहादुर बानियाँ, सहायक न्यायाधिवक्ता श्री बिन्दुकुमारी धामी रावल	कैलाली र बर्दिया
१३	सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी	उपन्यायाधिवक्ता श्री वासुदेव लम्साल, सहायक न्यायाधिवक्ता श्री विनोदलाल श्रेष्ठ	रामेछाप, सिन्धुली र दोलखा
१४	सहन्यायाधिवक्ता श्री शंकर खत्री	उपन्यायाधिवक्ता श्री विना दाहाल, सहायक न्यायाधिवक्ता श्री सुवास भट्टराई	सिराहा र उदयपुर
१५	सहन्यायाधिवक्ता श्री ईश्वरीप्रसाद बन्जाडे		मकवानपुर र पर्सा
१६	सहन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी	उपन्यायाधिवक्ता शिवप्रसाद आचार्य, सहायक न्यायाधिवक्ता श्री दिपक बस्याल	बाँके, दैलेख र सुर्खेत
१७	सहन्यायाधिवक्ता श्री शम्भु कार्की	उपन्यायाधिवक्ता श्री सुशील देवकोटा, सहायक न्यायाधिवक्ता श्री ललिता श्रेष्ठ	सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ
१८	सहन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठक	उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइटेल, सहायक न्यायाधिवक्ता श्री भरत कुमार मैनाली	रोल्पा र प्युठान

१९	सहन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल	उपन्यायाधिवक्ता श्री रेशम आचार्य	पाल्पा र स्याङ्गजा
२०	सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल	उपन्यायाधिवक्ता श्री बुद्धिलाल श्रेष्ठ	कपिलवस्तु, रूपन्देही र दाङ

महान्यायाधिवक्ताको कार्यालयबाट हिरासत कक्ष एवम् कारागार कार्यालयहरुको आवधिक रुपमा अनुगमन गर्ने गरिएको छ । अनुगमनको क्रममा पुस्तकालय तथा पुस्तकहरुको अभाव रहेको भन्ने प्रतिवेदन प्राप्त हुँदै आएको देखिन्छ । सो अनुरुप महान्यायाधिवक्ताको कार्यालयले कारागारहरुमा पुस्तकालय स्थापनाका लागि अग्रसरता जनाउँदै आर्थिक वर्ष २०७७।०७८ मा निम्न कारागारहरुमा प्रति कारागार रु. १ लाख १७ हजार बराबरका पुस्तक वितरण गरिएको थियो:

- कारागार कार्यालय, नुवाकोट
- कारागार कार्यालय, चितवन
- कारागार कार्यालय, भिमफेदी
- कारागार कार्यालय, पर्सा
- कारागार कार्यालय, झापा
- कारागार कार्यालय, नख्खु, ललितपुर
- केन्द्रिय कारागार, जगन्नाथदेवल
- कारागार कारागार, डिल्लीबजार
- कारागार कार्यालय, काभ्रेपलाञ्चोक

परिच्छेद - तीन

उच्च सरकारी वकील कार्यालय

१ गठन

न्याय प्रशासन ऐन, २०७३ को दफा ५ मा उच्च अदालतहरूको स्थापना सम्बन्धी व्यवस्था छ । नेपाल सरकार वादी हुने वा नेपाल सरकारको हक, हित वा सरोकार रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्न तथा तोकिए बमोजिमको कार्यसम्पादन गर्न उच्च अदालतहरू र उच्च अदालतका इजलास रहेका स्थानहरूमा उच्च सरकारी वकील कार्यालयहरू स्थापना भई कार्यसम्पादन हुँदै आएको छ । हाल उच्च सरकारी वकील कार्यालयहरूको संख्या १८ रहेको छ । उच्च सरकारी वकील कार्यालय नेपाल न्याय सेवा सरकारी वकील समूहका राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा रहने व्यवस्था छ । उक्त कार्यालयहरूमा आवश्यकता अनुसार राजपत्राङ्कित द्वितीय तथा तृतीय श्रेणीका सरकारी वकीलहरू तथा अन्य कर्मचारीहरू रहने व्यवस्था रहेको छ । उच्च सरकारी वकील कार्यालयहरूमा रहने सरकारी वकील तथा अन्य कर्मचारीहरूको दरबन्दी स्थिति **अनुसूची २२** मा प्रस्तुत गरिएको छ ।

२. उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ एवं सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा व्यवस्था भए बमोजिम उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. सुरु मुद्दा दायर गर्नुपर्ने विषयमा प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा मुद्दा चलाउने निर्णय गर्ने, प्रमाणको अभावमा मुद्दा चलाउन आवश्यक नदेखिएमा आफ्नो निर्णय सहित अन्तिम निर्णयको लागि मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र अन्तिम निकासा भई आए बमोजिम गर्ने, गराउने ।

२. जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी गरेको निर्णय सहितको प्राप्त मिसिल कागजात अध्ययन गरी मुद्दा चलाउन आवश्यक देखेमा सोही बमोजिम निर्णय गरी फिर्ता पठाउने र मुद्दा चलाउन आवश्यक नदेखिएमा आफ्नो निर्णय सहितको मिसिल कागजात अन्तिम निर्णयको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने, गराउने ।

३. जिल्ला अदालतले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्ने वा नगर्ने भन्ने सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालयबाट प्राप्त मिसिल कागजात अध्ययन गरी पुनरावेदन गर्नुपर्ने देखिएमा सम्बन्धित उच्च अदालतमा पुनरावेदन दायर गर्ने, पुनरावेदन गर्न आवश्यक नदेखेमा आफ्नो राय सहित मिसिल कागजात महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र निकासा भए बमोजिम गर्ने ।

४. जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ग) बमोजिम उच्च अदालतमा पुनरावेदन नगर्ने अन्तिम निर्णय गर्ने ।

५. उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर आधार कारण खोली मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्ने ।

६. उच्च अदालतमा नेपाल सरकार वादी भई दायर गरिएका सुरु मुद्दाहरू, पुनरावेदनहरू र नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका मुद्दाहरू एवं रिट निवेदनहरूमा नेपाल सरकारको प्रतिनिधित्व गरी अड्डा अदालत समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने ।

७. प्रादेशिक अधिकारक्षेत्र भित्र रहेका प्रदेश प्रमुख तथा नेपाल सरकारका कार्यालय प्रमुखले मागेको कानूनी प्रश्नमा राय सल्लाह दिने ।

८. हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा सो विषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

९. प्रचलित नेपाल कानूनले उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले गर्ने भनी तोकेको अन्य कार्यहरू सम्पादन गर्ने ।

३. उच्च सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

यस परिच्छेदमा उच्च सरकारी वकील कार्यालयहरूबाट आर्थिक वर्ष २०७७/०७८ मा सम्पादित कामको विवरणलाई एकीकृत रूपमा उल्लेख गरिएको छ । सम्पादित काम मध्ये मुद्दा तथा रिटको विषय, प्रकृति र कारवाहीको विवरण उल्लेख गरिएको छ । उच्च सरकारी कार्यालयबाट बहस, पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा रिट निवेदनको तुलनात्मक तथ्याङ्क प्रस्तुत गरिएको छ ।

यस आर्थिक वर्षमा सबै उच्च सरकारी वकील कार्यालयहरूको कार्यबोझ, कार्यरत सरकारी वकील र त्यस कामका लागि भएको सरकारी लागत समेतलाई तालिका, चार्ट र वृत्तचित्र समेतको प्रयोग गरी स्पष्ट र बोधगम्य पार्ने प्रयास गरिएको छ । उच्च सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई मुद्दा तथा रिट निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको छुट्टाछुट्टै विवरण र फछ्यौंट भएका मुद्दामा भएको कसूर कायम तथा रिट निवेदन खारेज भएको संख्या र प्रतिशतलाई विगत वर्षहरूको तथ्याङ्कहरू समेत समावेश गरी तुलनात्मक रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३८

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा रिट निवेदनको तीन आ.व. को तुलनात्मक विवरण

आर्थिक वर्ष	विषय	लगत			फछ्यौंट				बाँकी	रिट खारेज तथा कसूर ठहर प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज तथा कसूर ठहर	रिट जारी तथा कसूरमा सफाई	अन्य	जम्मा		
२०७५/०७६	मुद्दा	४७७६	१०६३०	१५४०६	३८१६	५५४३	११९	९४७८	५९२८	४०.२६
	रिट	१२१५	२८०२	४०१७	१४३३	१३१८	२७७	३०२८	९८९	४७.३२
	अन्य निवेदन	२९२	२७१६	३००८	१५९१	९४७	०	२५३८	४७०	६२.६९
	जम्मा	**६२८३**	**१६१४८**	**२२४३१**	**६८४०**	**७८०८**	**३९६**	**१५०४४**	**७३८७**	४५.४७
२०७६/०७७	मुद्दा	५८७८	८९४६	१४८२४	४१६१	४२१७	३५	८४१३	६४११	४९.४६
	रिट	१०१०	२११०	३१२०	९६८	७७८	९३	१८३९	१२८१	५२.६४
	अन्य निवेदन	३५४	२८६१	३२१५	१६७२	८९६	०	२५६८	६४७	६५.११
	जम्मा	**७२४२**	**१३९१७**	**२११५९**	**६८०१**	**५८९१**	**१२८**	**१२८२०**	**८३३९**	५३.०५
२०७७/०७८	मुद्दा	६६३६	८२३४	१४८७०	४०४३	३२०९	८०	७३३२	७५३८	५५.१४
	रिट	८६०	२४१६	३२७६	८८९	६२०	१३२	१६४१	१६३५	५४.१७
	अन्य निवेदन	४८५	३५१६	४००१	२१११	११९३	१	३३०५	६९६	६३.८७
	जम्मा	**७९८१**	**१४१६६**	**२२१४७**	**७०४३**	**५०२२**	**२१३**	**१२२७८**	**९८६९**	५७.३६

उच्च सरकारी वकील कार्यालयबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा अन्य निवेदनहरूको एकमुष्ठ लगत फछ्यौंटको विवरणले सो कार्यालयबाट सम्पादित मुद्दा सम्बन्धी कामको विवरणलाई प्रस्तुत गर्दछ । उच्च सरकारी वकील कार्यालयमा आर्थिक वर्ष २०७५/०७६ को कुल लगत मुद्दा संख्या २२,४३१, आर्थिक वर्ष २०७६/०७७ को कुल लगत मुद्दा संख्या २१,१५९ लाई यस आर्थिक वर्षको कुल लगत मुद्दा संख्या २२,१४७ सँग तुलना गर्दा मुद्दाको संख्यामा घटबढ भएको देखिन्छ ।

यसैगरी फछ्यौंटको अवस्थालाई हेर्दा आर्थिक वर्ष २०७५/०७६ मा ६७.०७ प्रतिशत, आर्थिक वर्ष २०७६/०७७ मा ६०.५९ प्रतिशत र यस आर्थिक वर्षमा ५५.४४ प्रतिशत मुद्दा, रिट तथा निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दा, रिट तथा निवेदनहरू मध्ये आर्थिक वर्ष २०७५/०७६ मा ४५.४७ प्रतिशत, आर्थिक वर्ष २०७६/०७७ मा ५३.०५ प्रतिशत र यस आर्थिक वर्षमा ५७.३६ प्रतिशत मुद्दामा कसूर ठहर तथा रिट खारेज भएको तथ्याङ्कबाट देखिन्छ ।

बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको स्तम्भ चित्र



उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी एवं प्रतिरक्षा गरिएको मुद्दा, रिट तथा निवेदनको कुल लगत २२,१४७ मध्ये जम्मा १२,२७८ थान फछ्यौंट भएको तथ्याङ्क देखिन्छ । यस आर्थिक वर्षमा मुद्दा तर्फ कुल लगत १४,८७० मध्ये ७,३३२ अर्थात् ४९.३१ प्रतिशत मुद्दा फछ्यौंट भएको र फछ्यौंट मुद्दा मध्ये ४,०४३ मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी ३,२०९ मुद्दामा सफाइ र ८० मुद्दा अन्य तवरले (मुल्तवी, तामेली समेत) फछ्यौंट भएको देखिन्छ । रिट तर्फ कुल लगत ३,२७६ मध्ये कुल फछ्यौंट संख्या १,६४१ अर्थात् ५०.०९ प्रतिशत रिट फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका रिट निवेदनहरू मध्ये ८८९ थान रिट खारेज भएको देखिन्छ । यसैगरी ६२० थान रिट निवेदनहरू जारी भएको र १३२ रिट अन्य तवरले फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । यसैगरी अन्य निवेदन तर्फ कुल लगत ४,००१ मध्ये कुल फछ्यौंट संख्या ३,३०५ अर्थात् ८२.६० प्रतिशत निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदनहरू मध्ये २,१११ थान निवेदनमा जिकिर कायम भएको देखिन्छ । यसैगरी १,१९३ थान निवेदनहरूमा जिकिर पुग्न नसकेको र १ निवेदनहरू अन्य तवरले फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरूको विस्तृत विवरण **अनुसूची १३** मा प्रस्तुत गरिएको छ ।

मुद्दा तथा रिट निवेदनहरूको एकमुष्ठ फछ्यौंट सम्बन्धी वृत्त चित्र



यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा, रिट तथा निवेदनहरूमा बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरणलाई छुट्टाछुट्टै शीर्षकमा तुलनात्मक रूपमा देहाय बमोजिम विवेचना गरिएको छ ।

३.१ मुद्दा, रिट तथा निवेदन सम्बन्धी कार्य

प्रचलित कानून र सरकारी वकील सम्बन्धी नियमावलीको व्यवस्था बमोजिम सरकार वादी मुद्दाहरूमा जिल्लास्तरका अड्डा अदालतबाट भएको आदेश, निर्णय वा फैसलामा चित्त नबुझेमा नेपाल सरकारको तर्फबाट उच्च अदालतमा पुनरावेदन दायर गर्ने, नेपाल सरकारको तर्फबाट वा नेपाल सरकार उपर प्रतिवादी/विपक्षीको तर्फबाट दायर गरिएका पुनरावेदन सम्बन्धमा अदालत समक्ष उपस्थित भई बहस पैरवी गर्ने, नेपाल सरकारको हक, हित वा सरोकार निहित भएको विषयमा वा नेपाल सरकारलाई विपक्षी बनाई दायर गरिएका सुरु मुद्दा वा पुनरावेदन गरिएका मुद्दाहरूमा अदालत समक्ष उपस्थित भई बहस पैरवी एवं प्रतिरक्षा गर्ने कार्य उच्च सरकारी वकील कार्यालयबाट गरिन्छ । उच्च सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा दायर भएका सुरु मुद्दा, पुनरावेदन र प्रतिरक्षा गरिएका समेतको मुद्दा संख्या ८,२३४ र गत आर्थिक वर्षमा फछ्यौंट हुन बाँकी रही जिम्मेवारी सरी आएका मुद्दा ६,६३६ समेत गरी यस आर्थिक वर्षमा कायम रहेको जम्मा लगत १४,८७० थान मध्ये ७,३३२ थान अर्थात् ४९.३१ प्रतिशत फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । ती मध्ये ४,०४३ थान अर्थात् ५५.१४ प्रतिशत कसूर ठहर भएको, ३,२०९ थान अर्थात् ४३.७७ प्रतिशत मुद्दामा सफाइ भएको र ८० थान अर्थात् १.०९ प्रतिशत मुद्दा अन्य तवरले फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ । तीन आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दामा गरिएको बहस पैरवी सम्बन्धी विवरणलाई तुलनात्मक तथ्याङ्क देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३९

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दामा बहस पैरवी गरेको मुद्दाको तीन आ.व.को तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०७५/०७६	४७७६	१०६३०	१५४०६	३८१६	५५४३	१११	९४७८	५९२८	४०.२६
२०७६/०७७	५८७८	८९४६	१४८२४	४१६१	४२१७	३५	८४१३	६४११	४९.४६
२०७७/०७८	६६३६	८२३४	१४८७०	४०४३	३२०९	८०	७३३२	७५३८	५५.१४

उच्च सरकारी वकील कार्यालयबाट सम्पादित मुद्दाको कारवाहीको स्तम्भ चित्र





उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित मुद्दा सम्बन्धी कार्यको लगत, फछ्यौंट र बाँकीको विषयगत विवरणलाई देहायको तालिकामा एकीकृत रूपमा प्रस्तुत गरिएको छ ।

(क) मुद्दाहरूको विषयगत वर्गीकरण र लगत संख्या

१. अनुसूची १ का मुद्दाको लगत, फछ्यौंट र कारबाहीको स्थिति

तालिका नं. ४०

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका विषयगत मुद्दाहरूको कारबाही विवरण

सि.नं	विषय	लगत			फछ्यौंट						बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	सुरु सदर		उल्टी		फिर्ता, मुल्तवी, तामेली	जम्मा	
					कसूर कायम	सफाई	कसूर कायम	सफाई			
१	राज्य विरुद्ध	२०	६६	८६	१०	५१	१	०	०	६२	२४
२	सार्वजनिक शान्ति विरुद्ध	४१	३८	७९	१४	३२	०	०	०	४६	३३
३	सार्वजनिक न्याय विरुद्ध	१	५	६	१	२	१	१	०	५	१
४	सार्वजनिक हित, स्वास्थ्य,	१०	२२	३२	६	९	१	०	०	१६	१६
५	हातहतियार तथा खरखजाना	५०	९१	१४१	३०	२६	९	०	०	६५	७६
६	विष्फोटक पदार्थ	१५	३३	४८	१२	११	२	०	०	२५	२३
७	राष्ट्रिय तथा सार्वजनिक	५	१	६	०	१	०	०	०	१	५
८	धर्म सम्बन्धी कसुर	९	५	१४	०	७	०	०	०	७	७
९	भेदभाव तथा अपमानजन्य व्यवहार	३४	५७	९१	८	३४	१	०	०	४३	४८
१०	विवाह	३८१	४७७	८५८	१६४	२४१	२३	१६	१	४४५	४१३
११	ज्यान	७७१	१०३४	१८०५	३४४	५४४	८१	२१	५	९९५	८१०
१२	कुटपिट अंगभंग	४६	६२	१०८	१५	३३	२	१	०	५१	५७
१३	गैरकानूनी थुना	०	०	०	०	०	०	०	०	०	०
१४	व्यक्ति बेपत्ता पार्ने	०	३	३	०	२	०	०	०	२	१
१५	अपहरण वा शरीर बन्धक	७८	७४	१५२	२१	४६	५	३	०	७५	७७
१६	करणी	८५३	१६०३	२४५६	४७४	६४९	११९	५१	३	१२९६	११६०
१७	इलाज सम्बन्धी	१	०	१	०	०	०	०	०	०	१
१८	चोरी तथा डाँका	९८७	११८३	२१७०	६९९	३८५	३३	३	१	११२१	१०४९
१९	आर्थिक	९१८	६५८	१५७६	४०३	११२	१७	६	६	५४४	१०३२
२०	कीर्ते	९८	८२	१८०	२८	१८	४	४	२	५६	१२४
२१	आपराधिक प्रवेश	०	६	६	२	१	१	०	०	४	२
२२	आपराधिक उपद्रव	२९	३५	६४	८	१९	१	०	०	२८	३६
२३	पशुपक्षी	७	२१	२८	२	६	०	०	०	८	२०
२४	नागरिकता	३४	२४	५८	८	११	१	१	०	२१	३७
२५	प्रतिलिपि अधिकार	१	०	१	०	०	०	०	०	०	१
२६	प्रविधि सम्बन्धी	४९	६७	११६	४२	२०	३	३	०	६८	४८
२७	मानव बेचविखन	१४४	१४७	२९१	४०	७७	९	५	०	१३१	१६०
२८	राहदानी	१	१	२	०	०	०	०	०	०	२
२९	लागू औषध	९१८	१३०४	२२२२	७५७	३९९	८८	३३	०	१२७७	९४५
३०	सवारी ज्यान	४१७	५५९	९७६	३०७	१४४	४४	१४	०	५०९	४६७
३१	विविध	६६	४८	११४	१८	२९	४	०	०	५१	६३
जम्मा		५९८४	७७०६	१३६९०	३४१३	२९०९	४५०	१६२	१८	६९५२	६७३८

२. अनुसूची २ का मुद्दाको लगत, फछ्यौंट र कारबाहीको स्थिति

तालिका नं. ४१

उच्च सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची २ का मुद्दाहरूको विषयगत विवरण

सि.न.	विषय	लगत			फछ्यौंट						बाँकी
		गत वर्षको	यस वर्षको	जम्मा	सुरु सदर		उल्टी		फिर्ता, मुल्तवी, तामेली	जम्मा	
					कसुर	सफाई	कसुर	सफाई			
१	अध्यागमन	०	१	१	०	०	०	०	०	०	१
२	औषधि	२	७	९	१	०	०	०	०	१	८
३	खाद्य पदार्थ सम्बन्धी	१	१	२	१	०	०	०	०	१	१
४	पानी दुषित पार्ने	०	१	१	०	०	०	०	०	०	१
५	खाद्य ऐन अन्तर्गका	२	०	२	०	०	०	०	०	०	२
६	नाप तौल सम्बन्धी	१	१२	१३	३	१	०	१	०	५	८
७	राजश्व चुहावट	१२८	१००	२२८	१८	५	१	०	०	२४	२०४
८	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्त	३८	३९	७७	२३	६	२	२	०	३३	४४
९	विदेशी विनिमय	१६	२३	३९	३	५	१	०	०	९	३०
१०	वन	८९	१४५	२३४	५८	५४	६	३	०	१२१	११३
११	अन्य	११	८	१९	६	१	०	०	०	७	१२
जम्मा		२८८	३३७	६२५	११३	७२	१०	६	०	२०१	४२४

अनुसूची १ र २ का फौजदारी मुद्दाको विषयगत विस्तृत वर्गीकरण **अनुसूची १४** मा प्रस्तुत गरिएको छ ।

(ख) रिट निवेदन सम्बन्धी कार्य

नेपालको संविधानको धारा १४४(१) मा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुने व्यवस्था रहेको र न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१) मा उच्च अदालतलाई संविधानको धारा १४४(१) बमोजिम परेका निवेदनमा सुनुवाइ गरी आवश्यक उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरेको छ । उच्च अदालतमा दायर हुने यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्ने गर्दछन् । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका रिट निवेदनहरूको संख्या ३,२७६ रहेको छ । सो मध्ये यस आर्थिक वर्षमा दायर भएका रिट निवेदनहरू २,४१६ र गत वर्षबाट जिम्मेवारी सरी आएका निवेदनहरूको लगत ८६० थान रहेको देखिन्छ ।

यस आर्थिक वर्षको रिट निवेदनहरूको कुल लगत ३,२७६ मध्ये १,६४१ थान अर्थात् ५०.१० प्रतिशत फछ्यौंट भएको र बाँकी १,६३५ थान अर्थात् ४९.९० प्रतिशत रिट निवेदनहरू आगामी आर्थिक वर्षको लागि लगत सरी गएको देखिन्छ । आर्थिक वर्ष ०७५/०७६ मा ३,०२८, २०७६/०७७ मा १,८३९ यस आर्थिक वर्षमा १,६४१ रिट निवेदन फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका रिट निवेदनहरू मध्ये आर्थिक वर्ष २०७५/०७६ मा १,४३३ थान अर्थात् ४७.३२ प्रतिशत, २०७६/०७७ मा ९६८ थान अर्थात् ५२.६४ र यस आर्थिक वर्षमा ८८९ थान अर्थात् ५४.१७ प्रतिशत निवेदनहरू खारेज भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १३** मा प्रस्तुत गरिएको छ । रिट निवेदन सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४२

उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका रिट निवेदनहरूको तीन आ.व.को तुलनात्मक विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	रिट खारेज भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	रिट खारेज भएको	रिट जारी भएको	अन्य	जम्मा		
२०७५/०७६	१२१५	२८०२	४०१७	१४३३	१३१८	२७७	३०२८	९८९	४७.३२
२०७६/०७७	१०१०	२११०	३१२०	९६८	७७८	९३	१८३९	१२८१	५२.६४
२०७७/०७८	८६०	२४१६	३२७६	८८९	६२०	१३२	१६४१	१६३५	५४.१७

उच्च सरकारी वकील कार्यालयबाट सम्पादित रिट निवेदनको कारवाहीको स्तम्भ चित्र





(ग) अन्य निवेदन सम्बन्धी कार्य

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुपर्क्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाहीको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेश उपर पुनरावेदन सुन्ने अदालतमा

निवेदन दिन सकिने कानूनी व्यवस्था रहेको छ । यसरी अदालतमा निवेदन दायर गर्ने र यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्ने गर्दछन् । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका यस प्रकृतिका निवेदन तथा प्रतिवेदनहरूको लगत संख्या ४,००१ रहेको छ । यी निवेदनहरू मध्ये ३,३०५ थान अर्थात् ८२.६० प्रतिशत फछ्यौंट भएको र ६९६ थान अर्थात् १७.४० प्रतिशत बाँकी रहेको देखिन्छ । यस आ.व. मा फछ्यौंट भएका ३,३०५ थान निवेदनहरू मध्ये २,१११ थान अर्थात् ६३.८७ प्रतिशत निवेदनहरूमा जिकिर कायम भएको र १,१९३ थान अर्थात् ३६.१० प्रतिशत निवेदनहरूमा जिकिर नपुगेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १३** मा प्रस्तुत गरिएको छ । निवेदन सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४३

उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका निवेदनहरूको तीन आ.व.को विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	जिकिर पुगेको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	जिकिर पुगेको	जिकिर नपुगेको	अन्य	जम्मा		
२०७५/०७६	२९२	२७१६	३००८	१५९१	९४७	०	२५३८	४७०	६२.६९
२०७६/०७७	३५४	२८६१	३२१५	१६७२	८९६	०	२५६८	६४७	६५.११
२०७७/०७८	४८५	३५१६	४००१	२१११	११९३	१	३३०५	६९६	६३.८७

३.२ प्रतिवादी नखुलेका मुद्दामा निकासा दिने कार्य

समाजमा घटेका सबै अपराधिक घटनाहरूको सूचना प्रहरी वा अनुसन्धान अधिकारी समक्ष प्राप्त हुँदैन भने अनुसन्धान अधिकारी समक्ष सूचना प्राप्त भएका सबै घटनाहरू अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पुग्दैनन् । यसो हुनुमा कतिपय घटनाहरू आत्महत्या, भवितव्य प्रकृतिको हुनु, समयमा सूचना नभएको कारण अपराध सम्बन्धी प्रमाण लोप भएको कारण मुद्दा चलाउन पर्याप्त प्रमाणको अभाव हुनु, प्रहरीमा दायर भएका घटना वा वारदातहरू मध्ये कतिपयमा प्रतिवादी नखुल्नु र कतिपय घटनाहरू अनुसन्धानको क्रममा रहनु समेतका कारणले सबै घटनाहरूमा मुद्दा चल्ने स्थिति रहदैन । आत्महत्या प्रकृतिका वा प्रतिवादी नखुलेका घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालयहरूबाट तत्काल कोही कसै उपर मुद्दा नचलाउने राय साथ मिसिल सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय समक्ष निर्णयको लागि पठाइन्छ । त्यसरी प्राप्त मिसिलमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भएमा आफ्नो निर्णय साथ निकासाका लागि सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउने र उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार अन्तर्गत त्यस्ता घटना वा वारदात सम्बन्धी मिसिलमा मातहत कार्यालयको निर्णय जाँच गरी आवश्यक निकासा प्रदान गरे पश्चात त्यस्ता मिसिलहरूको टुंगो लाग्ने व्यवस्था छ । यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयबाट त्यसरी प्रतिवादी नखुलेका मुद्दामा निर्णय भएको संख्या ५,२०९ रहेको देखिन्छ । गत आर्थिक वर्षमा यस प्रकृतिको निर्णय संख्या ७,३१९ थान रहेको थियो । यस आ.व.मा प्रतिवादी नखुलेका मुद्दामा भएको निर्णयलाई विषयगत रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस सम्बन्धी कार्यालयगत विवरण **अनुसूची १७** मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४४

उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिवादी नखुलेका मुद्दामा निर्णय निकासाको तीन आ.व.को विवरण

आर्थिक वर्ष	विष खाएर	आगलागी	झुण्डिएर	हतियारबाट	करेन्ट लागेर	भिरपहिरोबाट लडेर	डुबेर	हाम फालेर	अन्य	जम्मा
२०७५/०७६	२४०७	३४८	६६३१	१०५	६९२	७८२	१६१७	३४८	४८६६	१७७९६
२०७६/०७७	९१०	८२	२७२८	२९	१८८	३२५	४६९	३२४	२२६४	७३१९
२०७७/०७८	५७०	५३	२१०८	३५	१८६	१९८	४११	१९	१६२९	५२०९

३.३ कानूनी राय सम्बन्धी कार्य

कानूनी राय प्रदान गर्नु उच्च सरकारी वकील कार्यालयको अर्को महत्वपूर्ण कार्य हो । उच्च सरकारी वकील कार्यालयबाट सरकारी कार्यालयहरूबाट कानूनी विषयमा राय मागेमा कानूनी राय प्रदान गरिन्छ । उच्च सरकारी वकील कार्यालयहरूबाट उपलब्ध गराएको कानूनी राय सल्लाहको विवरण **अनुसूची १८** मा दिइएको छ । यस आ.व. मा उच्च सरकारी वकील कार्यालयहरूबाट कुनै पनि कानूनी राय प्रदान नगरिएको देखिन्छ ।

३.४ मुद्दा नचलाउने निर्णय भई अन्तिम निकासाका लागि पठाइएका मुद्दाहरूको विवरण

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ का मुद्दाको तहकिकात पूरा भई मुद्दा चल्ने नचल्ने निर्णयका लागि सरकारी वकील समक्ष प्राप्त मिसिल कागज अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने नदेखेमा आधार र कारण सहित निर्णय गरी सम्बन्धित सरकारी वकीलले निकासाको लागि मिसिल कागज सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता समक्ष पेश गर्न सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाई निकासा भए वमोजिम गर्ने व्यवस्था छ । यसरी प्राप्त मिसिल अध्ययन गर्दा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारण सहितको निर्णय आदेश र मिसिल कागज सम्बन्धित सरकारी वकील कहाँ पठाई दिने र मुद्दा चलाउनु नपर्ने देखेमा आफ्नो आधार र कारण सहितको निर्णय र मिसिल कागज महान्यायाधिवक्ता समक्ष अन्तिम निकासाको लागि पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए वमोजिम गर्ने व्यवस्था छ ।

साथै राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित पेश हुन आएका मुद्दामा सो मुद्दा दायर हुने उच्च अदालतको भौगोलिक क्षेत्राधिकारभित्र पर्ने उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने व्यवस्था रहेको छ । सोही वमोजिम उच्च सरकारी वकील कार्यालय समक्ष आएका मिसिल तथा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताबाट भएको निर्णय सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस आर्थिक वर्षमा सुरु अभियोजनको निर्णय संख्या ७४, मुद्दा चलाउने भनी जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाएको संख्या १९, मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि पठाएको संख्या २३४ गरी मुद्दा चलाउने तथा नचलाउने निर्णय संख्या जम्मा ३२७ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १५** मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४५

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा चलाउने नचलाउने निर्णयको तीन आ.व.को विवरण

आर्थिक वर्ष	सुरु अभियोजनको निर्णय	मुद्दा चलाउने नचलाउने निर्णय		जम्मा
		चलाउने भनी फिर्ता	नचलाउने निर्णय गरी निकासाको	
२०७५/०७६		१८	१४७	१६५
२०७६/०७७		११	१८५	१९६
२०७७/०७८	७४	१९	२३४	३२७

३.५ उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको विवरण

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने गरी अन्तिम निकासा दिएको निर्णय संख्या ५,२०९ रहेको देखिन्छ । यसैगरी प्रतिवादी खुलेका मुद्दामा मुद्दा चलाउने निर्णय भएको संख्या ९३ र मुद्दा नचलाउने गरी भएको निर्णय संख्या २३४ रहेको देखिन्छ । त्यस्तै पुनरावेदन सम्बन्धी निर्णय भएको ८,०३० मध्ये पुनरावेदन गर्ने निर्णय संख्या ६,१९० र पुनरावेदन नगर्ने निर्णय संख्या ८४१ रहेको देखिन्छ । पुनरावेदन प्रस्तावहरू ७५९ मध्ये २९८ पुनरावेदन गर्ने प्रस्ताव र नगर्ने प्रस्ताव ४६१ रहेको देखिन्छ । दोहोऱ्याई पाउने निवेदन नगर्ने निर्णय संख्या ४,८९३ दोहोऱ्याई पाउने निवेदन मस्यौदा संख्या ३६६ रहेको देखिन्छ । यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ को निवेदन ४७ र बहस पैरवी र प्रतिरक्षा गरेको संख्या २४,४०३ रहेको तथा बयान बकपत्र गराएको संख्या ६५२ र कानूनी राय प्रदान गरेको संख्या ० गरी जम्मा सम्पादित कुल कार्य संख्या ४३,६८७ रहेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १५** मा प्रस्तुत गरिएको छ । उच्च सरकारी वकील कार्यालयबाट विगत तीन वर्षमा सम्पादित कार्यहरूको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.४६

उच्च सरकारी वकील कार्यालयहरूबाट सम्पादित समग्र काम कारबाहीको तीन आ.व.को विवरण

आर्थिक वर्ष	मुद्दा चल्ने नचल्ने निर्णय			पुनरावेदन प्रस्ताव		पुनरावेदन सम्बन्धी निर्णय		दो.पा. निवेदन नगर्ने निर्णय	दोहोऱ्याउने प्रस्ताव	दफा ७३ को निवेदन	बहस पैरवी संख्या	बयान/ बकपत्र गराएको संख्या	कानूनी राय प्रदान गरेको संख्या
	प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने	मुद्दा चलाउने निर्णय	मुद्दा नचलाउने निर्णय	गर्ने	नगर्ने	पुनरावेदन गर्ने निर्णय	पुनरावेदन नगर्ने निर्णय						
२०७५/०७६	१७७९६	१८	१४७	६८१	३८३	८५१९	३८३	६७४३	१४००	३२१४	२४८१८	७४८	१
२०७६/०७७	७३१९	११	१८५	४७४	३५४	६७५३	४४०	५७०६	१२०३	१४६६	२३६९१	९६३	२
२०७७/०७८	५२०९	९३	२३४	२९८	४६१	६१९०	८४१	४८९३	३६६	४७	२४४०३	६५२	०

३.६ उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावको विवरण

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय संख्या ४,८९३, मुद्दा दोहोऱ्याई पाउने निवेदन गर्ने प्रस्ताव ३६६ पेश भएको देखिन्छ । पुनरावेदन गर्न नपर्ने संख्या ४१० रहेको छ भने पुनरावेदन सम्बन्धी प्रस्तावमा संख्या ७५९ मध्ये पुनरावेदन गर्ने मस्यौदा प्रस्ताव २९८ र नगर्ने मस्यौदा प्रस्ताव ४६१ पेश भएको देखिन्छ । यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन प्रस्ताव संख्या १३४ र मुद्दा चल्ने नचल्ने प्रस्ताव संख्या २३४ भएको देखिन्छ । यसरी महान्यायाधिवक्ताको कार्यालयमा उच्च सरकारी वकील कार्यालयहरूबाट प्राप्त भएका प्रस्तावहरूको संख्या ६,३८६ रहेको र यस सम्बन्धी विस्तृत विवरण **अनुसूची १६** मा दिइएको छ । यस सम्बन्धी तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४७

उच्च सरकारी वकील कार्यालयहरूबाट पेश भएका प्रस्तावहरूको तीन आ.व.को एकमुष्ठ विवरण

आर्थिक वर्ष	दो.पा. निवेदन नगर्ने	मुद्दा दोहोऱ्याउने निवेदन			पुनरावेदन गर्न नपर्ने	पुनरावेदन सम्बन्धी प्रस्ताव			दफा ७३ को निवेदन	मुद्दा चल्ने नचल्ने प्रस्ताव	कुल जम्मा
		गर्ने प्रस्ताव	नगर्ने प्रस्ताव	जम्मा		पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	जम्मा			
२०७५/०७६	६७४३	१४००	०	१४००	६८२	६८१	३८३	१०६४	९८	१४७	९४५२
२०७६/०७७	५७०६	१२०३	०	१२०३	१०४७	४७४	३५४	८२८	१३७	१८५	८०५९
२०७७/०७८	४८९३	३६६	०	३६६	४१०	२९८	४६१	७५९	१३४	२३४	६३८६

४. उच्च सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा तथा अन्य सम्पादित कार्य समेतको तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आर्थिक वर्षको कुल सम्पादित कार्य सख्या ४०,५९० रहेको देखिन्छ । जसमध्ये कुल मुद्दाहरू १४,८७०, कुल रिट निवेदनहरू ३,२७६, कुल निवेदनहरू ४,००१, मुद्दा चल्ने नचल्ने निर्णय संख्या ३२७, पुनरावेदन मस्यौदा संख्या ६,१९०, प्रतिवादी नखुलेका मुद्दामा मुद्दा नचलाउने निर्णय संख्या ५,२०९, पुनरावेदन प्रस्ताव ७५९, दोहोऱ्याई पाउने निवेदन प्रस्ताव ३६६, दोहोऱ्याई पाउने निवेदन नगर्ने निर्णय संख्या ४,८९३, बयान/बकपत्र गराएको संख्या ६५२, कानूनी राय प्रदान गरेको संख्या ० र दफा ७३ बमोजिम पेश भएका निवेदन संख्या ४७ रहेको छ । सबै उच्च सरकारी वकील कार्यालयहरूको सरकारी वकीलहरूको दरबन्दी संख्या १११ र प्रति सरकारी वकील कार्यबोझ ३६५.६८ रहेको देखिन्छ । उच्च सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्यसमेतको लगतलाई विभाजन गर्दा प्रति सरकारी वकीलको कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४८

उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील तीन आ.व.को कार्यबोझ

सम्पादित कार्यहरु	कुल मुद्दा	कुल रिट निवेदन	कुल निवेदन	मुद्दा चल्ने नचल्ने निर्णय	पुनरावेदन मस्यौदा संख्या	प्रतिवादी नखुलेका मुद्दामा नचलाउने	पुनरावेदन प्रस्ताव	दो.पा. प्रस्ताव	दो.पा. निवेदन नगर्ने निर्णय	बयान, बकपत्र संख्या	कानूनी राय	दफा ७३ को निवेदन	कुल जम्मा	सरकारी वकील संख्या	प्रति-सरकारी वकील कार्यबोझ
२०७५/०७६	१५४०६	४०१७	३००८	१६५	७८३८	१७७९६	१०६४	१४००	६७४३	७४८	१	३२१४	६१४००	९८	६२६.५३
२०७६/०७७	१४८२४	३१२०	३२१५	१९६	६८०९	७३१९	८२८	१२०३	५७०६	९६३	२	१४६६	४५६५१	१११	४११.२७
२०७७/०७८	१४८७०	३२७६	४००१	३२७	६१९०	५२०९	७५९	३६६	४८९३	६५२	०	४७	४०५९०	१११	३६५.६८

यस आर्थिक वर्षमा उच्च सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दा, रिट तथा निवेदनहरूको लगत संख्या २२,१४७ लाई उच्च सरकारी वकील कार्यालयहरूमा तलब तथा भत्तामा खर्च भएको रकम रु. १०,७८,४२,५३४.३३ र ती कार्यालयहरूको प्रति मुद्दा खर्च रु. ४,८६९.४० पर्ने देखिन्छ ।

तालिका नं. ४९

उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत (मुद्दा, रिट, निवेदनसमेत)	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
उच्च सरकारी वकील कार्यालयहरु	२२१४७	१०७८४२५३४.३३	४८६९.४०	

यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता र कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गरी प्रति सम्पादित कार्य इकाईमा भएको खर्चको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा देश भरीका उच्च सरकारी वकील कार्यालयहरूको यस आ.व.को जम्मा सम्पादित कार्य ४०,५९० र उच्च सरकारी वकील कार्यालयहरूमा कुल खर्च भएको रकम रु. २२,२४,९८,४९९.०० र ती कार्यालयहरूमा प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. ५,४८१.६१ पर्ने देखिन्छ ।

तालिका नं. ५०

उच्च सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको खर्च रकम

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.	कैफियत
उच्च सरकारी वकील कार्यालयहरु	४०५९०	२२२४९८४९९.००	५४८१.६१	

परिच्छेद - चार

विशेष सरकारी वकील कार्यालय

१. गठन

महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत काठमाडौं उपत्यकामा रहने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०।०७।२५ को निर्णयबाट विशेष सरकारी वकील कार्यालयको स्थापना भएको हो । उक्त कार्यालयबाट विशेष अदालत काठमाडौं, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौं, प्रशासकीय अदालत तथा उच्च अदालत पाटनमा रहेको वाणिज्य इजलासबाट सुनुवाइ हुने सरकार वादी मुद्दाहरूमा बहस पैरवी तथा प्रतिरक्षा गर्ने कार्य हुँदै आएको छ । यस कार्यालयमा सहन्यायाधिवक्ताको नेतृत्वमा अन्य सरकारी वकील तथा कर्मचारी रहने व्यवस्था गरिएको छ ।

२. विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार

मिति २०७८।०१।१३ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने तथा वैदेशिक रोजगार ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि अनुसन्धान प्रतिवेदनसहित विशेष सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल सो कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ । यसैगरी सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम १७ बमोजिम विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई कार्यसम्पादनको सिलसिलामा देहाय बमोजिम काम, कर्तव्य र अधिकार रहेको छ :

१. विशेष सरकारी वकील कार्यालयलाई अभियोजन गर्न अधिकार भएका मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय र तत्सम्बन्धी कार्य गर्ने,
२. उच्च अदालत पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजश्व न्यायाधिकरण, काठमाडौं र अन्य अड्डा अदालतमा सुनुवाइ हुने नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा बहस पैरवी गर्ने,
३. उच्च अदालत पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजश्व न्यायाधिकरण, काठमाडौंबाट भएका आदेश वा फैसला उपर निवेदन, पुनरावेदन गर्नु पर्ने भएमा मस्यौदा सहित महान्यायाधिवक्ताको कार्यालयमा पठाउने,
४. अन्य कार्यहरू महान्यायाधिवक्ताको कार्यालयले तोके बमोजिम गर्ने ।

३. विशेष सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

३.१ मुद्दा तथा रिट निवेदनमा बहस पैरवी र प्रतिरक्षा सम्बन्धी कार्य

विशेष सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताबाट कार्यसम्पादन गर्न दिएको निर्देशन बमोजिम विशेष अदालत, काठमाडौं, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं, राजश्व न्यायाधिकरण, काठमाडौं, उच्च अदालत पाटनमा वाणिज्य इजलासबाट हेरिने मुद्दाहरूमा बहस पैरवी र प्रतिरक्षा गर्ने गर्दछ । यस आर्थिक वर्षमा विशेष

सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५१

विशेष सरकारी वकील कार्यालय, काठमाडौंबाट मुद्दा तथा रिट निवेदन सम्बन्धी सम्पादित कार्यको विवरण

विषय		लगत			फछ्यौंट				बांकी	कसूर ठहर, रिट खारेज
		गत वर्षको	यस वर्षको	जम्मा	कसूर कायम, रिट खारेज	सफाइ, रिट जारी	अन्य	जम्मा		
मुद्दा	अनुसूची १ का	२७७९	१८६१	४६४०	२०९३	४७	०	२१४०	२५००	९७.८०
	अनुसूची २ का	९४६	३०७	१२५३	२०७	१८५	०	३९२	८६१	५२.८१
	प्रतिरक्षा गरिएका	३९४	२१८	६१२	१००	५०	०	१५०	४६२	६६.६७
	जम्मा	४११९	२३८६	६५०५	२४००	२८२	०	२६८२	३८२३	८९.४९

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको एकमुष्ठ लगत ६,५०५ रहेकोमा २,६८२ थान मुद्दा फछ्यौंट भई ३,८२३ थान मुद्दा तथा निवेदन बाँकी रहेको देखिन्छ । फछ्यौंट भएका मुद्दा मध्ये २,४०० थान अर्थात् ८९.४९ थान मुद्दामा कसूर कायम भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २३** मा दिइएको छ ।

३.२ अभियोजन सम्बन्धी कार्य

संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार मध्ये विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये काठमाडौं उपत्यकामा अभियोजन गरिने सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र वैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । सो बमोजिम यस आर्थिक वर्षमा २,०५४ थान मुद्दामा २,१३८ जना प्रतिवादी उपर मुद्दा चलाउने निर्णय भएको देखिन्छ । यस सम्बन्धी विवरण **अनुसूची २६** मा दिइएको छ ।

३.३ विशेष सरकारी वकील कार्यालयबाट सम्पादित समग्र काम कारबाहीको विवरण

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा सम्पादन भएका समग्र काम कारबाहीको एकमुष्ठ विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस कार्यालयबाट अनुसन्धान गर्न दिएको निर्देशन संख्या ०, बयान गराएको प्रतिवादी संख्या १०५, मुद्दा चलाउने निर्णय संख्या २,०५४, मुद्दा नचलाउने संख्या ७८, पुनरावेदन गर्ने/नगर्ने प्रस्ताव संख्या १७५, अभियोगपत्र दायर संख्या १,९२४, दफा ७३ बमोजिमको निवेदन सम्बन्धी ०, बहस पैरवी संख्या २,५६७, बकपत्र गराएको संख्या २,३६२ गरी जम्मा समग्र सम्पादित कार्य ९,२६५ रहेको देखिन्छ । यस सम्बन्धी विवरण **अनुसूची २४** मा दिइएको छ ।

तालिका नं. ५२

विशेष सरकारी वकील कार्यालयबाट सम्मादित काम कारबाहीको विवरण

निर्देशन दिएको संख्या	बयान संख्या	अभियोजन संख्या	मुद्दा नचलाउने	पुनरावेदन प्रस्ताव संख्या	अभियोगपत्र संख्या	दफा ७३ को निवेदन	बहस संख्या	बकपत्र संख्या	जम्मा
०	१०५	२०५४	७८	१७५	१९२४	०	२५६७	२३६२	९२६५

३.४ विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावको विवरण

विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा सम्पादन भएका प्रस्ताव सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार सफल भएकोले पुनरावेदन गर्न नपर्ने संख्या २,२२८ रहेको छ भने पुनरावेदन सम्बन्धी प्रस्तावमा संख्या १७५ मध्ये पुनरावेदन गर्ने मस्यौदा प्रस्ताव ७३ र नगर्ने प्रस्ताव १०२ रहेको देखिन्छ । यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदन गर्ने प्रस्ताव संख्या ० र मुद्दा चल्ने नचल्ने निर्णय संख्या ७८ भएको देखिन्छ । यसरी महान्यायाधिवक्ताको कार्यालयमा विशेष सरकारी

वकील कार्यालयबाट प्राप्त भएका प्रस्तावहरूको संख्या १७५ रहेको र यस सम्बन्धी विस्तृत विवरण **अनुसूची २५** मा दिइएको छ ।

तालिका नं. ५३

विशेष सरकारी वकील कार्यालयबाट पेश भएका प्रस्तावहरूको एकमुष्ठ विवरण

पुनरावेदन सम्बन्धी प्रस्ताव		जम्मा	सफल भएकोले पुनरावेदन गर्नु नपर्ने	दफा ७३ को निवेदन प्रस्ताव	मुद्दा नचल्ने निर्णय	जम्मा
गर्ने	नगर्ने प्रस्ताव					
७३	१०२	१७५	२२२८	०	७८	२४८१

३.५ विशेष सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

विशेष सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्या र मुद्दा तथा अन्य सम्पादित कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा विशेष सरकारी वकील कार्यालयको यस आर्थिक वर्षको कुल सम्पादित कार्य १३,२०३ रहेको देखिन्छ । जसमध्ये मुद्दा ६,५०५, अनुसन्धानको क्रममा निर्देशन दिएको संख्या ०, अभियोजनको निर्णय २,०५४, मुद्दा नचल्ने प्रस्ताव संख्या ७८, अभियोगपत्र दायर संख्या १,९२४, पुनरावेदन प्रस्ताव १७५, बयान गराएको संख्या १०५, बकपत्र गराएको संख्या २,३६२ र दफा ७३ बमोजिमको निवेदन संख्या ० रहेको छ । विशेष सरकारी वकील कार्यालयको सरकारी वकीलहरूको दरबन्दी संख्या २० र प्रति सरकारी वकील कार्यबोझ ६६०.१५ रहेको देखिन्छ ।

तालिका नं. ५४

विशेष सरकारी वकील कार्यालयमा प्रति-सरकारी वकील कार्यबोझ

मुद्दा	निर्देशन संख्या	अभियोजन को निर्णय	मुद्दा नचल्ने प्रस्ताव	अभियोगपत्र संख्या	पुनरावेदन प्रस्ताव	दफा ७३ को निवेदन	बयान संख्या	बकपत्र संख्या	जम्मा	सरकारी वकील संख्या	प्रति सरकारी वकील कार्यबोझ
६५०५	०	२०५४	७८	१९२४	१७५	०	१०५	२३६२	१३२०३	२०	६६०.१५

आर्थिक वर्ष २०७७/०७८ मा विशेष सरकारी वकील कार्यालयबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई हेर्दा यस आ.व.को कुल मुद्दाहरूको लगत संख्या ६,५०५ लाई विशेष सरकारी वकील कार्यालयमा तलब तथा भत्तामा खर्च भएको रकम रु. १,५०,२३,३६९.३६ र ती कार्यालयहरूको प्रति मुद्दा खर्च रु. २,३०९.५१ पर्ने देखिन्छ ।

तालिका नं. ५५

विशेष सरकारी वकील कार्यालयमा प्रति-मुद्दामा तलब भत्तामा खर्च भएको रकमको विवरण

कार्यालय	कुल मुद्दाको लगत (मुद्दा, रिटहरु तथा निवेदन)	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा खर्च रकम रु.	कैफियत
वि.स.व. कार्यालय १	६५०५	१५,०२३,३६९.३६	२३०९.५१	

यस आर्थिक वर्षमा मुद्दा र अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता र कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गरी प्रति सम्पादित कार्य इकाईमा भएको खर्चको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ उक्त तथ्याङ्कलाई हेर्दा विशेष सरकारी वकील कार्यालयको यस आ.व.को जम्मा सम्पादित कार्य १३,२०३ र विशेष सरकारी वकील कार्यालयहरूमा कुल खर्च भएको रकम रु. ३,२७,४१,३३५.०९ र यस कार्यालयमा प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु. २,४७९.८४ पर्ने देखिन्छ ।

तालिका नं. ५६

विशेष सरकारी वकील कार्यालयमा प्रति-सम्पादित कार्यमा भएको खर्च रकम

कार्यालय	जम्मा सम्पादित कार्य	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.	कैफियत
वि.स.व. कार्यालय १	१३२०३	३२७४१३३५.०९	२४७९.८४	

परिच्छेद - पाँच

जिल्ला सरकारी वकील कार्यालय

१. गठन

न्याय प्रशासन ऐन, २०७३ को दफा ३ मा प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत रहने व्यवस्था छ । जिल्ला अदालतको मुकाम रहेको स्थानमा जिल्ला सरकारी वकील कार्यालय रहने व्यवस्था सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम (९) मा गरिएको छ । नेपाल सरकार वादी हुने फौजदारी तथा देवानी मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्ने, मुद्दा चलाउने निर्णय भएकोमा सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने, नेपाल सरकारको सरोकार पर्ने मुद्दामा नेपाल सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने, जिल्ला स्थित नेपाल सरकारका कार्यालयलाई कानूनी राय प्रदान गर्ने लगायतका कार्य जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलको जिम्मेवारी अन्तर्गत पर्दछ ।

जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंमा नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्रांकित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा सोही सेवा समूहका राजपत्रांकित द्वितिय श्रेणीको जिल्ला न्यायाधिवक्ताहरू तथा राजपत्रांकित तृतीय श्रेणीका सहायक जिल्ला न्यायाधिवक्ताहरूले सरकारी वकीलका हैसियतमा कार्य सम्पादन गर्दछन् । अन्य ७६ वटा जिल्ला सरकारी वकील कार्यालयहरूमा नेपाल न्याय सेवा, सरकारी वकील समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका जिल्ला न्यायाधिवक्ताको नेतृत्वमा सोही सेवा समूहका राजपत्रांकित तृतीय श्रेणीका सहायक जिल्ला न्यायाधिवक्ताहरूले सरकारी वकीलको हैसियतमा कार्य सम्पादन गर्दछन् । यी कार्यालयहरूमा सरकारी वकीलको कार्य सम्पादनमा सहयोग गर्न तथा प्रशासनिक एवम् आर्थिक लगायतका अन्य कार्य सम्पादन गर्न सहायक कर्मचारीहरूको प्रबन्ध रहेको छ । जिल्ला सरकारी वकील कार्यालयहरूको दरबन्दीलाई अनुसूची ४५ मा प्रस्तुत गरिएको छ ।

२. जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलको काम, कर्तव्य र अधिकार

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम १९ र २० अनुसार जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

१. नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धान अधिकारीबाट अनुसन्धान, तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएकोमा सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने,
२. नेपाल सरकार वादी भई दायर भएका मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा, अदालतमा उपस्थित भै बहस पैरवी र प्रतिरक्षा गर्ने,
३. सम्बन्धित जिल्लामा रहेका नेपाल सरकारको कार्यालयका प्रमुखले मागेको कानूनी प्रश्नमा राय दिने,
४. मुद्दा हेर्ने अधिकारी वा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने वा नगर्ने सम्बन्धी आवश्यक काम कारबाही गर्ने,
५. कार्यालय प्रमुखको हैसियतमा काम गर्ने सरकारी वकीलले प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएको अधिकार बमोजिमको काम कारबाही गर्ने ।

३. जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादित कामको विवरण

जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा सम्पादन भएका कार्यहरूलाई देहाय बमोजिम विवेचना गरिएको छ :

३.१ मुद्दा सम्बन्धी कार्य

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य निकायमा अभियोगपत्र, निवेदन वा उजुरी दायर गरी बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दाहरूको विषयगत विवरणलाई एकमुष्ठ रूपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय र अन्य न्यायिक निकायहरूमा अभियोगपत्र दायरी तथा बहस पैरवी प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको कुल संख्या ५७,४२८ रहेको छ । सो मध्ये २३,९५९ थान अर्थात् ४१.७२ प्रतिशत मुद्दा फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये १८,५४१ थान अर्थात् ७७.३९

प्रतिशत मुद्दामा कसूर ठहर / रिट खारेज भएको छ । ५,१०६ थान अर्थात् २१.३१ प्रतिशत मुद्दामा सफाइ/रिट जारी भएको देखिन्छ । ३१२ थान अर्थात् १.३० प्रतिशत मुद्दा फिर्ता लिएको, मुल्तवी रहेको, तामेली रहेको आधारमा फछ्यौंट भएको तथ्याङ्कबाट देखिन्छ ।

तालिका नं. ५७

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस, पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको लगत फछ्यौंट विवरण

मुद्दा हेर्ने निकाय तथा मुद्दाको प्रकृति		लगत			फछ्यौंट					बाँकी	कसूर ठहर, निवेदन खारेज प्रतिशत
		गत वर्ष	यस वर्ष	जम्मा	कसूर ठहर, रिट खारेज	सफाइ , रिट जारी	मुल्तवी	अन्य	जम्मा		
अनुसूची १ का मुद्दा	जिल्ला अदालततर्फ फौजदारी	१५८७९	१७४५३	३३३३२	८९९६	४५३८	२३२	४२	१३८०८	१९५२४	६५.१५
	जिल्ला अदालततर्फ देवानी	०	०	०	०	०	०	०	०	०	#DIV/0!
	जिल्ला प्रशासन कार्यालयमा	११७७२	७८६०	१९६३२	८४६४	२३०	०	१	८६९५	१०९३७	९७.३४
	अन्य निकायमा	२	४	६	०	०	०	०	०	६	#DIV/0!
	जम्मा	२७६५३	२५३१७	५२९७०	१७४६०	४७६८	२३२	४३	२२५०३	३०४६७	७७.५९
अनुसूची २ का मुद्दा		१५०९	१२४०	२७४९	७४८	१५५	१	१९	९२३	१८२६	८१.०४
अनुसूची १ र २ का मुद्दाको जम्मा		२९१६२	२६५५७	५५७१९	१८२०८	४९२३	२३३	६२	२३४२६	३२२९३	७७.७३
पुनरावेदन		२९५	२३०	५२५	९४	८९	०	०	१८३	३४२	५१.३७
प्रतिरक्षा		२९६	१७७	४७३	७७	१०	१	२	९०	३८३	८५.५६
रिट निवेदन		३५४	३५७	७११	१६२	८४	१	१३	२६०	४५१	६२.३१
कुल जम्मा		३०१०७	२७३२१	५७४२८	१८५४१	५१०६	२३५	७७	२३९५९	३३४६९	७७.३९

उल्लिखित तालिका अनुसार यस आर्थिक वर्षमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ का फौजदारी मुद्दा अन्तर्गत जिल्ला अदालतमा लगत रहेका ३३,३३२ थान मुद्दाहरू मध्ये जम्मा १३,८०८ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । यसरी फछ्यौंट भएका मुद्दाहरू मध्ये ८,९९६ थान अर्थात् ६५.१५ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालयमा लगत रहेका १९,६३२ थान मुद्दाहरू मध्ये १०,९३७ थान मुद्दा फछ्यौंट भएको देखिन्छ । यसरी फछ्यौंट भएका मुद्दाहरू मध्ये ८,४६४ थान अर्थात् ९७.३४ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी अन्य निकायतर्फ लगत रहेका ६ थान मुद्दाहरू मध्ये कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ का मुद्दातर्फ २,७४९ लगत भएकोमा ९२३ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये ७४८ थान अर्थात् ८१.०४ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी जिल्ला अदालतमा पुनरावेदन गरिएका मुद्दातर्फ ५२५ थान मुद्दाको लगत भएकोमा १८३ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये ९४ थान अर्थात् ५१.३७ प्रतिशत मुद्दामा पुनरावेदन दाबी पुगेको देखिन्छ । प्रतिरक्षा गरिएका मुद्दातर्फ ४७३ लगत भएकोमा ९० थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये ७७ थान अर्थात् ८५.५६ प्रतिशत मुद्दामा बादीको दाबी नपुगेको देखिन्छ । रिट निवेदन तर्फ ७११ लगत भएकोमा २६० थान निवेदन फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदन मध्ये १६२ थान अर्थात् ६२.३१ प्रतिशत निवेदन खारेज भएको देखिन्छ । यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनहरूको लगत संख्या ५७,४२८ रहेकोमा २३,९५९ फछ्यौंट भई ३३,४६९ बाँकी रहेको देखिन्छ । फछ्यौंट मुद्दा तथा निवेदन मध्ये १८,५४१ अर्थात ७७.३९ प्रतिशत कसूर ठहर/निवेदन खारेज भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका मुद्दा तथा निवेदनको कारबाही सम्बन्धी वृत्तचित्र



यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी एवं प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत तथा फछ्यौंट विवरणलाई विगत आर्थिक वर्षहरूको तथ्याङ्कसँग तुलना गर्न मुद्दाहरूको लगत तथा फछ्यौंट विवरणलाई छुट्टाछुट्टै शीर्षक अन्तर्गत निम्न अनुसार विवेचना गरिएको छ ।

(क) अनुसूची १ का फौजदारी मुद्दा :- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा उल्लेखित कसूर सम्बन्धी मुद्दा र छुट्टाछुट्टै विषयमा बनेका ऐनले अनुसूची १ अन्तर्गत पर्ने भनी तोकिएका कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भई सरकारी वकीलबाट दायर गरिन्छ । यस्ता मुद्दाहरूमा अनुसन्धान अधिकारीले अनुसन्धान कार्य पूरा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा राय सहितको अनुसन्धान प्रतिवेदन पठाउँछन् । सम्बन्धित जिल्लाका सरकारी वकीलले महान्यायाधिवक्ताद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने/नचलाउने निर्णय गर्दछन् ।

सरकारी वकीलद्वारा मुद्दा चलाउने निर्णय भएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ अन्तर्गतका मुद्दाहरू नेपाल सरकारको तर्फबाट जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा कानूनले तोकेका अन्य निकायमा दायर गरिन्छ र ती मुद्दाहरूमा वादी नेपाल सरकारको तर्फबाट साक्षी प्रमाणको प्रस्तुती, बहस पैरवी एवं प्रतिनिधित्व सरकारी वकीलबाट हुन्छ । यसरी दायर भएका मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विवरण **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ । नेपाल सरकार वादी भई चलाइएका अनुसूची-१ का फौजदारी मुद्दाहरूको यस आर्थिक वर्षको लगत फछ्यौंट र बाँकी विवरणलाई विगत आर्थिक वर्षको विवरणसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५८

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका अनुसूची १ का फौजदारी मुद्दाहरूको तीन आ.व.को तुलनात्मक विवरण

आर्थिक वर्ष	निकाय/कार्यालय	लगत			फछ्यौंट					बाँकी	कसुर ठहर भएको प्रतिशत
		गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाइ भएको	मुल्तवी	अन्य	जम्मा		
२०७५/०६	अदालतमा	७८०१	१७८६८	२५६६९	९६७१	४४३१	२१८	४०	१४३६०	११३०९	६७.३५
	जिल्ला प्रशासन	९०८५	११५२५	२०६१०	१००५५	२३७	०	८	१०३००	१०३१०	९७.६२
	अन्य निकायमा	०	५	५	३	२	०	०	५	०	६०.००
	जम्मा	१६८८६	२९३९८	४६२८४	१९७२९	४६७०	२१८	४८	२४६६५	२१६१९	७९.९९
२०६/०७	अदालतमा	११२०४	१६८४६	२८०५०	८३४८	३४४८	१८२	५६	१२०३४	१६०१६	६९.३७
	जिल्ला प्रशासन	१०१९८	११७८९	२१९८७	९७७७	३९१	१	७	१०१७६	११८११	९६.०८
	अन्य निकायमा	०	२	२	०	०	०	०	०	२	
	जम्मा	२१४०२	२८६३७	५००३९	१८१२५	३८३९	१८३	६३	२२२१०	२७८२९	८१.६१
२०७/०८	अदालतमा	१५८७९	१७४५३	३३३३२	८९९६	४५३८	२३२	४२	१३८०८	१९५२४	६५.१५
	जिल्ला प्रशासन	११७७२	७८६०	१९६३२	८४६४	२३०	१	०	८६९५	१०९३७	९७.३४
	अन्य निकायमा	२	४	६	०	०	०	०	०	६	
	जम्मा	२७६५३	२५३१७	५२९७०	१७४६०	४७६८	२३३	४२	२२५०३	३०४६७	७७.५९

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका अनुसूची-१ का फौजदारी मुद्दाहरूको स्तम्भ चित्र



जिल्ला अदालततर्फ आर्थिक वर्ष २०७५/०७६ मा १७,८६८ थान दायरी, गत वर्षको ७,८०१ थान मुद्दा समेत गरी जम्मा लगत २५,६६९ रहेको थियो । आर्थिक वर्ष २०७६/०७७ मा १६,८६४ थान दायरी, गत वर्षको ११,२०४ थान मुद्दा समेत गरी जम्मा लगत २८,०५० रहेको थियो भने यस आर्थिक वर्षमा १७,४५३ थान दायरी, गत वर्षको १५,८७९ थान मुद्दा समेत गरी जम्मा लगत ३३,३३२ रहेको छ । जिल्ला प्रशासन कार्यालयमा आर्थिक वर्ष २०७५/०७६ मा ११,५२५ दायरी, गत वर्षको ९,०८५ समेत गरी जम्मा लगत २०,६१० थान रहेको थियो । आर्थिक वर्ष २०७६/०७७ मा ११,७८९ दायरी, गत वर्षको १०,१९८ समेत गरी जम्मा लगत २१,९८७ थान रहेको थियो भने यस आर्थिक वर्षमा ७,८६० दायरी गत वर्षको ११,७७२ समेत गरी जम्मा लगत १९,६३२ थान रहेको देखिन्छ । यसैगरी अन्य निकायतर्फ आर्थिक वर्ष २०७५/०७६ मा ५ थान, २०७६/०७७ मा २ थान र यस आर्थिक वर्षमा ६ थान लगत रहेको देखिन्छ ।

मुद्दाको फछ्यौंट स्थितिलाई हेर्ने हो भने जिल्ला अदालततर्फ आर्थिक वर्ष २०७५/७६ मा १४,३६० थान अर्थात् ५५.९४ प्रतिशत, आर्थिक वर्ष २०७६/७७ मा १२,०३४ थान अर्थात् ४२.९० प्रतिशत र यस आर्थिक वर्षमा १३,८०८ थान अर्थात् ४१.४३ प्रतिशत फछ्यौंट भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालयतर्फ आर्थिक वर्ष २०७५/०७६ मा १०,३०० थान अर्थात् ४९.९८ प्रतिशत, २०७६/०७७ मा १०,१७६ थान अर्थात् ४६.२८ प्रतिशत र यस आर्थिक वर्षमा ८,६९५ थान अर्थात् ४४.२७ प्रतिशत फछ्यौंट भएको देखिन्छ । यसैगरी अन्य निकायतर्फ २०७५/०७६ मा ५ थान फछ्यौंट भएकोमा आर्थिक वर्ष २०७६/०७७ र यस आर्थिक वर्षमा कुनै मुद्दा फछ्यौंट नभएको देखिन्छ ।

उक्त तालिकाको तथ्याङ्कलाई समग्र रूपमा विश्लेषण गर्दा फछ्यौंट भएका मुद्दाहरू मध्ये अदालततर्फ आर्थिक वर्ष २०७५/०७६ मा ६७.३५ प्रतिशत, २०७६/०७७ मा ६९.३७ प्रतिशत र यस आर्थिक वर्षमा ६५.१५ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालयमा आर्थिक वर्ष २०७५/०७६ मा ९७.६२ प्रतिशत, २०७६/०७७ मा ९६.०८ प्रतिशत र यस आर्थिक वर्षमा ९७.३४ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ । यसैगरी अन्य निकायतर्फ २०७५/०७६ मा ६०.०० प्रतिशत र पछिल्ला दुई आर्थिक वर्षमा कुनै मुद्दा फछ्यौंट नभएको देखिन्छ ।

यस आर्थिक वर्षमा अनुसूची १ का फौजदारी मुद्दाहरूमा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य निकाय सबैको समष्टिगत अध्ययन गर्दा दायरी २५,३१७ र गत वर्षको जिम्मेवारी २७,६५३ समेत जम्मा लगत ५२,९७० रहेकोमा २२,५०३ थान मुद्दा फछ्यौंट भई ३०,४६७ मुद्दा बाँकी रहेको देखिन्छ । फछ्यौंट भएका मुद्दा मध्ये १७,४६० अर्थात् ७७.५९ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । गत आर्थिक वर्ष २०७६/०७७ मा दायरी २८,६३७ र गत वर्षको जिम्मेवारी २१,४०२ समेत जम्मा लगत ५०,०३९ रहेकोमा २२,२१० थान मुद्दा फछ्यौंट भई २७,८२९ मुद्दा बाँकी रहेको देखिन्छ । फछ्यौंट भएका मुद्दा मध्ये १८,१२५ अर्थात् ८१.६१ प्रतिशत मुद्दामा कसूर कायम भएको थियो । प्रस्तुत तथ्याङ्क अनुसार गत आर्थिक वर्षको तुलनामा यस अर्थिक वर्षमा अनुसूची १ का मुद्दाहरूको दायरी संख्यामा केही कम भएको देखिन्छ ।

(ख) अनुसूची २ का फौजदारी मुद्दा :- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ मा उल्लेख भएका नेपाल सरकार वादी हुने मुद्दामा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गरे पश्चात सरकारी वकीलले अभियोजनको निर्णय गरी मुद्दा चलाउने निर्णय भएमा सरकारी

वकीलले नै अदालत वा अन्य निकायमा अभियोगपत्र दायर गर्दछन । तर कानूनमा अभियोगपत्र दायर गर्ने अन्य अधिकारी तोकिएको मुद्दामा भने अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गरे पछि सरकारी वकीलबाट अभियोजनको निर्णय पश्चात कानूनले तोकेको अधिकारीले अदालत तथा अन्य निकायमा अभियोगपत्र दायर गर्दछ । यी मुद्दामा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्ने कानूनी व्यवस्था छ । यस्ता मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ । सम्पूर्ण जिल्ला सरकारी वकील कार्यालयहरूद्वारा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची-२ का सरकार वादी मुद्दाहरूको यस आर्थिक वर्षको लगत, फछ्यौंट र बाँकी विवरणलाई विगत तीन आर्थिक वर्षहरूको लगत फछ्यौंटसँग तुलना गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५९

जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी गरिएका अनुसूची-२ का मुद्दाहरूको तीन आ.व.को तुलनात्मक लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	कसुर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाई भएको	अन्य	जम्मा		
२०७५/०७६	११७८	११५४	२३३२	९१६	९६	३	१०१५	१३१७	९०.२५
२०७६/०७७	१२३२	१०१८	२२५०	६१२	७७	५२	७४१	१५०९	८२.५९
२०७७/०७८	१५०९	१२४०	२७४९	७४८	१५५	२०	९२३	१८२६	८१.०४

जिल्ला सरकारी वकील कार्यालयबाट बहस पैरवी गरिएका गरिएका अनुसूची २ का मुद्दाहरूको कारवाहीको स्तम्भ चित्र





उल्लेखित तथ्याङ्क अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका अनुसूची-२ का मुद्दाहरूको लगत संख्याको विश्लेषण गर्दा २०७५/०७६ मा २,३३२, २०७६/०७७ मा २,२५० र यस आर्थिक वर्षमा २,७४९ रहेको देखिन्छ । सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरी फछ्यौंट भएका मुद्दाहरूको विश्लेषण गर्दा २०७५/०७६ मा ४२.५२ प्रतिशत, २०७६/०७७ मा ३२.९३ प्रतिशत र यस आर्थिक वर्षमा ३३.५८ प्रतिशत रहेको देखिन्छ । सरकारी वकीलबाट प्रतिरक्षा गरी फछ्यौंट भएका मुद्दाहरू मध्ये कसूर ठहर वा दाबी कायम भएका मुद्दाको स्थितिलाई हेर्दा २०७५/०७६ मा ९०.२५, २०७६/०७७ मा ८२.५९ प्रतिशत र यस आर्थिक वर्षमा ८१.०४ प्रतिशत मुद्दामा कसूर ठहर वा दाबी कायम भएको देखिन्छ ।

(ग) सरकार वादी देवानी मुद्दा :- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची २८ मा उल्लेखित देवानी मुद्दा र प्रचलित कानूनमा सरकार (नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह) वादी हुने भनिएको देवानी मुद्दाहरू तोकिएको अधिकारीले जाँचबुझ गरी राय सहित मुद्दा चल्ने नचल्ने निर्णयको लागि सरकारी वकील समक्ष पठाउने र सरकारी वकीलले मुद्दा चलाउनु पर्ने देखेमा निर्णय गरी सम्बन्धित अदालत तथा अन्य निकायमा मुद्दा दायर गर्ने व्यवस्था छ । सरकार वादी भई चलाइएका यस्ता देवानी मुद्दाहरूको यस आर्थिक वर्षको लगत फछ्यौंट विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस्ता मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६०

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका सरकार वादी देवानी मुद्दाहरूको तीन आ.व.को लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	दावी कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	दावी कायम भएको	दावी कायम हुन नसकेको	अन्य	जम्मा		
२०७५/०७६	१४	०	१४	२	०	०	२	१२	१००.००
२०७६/०७७	१	०	१	०	०	०	०	१	
२०७७/०७८	०	०	०	०	०	०	०	०	

सरकार वादी हुने देवानी मुद्दाहरूको स्थिति हेर्दा आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत १४ रहेको थियो । आर्थिक वर्ष २०७६/०७७ मा जम्मा लगत १ रहेको थियो । यस आर्थिक वर्षमा कुनै लगत नरहेको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये २०७५/०७६ मा सत प्रतिशत र विगत दुई आर्थिक वर्षमा कुनै पनि मुद्दा फछ्यौंट नभएको देखिन्छ ।

(घ) प्रतिरक्षा गरिएका रिट निवेदन :- नेपालको संविधानको धारा १५१ को उपधारा (१) र न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (२) मा जिल्ला अदालतलाई आफ्नो क्षेत्र भित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकतानुसार बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार प्रदान गरेको छ । जिल्ला अदालतमा दायर हुने यस्ता निवेदनहरूमा नेपाल सरकार, सरकारी निकाय वा पदाधिकारीहरूको तर्फबाट सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्दछन् । आर्थिक वर्ष २०७५/०७६ मा प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या ९७४ रहेकामा ४५१ थान निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदनहरू मध्ये १५१ अर्थात् ३३.४८ प्रतिशत निवेदन खारेज भएको देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या ७६९ रहेकामा २४० थान निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदनहरू मध्ये १४१ अर्थात् ५८.७५ प्रतिशत निवेदन खारेज भएको देखिन्छ । यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका रिट निवेदनहरूको संख्या ७११ रहेकामा २६० थान निवेदनहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका निवेदनहरू मध्ये १६२ अर्थात् ६२.३१ प्रतिशत निवेदन खारेज भएको देखिन्छ । जिल्ला अदालतमा प्रतिरक्षा गरिएका रिट निवेदनहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ । यस सम्बन्धी तीन वर्षको तुलनात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६१

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका निवेदनहरूको तीन आ.व.को तुलनात्मक लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	जिकिर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	निवेदन खारेज	निवेदन जारी	अन्य	जम्मा		
२०७५/०७६	२८८	६८६	९७४	१५१	१५५	१४५	४५१	५२३	३३.४८
२०७६/०७७	३२५	४४४	७६९	१४१	७६	२३	२४०	५२९	५८.७५
२०७७/०७८	३५४	३५७	७११	१६२	८४	१४	२६०	४५१	६२.३१

(ङ) प्रतिरक्षा गरिएका मुद्दा :-जिल्ला अदालतमा दायर हुने अनुसूची १ र २ का मुद्दा सरकारवादी देवानी मुद्दा तथा नेपाल सरकारका निकाय, पदाधिकारी विरुद्ध परेका रिट निवेदन बाहेक नेपाल सरकार उपर परेका अन्य मुद्दामा पनि सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले बहस पैरवी एवं प्रतिरक्षा गर्दछन् । आर्थिक वर्ष २०७५/०७६ मा प्रतिरक्षा गरिएका यस्ता मुद्दाहरूको लगत संख्या ४२१ रहेकामा १६८ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये १०८ अर्थात् ६४.२९ प्रतिशत मुद्दामा जिकिर पुगेको थियो । आर्थिक वर्ष २०७६/०७७ मा प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत संख्या ५२३ रहेकामा ८३ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये ५१ अर्थात् ६१.४५ प्रतिशत मुद्दामा जिकिर पुगेको देखिन्छ । यस आर्थिक वर्षमा प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत संख्या ४७३ रहेकामा ९० थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये ७७ थान अर्थात् ८५.५६ प्रतिशत मुद्दामा जिकिर पुगेको देखिन्छ । जिल्ला अदालतमा प्रतिरक्षा गरिएको यस्ता मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६२

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको तीन आ.व.को तुलनात्मक लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	जिकिर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	जिकिर कायम	जिकिर नपुग्ने	अन्य	जम्मा		
२०७५/०७६	१७६	२४५	४२१	१०८	३०	३०	१६८	२५३	६४.२९
२०७६/०७७	२९९	२२४	५२३	५१	२०	१२	८३	४४०	६१.४५
२०७६/०७८	२९६	१७७	४७३	७७	१०	३	९०	३८३	८५.५६

(च) पुनरावेदन :- नेपालको संविधानको धारा १५१ को उपधारा (१) र न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (४) मा जिल्ला अदालतलाई संघीय कानून बमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानून बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार प्रदान गरेको छ । जिल्ला अदालतमा दायर हुने यस प्रकृतिका पुनरावेदन मध्ये नेपाल सरकार वादी हुने फौजदारी र देवानी मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरूले पुनरावेदन र बहस पैरवी एवं प्रतिरक्षा गर्दछन् । आर्थिक वर्ष २०७५/०७६ मा पुनरावेदन तथा बहस पैरवी गरिएका यस्ता मुद्दाहरूको लगत संख्या ४१२ रहेकामा १४७ थान मुद्दाहरू फछ्यौंट भएको थियो । आर्थिक वर्ष २०७६/०७७ मा पुनरावेदन तथा बहस पैरवीहरूको लगत संख्या ४३८ रहेकामा १८६ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये १२३ अर्थात् ६६.१३ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । यस आर्थिक वर्षको लगत संख्या ५२५ रहेकामा १८३ थान मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये ९४ थान अर्थात् ५१.३७ प्रतिशत मुद्दामा कसूर कायम भएको देखिन्छ । जिल्ला अदालतमा पुनरावेदन तथा बहस पैरवी प्रतिरक्षा गरिएको यस्ता मुद्दाहरूको जिल्लागत एवं एकमुष्ठ विषयगत विवरण **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६३

जिल्ला अदालतमा पुनरावेदनका रोहमा सरकारी वकील कार्यालयहरूबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको तीन आ.व.को तुलनात्मक लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	कसूर कायम भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर वा दाबी कायम	कसूरमा सफाइ वा दाबी नपुग्ने	अन्य	जम्मा		
२०७५/०७६	१२७	२८५	४१२	८८	५९	०	१४७	२६५	५९.८६
२०७६/०७७	२०१	२३७	४३८	१२३	५९	४	१८६	२५२	६६.१३
२०७७/०७८	२९५	२३०	५२५	९४	८९	०	१८३	३४२	५१.३७

३.२ जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाको विवरण

यस आर्थिक वर्षको जिल्ला सरकारी वकील कार्यालयहरूको मुद्दाको विषयगत लगत, फछ्यौंट र बाँकी विवरणको छुट्टाछुट्टै तथ्याङ्क **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ । उक्त विवरणमा विभिन्न जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा र प्रतिवादीको संख्यात्मक रूपमा लगत, फछ्यौंट र बाँकीको संख्या एवम् कसूर ठहर वा दाबी कायम र सफाइ भएका वा दाबी नपुग्ने मुद्दाको संख्या समावेश गरिएको छ । यस अनुसूचीमा नेपाल सरकार वादी हुने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा उल्लेखित मुद्दाहरू, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५४ को उपदफा (१) तथा अनुसूची २८ मा उल्लेखित मुद्दाहरू, नेपाल सरकार वादी हुने अन्य मुद्दाहरू तथा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्नुपर्ने मुद्दाहरूका अतिरिक्त जिल्ला प्रशासन कार्यालय एवं अन्य न्यायिक निकायहरूमा दायर भएका मुद्दाहरूको एकमुष्ठ विषयगत विवरण प्रस्तुत गरिएको छ । सरकारी वकीलबाट प्रतिरक्षा गरिएका मुद्दाहरूको एकमुष्ठ विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६४

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत फछ्यौंट विवरण

मुद्दाको विवरण		अदालत/कार्यालय	लगत	फछ्यौंट						बाँकी
				कसूर वा दावी कायम	कसूरमा सफाइ वा दावी नपुग्ने	मुद्दा फिर्ता	मुल्तवी	अन्य	जम्मा	
अनुसूची १ का	फौजदारी	अदालत तर्फ	३३३३२	८९९६	४५३८	०	२३२	४२	१३८०८	१९५२४
		जिल्ला प्रशासन कार्यालयतर्फ	१९६३२	८४६४	२३०	०	०	१	८६९५	१०९३७
		अन्य निकाय तर्फ	६	०	०	०	०	०	०	६
अनुसूची १ का जम्मा			५२९७०	१७४६०	४७६८	०	२३२	४३	२२५०३	३०४६७
अनुसूची २ का	फौजदारी	अदालत तर्फ	१५९२	५४१	१३०	०	१	१९	६९१	९०१
		जिल्ला प्रशासन कार्यालयतर्फ	१४२	२४	४	०	०	०	२८	११४
		अन्य निकाय तर्फ	१०१५	१८३	२१	०	०	०	२०४	८११
अनुसूची २ का जम्मा			२७४९	७४८	१५५	०	१	१९	९२३	१८२६
कुल जम्मा			५५७१९	१८२०८	४९२३	०	२३३	६२	२३४२६	३२२९३

जिल्ला सरकारी वकील कार्यालयहरूबाट फौजदारी र देवानी मुद्दाहरूमा बहस, पैरवी र प्रतिरक्षा गरिएका मुद्दाहरूको लगत, फछ्यौंट र बाँकीको विवरण तथा फछ्यौंट भएका मुद्दाहरू मध्ये कसूर कायम तथा सफाइ भएका मुद्दाहरूको विषयगत वर्गीकरण गरी ती मुद्दाहरूमा गरिएको अभियोजन सम्बन्धी निर्णय, जम्मा लगत संख्या, कसूर ठहरको अवस्था समेतको विश्लेषण र तथ्यांक छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ।

३.२.१ मुद्दामा भएको अभियोजन सम्बन्धी निर्णयको विवरण

नेपालको संविधानको धारा १५८ को उपधारा (२) ले कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ। साथै उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ। उक्त संवैधानिक प्रावधान अनुरूप मिति २०७८/०१/१३ र २०७८/०१/१९ को राजपत्रमा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीलहरूलाई आफूमा निहित मुद्दा चलाउने नचलाउने अधिकार सुम्पेको पाइन्छ। सो अनुसार जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूले सरकार वादी हुने मुद्दामा नेपाल सरकारको तर्फबाट मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने गर्दछन्। सो अनुसार यस आर्थिक वर्षमा अभियोजन गरिएका मुद्दाहरूको विषयगत वर्गीकरण, ती मुद्दामा भएको निर्णय, मुद्दा संख्या र प्रतिवादी संख्या देहाय बमोजिम उल्लेख गरिएको छ।

(क) अनुसूची १ का मुद्दा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ भित्रका मुद्दामा यस आर्थिक वर्षमा मुद्दा चल्ने नचल्ने सम्बन्धमा गरिएका निर्णयको विषयगत वर्गीकरण, मुद्दा संख्या र प्रतिवादी संख्या देहायको तालिकामा प्रस्तुत गरिएको छ। यस अनुसार २५,३१७ वटा (९९.१४ प्रतिशत) मुद्दा चलाउने र २२४ थान (०.८६ प्रतिशत) मुद्दा नचलाउने निर्णय भएको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३३** मा उल्लेख छ। सरकारी वकीलबाट अभियोजन गर्ने निर्णय गरिएका मुद्दा र प्रतिवादीहरूको संख्या तथा अभियोजन नगर्ने निर्णय गरिएका मुद्दाको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६५

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका अनुसूची १ का मुद्दाहरूको विषयगत विवरण

सि.नं.	मुद्दाको विषयगत विवरण	मुद्दा चलाउने		मुद्दा नचलाउने	
		मुद्दा संख्या	प्रतिवादी	मुद्दा संख्या	प्रतिवादी
१	राज्य विरुद्ध	१७	५१	१	१
२	सार्वजनिक शान्ति विरुद्ध	१९३४	३३९९	०	०
३	सार्वजनिक न्याय विरुद्ध	८०	१४८	०	०
४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता	५२८०	९३५९	२२	३७
५	हातहतियार तथा खरखजाना	२७६	५०५	३	३
६	विष्फोटक पदार्थ	५७	१८६	२	१८
७	राष्ट्रिय तथा सार्वजनिक सम्पदा	१	२	०	०
८	धर्म सम्बन्धी कसुर	४	१२	०	०
९	भेदभाव तथा अपमानजन्य व्यवहार	११५	३५५	०	०
१०	विवाह	९९६	१९४०	८	१४
११	ज्यान	२२३४	५७३१	६१	१२८
१२	कुटपिट अंगभंग	२११	६१२	७	११
१३	गैरकानूनी थुना	०	०	०	०
१४	व्यक्ति बेपत्ता पार्ने	१६	३८	०	०
१५	अपहरण वा शरीर बन्धक	१३६	३५०	४	९
१६	करणी	३६८९	४१७०	१५	२६
१७	इलाज सम्बन्धी	७	१३	०	०
१८	चोरी तथा डाँका	२६९४	५१४५	९	१९
१९	आर्थिक	६५७	१५५१	५९	१२६
२०	कीर्ते	१६३	५०३	७	८
२१	आपराधिक प्रवेश	४	१६	०	०
२२	आपराधिक उपद्रव	१७६	४९६	०	०
२३	पशुपक्षी	१०४	२५६	९	२२
२४	नागरिकता	३५	११७	१	१
२५	प्रतिलिपि अधिकार	२	३	०	०
२६	प्रविधि सम्बन्धी	११४	१३५	१	१
२७	मानव बेचविखन	१४६	३००	१	२
२८	राहदानी	५	९	०	०
२९	लागू औषध	२९२८	५४३१	०	०
३०	सवारी ज्यान	२३६२	३१३७	११	१२
३१	विविध	८७४	४१३२	३	९
	जम्मा	२५३१७	४८१०२	२२४	४४७

(ख) अनुसूची २ का मुद्दा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ भित्रका नेपाल सरकार वादी हुने मुद्दामा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गरे पश्चात सरकारी वकीलले अभियोजनको निर्णय गरी मुद्दा चलाउने निर्णय भएमा सरकारी वकीलले नै अदालत वा अन्य निकायमा अभियोगपत्र दायर गर्दछन । तर कानूनमा अभियोगपत्र दायर गर्ने अन्य अधिकारी तोकिएको मुद्दामा भने अनुसन्धान अधिकारीले सकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गरे पछि अभियोजनको निर्णय सरकारी वकीलले गरे पश्चात कानूनले तोकेको अधिकारीले अदालत तथा अन्य निकायमा अभियोगपत्र दायर गर्दछन् । अनुसूची-२ का मुद्दामा गरिएका यस्ता अभियोजन सम्बन्धी निर्णय देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३३** मा उल्लेख छ ।

तालिका नं. ६६

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन गरिएका अनुसूची २ का मुद्दाहरूको विषयगत विवरण

सि.नं.	मुद्दाको विषयगत विवरण	यस आर्थिक वर्षमा अभियोजन गरेको निर्णय संख्या			
		मुद्दा चलाउने		मुद्दा नचलाउने	
		मुद्दा संख्या	प्रतिवादी संख्या	मुद्दा संख्या	प्रतिवादी संख्या
१	अध्यागमन	२	२	०	०
२	उपभोक्ता संरक्षण	१	८	१	५
३	औषधि	४२	८५	०	०
४	खाद्य पदार्थ सम्बन्धी	२०	२०	०	०
५	पानी दुषित पार्ने	२	२	०	०
६	वातावरण प्रदुषित गर्ने	१	१	०	०
७	खाद्य ऐन अन्तर्गका	३०	४१	०	०
८	गुणस्तर (प्रमाण चिन्ह)	७	९	०	०
९	नाप तौल सम्बन्धी	१५	१५	०	०
१०	राजश्व चुहावट	१०	१३	१	१
११	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	१७२	५९९	०	०
१२	विदेशी विनिमय	६८	१३६	२	२
१३	वन	७९०	२१०६	६	१५
१४	विद्युत चोरी	२	२	०	०
१५	अन्य	७८	१५४	०	०
	जम्मा	१२४०	३१९३	१०	२३

अभियोजन सम्बन्धी मुद्दाहरूको वृत्त चित्र



३.२.२ मुद्दाको विषयगत वर्गीकरण, लगत र कारबाहीको विवरण

(क) अनुसूची १ का मुद्दाको लगत र कारबाही विवरण

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ भित्रका मुद्दाको विषयगत लगत, फछ्यौंट र बाँकीको विवरण ती मुद्दाहरूमा भएको कारबाहीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३३** मा उल्लेख गरिएको छ।

तालिका नं. ६७

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस, पैरवी, प्रतिरक्षा भएको अनुसूची १ का मुद्दाहरूको विषयगत विवरण

विषय	लगत		फछ्र्यौट								बाँकी		कसूर ठहर भएको प्रतिशत
			कसूर ठहर वा दावी कायम		सफाइ वा दावी नपुग्ने		फिर्ता, मुल्तवी, अन्य		जम्मा				
	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	
राज्य विरुद्ध	९४	४१०	५	१२	२६	९०	१	१७	३२	११९	६२	२९१	१५.६३
सार्वजनिक शान्ति विरुद्ध	६२९०	१०३७४	२३८०	३५५१	११९	२२९			२४९९	३७८०	३७९१	६५९४	९५.२४
सार्वजनिक न्याय विरुद्ध	१५३	२८९	९४	१५७	१४	३१			१०८	१८८	४५	१०१	८७.०४
सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा,	११५८६	२००२५	५३५८	८६२८	१५२	२७७	४	११	५५१४	८९१६	६०७२	१११०९	९७.१७
हातहतियार तथा खरखजाना	६१३	१३५३	१८३	३३४	५०	९५	३	४	२३६	४३३	३७७	९२०	७७.५४
विष्फोटक पदार्थ	१९२	८३४	२४	६९	२२	६४	२	२६	४८	१५९	१४४	६७५	५०.००
राष्ट्रिय तथा सार्वजनिक सम्पदा	१२	७०			२	९			२	९	१०	६१	
धर्म सम्बन्धी कसुर	१८	४६	१	२	५	१९			६	२१	१२	२५	१६.६७
भेदभाव तथा अपमानजन्य व्यवहार	२२२	६५७	२१	५१	४१	१०५		४	६२	१६०	१६०	४९७	३३.८७
विवाह	१८६९	३६९५	३६२	६५०	३६४	७८४	३९	७३	७६५	१५०७	११०४	२१८८	४७.३२
ज्यान	४५३३	१२१६८	६४४	११३४	१०३५	२६९३	४१	१०८	१७२०	३९३५	२८१३	८२३३	३७.४४
कुटपिट अंगभंग	३८०	१११३	३७	८९	५०	११५		१	८७	२०५	२९३	९०८	४२.५३
गैरकानूनी थुना													
व्यक्ति बेपत्ता पार्ने	२४	५३	१	१	३	८			४	९	२०	४४	२५.००
अपहरण वा शरीर बन्धक	३१०	८२०	४३	११३	५२	१६७	३	८	९८	२८८	२१२	५३२	४३.८८
करणी	६८९३	८१०९	१४१३	१६३९	१३१७	१५५८	८९	९९	२८१९	३२९६	४०७४	४८१३	५०.१२
इलाज सम्बन्धी	१३	३२	१	१	२	९			३	१०	१०	२२	३३.३३
चोरी तथा डाँका	४८६९	९८६०	१६६४	२८५९	४७३	१००२	१०	१७	२१४७	३८७८	२७२२	५९८२	७७.५०
आर्थिक	१७३६	४७९२	२४८	६५१	१६७	४१४	३९	१०१	४५४	११६६	१२८२	३६२६	५४.६३
कीर्ते	४१८	१२९०	१०९	३२१	२६	८५	४	१२	१३९	४१८	२७९	८७२	७८.४२
आपराधिक प्रवेश	१४	६१	५	१३	३	१३		१०	८	३६	६	२५	६२.५०
आपराधिक उपद्रव	३४८	१२१८	७०	१४६	४८	२००	५	१५	१२३	३६१	२२५	८५७	५६.९१
पशुपक्षी	१८८	४८०	६३	१३६	२७	६१			९०	१९७	९८	२८३	७०.००
नागरिकता	१२०	४५६	३३	७३	८	४०	१	३	४२	११६	७८	३४०	७८.५७
प्रतिलिपि अधिकार	१६	२८									१६	२८	#घ्ञ्स/०!
प्रविधि सम्बन्धी	२५१	३४२	५९	७५	११	३८	९	११	७९	१२४	१७२	२१८	७४.६८
मानव बेचविखन	३७५	८५६	७२	१६४	८७	१८९	२	२	१६१	३५५	२१४	५०१	४४.७२
राहदानी	२०	२९	२	३					२	३	१८	२६	१००.००
लागू औषध	५२७०	९८७२	२०८१	३५५५	३४९	७९३	१२	३२	२४४२	४३८०	२८२८	५४९२	८५.२२
सवारी ज्यान	४४९०	६५५८	१७३३	२२०१	२२६	३४७	७	११	१९६६	२५५९	२५२४	३९९९	८८.१५
विविध	१६५३	७१६९	७५४	३४३१	९०	३२५	३	३	८४७	३७५९	८०६	३४१०	८९.०२
जम्मा	५२९७०	१०३०५९	१७४६०	३००५९	४७६९	९७६०	२७४	५६८	२२५०३	४०३८७	३०४६७	६२६७२	७७.५९

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची १ का मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या ५२,९७० र प्रतिवादी संख्या १,०३,०५९ मध्ये कसूर ठहर वा दावी कायम भएका मुद्दा संख्या १७,४६० र प्रतिवादी संख्या ३०,०५९, सफाइ भएका वा दाबी नपुगेका मुद्दा संख्या ४,७६९ र प्रतिवादी संख्या ९,७६० एवं अन्य तवरले (मुद्दा फिर्ता, मुल्तवी आदि) फछ्र्यौट मुद्दा संख्या २७४ र प्रतिवादी संख्या ५६८ गरी जम्मा फछ्र्यौट भएको मुद्दा संख्या २२,५०३ र प्रतिवादी संख्या ४०,३८७ भई बाँकी मुद्दा संख्या ३०,४६७ र प्रतिवादी संख्या ६२,६७२ रहेको देखिन्छ ।

(ख) अनुसूची २ का मुद्दाको लगत र कारबाही विवरण

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ का सरकार वादी मुद्दाको विषयगत लगत, फछ्र्यौट र बाँकीको विवरण ती मुद्दाहरूमा भएको कारबाहीको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची ३३** मा उल्लेख गरिएको छ ।

तालिका नं. ६८

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएको अनुसूची २ का मुद्दाहरूको विषयगत विवरण

सि.न.	विषय	लगत		फछ्यौंट								बाँकी	
				कसूर ठहर वा दावी कायम		सफाइ वा दावी नपुग्ने		फिर्ता, मुल्तवी, तामेली		जम्मा			
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
१	अध्यागमन	४	५	२	२	०	०	०	०	२	२	२	३
२	उपभोक्ता संरक्षण	३	१३	१	१	०	०	०	०	१	१	२	१२
३	औषधि	६४	१२९	२४	३९	४	६	०	०	२८	४५	३६	८४
४	खाद्य पदार्थ सम्बन्धी	४८	५९	८	८	०	०	०	०	८	८	४०	५१
५	पानी दुषित पार्ने	९	१२	२	४	१	१	०	०	३	५	६	७
६	वातावरण प्रदुषित गर्ने	१	१	०	०	०	०	०	०	०	०	१	१
७	खाद्य ऐन अन्तर्गका	१०४	१२२	३२	३२	१	१	०	०	३३	३३	७१	८९
८	गुणस्तर (प्रमाण चिन्ह)	१९	२६	७	९	०	०	०	०	७	९	१२	१७
९	नाप तौल सम्बन्धी	५१	६२	१२	१३	५	८	०	०	१७	२१	३४	४१
१०	निर्वाचन सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०
११	बैदेशिक रोजगार	०	०	०	०	०	०	०	०	०	०	०	०
१२	राजश्व चुहावट	६६	१२७	१०	१८	०	१०	२०	३३	३०	६१	३६	६६
१३	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	३५८	११२०	८३	२०४	१५	३२	०	१	९८	२३७	२६०	८८३
१४	विदेशी विनिमय	१८७	३१७	७२	९६	४	५	०	०	७६	१०१	१११	२१६
१५	वन	१६८९	४७३३	४३९	१०५३	११४	३२०	०	०	५५३	१३७३	११३६	३३६०
१६	विद्युत चोरी	२	२	०	०	०	०	०	०	०	०	२	२
१७	शिक्षा ऐन दफा १७१)	५	१०	२	२	०	०	०	०	२	२	३	८
१८	सम्पत्ति शुद्धीकरण	०	०	०	०	०	०	०	०	०	०	०	०
१९	सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०	०	०
२०	स्वास्थ्य व्यवसायी परिषद्	३	३	२	२	०	०	०	०	२	२	१	१
२१	अन्य	१३६	२५८	५२	९७	११	१७	०	०	६३	११४	७३	१४४
	जम्मा	२७४९	६९९९	७४८	१५८०	१५५	४००	२०	३४	९२३	२०१४	१८२६	४९८५

प्रस्तुत तालिकामा उल्लेख भए अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा बहस पैरवी र प्रतिरक्षा गरिएका अनुसूची २ का मुद्दाहरूको जम्मा लगत मुद्दा संख्या २,७४९ र प्रतिवादी संख्या ६,९९९ रहेको छ । यस मध्ये कसूर ठहर वा दावी कायम भएका मुद्दा संख्या ७४८ र प्रतिवादी संख्या १,५८०, सफाइ भएका वा दावी नपुगेका मुद्दा संख्या १५५ र प्रतिवादी संख्या ४०० एवं अन्य तवरले (मुद्दा फिर्ता, मुल्तवी आदि) फछ्यौंट मुद्दा संख्या २० र प्रतिवादी संख्या ३४ गरी जम्मा फछ्यौंट भएको मुद्दा संख्या ९२३ र प्रतिवादी संख्या २,०१४ भई बाँकी मुद्दा संख्या १,८२६ र प्रतिवादी संख्या ४,९८५ रहेको देखिन्छ ।

३.३ मुद्दाहरूको जनसंख्या तथा प्रदेशगत विभाजन तथा लगतको स्थिति

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्रका मुद्दा र सो अनुसूची अन्तर्गत पर्ने भनी तोकिएका फौजदारी मुद्दाहरूमध्ये अधिकांश मुद्दाहरू जिल्ला सरकारी वकील कार्यालयको सरकारी वकीलले अभियोजन गर्ने नगर्ने निर्णय गर्ने र सम्बन्धित अदालत, जिल्ला प्रशासन कार्यालय वा अन्य निकायमा बहस पैरवी र प्रतिरक्षा समेत गर्दछन् । सो बमोजिम यस आर्थिक वर्षमा अदालत, जिल्ला प्रशासन कार्यालय एवं अन्य निकाय समक्ष दायर भएका सरकार वादी हुने वा नेपाल सरकारको हक, हित वा सरोकार भएका अनुसूची १ र २ भित्रका मुद्दाहरूलाई जनसंख्या (जनसंख्याको आधार राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कको आधारमा गरिएको छ) को अनुपातमा प्रति दशहजार व्यक्तिमा पर्ने मुद्दाको वितरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६९

जिल्ला सरकारी वकील कार्यालयहरूबाट अभियोजन तथा बहस पैरवी प्रतिरक्षा भएका अनुसूची १ र २ का मुद्दामा प्रति दस हजार व्यक्तिमा मुद्दाको विभाजन

विवरण	पुरुष	महिला	जम्मा	मुद्दा संख्या	प्रति दस हजार व्यक्तिमा मुद्दाको वितरण
जम्मा	१२,८४९,०४१	१३,६४५,४६३	२६,४९४,५०४	५५७१९	२१.०३

* जनसंख्या स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी, प्रतिरक्षा गरिएका सरकारवादी फौजदारी मुद्दाहरूको प्रदेशगत वितरणको सूचक



कुल मुद्दाको प्रदेशगत विवरण हेर्दा वागमती प्रदेशमा सबै भन्दा बढी संख्या १३,७४९ थान अर्थात् २५ प्रतिशत र सबै भन्दा कम कर्णाली प्रदेशमा २,३४६ थान अर्थात् ४ प्रतिशत रहेको देखिन्छ । अन्य प्रदेशहरूमा प्रदेश नं. १ मा ९,५९३ थान अर्थात् १७ प्रतिशत, प्रदेश नं. २ मा १२,५१४ थान अर्थात् २२ प्रतिशत, गण्डकी प्रदेशमा ४,४६८ थान ८ प्रतिशत, लुम्बिनी प्रदेशमा ८,०५९ थान १५ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ४,९९० थान अर्थात् ९ प्रतिशत मुद्दा रहेको छ । प्रदेश अनुसारको मुद्दाहरूको लगत, फछ्यौंट र बाँकीको विस्तृत विवरणलाई **अनुसूची ३२** मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७०

जिल्ला सरकारी वकील कार्यालयबाट कार्य सम्पादित फौजदारी मुद्दाहरूको प्रदेशगत फछ्यौंट विवरण

विकास क्षेत्र	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
प्रदेश नं. १	४४८०	५११३	९५९३	३६९५	८७४	५६	४६२५	४९६८	७९.८९
प्रदेश नं. २	७२८१	५२३३	१२५१४	२७२८	१०८०	५७	३८६५	८६४९	७०.५८
बाग्मती प्रदेश	६९८८	६७६१	१३७४९	५४२८	८८१	६९	६३७८	७३७१	८५.११
गण्डकी प्रदेश	२२५९	२२०९	४४६८	१९९६	२४६	१८	२२६०	२२०८	८८.३२
लुम्बिनी प्रदेश	४३२३	३७३६	८०५९	१९८३	८९५	४९	२९२७	५१३२	६७.७५
कर्णाली प्रदेश	१२१५	११३१	२३४६	६५५	३०९	१८	९८२	१३६४	६६.७०
सुदूरपश्चिम प्रदेश	२६१६	२३७४	४९९०	१७२३	६३८	२८	२३८९	२६०१	७२.१२
जम्मा	**२९१६२**	**२६५५७**	**५५७१९**	**१८२०८**	**४९२३**	**२९५**	**२३४२६**	**३२२९३**	**७७.७३**

जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्य सम्पादन भएका फौजदारी मुद्दाहरूको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा वागमती प्रदेशमा सबै भन्दा बढी १३,७४९ थान मुद्दाहरूको लगत भएको देखिन्छ भने कर्णाली प्रदेशमा सबै भन्दा कम २,३४६ थान मुद्दाहरूको लगत भएको देखिन्छ । मुद्दाको फछ्यौंट स्थितिलाई हेर्दा गण्डकी प्रदेशमा सबैभन्दा बढी ५०.५८

प्रतिशत मुद्दाहरू र प्रदेश नं. २ मा सबैभन्दा कम ३०.८९ प्रतिशत र समग्रमा ४२.०४ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको तथ्याङ्क माथिको तालिकाबाट देखिन्छ । कसूर ठहरको प्रतिशत हेर्दा सबैभन्दा बढी गण्डकी प्रदेशमा ८८.३२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ६६.७० प्रतिशत भएको देखिन्छ भने समग्रमा यस आर्थिक वर्षमा ८१.७५ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्य सम्पादित फौजदारी मुद्दाहरूको प्रदेशगत स्तम्भ चित्र



जिल्ला सरकारी वकील कार्यालयहरूबाट जिल्ला अदालतमा दायर भएका नेपाल सरकार वादी हुने अनुसूची १ का फौजदारी मुद्दाहरूको विगत पाँच वर्षको लगत फछ्यौंट विवरणलाई देहायको तालिकामा प्रस्तुत गरी लगत फछ्यौंट तथा मुद्दामा कसूर ठहर भएको वा कसूर ठहर हुन नसकेका मुद्दाहरूको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ । उल्लेखित तालिका अनुसार गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा फौजदारी मुद्दाहरूको दायरी लगत केही बढ्न गएको देखिन्छ । सो अनुसार यस आर्थिक वर्षमा जम्मा दायरी मुद्दा संख्या १७,४५३ थान रहेको छ । गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको १५,८७९ र यस वर्ष परेको समेत मुद्दाको एकमुष्ठ लगतको संख्या ३३,३३२ कायम भएको देखिन्छ । विगत पाँच वर्षको मुद्दाको लगतको तुलनामा यस आर्थिक वर्षमा सबैभन्दा बढी मुद्दाको लगत देखिएको छ । लगत कायम रहेका मुद्दाको फछ्यौंट स्थितिलाई हेर्ने हो भने १३,८०८ थान अर्थात् ४१.४३ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ भने फछ्यौंट फौजदारी मुद्दाहरूमा कसूर ठहरको स्थितिलाई हेर्दा यस आर्थिक वर्षमा ६५.१५ प्रतिशत मुद्दाहरूमा कसूर ठहर भएको देखिन्छ ।

तालिका नं. ७१

जिल्ला अदालतमा दायर अनुसूची १ का फौजदारी मुद्दाहरूको पाँच वर्षको लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				बाँकी	कसूर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर भएको	सफाइ भएको	अन्य	जम्मा		
२०७३/०७४	६४११	१२६९५	**१९१०६**	८०८५	३३५१	११९	**११५५५**	७५५१	६९.९७
२०७४/०७५	७४२८	१३२६३	**२०६९१**	८७६९	३३४५	१३५	**१२२४९**	८४४२	७१.५९
२०७५/०७६	७८०१	१७८६८	**२५६६९**	९६७१	४४३१	२५८	**१४३६०**	११३०९	६७.३५
२०७६/०७७	११२०४	१६८४६	**२८०५०**	८३४८	३४४८	२३८	**१२०३४**	१६०१६	६९.३७
२०७७/०७८	१५८७९	१७४५३	**३३३३२**	८९९६	४५३८	२७४	**१३८०८**	१९५२४	६५.१५

जिल्ला अदालतमा दायर अनुसूची १ का फौजदारी मुद्दाहरूको पाँच वर्षको लगत फछ्यौंट सम्बन्धी रेखा चित्र



मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा उल्लेखित फौजदारी मुद्दाहरूको अभियोजन एवं सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा बहस पैरवी गर्नु सरकारी वकीलहरूको मुख्य कार्य भएको हुँदा यस्ता मुद्दाको सफलताको प्रतिशतले फौजदारी न्याय प्रशासनको प्रभावकारिता एवं सरकारी वकीलको कार्यसम्पादनको स्तरलाई संकेत गर्दछ । आर्थिक वर्ष २०७३/०७४ देखि आर्थिक वर्ष २०७७/०७८ सम्म जिल्ला सरकरी वकीलबाट बहस पैरवी भएका अनुसूची १ का फौजदारी मुद्दामा कसूर ठहर भएको प्रतिशतलाई रेखा चित्रबाट देखाइएको छ ।

जिल्ला अदालतमा दायर भएका अनुसूची १ का फौजदारी मुद्दाहरूमा कसूर ठहरको पाँच वर्षको रेखा चित्र



सरकारी वकीलले गरेको अभियोजन, बहस पैरवी, प्रतिरक्षा लगायतका मुद्दा तथा रिट निवेदन समेतको कार्यसम्पादनको तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०६८/०६९ देखि २०७७/०७८ सम्मको अवधिमा जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा सरकारी वकील कार्यालय मार्फत दायर भएका फौजदारी मुद्दाहरूको लगत, फछ्यौंट र बाँकी एवं कसूर ठहर वा सफाइ भएको मुद्दाहरूको संख्यात्मक विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७२

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी, प्रतिरक्षा गरिएका मुद्दाहरूको दश वर्षको लगत फछ्यौंट विवरण

आर्थिक वर्ष	लगत			फछ्यौंट				फछ्यौंट प्रतिशत	बाँकी	कसुर ठहर भएको प्रतिशत
	गत वर्षको	यस वर्षको	जम्मा	कसुर ठहर भएको	सफाई भएको	अन्य	जम्मा			
२०६८/०६९	१२०५९	१७९७२	३००३१	१२५८६	२८७०	२३२	१५६८८	५२.२४	१४३४३	८०.२३
२०६९/०७०	१३८७३	१८६८७	३२५६०	१२४३६	२२५३	११९	१४८०८	४५.४८	१७७५२	८३.९८
२०७०/०७१	१५७३०	२२१४५	३७८७५	१६६०८	३३२४	१३४	२००६६	५२.९८	१७८०९	८२.७७
२०७१/०७२	१७६३३	२३४९६	४११२९	१९३४३	४७६४	१५९	२४२६६	५९.००	१६८६३	७९.७१
२०७२/०७३	१६४४४	२३२८३	३९७२७	२०६६६	४४२९	२४३	२५३३८	६३.७८	१४३८९	८१.५६
२०७३/०७४	१४२४२	२५९२८	४०१७०	१९४१४	४९१८	१३२	२४४६४	६०.९०	१५७०६	७९.३६
२०७४/०७५	१५६८३	३००९२	४५७७५	२२१५७	३९४५	१५५	२६२५७	५७.३६	१९५१८	८४.३९
२०७५/०७६	१८६९५	३१८८५	५०५८०	२०९९८	५०२८	४४४	२६४७०	५२.३३	२४११०	७९.३३
२०७६/०७७	२३४६०	३०५६०	५४०२०	१९०५२	४०७१	३३७	२३४६०	४३.४३	३०५६०	८१.२१
२०७७/०७८	३०१०७	२७३२१	५७४२८	१८५४१	५१०६	३१२	२३९५९	४१.७२	३३४६९	७७.३९

उल्लेखित तालिकाबाट सबैभन्दा बढी आर्थिक वर्ष २०७५/०७६ मा ३१,८८५ थान मुद्दा दर्ता भएको देखिन्छ । विगत दश वर्षमा सबैभन्दा कम मुद्दाको लगत आर्थिक वर्ष २०६८/०६९ मा ३०,०३१ रहेको थियो भने सबैभन्दा बढी आर्थिक वर्ष २०७७/०७८ मा जम्मा ५७,४२८ रहेको देखिन्छ । विगत दश वर्षको मुद्दाको फछ्यौंट संख्यालाई तुलनात्मक

अध्ययन गर्दा आर्थिक वर्ष २०७७/०७८ मा सबै भन्दा कम ४१.७२ प्रतिशत र आर्थिक वर्ष २०७२/०७३ मा सबैभन्दा बढी ६३.७८ प्रतिशत मुद्दाहरू फछ्यौंट भएको देखिन्छ । फछ्यौंट भएका मुद्दाहरू मध्ये कसूर ठहर भएका मुद्दाहरूको विवरण हेर्दा विगत दश वर्षको अवधिमा सबैभन्दा बढी आर्थिक वर्ष २०७४/०७५ मा ८४.३९ प्रतिशत मुद्दामा कसूर ठहर भएको पाइन्छ भने सबैभन्दा कम आर्थिक वर्ष २०७५/०७६ मा ७९.३३ प्रतिशत मुद्दामा कसूर ठहर भएको देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी गरिएका मुद्दाहरूको दश वर्षको स्तम्भ चित्र



उल्लेखित तालिका अनुसार प्रत्येक आर्थिक वर्षमा पर्ने गरेको मुद्दाहरूको संख्यात्मक दायरी अवस्थालाई हेर्दा आर्थिक वर्ष २०६८/०६९ मा १७,९७२, २०६९/०७० मा १८,६८७, २०७०/०७१ मा २२,१४५, २०७१/०७२ मा २३,४९६, २०७२/०७३ मा २३,२८३, २०७३/०७४ मा २५,९२८, २०७४/०७५ मा ३०,०९२, २०७५/०७६ मा ३१,८८५, २०७६/०७७ मा ३०,५६० र यस आर्थिक वर्षमा २७,३२१ थान मुद्दा दायर भएको देखिन्छ । दश वर्षको अवधिमा सबै भन्दा बढी आर्थिक वर्ष २०७५/०७६ मा र सबै भन्दा कम आर्थिक वर्ष २०६८/०६९ मा दायर भएको देखिन्छ ।

३.४ जिल्ला सरकारी वकील कार्यालयमा रहेका संगठित अपराध सम्बन्धी मुद्दाको विवरण

संगठित अपराध निवारण ऐन, २०७० ले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी गरिने गम्भीर अपराधलाई संगठित अपराधको रूपमा लिएको छ । यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा लगत रहेका संगठित अपराधको मुद्दा संख्या ३३३ र प्रतिवादी संख्या २१९४ रहेकोमा फछ्यौंट तर्फ ५० थान मुद्दा र २९२ प्रतिवादी भई बाँकी मुद्दा ३८३ र प्रतिवादी १९०२ रहेको देखिन्छ । यी मुद्दामा मुल मुद्दातर्फ ३२ थान र १६९ प्रतिवादीलाई कसूर कायम भएकोमा संगठित अपराधतर्फ ३१ मुद्दा र १६८ प्रतिवादीका हकमा मात्र ठहर भएको देखिन्छ । यस सम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ भने जिल्लागत एवं एकमुष्ठ विवरण **अनुसूची ३६** मा दिइएको छ ।

तालिका नं. ७३

जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका संगठित अपराध समेतको दावी भएका मुद्दाको कारबाही विवरण

सि. नं.	मुद्दाको विषयगत विवरण	जम्मा लगत		फछ्यौंट संगठित				फछ्यौंट संख्या मल मद्दातर्फ						जम्मा		बाँकी	
				कसूर कायम		सफाई		कसूर कायम		सफाई		फिर्ता,मुल्तवी,					
		मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी	मुद्दा	प्रतिवादी
१	कर्तव्य ज्यान	२७	२३७	२	४	२	१०	३	५	२	१०	०	०	५	१५	२२	२२२
२	हातहतियार तथा खरखजाना	१९	१२४	२	२१	०	०	२	२१	०	०	१	१	३	२२	१६	१०२
३	अपहरण वा शरीर बन्धक	२१	११८	६	४७	३	१०	६	४७	४	१४	०	०	१०	६१	११	५७
४	जबरजस्ती करणी	४	२१	०	०	०	०	०	०	०	०	०	०	०	०	४	२१
५	व्यक्ति बेपत्ता पार्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
६	ठगी	७३	५७१	६	५१	१	८	६	५१	१	८	०	६	७	६५	६६	५०६
७	बैकिंग कसर	१	९	०	०	०	०	०	०	०	०	०	०	०	०	१	९
८	मानव बेचबिखन तथा ओसार	१६	७०	६	११	२	५	६	११	२	५	०	०	८	१६	८	५४
९	लाग औषध	१०	३८	३	९	०	०	३	९	०	०	०	०	३	९	७	२९
१०	विस्फोटक पदार्थ	६२	३६८	४	१३	३	२४	४	१३	४	२७	०	०	८	४०	५४	३२८
११	अन्य	१००	६३८	२	१२	३	४९	२	१२	३	४९	१	३	६	६४	९४	५७४
	जम्मा	३३३	२१९४	३१	१६८	१४	१०६	३२	१६९	१६	११३	२	१०	५०	२९२	२८३	१९०२

३.५ जिल्ला सकारी वकील कार्यालयहरूबाट कार्य सम्पादन भएका नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा पक्राउ तथा फरार रहेका प्रतिवादी र थुनछेक सम्बन्धी विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी भएका अनुसूची १ र अनुसूची २ का फौजदारी मुद्दाहरूको लगत रहेका ५५,७१९ मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या १,१०,०५८ रहेकोमा ४५,१३३ जना प्रतिवादी पक्राउ भएको र ११,३३३ जना प्रतिवादी फरार रहेको तथा पक्राउ प्रतिवादीहरू मध्ये १२,१२३ जना थुनामा रहेको, २९,२८८ जना धरौटमा, बैंक ग्यारेन्टीमा ३० र १,९२३ जना प्रतिवादी तारिखमा छुटेको देखिन्छ । यसैगरी अनुसूची १ का ५२,९७० मुद्दाहरूमा प्रतिवादी संख्या १,०३,०५९ रहेकोमा ४२,२६५ जना प्रतिवादी पक्राउ भएको र १०,३५९ जना प्रतिवादी फरार रहेको तथा पक्राउ प्रतिवादीहरू मध्ये ११,९०७ जना थुनामा रहेको, २६,६३८ जना धरौटमा, बैंक ग्यारेन्टीमा २४ र १,८३९ जना तारिखमा छुटेको देखिन्छ । अनुसूची २ का जम्मा २,७४९ मुद्दाहरूमा ६,९९९ प्रतिवादी रहेका मध्ये २,८६८ जना पक्राउ भएको र ७८४ जना फरार रहेको देखिन्छ । पक्राउ प्रतिवादीहरू मध्ये २१६ जना थुनामा रहेको, २,६५० जना धरौटमा, ६ जना बैंक ग्यारेन्टीमा र ८४ जना तारिखमा छुटेको देखिन्छ । यस सम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ भने जिल्लागत एवं एकमुष्ठ विवरण **अनुसूची ३८** मा दिइएको छ ।

तालिका नं. ७४

जिल्ला सरकारी वकील कार्यालयहरूबाट कार्य सम्पादनमा बहस पैरवी प्रतिरक्षा गरिएका फौजदारी मुद्दाहरूको कारबाहीको समष्टिगत विवरण

मुद्दाको प्रकृति	मुद्दा	प्रतिवादी	पक्राउ प्रतिवादीको संख्या	फरार प्रतिवादीको संख्या	जम्मा	थुनछेक सम्बन्धी				
						थुनामा	धरौटमा	बैंक ग्यारेन्टीमा	तारेखमा	जम्मा
अनुसूची १ का	५२९७०	१०३०५९	४२२६५	१०३४९	५२६१४	११९०७	२६६३८	२४	१८३९	४०४०८
अनुसूची २ का	२७४९	६९९९	२८६८	७८४	३६५२	२१६	२६५०	६	८४	२९५६
जम्मा	५५७१९	११००५८	४५१३३	१११३३	५६२६६	१२१२३	२९२८८	३०	१९२३	४३३६४

३.६ कानूनी राय सम्बन्धी कार्य

जिल्ला स्थित नेपाल सरकारका सरकारी निकाय तथा पदाधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने कर्तव्य जिल्ला सरकारी वकीलहरूलाई तोकिएको सन्दर्भमा सरकारी वकीलले प्रदान गरेको कानूनी रायको विवरण **अनुसूची ४१** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । जिल्ला सरकारी वकील कार्यालयहरूले प्रदान गरेको कानूनी रायको सन्दर्भमा राय माग गर्ने कार्यालय वा अधिकारीको जम्मा संख्या, राय माग भएको जम्मा संख्या र राय दिइएको जम्मा संख्याको तीन आर्थिक वर्षको तुलनात्मक विवरण उक्त तालिकामा प्रस्तुत तथ्याङ्कबाट देखिन्छ । उक्त तथ्याङ्क अनुसार तीन आर्थिक वर्षको तुलना गर्दा राय माग गर्ने कार्यालय वा अधिकारीको संख्या, राय माग भएको संख्या र दिइएको रायको संख्या यसप्रकार रहेको देखिन्छ ।

तालिका नं. ७५

जिल्ला सरकारी वकील कार्यालयहरूबाट प्रदान गरिएका कानूनी राय सम्बन्धी तीन आ.व.को विवरण

आर्थिक वर्ष	राय माग गर्ने कार्यालय वा अधिकारीको संख्या	राय माग भएको संख्या	राय दिइएको संख्या	बाँकी	**कैफियत**
२०७५/०७६	५१	५२	५२	०	
२०७६/०७७	३१	४०	४०	०	
२०७७/०७८	२३	२६	२६	०	

३.७ जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएको प्रतिवादी नभएका वारदातको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि उच्च सरकारी वकील कार्यालयमा प्राप्त प्रतिवादी नभएका वारदातको विवरण **अनुसूची ४०** मा दिइएको छ । उक्त विवरण अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि निर्णय भएका ५,६५२ वारदात मध्ये विष सेवनबाट ६९० आगलागीबाट ६७, झुण्डिएर २,२४८, हतियारबाट ५५, करेण्ट लागेर १९९, भिरपहिरोबाट लडेर २८५, डुबेर ४८५, हाम फालेर २१, र अन्य १,६०२ मुद्दा नचलाउने निर्णय भई उच्च सरकारी वकील कार्यालयमा निकासाको लागि पठाएको देखिन्छ ।

तालिका नं. ७६

जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा नचलाउने निर्णय भई निकासाको लागि पठाइएका प्रतिवादी नखुलेका वारदातको विवरण

विष खाएर	आगलागी बाट	झुण्डिएर	हतियारबाट	करेन्ट लागेर	भिरपहिरोबाट लडेर	डुबेर	हाम फालेर	अन्य	जम्मा
६९०	६७	२२४८	५५	१९९	२८५	४८५	२१	१६०२	५६५२

३.८ जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण **अनुसूची ३५** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूबाट सम्पादित कार्यको समष्टिगत विवरणको तथ्याङ्कलाई हेर्दा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बयान गराएको संख्या ३९,४१६, अनुसन्धान/पुनः अनुसन्धान गर्न दिएको निर्देशन संख्याा १,८२०, जाहेरी तामेलीमा राख्ने निर्णय संख्या १४, अनुसन्धान अधिकृतलाई राय दिएको संख्या ३४८, प्रतिवादी भएको मुद्दा नचलाउने गरेको निर्णय संख्या २३४, मुद्दा चलाउने गरेको निर्णय संख्या २६,५०२ आंशिक रूपमा मुद्दा चलाएको संख्या ५५ देखिन्छ । यसैगरी प्रतिवादी नभएको मुद्दा नचलाउने निर्णय संख्या ५,६५२, अभियोजन/फिराद गरेको संख्या २५,३१७, बकपत्र गराएको संख्या ४५,०४३, कानूनी राय प्रदान गरेको संख्या २६, बहस पैरवी गरेको संख्या ४६,५१७, थुनछेक आदेश उपर निवेदन (दफा ७३ बमोजिमको निवेदन) संख्या १,६५७, पुनरावेदन गर्न नपर्ने ७,८१६, उच्च अदालतमा पुनरावेदन गर्न सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाएको प्रस्ताव ७,०५३, पुनरावेदन नगर्ने प्रस्ताव संख्या ७९९, जिल्ला अदालतमा पुनरावेदन गर्ने निर्णय संख्या २३७, नगर्ने निर्णय संख्या १९ र जिल्ला अदालतमा पुनरावेदन दायर संख्या २३७ रहेको देखिन्छ ।

तालिका नं. ७७

जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको समष्टिगत विवरण

बयान गराएको संख्या	अनुसन्धान/पुनः अनुसन्धान गर्न निर्देशन	जाहेरी तामेली मा राख्ने	अनुसन्धान अधिकृतलाई राय दिएको	मुद्दा अभियोजन सम्बन्धी निर्णय संख्या				अभियोजन/फिराद गरेको संख्या	बकपत्र गराएको संख्या	कानूनी राय प्रदान गरेको संख्या	बहस पैरवी संख्या	दफा ७३ को निवेदन	पुनरावेदन गर्नु नपर्ने	पुनरावेदन प्रस्ताव		जि.अ.मा पुनरावेदन		
				मुद्दा नचलाउने	मुद्दा चलाउने	आंशिक मुद्दा	प्रतिवादी नखुलेका मुद्दा							पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	पुनरावेदन गर्ने	पुनरावेदन नगर्ने	पुनरावेदन दायर संख्या
३९४१६	१८२०	१४	३४८	२३४	२६५०२	५५	५६५२	२५३१७	४५०४३	२६	४६५१७	१६५७	७८१६	७०५३	७९९	२३७	१९	२३७

३.९ जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण **अनुसूची ३२** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार जिल्ला सरकारी वकील

कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको संख्या २,६८३ रहेकोमा अनुसूची १ का मुद्दा २,५२५, अनसुची २ का मुद्दा १५८ र देवानी मुद्दा कुनै पनि नरहेको देखिन्छ ।

तालिका नं. ७८

जिल्ला सरकारी वकील कार्यालयहरूमा रहेका दुई वर्ष नाघेका मुद्दाहरूको विवरण

मुद्दाको विवरण	अनुसूची १ का	अनुसूची २ का	देवानी	जम्मा
अदालत तर्फ	१४६७	३५	०	१५०२
जिल्ला प्रशासन कार्यालयतर्फ	१०५८	६	०	१०६४
अन्य निकाय तर्फ	०	११७	०	११७
कुल जम्मा	२५२५	१५८	०	२६८३

३.१० महिला, बालबालिका तथा जेष्ठ नागरिकहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट बहस पैरवी र प्रतिरक्षा भएका अनुसूची १ का मुद्दामा महिला, बालबालिका तथा जेष्ठ नागरिकहरू पीडित एवं प्रतिवादी भएका महिला तथा बालबालिकाहरूको विषयगत रूपमा संख्यात्मक विवरण **अनुसूची ४२** मा दिइएको छ । उक्त विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उक्त विवरण अनुसार जिल्ला सरकारी वकील कार्यालयहरूबाट दायर भएका गम्भीर प्रकृतिका मुद्दाहरूमा जम्मा पीडित महिलाहरूको संख्या ४,५०८ प्रतिवादी महिलाहरूको संख्या २,०३३, पीडित बालबालिकाहरूको संख्या १,७१७ र कानूनको विवादमा परेका बालबालिकाहरूको संख्या १,८०३ तथा पीडित जेष्ठ नागरिकहरूको संख्या १०३ र प्रतिवादी जेष्ठ नागरिकहरूको संख्या ७१ भएको देखिन्छ । ती मध्ये कर्तव्य ज्यान, सवारी ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा पीडित महिला संख्या ३३४, प्रतिवादी महिला संख्या ३७५, पीडित बालबालिका संख्या ५५ र कानूनको विवादमा परेका बालबालिका संख्या १६२, पीडित जेष्ठ नागरिक संख्या १८ र प्रतिवादी जेष्ठ नागरिक संख्या २४, रहेको देखिन्छ । जबर्जस्ती करणी तथा जबर्जस्ती करणी उद्योग मुद्दामा पीडित महिला संख्या २,००२, प्रतिवादी महिला संख्या २१०, पीडित बालबालिका संख्या १,३४४ र कानूनको विवादमा परेका बालबालिका संख्या ३६१, पीडित जेष्ठ नागरिक संख्या १५ र प्रतिवादी जेष्ठ नागरिक संख्या २४ रहेको देखिन्छ । मानव बेचविखन मुद्दामा पीडित महिला संख्या १७२, प्रतिवादी महिला संख्या ८६, पीडित बालबालिका संख्या ३० र कानूनको विवादमा परेका बालबालिका संख्या ६, पीडित जेष्ठ नागरिक संख्या र प्रतिवादी जेष्ठ नागरिक संख्या ० रहेको देखिन्छ ।

चोरी मुद्दामा पीडित महिला संख्या ३८१, प्रतिवादी महिला संख्या १२१, पीडित बालबालिका संख्या ७ र कानूनको विवादमा परेका बालबालिका संख्या ३२७, पीडित जेष्ठ नागरिक संख्या ४४ र प्रतिवादी जेष्ठ नागरिक संख्या १ रहेको देखिन्छ । अपहरण मुद्दामा पीडित महिला संख्या ३२, प्रतिवादी महिला संख्या २६ र पीडित बालबालिका संख्या ३५ र कानूनको विवादमा परेका बालबालिका संख्या ३९, पीडित जेष्ठ नागरिक संख्या ७ र प्रतिवादी जेष्ठ नागरिक संख्या ० रहेको देखिन्छ । लागू औषध मुद्दामा पीडित महिला संख्या ०, प्रतिवादी महिला संख्या २४७, पीडित बालबालिका संख्या ० र कानूनको विवादमा परेका बालबालिका संख्या ४००, पीडित जेष्ठ नागरिक संख्या ० र प्रतिवादी जेष्ठ नागरिक संख्या ४ रहेको देखिन्छ । अन्य मुद्दामा पीडित महिला संख्या १,५८७, प्रतिवादी महिला संख्या ९६८, पीडित बालबालिका संख्या २४६ र कानूनको विवादमा परेका बालबालिका संख्या ५६८, पीडित जेष्ठ नागरिक संख्या १९ र प्रतिवादी जेष्ठ नागरिक संख्या १८ रहेको देखिन्छ ।

तालिका नं. ७९

महिला, बालबालिका तथा जेष्ठ नागरिकहरू पीडित एवं प्रतिवादी भएका अनुसूची भित्रका मुद्दाको विवरण

पीडित/ प्रतिवादी	ज्यान/उद्योग		ज.क./उद्योग		मानव बेचविखन		चोरी		अपहरण		लागू औषध		अन्य		जम्मा	
	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी	पीडित	प्रतिवादी
महिला	३३४	३७५	२००२	२१०	१७२	८६	३८१	१२१	३२	२६	०	२४७	१५८७	९६८	४५०८	२०३३
बालबालिका	५५	१६२	१३४४	३६१	३०	६	७	३२७	३५	३९	०	४००	२४६	५०८	१७१७	१८०३
जेष्ठ नागरिक	१८	२४	१५	२४	०	०	४४	१	७	०	०	४	१९	१८	१०३	७१

४. जिल्ला सरकारी वकील कार्यालयमा रहेका सरकारी वकीलको कार्यबोझ तथा प्रति मुद्दा व्ययभार

जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको संख्यामा मुद्दा तथा अन्य सम्पादित कार्य समेतको लगतलाई विभाजन गर्दा प्रति-सरकारी वकीलको कार्यबोझ देहायको तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व. को कामको कुल लगत संख्या २,११,३५० मध्ये जम्मा मुद्दा तथा रिट संख्या ५७,४२८, प्रतिवादी नभएका वारदातमा मुद्दा नचलाउने निर्णय संख्या ५,६५२, बयान गराएको संख्या ३९,४१६, बकपत्र गराएको संख्या ४५,०४३, अनुसन्धान अधिकृतलाई राय दिएको संख्या ३४८, अनुसन्धान अधिकृतलाई निर्देशन दिएको संख्या १,८२०, प्रतिवादी भएको मुद्दा चलाउने निर्णय संख्या २६,५५७, प्रतिवादी भएको मुद्दा नचलाउने निर्णय संख्या २३४, अभियोजन/फिराद गरेको संख्या २५,३१७, पुनरावेदन गर्ने नगर्ने प्रस्ताव संख्या ७,८५२, कानूनी राय संख्या २६ र पुर्पक्षको आदेश उपरको निवेदन (दफा ७३ बमोजिको निवेदन) संख्या १,६५७ रहेको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयहरूमा भएका सरकारी वकीलको दरबन्दी संख्या २५८ लाई ती कार्यालयहरूबाट सम्पादन भएको कार्य संख्या २,११,३५० ले प्रति सरकारी वकील कार्यबोझ ८१९.१९ रहेको देखिन्छ ।

तालिका नं. ८०

जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सरकारी वकील कार्यबोझ

मुद्दा तथा रिट	तामेली निर्णय	बयान गराएको संख्या	बकपत्र गराएको संख्या	अनुसन्धान अधिकृतलाई राय दिएको संख्या	निर्देशन दिएको संख्या	मुद्दा चलाउने निर्णय	मुद्दा नचलाउने निर्णय	अभियोजन/फिराद गरको संख्या	पुनरावेदन गर्ने नगर्ने प्रस्ताव	कानूनी राय	७३ को निवेदन	जम्मा	सरकारी वकील संख्या	प्रति सरकारी वकील कार्य-बोझ
५७४२८	५६५२	३९४१६	४५०४३	३४८	१८२०	२६५५७	२३४	२५३१७	७८५२	२६	१६५७	२११३५०	२५८	८१९.१९

यस अर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट मुद्दा सम्बन्धमा भएको कामको कुल लगतमा कर्मचारीहरूको तलब तथा भत्तामा खर्च भएको एकमुष्ठ रकमलाई विभाजन गर्दा प्रति मुद्दामा तलब तथा भत्तामा खर्च भएको रकमको विवरण सम्बन्धी देहायको तालिकामा प्रस्तुत तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूको यस आ.व.को कुल मुद्दाको लगत संख्या ५७,४२८ र ती कार्यालयहरूको लागि तलब तथा भत्तामा खर्च भएको रकम रु. २५,७०,८१,३२२।०० का आधारमा ती कार्यालयहरूको प्रति मुद्दा खर्च रकम रु. ४,४७६.५८ रहेको देखिन्छ ।

तालिका नं. ८१

जिल्ला सरकारी वकील कार्यालयहरूमा खर्च हुने तलब भत्ताका आधारमा प्रति मुद्दा व्ययभार

कार्यालय	कुल मुद्दाको लगत	तलब तथा भत्तामा खर्च भएको रकम रु.	प्रति मुद्दा व्ययभार रु.	कैफियत
जिल्ला सरकारी वकील कार्यालयहरु	५७४२८	२५७,०८१,३२२.००	४४७६.५८	

यस आर्थिक वर्षमा मुद्दा तथा अन्य सम्पादित कार्यहरू समेतको लगतमा कर्मचारी तलब भत्ता लगायत कार्यालय सञ्चालनको लागि खर्च भएको सम्पूर्ण रकमलाई विभाजन गर्दा प्रति सम्पादित कार्यमा खर्च भएको रकमको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ । उल्लेखित तथ्याङ्कलाई हेर्दा देश भरीका जिल्ला सरकारी वकील कार्यालयहरूबाट यस आर्थिक वर्षमा भएको जम्मा सम्पादित कार्य संख्या २,११,३५० र ती कार्यालयहरूका लागि तलब भत्ता लगायत कार्यालय सञ्चालनका लागि खर्च भएको रकम रु. ५८,१०,८८,७७६.०० का आधारमा ती कार्यालयहरूको प्रति सम्पादित काममा भएको खर्च रकम रु. २,७४९.४१ रहेको देखिन्छ ।

तालिका नं. ८२

जिल्ला सरकारी वकील कार्यालयहरूमा प्रति-सम्पादित कार्यमा भएको व्ययभार

कार्यालय	जम्मा सम्पादित काम	कुल खर्च रकम रु.	प्रति सम्पादित कार्यमा भएको खर्च रकम रु.	कैफियत
जिल्ला सरकारी वकील कार्यालयहरु ७७	२११३५०	५८१,०८८,७७६.००	२७४९.४१	

परिच्छेद - छ

समस्या तथा सुझावहरू

१. समस्या र चुनौतीहरू

महान्यायाधिवक्ताको कार्यालय र यस अन्तर्गतका सरकारी वकील कार्यालयहरूको कार्यसम्पादनमा देखिएका प्रमुख समस्या र चुनौती निम्नानुसार रहेका छन्:

- मुलुकी अपराध संहिता, २०७४ ले कसूर मानेका कतिपय कार्यहरू अन्य ऐनमा पनि कसूर मानी सजायको व्यवस्था गरिएको छ । समान प्रकृतिको कसूरमा संहितामा र अन्य कानूनमा अलग अलग सजायको व्यवस्था हुँदा कार्यान्वयनमा द्विविधा परेको छ । उदाहरणको लागि विष्फोटक पदार्थ ऐन, २०१८, खाद्य ऐन, २०२३, जातीय तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन, २०६८ मा गरिएको सजाय र अपराध संहितामा गरिएको सजायको मात्रामा भिन्नता रहेको छ ।

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४३ को उपदफा (१) को खण्ड (क) मा अनुसूची १ र अनुसूची २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा अभियोगपत्र सम्बन्धित सरकारी वकीलले दायर गर्ने कानूनी व्यवस्था छ । संहिताको दफा ३ मा विशेष ऐनमा गरिएकोमा सोही कानूनी व्यवस्था लागू हुने भन्ने कानूनी व्यवस्था बमोजिम संहितामा कसूर कायम गरिए बाहेकका अनूसूची २ का कसूरमा अभियोगपत्र सम्बन्धित कानूनमा तोकिएको अधिकारीबाट दायर गरिन्छ । यसरी अभियोगपत्र दायर गर्दा अभियोजनको निर्णय भन्दा बाहिर गई अभियोगपत्र दायर गर्ने वा लामो समयसम्म अभियोगपत्र नै दायर नगरेको समेत देखिएको छ ।

- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले आत्मसात गरेको दण्डका सुधारात्मक व्यवस्थाहरू कार्यान्वयनमा आउन सकेका छैनन् । सर्वोच्च अदालतबाट समेत कार्यान्वयन गर्न आदेश जारी भएको अवस्था छ ।

- अपराध पीडित संरक्षण ऐन, २०७५ जारी भए पनि अपराध पीडित तथा साक्षीलाई पर्याप्त सहायता, सुरक्षा र संरक्षण गर्न सकिएको छैन । साक्षीको सुरक्षा र संरक्षण हुन नसकेको एवम् अनुसन्धानको क्रममा झुट्टा कागज गर्ने प्रवृत्तिको कारण अदालतमा प्रतिकूल बकपत्र गर्ने वा बकपत्र गर्न नआउने अवस्था रहेको छ ।

- वन ऐन, २०७६ बमोजिमको कसूरको अनुसन्धान गर्ने तथा मुद्दा हेर्ने क्षेत्राधिकारमा भएको व्यवस्था कार्यान्वयन हुन सकेको छैन । सो कानूनी व्यवस्थाले समेत कठिनाई उत्पन्न गरेको छ । वन्यजन्तुको नक्कली आखेटोपहार तथा संकटापन्न वन्यजन्तु र वनस्पतिको कारोवार गर्ने क्रम बढ्दै गरेको तर त्यस्तो कार्यलाई कानूनको दायरामा ल्याउन सकिएको छैन ।

- कानूनले बहिर्क्षेत्रीय प्रयोग हुन सक्ने व्यवस्था गरेको भए पनि सम्बन्धित मुलुकसँग पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौता हुन नसक्दा त्यस्ता कसूरको अनुसन्धान र प्रमाण कागजात प्राप्तिमा कठिनाई हुन सक्ने देखिन्छ ।

- सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन सो बमोजिमका आधुनिक प्रविधि र दक्ष जनशक्तिको अभाव रहेको छ । विद्यमान प्रविधि र जनशक्तिबाट समयमा नै प्रमाणको परीक्षण प्रतिवेदन प्राप्त हुन नसक्दा न्याय सम्पादनको कार्यमा ढिलाइ हुने गरेको छ । यसका अतिरिक्त अभ्यासमा आई सकेका कतिपय वैज्ञानिक परीक्षण विधि र प्रक्रियालाई कानूनमा समावेश गर्न बाँकी नै रहेको छ ।

- विज्ञान र प्रविधिको प्रयोगले अपराध गर्ने शैलीमा परिवर्तन आएको देखिन्छ । प्रविधिको विकाससँगै यसको प्रयोग गरी घटाइएका कसूरको संख्यामा निरन्तर वृद्धि भइरहेको छ । त्यस्ता मुद्दाहरूमा अनुसन्धान, अभियोजन, बहस पैरवी र प्रतिरक्षाका लागि आवश्यक ज्ञान, सीप र दक्षतायुक्त जनशक्तिको अभाव रहेको छ ।

- नेपाल सरकार र सरकारी निकायहरू विरुद्ध अदालतमा परेका रिट निवेदनमा सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा गर्नु पर्ने जिम्मेवारी सरकारी वकीलहरूमा रहेको छ । कतिपय सरकारी निकायहरूबाट मुद्दासँग सम्बद्ध कागजात एवम् जानकारी समयमै उपलब्ध हुन नसक्दा प्रतिरक्षा गर्न कठिन भएको छ । कानूनी प्रक्रिया पूरा नगरी वा पालना गर्नुपर्ने बाध्यात्मक कार्यविधिको अवलम्बन नगरी गरिने सरकारी निर्णयको प्रतिरक्षा गर्न सहज छैन । पटक पटक गरिएका छलफलमा सरकारी निकायबाट सुधारको प्रतिबद्धता प्रकट भए तापनि निर्णय प्रक्रियामा अपेक्षित सुधार हुन सकेको छैन ।

- सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा जारी भएका आदेश तथा प्रतिपादन गरेका सिद्धान्तको कार्यान्वयन गर्नु सरकारको दायित्व हो । सर्वोच्च अदालतले दिएका आदेश र प्रतिपादन गरेका सिद्धान्तको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अदालतबाट जारी भएका आदेश र प्रतिपादित सिद्धान्त विपरित सरकारी निकायबाट भएका निर्णयको प्रतिरक्षा गर्ने कठिन भएको छ ।

- सरकारी निकायहरू बीच समन्वयको अभावको कारण परस्पर विरोधी र आफु पन्छिने गरी दिइने लिखित जवाफका कारण पनि सरकारी पक्षको प्रतिनिधित्व कमजोर हुन पुगेको छ । साथै सम्बन्धित निकायबाट आवश्यक निर्णय, फाइल र कागजात समयमा उपलब्ध नगराउँदा प्रतिरक्षा गर्न झनै कठिन हुने गरेको छ । यस्तो अवस्थामा असफलताको अपजस सरकारी वकीलले लिनुपरेको छ ।

- अभियोजनको अवस्थालाई हेर्दा जघन्य र गम्भीर प्रकृतिका कसूरमा कसूर ठहर भएको अवस्था सन्तोषजनक छैन । यसैगरी सरकारी निकाय विरुद्ध दायर हुने रिट निवेदनमा रिट जारी भएको तथ्याङ्क करिब ५० प्रतिशत रहेको छ । यसबाट सरकारी निकायका काम कारबाहीमा कानूनी चुनौती दिने र त्यस्ता कार्य तथा निर्णयहरु न्यायिक परीक्षणमा कमजोर देखिएको अवस्था छ । यो अवस्था अभियोजन र प्रतिरक्षाका लागि चुनौतीको रूपमा रहेको छ ।

- सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित र अध्यावधिक हुन नसक्दा सार्वजनिक सम्पत्ति सम्बन्धी विवादमा प्रतिनिधित्व गर्न असहज हुने गरेको छ ।

- कारागार तथा बाल सुधार गृहको विस्तार एवं पूर्वाधार विकास हुन नसक्दा त्यहाँ रहेका कैदी बन्दी तथा बालबालिकाहरूलाई मानवोचित जीवन यापन गर्न कठिन भएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट हिरासत तथा कारागार एवम् बाल सुधार गृहको अनुगमन प्रतिवेदनले औंल्याएका सुझावहरू कार्यान्वयनमा आएको देखिँदैन ।

- सरकारी वकीलको कार्य प्रकृति र कार्यबोझमा वृद्धि भएको हुँदा कार्यालय समय बाहेक अतिरिक्त समयमा पनि सरकारी वकील र अन्य कर्मचारीले काम गर्नुपर्ने अनिवार्यता छ । तर अतिरिक्त समयमा काम गरे वापत प्रोत्साहनको व्यवस्था नहुँदा जनशक्तिलाई उत्प्रेरित गर्न कठिन भएको छ ।

- कार्यबोझ अनुसार सरकारी वकील तथा कर्मचारी न्यून रहेको छ । भएका दरबन्दी पनि समयमा पदपूर्ति हुन नसक्दा कार्य सम्पादनमा नमरात्मक प्रभाव परेको छ ।

- महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका कार्यक्रमको कार्यान्वयनका लागि योजनाले प्रक्षेपण गरे बमोजिमको स्रोत, साधन उपलब्ध हुन नसक्दा योजना कार्यान्वयनमा समस्या परेको छ ।

- नेपालको संविधान जारी भएको लामो समय व्यतित भैसक्दा पनि संविधानले गरेको व्यवस्था बमोजिम सरकारी वकीलको सेवा शर्तसम्बन्धी कानून बन्न सकेको छैन । यसले सरकारी वकीलको व्यावसायिकता विकासमा अवरोध खडा भएको छ ।

सरकारी वकील कार्यालयले सामना गर्नु परेका चुनौती र समस्याहरू मध्ये कतिपय समस्याहरू बाह्य वातावरणले सिर्जना गरेका छन् भने कतिपय समस्याहरू संस्थागत संरचनाबाट सिर्जित छन् । त्यस्तै कतिपय समस्याहरू नीतिगत तथा कानून पद्धतिसँग सम्बन्धित छन् । ती समस्या र चुनौतीहरूलाई समयमै सम्बोधन हुन आवश्यक छ ।

२. सुझावहरू

कानूनी शासनको सुनिश्चितता प्रदान गर्न, सरकारी वकील कार्यालयको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र संस्थागत सुदृढीकरणका लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छ :

नयाँ कानूनको बारेमा नियमित अभिमुखीकरण

फौजदारी न्यायको क्षेत्रमा विकास भएका नवीनतम अवधारणा र सिद्धान्तहरू समेटी तयार भएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ एवम् मौलिक हक कार्यान्वयन सम्बन्धी कानून समेतका बारेमा कसूरको अनुसन्धानमा संलग्न अनुसन्धान अधिकारी, अभियोजनमा संलग्न सरकारी वकील तथा कर्मचारीहरूलाई निरन्तर अभिमुखीकरण गर्न आवश्यक रहेको छ । यसका अतिरिक्त सरकारी वकील तथा कर्मचारीहरूलाई नियमित प्रशिक्षण प्रदान गर्न महान्यायाधिवक्ताको कार्यालयमा रहेको अभियोजन प्रशिक्षण केन्द्रलाई पर्याप्त स्रोत, साधन र जनशक्तिको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ ।

दण्ड सजायका सुधारात्मक व्यवस्थाको कार्यान्वयन

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका दण्ड सजाय सम्बन्धी सुधारात्मक उपायहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनी र भौतिक पूर्वाधार निर्माण गरी ती व्यवस्थाहरू कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । सम्मानित सर्वोच्च अदालतले सो ऐनका व्यवस्थाहरू यथाशीघ्र कार्यान्वयनका लागि आदेशसमेत गरिसकेको सन्दर्भमा उक्त ऐन कार्यान्वयनका लागि प्राथमिकतापूर्वक काम हुनु पर्ने देखिन्छ । सो ऐनको दफा ४६ ले गरेको व्यवस्था बमोजिम महान्यायाधिवक्ताको अध्यक्षतामा रहेको सजाय सुझाव समितिलाई दण्ड नीति समेतका विषयमा सुझाव दिने जिम्मेवारी रहेकोमा सो समितिमा विज्ञ समेतको छुट्टै सचिवालय र आवश्यक बजेटको व्यवस्था हुनु पर्ने देखिन्छ ।

अपराध पीडित तथा साक्षीको सुरक्षा र संरक्षण

पीडित तथा साक्षी संरक्षण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु अपरिहार्य छ । साक्षी संरक्षण सम्बन्धी कानून तर्जुमा गर्ने र अपराध पीडित संरक्षण ऐन, २०७५ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । साक्षी संरक्षणका लागि विस्तृत कार्यविधिगत प्रबन्ध गरिनु पर्ने देखिन्छ । अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४४ मा कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा गठन हुने पीडित संरक्षण सुझाव समितिको लागि छुट्टै सचिवालय र आवश्यक बजेटको व्यवस्था हुनु पर्ने देखिन्छ । अपराध पीडितको तर्फबाट प्रतिनिधित्व गर्नु पर्ने सरकारी वकीलको समेत पीडित राहत कोषमा प्रतिनिधित्व हुन उपयुक्त हुन्छ ।

विधिविज्ञान प्रयोगशालाको विस्तार

कसूरको अनुसन्धानलाई वैज्ञानिक प्रमाणमा आधारित बनाउनका लागि प्रमाणको परीक्षण यथासक्य छिटो हुनु पर्दछ । यसै कुरालाई ध्यान दिई प्रादेशिक तहमा पनि राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको शाखा विस्तार प्रारम्भ भएको छ । बर्दिवास र धनगढीमा स्थापना भएका प्रयोगशालामा भौतिक पूर्वाधार, आधुनिक उपकरण तथा दक्ष जनशक्ति व्यवस्थापन गर्नु पर्ने देखिएको छ । ती प्रयोगशालालाई स्रोतसाधन सम्पन्न बनाउन र अन्य प्रदेशमा पनि क्रमशः विधिविज्ञान प्रयोगशालाको शाखा विस्तार गर्न र आवश्यक जनशक्तिको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

अनुसन्धानकर्ताको व्यावसायिकता विकास र विशिष्टीकरण

अनुसन्धानको जगमा नै अभियोजनको प्रभावकारिता हुने भएकाले कसूरको अनुसन्धान गर्न नेपाल प्रहरीमा छुट्टै अनुसन्धान एकाइ गठन गर्नु पर्दछ । सो एकाइमा रहने विशिष्ट तालिम प्राप्त जनशक्तिलाई मात्र अनुसन्धानको जिम्मेवारी दिने र त्यस्ता जनशक्तिलाई अन्य काममा नलगाउने परिपाटि विकास हुन सकेमा अनुसन्धान कार्यमा अपेक्षित सुधार हुन्छ । तसर्थ कर्मचारीको वृत्तिविकासमा प्रतिकूल असर नगर्ने गरी कसूर अनुसन्धान गर्ने छुट्टै विशिष्टीकृत निकाय वा एकाइ गठन गर्ने कुरालाई गम्भीरतापूर्वक लिई यसतर्फ कानूनी र संस्थागत व्यवस्था गरिनु आवश्यक छ । यसैगरी मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले प्रहरीबाट अनुसन्धान हुने कसूरको सूचीमा गरेको वृद्धि र अनुसन्धानलाई वस्तुगत एवम् भौतिक प्रमाणमुखी बनाउन गरेको व्यवस्था अनुसार अनुसन्धान गर्ने प्रहरीको जनशक्ति वृद्धि गर्न र अनुसन्धानकर्ताको व्यावसायिक क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने पर्याप्त स्रोत साधन उपलब्ध गराउन समेत नेपाल सरकारले ध्यान दिनुपर्ने देखिन्छ । कसूरको अनुसन्धान गर्ने अन्य निकायहरूले पनि अनुसन्धानमा संलग्न रहने जनशक्तिलाई प्रशिक्षित गरी दक्षता विकास गर्नु पर्ने आवश्यकता देखिएको छ ।

सरकारी निकायको प्रतिनिधित्व र प्रतिरक्षा

सरकारी निर्णयहरूलाई अदालतमा चुनौती दिने अभ्यास बढ्दै गएको हुँदा सरकारी निकायहरूले निर्णय गर्दा प्रचलित कानूनले दिएको अख्तियारी, अधिकारक्षेत्र, कानूनले निर्धारण गरेको प्रक्रिया एवं त्यस्तै विषयमा सर्वोच्च अदालतबाट भएका आदेश समेतलाई दृष्टिगत गरी निर्णय गर्नुपर्ने आवश्यकता रहेको छ । सरकारी निकायबाट प्रतिरक्षाका लागि आवश्यक पर्ने कागजात, मिसिल फाइल सरकारी वकीललाई उपलब्ध गराउने र सरकारी वकीलबाट प्रभावकारी रुपमा प्रतिनिधित्व र प्रतिरक्षा हुन आवश्यक देखिन्छ ।

कानूनी राय तथा कानून व्यवसायीको सेवा

नेपालको संविधानको धारा १५८ को उपधारा (१) व्यवस्था बमोजिम सरकार र सरकारी निकायलाई संवैधानिक तथा कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने अधिकार महान्यायाधिवक्ता र महान्यायाधिवक्ताले प्रत्यायोजन गरेका सरकारी वकीललाई मात्र रहन्छ । सरकारी निकायहरूले महान्यायाधिवक्तासँग परामर्श नगरी छुट्टै कानूनी सल्लाहकार राख्ने वा सरकारी वकील बाहेकका अन्य व्यक्ति वा निकायबाट कानूनी राय लिने र राज्य कोषबाट भुक्तानी लिने कार्य कानून विपरीत रहेकोले यस्तो अभ्यासलाई तत्काल रोक्नु पर्ने आवश्यकता रहेको छ ।

अपराधशास्त्रीय अनुसन्धान केन्द्रको सुदृढीकरण

अपराधको प्रवृत्ति, फौजदारी कानूनको कार्यान्वयनको अवस्था, विद्यमान दण्डनीतिको प्रभावकारिता लगायत अपराधका विभिन्न पक्षहरूको व्यवस्थित अध्ययन तथा अनुसन्धान गरी फौजदारी न्याय प्रणालीमा गरिनुपर्ने सुधारसम्बन्धी सुझाव

दिन महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गरिएको छ । सरकारी वकीलसम्बन्धी नियमावली, २०७७ मा सो केन्द्रसम्बन्धी व्यवस्था भएको हुँदा उक्त केन्द्रका लागि विज्ञको व्यवस्थासहित आवश्यक पर्ने दरबन्दी र बजेट विनियोजन हुनु आवश्यक छ ।

सपुर्दगी र पारस्परिक कानूनी सहायता

कुनै व्यक्तिले नेपाल कानूनले फौजदारी कसूर मानेको कुनै कार्य नेपालको भूमिबाट थालनी गरी विदेशमा कसूरजन्य कार्य सम्पन्न गरेमा वा विदेशमा बसी कसूर गरेमा नेपालको सीमाभित्र कसूर भए गरेसरह मानिने गरी मुलुकी अपराध संहिता तथा विशेष कानूनमा व्यवस्था गरिएको छ । बर्हिक्षेत्रीय क्षेत्राधिकार हुने कसूरको प्रमाण संकलन गर्न र पारस्परिक कानूनी सहायता ऐन, २०७० बमोजिम पारस्परिक कानूनी सहायता लिन दिनका लागि सम्बन्धित मुलुकहरूसँग पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी सन्धि गर्न जरुरी देखिन्छ ।

सार्वजनिक सम्पत्तिको लगत र संरक्षण

छुट जग्गा दर्ताको लागि कानूनमा स्पष्ट हदम्यादको व्यवस्था नहुँदा सरकारी/सार्वजनिक जग्गा भनी नापी भई दर्ता समेत भैसकेको लामो समयपछि छुट जग्गा दर्ताको लागि निवेदन पर्ने गरेको अवस्था हुँदा एक पटक सरकारी/सार्वजनिक रूपमा जग्गा दर्ता भई सकेपछि निश्चित हदम्याद भित्र मात्र छुट जग्गा दर्ताको लागि निवेदन दिन पाउने कानूनी व्यवस्था गर्नु आवश्यक छ । प्रचालित कानून बमोजिम जग्गा अधिग्रहण गरी जग्गा प्राप्त गरिसके पश्चात प्राप्त गरेको जग्गाको लगत कट्टा नगरेको कारणबाट मुद्दाको सिर्जना गरी विधिसम्मत जग्गा प्राप्तिको कार्यलाई चुनौती दिने पाइएको हुँदा सम्बन्धित निकायले जग्गा प्राप्त गरिसके पश्चात स्रेस्तामा अनिवार्य रूपमा लगत कट्टा गर्नुपर्ने देखिन्छ । सार्वजनिक जग्गाको लगत राख्ने सम्बन्धित निकायले त्यस्ता सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख र समुचित उपयोग भए नभएको अनुगमन गरी सार्वजनिक सम्पत्तिको संरक्षणको लागि पहल गर्नु पर्दछ ।

क्षतिपूर्ति वा मुआब्जाको दाबी

एक पटक समुदाय वा समाजलाई समर्पण गरिसकिएको सम्पत्ति छुट दर्ताका नाउँमा प्रतिसंहरण गर्न नसकिने, दशकौंदेखि सम्पत्तिको प्रयोग बगर, वन, जंगल पर्ति, गौचरण, खेलकूद, मैदान, पाटी, पौवा, धर्मशाला, औषधालय, विद्यालय, पोखरी र बाटो जस्ता सार्वजनिक प्रयोगमा रहेका सम्पत्ति सार्वजनिक सम्पत्तिकै रूपमा कायम गर्नु पर्ने गरी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन (नेकाप २०६७, अंक ७, नि.नं. ८४१७, पृ. ११८१) समेत भएको छ । सो बमोजिम कसैले व्यक्त वा अव्यक्त रूपमा आफ्नो सम्पत्ति सार्वजनिक वा सामाजिक कामको लागि समर्पण गरिसकेको रहेछ भने निज वा निजका हकवालाले त्यस्तो सम्पत्ति माथि पुनः दाबी गर्न वा क्षतिपूर्ति वा मुआव्जा दाबी गर्न नपाउने गरी जग्गा प्राप्ति ऐन, २०३४ मा आवश्यक संशोधन गर्नु पर्ने देखिन्छ ।

सर्वोच्च अदालतबाट जारी आदेशको कार्यान्वयन

सर्वोच्च अदालतले विभिन्न रिट निवेदनहरूमा आवश्यक कानून निर्माण गर्न सरकारका नाममा निर्देशनात्मक आदेश दिए पनि सो अनुसार समयमै कानून निर्माण भएको देखिँदैन । साथै रिट निवेदनमा जारी भएका सबै आदेशहरू पूर्ण रूपमा कार्यान्वयन भएको देखिँदैन । अतः सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेश अनुसार कानून निर्माण र कार्यान्वयनका लागि सम्बन्धित निकाय गम्भीर हुन जरुरी देखिन्छ । त्यसैगरी अदालतबाट जारी भएका आदेश तथा फैसलाहरूको कार्यान्वयनको अवस्थाको बारेमा समेत वार्षिक रूपमा समीक्षा गर्ने परिपाटि विकास गर्नुपर्ने देखिन्छ । सोका लागि आवश्यक संयन्त्र निर्माण गरी बजेट विनियोजन समेत हुनु पर्दछ ।

बाल सुधार गृहमा बालमैत्री वातावरण निर्माण

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूति गरेको छ । बालबालिकाको हकमा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हकलाई सुनिश्चित गरिएको छ । कानूनको विवादमा परेका बालबालिकालाई मुद्दाको पुर्पक्षको क्रममा वा सुनुवाइ पश्चात् बाल सुधार गृहमा राख्ने गरिन्छ । कानूनको विवादमा परी राज्यको नियन्त्रणमा रहेका यस्ता बालबालिकाहरूलाई संविधान तथा कानूनमा व्यवस्था गरे बमोजिम बाल सुधार गृहमा शिक्षा, स्वास्थ्य, मनोरञ्जन आदिको व्यवस्था गर्नु पर्दछ । उनीहरूको सर्वोत्तम हित, सर्वांगीण विकास हुने गरी बाल सुधार गृहमा बालमैत्री वातावरण निर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ । कम्तीमा पनि एक प्रदेशमा एउटा बाल सुधार गृहको स्थापना गर्ने र त्यस्ता बाल सुधार गृहमा आवश्यक पुस्तकालयको व्यवस्था, पानी र शौचालयको सुलभ व्यवस्था एवं खाजा खर्चको समुचित व्यवस्था गरिनु पर्दछ । बाल सुधार गृहमा हुनु पर्ने न्यूनतम् पूर्वाधारको मापदण्ड तय गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

निगरानी कक्ष, हिरासत तथा कारागारको सुधार

कारागारमा रहेका व्यक्तिलाई शिक्षा र सीपको व्यवस्था गरी उत्पादनमूलक काममा लगाउने, आचरण, संस्कार, नैतिकता आदि विषयमा प्रशिक्षित गरी सामाजिक पुनःस्थापनाको कार्यलाई प्रभावकारी बनाउन जरुरी छ । थुनुवा र कैदीलाई राज्यबाट प्रदान गरिँदै आएको सिधा खर्चलाई समयानुकूल वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । महान्यायाधिवक्ताको

कार्यालयबाट नियमित रूपमा निगरानी कक्ष, हिरासत तथा कारागार कक्षहरूको अनुगमनको क्रममा निगरानी कक्षको भौतिक संरचना नभएको, हिरासत तथा कारागारमा क्षमता भन्दा बढी थुनुवा तथा कैदी बन्दी रहेको देखिएको छ । क्षमताभन्दा बढी व्यक्तिहरू हिरासत तथा कारागारमा रहँदा उनीहरूलाई न्यूनतम् मानवोचित व्यवहार गर्न समेत असहज हुन्छ । न्यूनतम् रूपमा मानवोचित व्यवहार हुन सक्ने गरी हिरासत कक्ष र कारागारको विस्तार र क्षमता विकास गरिनु अति आवश्यक छ । अनुसन्धान गर्ने निकायमा निगरानी कक्षको व्यवस्था हुन जरुरी छ । सजाय कार्यान्वयनका सुधारात्मक व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सकिएमा पनि कारागारको व्यवस्थापनमा सहजता आउने देखिन्छ ।

सूचना प्रविधिको प्रयोग

सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले प्रक्षेपण गरे अनुसार बजेट उपलब्ध हुन नसक्दा सरकारी वकील कार्यालयको कामलाई अपेक्षितरुपमा सूचना प्रविधियुक्त बनाउन सकिएको छैन । सबै सरकारी वकीलहरूलाई ल्यापटप उपलब्ध गराउने रणनीति कार्यान्वयन गर्न, इन्टरनेटमा पहुँच पुऱ्याउन, सबै सरकारी वकील कार्यालयहरूलाई सञ्जालीकरण गर्न, सीसी टिभी र इन्ट्रानेट जडान गर्न सकिएमा कार्य सम्पादन छिटो र प्रभावकारी हुने हुँदा सो प्रयोजनका लागि आवश्यक पर्ने बजेटको व्यवस्था हुनु पर्ने देखिन्छ । साथै, सूचना प्रविधिको प्रयोगका लागि आवश्यक जनशक्तिको दरबन्दी र त्यस्ता जनशक्तिको प्रशिक्षणको व्यवस्था गर्नु पर्ने देखिएको छ ।

कार्यालय भवन निर्माण

कार्यबोझ धेरै भएको उच्च सरकारी वकील कार्यालय, पाटनको आफ्नै कार्यालय भवन नभएको, हुँदा सो कार्यालयको भवन निर्माणको लागि बजेटको व्यवस्था गरिनु आवश्यक छ । उच्च सरकारी वकील कार्यालय, ओखलढुंगाका लागि जग्गाको बन्दोबस्त हुन बाँकी छ । जिल्ला सरकारी वकील कार्यालय, काभ्रेपलाञ्चोक, जिल्ला सरकारी वकील कार्यालय, सुर्खेतको भवन पुरानो भई नयाँ बनाउनु पर्ने आवश्यकता देखिएको छ । भक्तपुर जिल्ला अदालत हाल कायम रहेको सरकारी वकील कार्यालयबाट करिब पाँच किलोमिटर टाढा भएकाले सोही स्थान नजिक हुने गरी जिल्ला सरकारी वकील कार्यालय, भक्तपुरका लागि जग्गा व्यवस्थापन गरी कार्यालय भवन निर्माण गर्नु पर्ने आवश्यकता देखिएको छ । जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट र जिल्ला सरकारी वकील कार्यालय, पर्साका लागि कार्यालय भवन निर्माण गर्नु पर्ने अवस्था छ । कार्यालय भवन बन्न बाँकी सरकारी वकील कार्यालयहरू मध्ये कार्यबोझलाई आधार मानी भवन निर्माण गर्नका लागि स्रोत उपलब्ध हुनु पर्ने आवश्यकता छ ।

सरकारी वकील कार्यालयहरूको कार्यबोझ र दरबन्दी व्यवस्थापन

कानून र न्यायको क्षेत्रमा भएको विकास, अपराधको प्रकृति र तौरतरिकामा आएको परिवर्तनले विद्यमान जनशक्तिमा थप योग्यता, दक्षता एवं लगनशीलताको माग गर्दछ । नयाँ नयाँ र जटिल प्रकृतिका अपराधहरू जस्तै संगठित अपराध, सम्पत्ति शुद्धीकरण, बैंकिङ कसूर, विद्युतीय अपराध जस्ता कसूरहरूमा अभियोजन, प्रतिरक्षा तथा बहस पैरवी गर्न विशेष ज्ञान, सीप र दक्षता एवं पर्याप्त स्रोत, साधनको आवश्यकता पर्दछ । परम्परागत कसूरहरूमा पनि आधुनिक प्रविधि र नयाँ नयाँ तरिकाको प्रयोग गर्ने प्रचलन बढ्दै गएकोले त्यस्ता कसूरको अनुसन्धान, अभियोजन र बहस पैरवी गर्ने कार्य जटिल र चुनौतीपूर्ण हुँदै गएको छ । सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने कार्यमा निरन्तर रूपमा बढोत्तरी भएको छ । यसैगरी, मुलुकी अपराध संहिता र कार्यविधि संहिता एवं मौलिक हक कार्यान्वयनका लागि जारी गरिएका कानूनले समेत सरकारी वकीलको कार्यक्षेत्र विस्तार गर्नुका साथै बहन गर्नुपर्ने जिम्मेवारी समेत वृद्धि गरेको छ । प्रत्येक सरकारी वकील कार्यालयमा आवश्यक पर्ने न्युनतम् दरबन्दीका अतिरिक्त प्रति १५० मुद्दाका लागि एक जना सरकारी वकीलको अनुपातमा सरकारी वकीलको दरबन्दी कायम गरिनु उपयुक्त हुन्छ । सरकारी वकील कार्यालयको जनशक्ति र संरचनामा पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी थप गर्नु पर्ने देखिएको छ । साथै उपलब्ध जनशक्तिलाई दक्षता र योग्यता अनुरूप विशिष्टीकरण गर्न आवश्यक देखिन्छ ।

सरकारी वकीलको व्यावसायिक दक्षता अभिवृद्धि

सरकारी वकीलहरूलाई न्याय र कानूनको क्षेत्रमा विकसित नवीन मान्यताहरूसँग परिचित गराउन निश्चित मापदण्डको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार, अध्ययन तथा अवलोकन भ्रमणमा सहभागी हुने अवसर उपलब्ध गराउनु पर्दछ । साथै त्यस्ता विषयमा उच्च अध्ययनको लागि नेपाल सरकारलाई प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न पठाउने व्यवस्था समेत हुनु आवश्यक छ । यसको लागि सरकारी वकीलहरूको व्यावसायिक क्षमता अभिवृद्धिको विषय राष्ट्रिय योजनामा समावेश गरिनु आवश्यक छ । संगठित अपराध, विद्युतीय अपराध, सम्पत्ति

शुद्धीकरण जस्ता आर्थिक एवं सीमाविहीन अपराधका सम्बन्धमा सरकारी वकीलको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ । यस्ता अपराधसँग जुध्न प्रभावकारी व्यवस्था अवलम्बन गरेका मुलुकहरूमा अपनाइएको अनुसन्धान र अभियोजनका पद्धतिको सम्बन्धमा जानकारी हासिल गराउन सकेमा यस्ता कसूरको अनुसन्धान र अभियोजनको चुनौतीलाई सम्बोधन गर्न सहज हुन्छ । क्षमता विकासका लागि वार्षिक रूपमा निश्चित संख्या एकीन गरी सरकारी वकीलहरूलाई कानूनको उच्च शिक्षा अध्ययनका लागि विदेशी विश्वविद्यालयमा समेत जान सक्ने गरी अवसरको खोजी गर्नु पर्ने देखिन्छ ।

प्रोत्साहन तथा व्यावसायिक भत्ताको निरन्तरता

कार्यबोझका कारण कार्यालय समयको अतिरिक्त समयमा समेत कार्य गर्नुपर्ने अवस्था र मुद्दाको बहस पैरवीका लागि अतिरिक्त समयमा तयारी गर्नुपर्ने लगायतका कारणबाट सरकारी वकील र सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुऱ्याउने अन्य सहयोगी कर्मचारीलाई बिगतमा उपलब्ध गराइएको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताले सरकारी वकील तथा सहयोगी कर्मचारीहरूको मनोबल उच्च बनाउनुका साथै कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव पारेको थियो । यसका लागि सरकारी वकील सम्बन्धी नियमावलीमा नै सरकारी वकीलहरूका लागि व्यावसायिक भत्ता र कर्मचारीहरूका लागि कार्यसम्पादन सूचकका आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरी सो भत्तालाई मासिक पारिश्रमिकसँग भुक्तानी गर्ने व्यवस्था गरिनु पर्ने आवश्यकता रहेको छ ।

सेवा शर्त र सुविधा सम्बन्धी कानूनको निर्माण

व्यावसायिक प्रकृतिको कार्यसम्पादन गर्ने सरकारी वकीलको कार्यलाई सही अर्थमा व्यावसायीकरण गर्न छुट्टै सेवा शर्त सम्बन्धी कानूनबाट व्यवस्थित गरिनुपर्ने महसुस गरी तत्सम्बन्धी ऐनको मसौदा तयार गरी नेपाल सरकार समक्ष पेश भैसकेको छ । नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुने व्यवस्था गरिएको छ । यसले सरकारी वकीलको व्यावसायिकताको विकासका लागि मार्गप्रशस्त गरेको छ । संविधानले गरेको यो व्यवस्थालाई मूर्तरूप दिन र सरकारी वकीलको सेवालाई व्यवहारत: व्यावसायिक बनाउन, सरकारी वकीलहरू र महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत अन्य कर्मचारीहरूको मनोबल उच्च राखी कार्यमा प्रभावकारिता ल्याउन व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति समेतका विषय समावेश गरी सरकारी वकील तथा कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी कानून जारी गर्न आवश्यक छ ।

फौजदारी कानूनमा सुधार

फौजदारी कानून निर्माण गर्दा वा संशोधन गर्दा महान्यायाधिवक्ताको कार्यालयको राय परामर्श लिने वा महान्यायाधिवक्ताको कार्यालयको सहभागिता रहने अभ्यास विकास गर्न सकिएमा व्यावहारिक रूपमा देखा परेका समस्यालाई सम्बोधन गर्न र कानून कार्यान्वयनको दृष्टिले उपयुक्तता एकीन गर्न समेत सहयोग पुग्न जाने हुन्छ । प्रस्तुत प्रतिवेदनमा सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित देहायका फौजदारी कानूनमा सुधारको आवश्यकता रहेको छ:

मुलुकी अपराध संहिता र फौजदारी कार्यविधि संहितातर्फ

- मुलुकी अपराध संहिता, २०७४ को दफा ८५ मा उल्लेखित बाधा विरोध गर्न नहुने कसूर, दफा ९९ को वदनियतपूर्वक अनुसन्धान र अभियोजन गर्न नहुने कसूर र दफा १०१ को पक्राउको बाधा विरोध गर्न वा थुनाबाट भाग्न नहुने कसूरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश गर्न उपयुक्त हुन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ मा कसूर कायम गरिएका कसूरहरुलाई विशेष ऐनमा समेत कसूर कायम गरिएको छ । जस्तै: विष्फोटक पदार्थ ऐन, २०१८, खाद्य ऐन, २०२३, जातीय तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन, २०६८ । सामान्य कानूनको रुपमा रहेको संहिता र विशेष ऐनमा समेत अलग अलग कसूर र सजायको व्यवस्था गरिएबाट कानूनको प्रयोगमा समस्या भएको हुँदा यी कानूनी व्यवस्थामा एकरूपता कायम गरी पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ को कुटपिट वा अंगभंग सम्बन्धी परिच्छेद १४ को दफा १९७ मा रहेको "कसूर गर्ने नियतले बेहोस पार्न नहुने" र आपराधिक प्रवेश र उपद्रव सम्बन्धी परिच्छेद २६ को दफा २८७ मा रहेको "कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुने" व्यवस्थाहरू अन्य कसूरका सम्बन्धमा पनि लागू हुने हुँदा ती व्यवस्थालाई उक्त संहिताको भाग-१ को परिच्छेद तीनमा राखिनु उपयुक्त हुने देखिन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को शीर्षक नै त्रुटिपूर्ण रहेको छ । "थप सजाय हुने" भन्ने शीर्षकको सट्टा "अपहरण गरी शरीर बन्धक लिएमा हुने सजाय" उल्लेख गर्नु पर्ने देखिन्छ । साथै दफा २१४ को उपदफा (३) मा अपहरण तथा शरीरबन्धक "संगठित रूपमा गरे गराएमा" भन्ने व्यवस्थाको सट्टा "समूहगत रूपमा गरे गराएमा" राखिनु उपयुक्त हुन्छ ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) को खण्ड (घ) मा तीन जना वा तीन जना भन्दा बढीको जमात भई चोरी गरेमा वारदातको प्रकृति भन्दा कसूरदारको संख्याका आधारमा डाँका हुने अवस्था रहेको छ । तीन जना वा सो भन्दा बढी व्यक्तिको समूहले जुनसुकै तरिकाले जतिसुकै विगो भएको धनमाल चोरी गरेमा डाँका हुने र सो कसूरमा पाँच वर्ष देखि दस वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रूपैँयासम्म जरिवाना हुने व्यवस्थाबाट कसूरको गम्भीरता र सजायको अनुपात समेत नमिलेको हुँदा दफा २४४ को उपदफा (२) को (घ) लाई हटाई दफा २४१, २४२ र २४३ को कसूर दुई वा सो भन्दा बढी व्यक्तिले गरेको अवस्थामा थप सजाय हुने व्यवस्था हुनु पर्ने देखिन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ को भाग-२ को परिच्छेद २० मा चोरी गर्दा कसूरदारले घर, ढोका, दराज, ताला, बाकस लगायतका चिजवस्तु फुटाएको, नोक्सान पारेको देखिएको अवस्थामा चोरी गर्दा हानि नोक्सानी वा क्षति पुऱ्याएकोमा सोको दायित्व कसूरदारले वहन गर्नु पर्ने कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- मुलुकी फौजदारी कार्यविधि सहिताको दफा ४३ (१) (क) र दफा ५२ (५) ले अनुसूची-१ र अनुसूची-२ का मुद्दा सरकार वादी हुने र ती सबै मुद्दा सरकारी वकीलबाट अभियोगपत्र पेश गर्नुपर्ने व्यवस्था गरेको छ । संहिता कार्यान्वयनमा आएपछि जारी भएका विशेष ऐनहरूमा संहिताको व्यवस्था भन्दा भिन्न अनुसन्धान गर्ने अधिकृतले नै अभियोगपत्र दायर गर्ने व्यवस्था गरिएको पाइन्छ । यसलाई गम्भीरतापूर्वक लिँदै अनुसूची-२ मा समावेश भएका नेपाल सरकार वादी हुने मुद्दाको म्याद थप सरकारी वकील कार्यालय मार्फत गर्ने, प्रारम्भिक प्रतिवेदन सरकारी वकील समक्ष पठाउने, सरकारी वकील समक्ष अभियुक्तको बयान गराउने लगायतका विषयहरू र उक्त मुद्दाहरूको अभियोगपत्र सरकारी वकीलबाट दायर हुने गरी सम्बन्धित ऐनहरूमा तत्काल संशोधन हुनुपर्ने देखिन्छ ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ को प्रकरण २ मा "प्रकरण १ अन्तर्गतको कसूरको उद्योग, दुरुत्साहन, षडयन्त्रको कसूर" मात्र समावेश भएको हुँदा सो ऐनको अनुसूची -१ को प्रकरण १ (क) मा समावेश भएका कसूरहरूमा संलग्न मतियारलाई समेत समावेश गर्ने गरी सो अनुसूचीमा संशोधन गर्नुपर्ने देखिन्छ ।
- आधुनिक दण्डशास्त्रले कसूरदारलाई सुधार र सामाजिकीकरणमा जोड दिएको छ । कुनै पनि कसूरमा सजाय पाएको व्यक्तिमा सुधार हुन सक्छ भन्ने मान्यता रहेको छ । लामो समयको कैद सजाय पाएका कसूरदारहरूको हकमा सुधारात्मक दण्ड प्रणाली र सामाजिकीकरणको आवश्यकता अझ बढी हुन्छ । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा केही कसूरका कसूरदारलाई कैद कट्टा हुन नसक्ने गरी नकारात्मक सूचीमा राखिएको छ । यसमा पुनरावलोकन गरी त्यस्ता कसूरका कसूरदार कैदमा रहँदा चालचलनमा सुधार आएमा कैद सजाय कट्टा गर्न सकिने व्यवस्था गरिनु उपयुक्त देखिन्छ ।
- प्रोवेसन र प्यारोल दण्डका भिन्नभिन्न सुधारात्मक उपाय हुन् । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ मा प्रोवेसन तथा प्यारोलको लागि एउटै बोर्ड र दफा ४९ मा प्रोवेसन अधिकृत वा प्यारोल अधिकृत हुने व्यवस्था गरी यी दुई वटा सुधारात्मक व्यवस्थालाई एकै स्थानमा राखिएको छ । यसले कार्यान्वयनमा जटिलता उत्पन्न हुने भएकोले यी दुई व्यवस्थालाई सहजताका साथ कार्यान्वयनमा ल्याउनका लागि छुट्टाछुट्टै रूपमा व्यवस्थित गर्नु पर्ने देखिन्छ । साथै, सो ऐनको दफा २९ ले दुई तिहाई सजाय भुक्तान गरेको व्यक्तिलाई मात्र प्यारोलमा राख्न सक्ने र केही कसूरहरूमा प्यारोलमा नै राख्न नसकिने कानूनी व्यवस्था रहेको छ । प्यारोलमा राख्न दुई तिहाई सजाय भुक्तान गर्नु पर्ने व्यवस्था उक्त ऐनको दफा ३७ लाई समेत विचार गरी मिलाउनु पर्ने एवं अन्य व्यवस्था प्यारोलको प्रचलित मान्यता अनुकूल बनाउन उपयुक्त देखिन्छ ।

अन्य फौजदारी कानूनतर्फ

- जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२ ले सजायमा छुट दिन सक्ने व्यवस्था गरेकोमा सर्वोच्च अदालतले सो सम्बन्धमा आदेश गरिसकेको सन्दर्भमा उक्त ऐनको व्यवस्था कार्यान्वयन गर्न आवश्यक प्रबन्ध हुनुपर्ने देखिन्छ ।
- संगठित अपराध निवारण ऐन, २०७० को दफा ४ मा "कसैले संगठित अपराधको तयारी गर्न, षडयन्त्र गर्न, उद्योग गर्न वा संगठित अपराध गर्न दुरुत्साहन दिन वा त्यस्तो अपराधमा मतियार हुन हुँदैन" भनी कसूरको व्यवस्था गरे पनि सो ऐनमा सो कसूरको सजायको व्यवस्था नभएको हुँदा उक्त कसूरमा हुने सजायको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- वन्यजन्तुको आखेटोपहार तथा संकटापन्न वन्यजन्तु वा वनस्पति भन्ने विश्वासमा पारी वन्यजन्तुको अङ्ग वा आखेटोपहार तथा संकटापन्न वन्यजन्तु वा वनस्पतिको नक्कली वस्तुको कारोबार गर्ने विषयलाई समेत कसूर कायम गर्ने गरी सम्बन्धित कानूनमा पुनरावलोकन गरिनु पर्ने देखिन्छ ।

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (१) र (२) मा कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको वा सवारी बाहिर रहेको जुनुसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरूप एक्काइस दिनभित्र मरेमा सजाय हुने कानूनी व्यवस्था गरिएको छ । सोही दुर्घटनाका कारण एक्काइस दिन पछि घाइतेको मृत्यु भएमा दफा १६१ को उपदफा (१) र (२) बमोजिम सजाय हुन सक्ने अवस्था नभएकोले यसमा सवारी दुर्घटनाका कारण घाइते भएको व्यक्ति सोही कारणले जहिलेसुकै मृत्यु भएमा पनि सजाय गर्ने व्यवस्था राख्नु आवश्यक छ ।
- वन ऐन, २०७६ को दफा ६७ को उपदफा (१) मा दुई लाख रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्ने र उपदफा (२) मा उपदफा (१) बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउने व्यवस्था गरेको छ । साथै उपदफा (४) मा उपदफा (१) बमोजिमको निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था गरेको छ । यस कानूनी व्यवस्थाबाट डिभिजनल वन अधिकृतले सुनुवाइ गर्ने मुद्दामा विशेष कार्यविधि र अदालतले सुनुवाइ गर्ने वन सम्बन्धी मुद्दामा सामान्य कार्यविधि लागू हुने देखिन्छ । यसैगरी डिभिजनल वन अधिकृतले गरेको फैसला उपर पैतीस दिन भित्र पुनरावेदन गर्नु पर्ने र अदालतले गरेको फैसला उपर सत्तरी दिन भित्र पुनरावेदन गर्नु पर्ने भिन्न भिन्न व्यवस्था भएबाट एकै प्रकृतिको कसूरमा समान कार्यविधि लागू हुने र कसूरको अनुसन्धान सम्बन्धित डिभिजन वन कार्यालयको राजपत्र अनंकित प्रथम वा सोभन्दा माथिको कर्मचारीबाट हुने गरी कानूनमा पुनरावलोकन गर्न उपयुक्त हुन्छ ।
- बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतका कसूरको सुनुवाइ गर्ने क्षेत्राधिकार सोही ऐनको दफा १७ बमोजिम तोकिएको अदालतबाट हुने व्यवस्था गरिएकोमा हाल उच्च अदालतका वाणिज्य इजलासबाट यो ऐन अन्तर्गतका कसूरको सुनुवाइ गर्ने गरी नेपाल राजपत्रमा तोकिएको छ । ऐनको दफा ३ को खण्ड (ग) मा "आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिन" नहुने गरी कसूर कायम गरिएको कसूर संख्यात्मक रूपमा धेरै हुने गरेको र विषयको गम्भीरता, पक्षको पहुँच र उच्च अदालत, वाणिज्य इजलासबाट सुनुवाइ हुने मुद्दाको पुनरावेदन सर्वोच्च अदालतमा लाग्ने समेतको अवस्थाबाट बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) को कसूरमा सुनुवाइ गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई प्रदान गर्न उपयुक्त देखिन्छ ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा पर्यटक भिषा र वैदेशिक रोजगारको नाममा हुने मानव तस्करीलाई कसूर कायम हुने गरी कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

अनुसूचीहरू

अनसूची १

महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको संगठानत्मक स्वरुप



अनुसूची २

महान्यायाधिवक्ताको कार्यालबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दा, रिट तथा निवेदनको विवरण

मुद्दा तथा रिटको विवरण	अदालतमा रहेका मुद्दा तथा रिटको विवरण		लगत			फछ्यौंट				बाँकी	कैफियत
			गत वर्षको बाँकी	यस वर्षको	जम्मा	कसुर ठहर तथा रिट खारेज	कसुरमा सफाई तथा रिट जारी	मुल्तवी, तामेली, अन्य	जम्मा		
मुद्दा	पुनरावदेन	फौजदारी	३०३८	७२१	३७५९	६५८	८४०	१	१४९९	२२६०	
		देवानी	१६०	३४	१९४	६	१	०	७	१८७	
	साधक		१९	७	२६	४	०	०	४	२२	
	जम्मा		**३२१७**	**७६२**	**३९७९**	**६६८**	**८४१**	**१**	**१५१०**	**२४६९**	
	सुरु मुद्दा		११७	४५	१६२	४	०	०	४	१५८	
	प्रतिरक्षा गरिएका मुद्दाहरु	भ्रष्टाचार	२०६	८३	२८९	१२	३	०	१५	२७४	
		राजश्व सम्बन्धी	६४१	८०	७२१	२४	२१	०	४५	६७६	
		अन्य	९८	२५४	३५२	१०	७	०	१७	३३५	
	मुद्दाको कुलजम्मा		**४२७९**	**१२२४**	**५५०३**	**७१८**	**८७२**	**१**	**१५९१**	**३९१२**	
रिट निवेदन	बन्दीप्रत्यक्षीकरण		१३६	४२२	५५८	१८२	१४०	७	३२९	२२९	
	उत्प्रेषण		३२६५	१३१२	४५७७	१६२	१६६	२९	३५७	४२२०	
	परमादेश		१५२	५३	२०५	१०	६	१	१७	१८८	
	प्रतिषेध		१०	४	१४	०	१	०	१	१३	
	अधिकारपृच्छा		२	१	३	०	०	०	०	३	
	निषेधाज्ञा		०	०	०	०	०	०	०	०	
	निषेधाज्ञा परमादेश		०	०	०	०	०	०	०	०	
	जम्मा		**३५६५**	**१७९२**	**५३५७**	**३५४**	**३१३**	**३७**	**७०४**	**४६५३**	
निवेदनहरु	पुनरावलोकनको निवेदन		५८	१०	६८	०	१	०	१	६७	
	दोहोऱ्याइ पाउने निवेदन		१५७२	२४७	१८१९	१००	१८३	०	२८३	१५३६	
	मु.फौ.का.सं.को दफा ७३.,न्या.प्र.ऐनको दफा १५ का निवेदन		१३५	१०२	२३७	९०	१७	०	१०७	१३०	
	अनुमतिका निवेदन		६४१	८०	७२१	२४	२१	०	४५	६७६	
जम्मा			**२४०६**	**४३९**	**२८४५**	**२१४**	**२२२**	**०**	**४३६**	**२४०९**	
कुल जम्मा			**१०२५०**	**३४५५**	**१३७०५**	**१२८६**	**१४०७**	**३८**	**२७३१**	**१०९७४**	

अनुसूची ३

सरकारी वकीलबाट बहस पैरवी र प्रतिरक्षा गएिका मुद्दाहरुको विषयगत वर्गीकरण

	सि.नं.	मुद्दाको नाम		लगत मुद्दा			फछ्यौंट						बाँकी
				गत वर्षको	यस वर्षको	जम्मा	कसूर ठहर	सफाई	मुल्तवी	तामेली	अन्य	जम्मा	
अनुसूची १ भित्रका मुद्दामा अभियोजन र कारवाहीको विवरण	१	राज्य विरुद्ध		७	०	७	०	६	०	०	०	६	१
	२	सार्वजनिक शान्ति विरुद्ध		०	०	०	०	०	०	०	०	०	०
	३	सार्वजनिक न्याय विरुद्ध		०	०	०	०	०	०	०	०	०	०
	४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता		०	०	०	०		०	०	०	०	०
	५	हातहतियार तथा खरखजाना		८	०	८	४	१	०	०	०	५	३
	६	विष्फोटक पदार्थ		०	०	०	०	०	०	०	०	०	०
	७	राष्ट्रिय तथा सार्वजनिक सम्पदा		०	०	०	०	०	०	०	०	०	०
	८	धर्म सम्बन्धी कसुर		०	०	०	०	०	०	०	०	०	०
	९	भेदभाव तथा अपमानजन्य	बन्धक वा बाँधा बनाउने	०	०	०	०	०	०	०	०	०	०
			छुवाछुत वा भेदभाव गर्ने	०	०	०	०	०	०	०	०	०	०
			यातना दिने	०	०	०	०	०	०	०	०	०	०
			अन्य	०	३	३	१	०	०	०	०	१	२
	१०	विवाह	क) बहु विवाह	२५	९	३४	९	१७	०	०	०	२६	८
			ख) बाल विवाह	५	०	५	२	१	०	०	०	३	२
			ग) हाडनाता विवाह	०	०	०	०	०	०	०	०	०	०
	११	ज्यान	क) कर्तव्य ज्यान	६६६	१५३	८१९	१७५	२०९	०	०	०	३८४	४३५
			ख) आवेश प्रेरित हत्या	१	०	१	०	१	०	०	०	१	०
			ग) लापरवाहीवाट हत्या	०	०	०	०	०	०	०	०	०	०
			घ) हेलचेक्याईपूर्वक हत्या	०	०	०	०	०	०	०	०	०	०
			ङ) ज्यान मार्ने उद्योग	१०३	१७	१२०	३०	३९	०	०	०	६९	५१
			च) फाली वा परित्याग गरेको	०	०	०	०	०	०	०	०	०	०
			छ) भवितव्य ज्यान	०	०	०	०	०	०	०	०	०	०
			ज) गर्भपतन	४	०	४	०	१	१	०	०	२	२
			झ) आत्महत्या गर्न दुरुत्साहन गर्ने	०	१	१	१	०	०	०	०	१	०
	१२	कुटपिट अंगभंग		१४	०	१४	४	२	०	०	०	६	८
	१३	गैरकानूनी थुना		०	०	०	०	०	०	०	०	०	०
	१४	व्यक्ति बेपत्ता पार्ने		०	०	०	०	०	०	०	०	०	०
	१५	अपहरण वा शरीर	क) अपहरण	७१	१३	८४	७	१४	०	०	०	२१	६३
			ख) शरीर बन्धक	०	३	३	०	३	०	०	०	३	०
			ग) दुरुत्साहन, उद्योग, अन्य	१	०	१	०	१	०	०	०	१	०
	१६	करणी	क) जबर्जस्ती करणी	३७३	३९	४१२	५०	४७	०	०	०	९७	३१५
			ख) जबर्जस्ती करणी उद्योग	३३	२७	६०	८	२५	०	०	०	३३	२७
			ग) बाल यौन दुरुपयोग	३	०	३	२	०	०	०	०	२	१
			घ) अप्राकृतिक मैथुन	५	२	७	२	४	०	०	०	६	१
			ङ) वैवाहिक बलात्कार	०	०	०	०	०	०	०	०	०	०
			च) अन्य	०	४	४	२	२	०	०	०	४	०
	१७	इलाज सम्बन्धी		०	०	०	०	०	०	०	०	०	०
	१८	चोरी तथा डाँका	क) साधारण चोरी	१६	२	१८	७	६	०	०	०	१३	५
			ख) नकवजनी चोरी	१०	७	१७	१	३	०	०	०	४	१३
			ग) डाँका	३७	६	४३	१	१	०	०	०	२	४१
			घ) बगली मारा	०	०	०	०	०	०	०	०	०	०
			ङ) अन्य	१४	०	१४	३	५	०	०	०	८	६
	१९	आर्थिक	क) ठगी	११८	१५	१३३	२६	३८	०	०	०	६४	६९
			ख) आपराधिक विश्वासघात	०	०	०	०	०	०	०	०	०	०
			ग) आपराधिक लाभ (एक्सटर्सन)	०	१	१	०	०	०	०	०	०	१
			घ) मुद्रा	०	०	०	०	०	०	०	०	०	०
			ङ) टिकट	०	०	०	०	०	०	०	०	०	०
			च) बैंकिङ्ग कसूरसम्बन्धी	३१५	२३६	५५१	६१	४०	०	०	०	१०१	४५०
			ज) नेपाल राष्ट्र बैंक सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
			झ) अन्य	०	५	५	३	०	०	०	०	३	२

	२७	मानव बेचबिखन	क) मानव किनबेच	११	५१	६२	२०	७	०	०	०	२७	३५
			ख) मानव ओसारपसार	१३५	४	१३९	१	११	०	०	०	१२	१२७
			ग) मानव अंग झिक्ने, बेच्ने	०	०	०	०	०	०	०	०	०	०
			घ) वेश्यागमन	०	०	०	०	०	०	०	०	०	०
			ङ) वेश्यावृत्ति	०	०	०	०	०	०	०	०	०	०
	२८		राहदानी	०	०	०	०	०	०	०	०	०	०
	२९		लागू औषध	१९९	८३	२८२	२३	२८	०	०	०	५१	२३१
	३०	सवारी ज्यान	क) सवारीबाट अंगभंग	८	०	८	०	४	०	०	०	४	४
			ख) सवारीबाट कर्तव्य ज्यान	०	०	०	०	०	०	०	०	०	०
			ग) लापरवाही	१५	१०	२५	६	३	०	०	०	९	१६
			घ) भवितव्य	०	०	०	०	०	०	०	०	०	०
			ङ) क्षतिपूर्ति	२	०	२	१	१	०	०	०	२	०
	३१	विविध	क) अंग प्रत्यारोपण	०	०	०	०	०	०	०	०	०	०
			ख) आवश्यक वस्तु संरक्षण	०	१	१	१	०	०	०	०	१	०
			ग) कालो बजार	१	०	१	१	०	०	०	०	१	०
			घ) गोवध	०	४	४	२	२	०	०	०	४	०
			ङ) जुवा	०	०	०	०	०	०	०	०	०	०
			च) प्राचीन स्मारक सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
			छ) शिक्षा ऐनको दफा १७(१क)	१	०	१	१	०	०	०	०	१	०
			ज) स्वास्थ्यकर्मी/संस्थाको सुरक्षा	०	०	०	०	०	०	०	०	०	०
			झ) अन्य	१६	४	२०	३	७	०	०	०	१०	१०
	अनुसूची १ का मुद्दाको जम्मा			**२८८२**	**९३५**	**३८१७**	**३२०**	**३३५**	**०**	**०**	**०**	**६५५**	**३१६२**
अनुसूची २ भित्रका मुद्दामा अभियोजन र कारवाहीको विवरण	१		अध्यागमन	०	०	०	०	०	०	०	०	०	०
	२		उपभोक्ता संरक्षण	०	०	०	०	०	०	०	०	०	०
	३		औषधि	०	०	०	०	०	०	०	०	०	०
	४		खाद्य पदार्थ सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
	५		पानी दुषित पार्ने	०	०	०	०	०	०	०	०	०	०
	६		वातावरण प्रदुषित गर्ने	०	०	०	०	०	०	०	०	०	०
	७		खाद्य ऐन अन्तर्गका	०	०	०	०	०	०	०	०	०	०
	८		गुणस्तर (प्रमाण चिन्ह)	०	०	०	०	०	०	०	०	०	०
	९		नाप तौल सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
	१०		निर्वाचन सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०
	११		बैदेशिक रोजगार	५२५	१९०	७१५	१८	२६	०	०	०	४४	६७१
	१२		राजश्व चुहावट	३	१	४	०	०	०	०	०	०	४
	१३		राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु	२२	६	२८	१	४	०	०	०	५	२३
	१४		विदेशी विनिमय	३	९	१२	६	३	०	०	०	९	३
	१५		वन	२७	१०	३७	७	३	०	०	०	१०	२७
	१६		विद्युत चोरी	०	०	०	०	०	०	०	०	०	०
	१७		शिक्षा ऐन दफा १७(१)	०	०	०	०	०	०	०	०	०	०
	१८		सम्पत्ति शुद्धीकरण	१३	१	१४	०	१	०	०	०	१	१३
	१९		सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०
	२०		स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०
	२१		अन्य	२	१	३	२	०	०	०	०	२	१
	अनुसूची २ का मुद्दाको जम्मा			**५९५**	**२१८**	**८१३**	**३४**	**३७**	**०**	**०**	**०**	**७१**	**७४२**
देवानी	क) सरकारी जग्गा दपोट			१३८	३९	१७७	१२	५	०	०	०	१७	१६०
	ख) तिरो दपोट			०	०	०	०	०	०	०	०	०	०
	ग) विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण			०	०	०	०	०	०	०	०	०	०
	घ) विदेशीलाई अंश अपुताली दिएको			०	०	०	०	०	०	०	०	०	०
	ङ) अन्य			१०	०	१०	४	६	०	०	०	१०	०
	देवानी मुद्दाको जम्मा			**१४८**	**३९**	**१८७**	**१६**	**११**	**०**	**०**	**०**	**२७**	**१६०**
	कुल जम्मा			**३६२५**	**११९२**	**४८१७**	**३७०**	**३८३**	**०**	**०**	**०**	**७५३**	**४०६४**

अनुसूची ४

महान्यायाधिवक्ताको कार्यालयबाट पुनरावेदन, पुनरावलोकन, दोहोऱ्याई पाउने निवेदन र दफा ७३ को निवेदन सम्बन्धमा भएको कारवाही विवरण

	सि.नं.	मुद्दाको नाम		लगत मुद्दा			फछ्यौट														बाँकी	दफा ७३ को निवेदन
							पु.वे.प्रस्ताव प्राप्त संख्या			निर्णय संख्या				दो.पा.प्रस्ताव प्राप्त संख्या			दो.पा. निर्णय संख्या			जम्मा फछ्यौट		
				गत वर्षको	यस वर्षको	जम्मा	गर्ने	नगर्ने	जम्मा	गर्न लेखी पठाउने	गर्ने	नगर्ने	जम्मा	गर्ने	नगर्ने	जम्मा	गर्ने	नगर्ने	जम्मा			
अनुसूची १ भित्रका मुद्दामा अभियोजन र कारवाहीको विवरण	१	राज्य विरुद्ध		०	११	११	०	१०	१०	१	०	८	९	०	०	०	०	०	०	९	२	०
	२	सार्वजनिक शान्ति विरुद्ध		१०	४	१४	१	१२	१३	०	०	१२	१२	१	०	१	०	१	१	१३	१	०
	३	सार्वजनिक न्याय विरुद्ध		१	०	१	०	१	१	०	०	१	१	०	०	०	०	०	०	१	०	०
	४	सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सदाचार र नैतिकता		१८	४४	६२	१	६१	६२	३	०	५८	६१	०	०	०	०	०	०	६१	१	०
	५	हातहतियार तथा खरखजाना		४	६	१०	०	८	८	०	०	७	७	२	०	२	१	१	२	९	१	०
	६	विष्फोटक पदार्थ		०	७	७	०	६	६	०	०	६	६	१	०	१	१	०	१	७	०	०
	७	राष्ट्रिय तथा सार्वजनिक सम्पदा		१	०	१	०	१	१	०	०	०	०	०	०	०	०	०	०	०	१	०
	८	धर्म सम्बन्धी कसुर		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	९	भेदभाव तथा अपमानजन्य व्यवहार	क) बन्धक वा बाँधा बनाउने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ख) छुवाछुत वा भेदभाव गर्ने	१	०	१	०	१	१	१	०	०	१	०	०	०	०	०	०	१	०	०
			ग) यातना दिने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			घ) अन्य	०	२	२	०	२	२	०	१	१	२	०	०	०	०	०	०	२	०	०
	१०	विवाह	क) बहु विवाह	८	४७	५५	१	३२	३३	३	०	२९	३२	२१	०	२१	७	१४	२१	५३	२	०
			ख) बाल विवाह	२	१	३	०	२	२	०	०	२	२	१	०	१	०	१	१	३	०	०
			ग) हाडनाता विवाह	०	१	१	०	०	०	०	०	०	०	१	०	१	१	०	१	१	०	०
	११	ज्यान	क) कर्तव्य ज्यान	३३	१८९	२२२	८७	८४	१७१	३	९२	८१	१७६	४९	०	४९	१८	१७	३५	२११	११	२
			ख) आवेश प्रेरित हत्या	०	२	२	०	१	१	०	०	२	२	१	०	१	०	०	०	२	०	०
			ग) लापरवाहीवाट हत्या	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			घ) हेलचेक्राईपूर्वक हत्या	०	०	०	०		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ङ) ज्यान मार्ने उद्योग	३७	५४	९१	८	६८	७६	५	८	६४	७७	१४	०	१४	३	६	९	८६	५	१
			च) फाली वा परित्याग गरेको	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			छ) भवितव्य ज्यान	०	३	३	०	२	२	०	०	२	२	१	०	१	०	०	०	२	१	०
			ज) गर्भपतन	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			झ) आत्महत्या गर्न दुरुत्साहन गर्ने	३	७	१०	०	६	६	०	०	७	७	४	०	४	१	२	३	१०	०	०
			ञ) अन्य	०	११	११	५	४	९	०	४	४	८	२	०	२	०	१	१	९	२	०
	१२	कुर्तपिट अंगभंग		३	१६	१९	१	१०	११	२	०	९	११	८	०	८	४	२	६	१७	२	०
	१३	गैरकानूनी थुना		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	१४	व्यक्ति बेपत्ता पार्ने		०	१	१	०	१	१	०	०	१	१	०	०	०	०	०	०	१	०	०
	१५	अपहरण वा शरीर बन्धक	क) अपहरण	२	१७	१९	६	७	१३	१	९	४	१४	६	०	६	२	३	५	१९	०	०
			ख) शरीर बन्धक	०	५	५	२	२	४	०	४	१	५	१	०	१	०	०	०	५	०	०
			ग) दुरुत्साहन, उद्योग, अन्य	०	१	१	०	०	०	०	०	१	१	१	०	१	०	०	०	१	०	०
	१६	करणी	क) जवर्जस्ती करणी	३३	२७६	३०९	७६	१०४	१८०	९	८०	१००	१८९	१२७	०	१२७	६३	४३	१०६	२९५	१४	२
			ख) जवर्जस्ती करणी उद्योग	७	६६	७३	१०	२३	३३	४	८	२६	३८	३९	०	३९	१८	१४	३२	७०	३	०
			ग) बाल यौन दुरुपयोग	०	९	९	१	३	४	०	१	४	५	५	०	५	३	०	३	८	१	०
			घ) अप्राकृतिक मैथुन	०	२	२	२	०	२	०	२	०	२	०	०	०	०	०	०	२	०	०
			ङ) वैवाहिक बलात्कार	०	०	०	०		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			च) अन्य	०	२	२	१	०	१	०	१	०	१	१	०	१	०	१	१	२	०	०
	१७	इलाज सम्बन्धी		०	१	१	०	०	०	०	०	०	०	१	०	१	१	०	१	१	०	०
	१८	चोरी तथा डाँका	क) साधारण चोरी	१८	१८	३६	१	३५	३६	४	०	३१	३५	०	०	०	०	०	०	३५	१	०
			ख) नकवजनी चोरी	२०	७४	९४	४	८७	९१	२	०	८२	८४	२	०	२	४	१	५	८९	५	०
			ग) डाँका	१३	३१	४४	४	३६	४०	०	४	३४	३८	४	०	४	०	२	२	४०	४	०
			घ) बगली मारा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ङ) अन्य	१५	२	१७	०	१६	१६	०	०	१३	१३	१	०	१	०	१	१	१४	३	०
	१९	आर्थिक	क) ठगी	६	५३	५९	१०	२५	३५	८	४	२६	३८	२३	०	२३	७	१४	२१	५९	०	०
			ख) आपराधिक विश्वासघात	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ग) आपराधिक लाभ (एक्सटर्सन)	१	१	२	१	१	२	०	१	१	२	०	०	०	०	०	०	२	०	०
			घ) मुद्रा	०	३	३	१	२	३	०	०	३	३	०	०	०		०	०	३	०	०
			ङ) टिकट	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			च) बैंकिङ्ग कसूरसम्बन्धी	३२	१०९	१४१	४१	८७	१२८	०	४४	८३	१२७	१२	०	१२	०	०	०	१२७	१४	१
			ज) अन्य	०	१	१	१	१	२	०	०	०	०	०	०	०	०	०	०	०	१	०
	२०	कीर्ते		१	२५	२६	०	१६	१६	०	१	१४	१५	८	०	८	६	२	८	२३	३	१
	२१	आपराधिक प्रवेश		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२२	आपराधिक उपद्रव		०	७	७	०	७	७	०	०	०	०	०	०	०	०	०	०	०	७	०

	२३	पशुपन्छी	गाई, गोरु मार्ने वा कुट्ने	०	३	३	०	३	३	०	०	३	३	०	०	०	०	०	०	३	०	०
			अन्य	०	१	१	०	१	१	०	०	०	०	०	०	०	०	०	०	०	१	०
	२४		नागरिकता	३	४	७	०	४	४	२	१	१	४	३	०	३	२	०	२	६	१	०
	२५		प्रतिलिपि अधिकार	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२६	प्रतिबिंध सम्बन्धी	क) दूर संचारसम्बन्धी	०	१	१	१	०	१	०	०	१	१	०	०	०	०	०	०	१	०	०
			ख) विद्युतीय कारोबार	०	२	२	०	१	१	०	०	०	०	१	०	१	१	०	१	१	१	०
			ग) अन्य	०	०	०	०	०	०	०	०	०	०	१	०	१	०	०	०	०	०	०
	२७	मानव वेचबिखन	क) मानव किनवेच	०	१	१	०	१	१	०	०	१	१	०	०	०	०	०	०	१	०	०
			ख) मानव ओसारपसार	१२	४५	५७	१६	१६	३२	०	१९	१६	३५	२४	०	२४	११	१०	२१	५६	१	१
			ग) मानव अंग झिक्ने, बेच्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			घ) वेश्यागमन	१	०	१	०	१	१	०	०	१	१	०	०	०	०	०	०	१	०	०
			ङ) वेश्यावृत्ति	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२८		राहदानी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२९		लागू औषध	७६	१४९	२२५	३०	१५०	१८०	३	२२	१२६	१५१	४३	०	४३	१६	२५	४१	१९२	३३	१
	३०	सवारी ज्यान	क) सवारीबाट अंगभंग	१२	१०	२२	२	११	१३	१	२	१०	१३	९	०	९	४	४	८	२१	१	०
			ख) सवारीबाट कर्तव्य ज्यान	०	५	५	०	३	३	०	०	३	३	२	०	२	१	१	२	५	०	०
			ग) लापरवाही	८	२४	३२	४	१३	१७	०	०	२	२	१५	०	१५	११	५	१६	१८	१४	०
			घ) भवितव्य	३	३	६	०	०	०	०	०	३	३	०	०	०	०	०	०	३	३	०
			ङ) क्षतिपूर्ति	२	१	३	०	२	२	१	०	१	२	१	०	१	०	१	१	३	०	०
	३१	विविध	क) अंग प्रत्यारोपण	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ख) आवश्यक वस्तु संरक्षण	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ग) कालो बजार	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			घ) गोवध	०	३	३	०	३	३	०	०	३	३	०	०	०	०	०	०	३	०	०
			ङ) जुवा	०	५	५	०	५	५	०	०	०	०	०	०	०	०	०	०	०	५	०
			च) प्राचीन स्मारक सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			छ) शिक्षा ऐनको दफा १७१क)	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			ज) स्वास्थ्यकर्मी/संस्थाको सुरक्षा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
			झ) अन्य	१७	११	२८	२	२२	२४	०	२	२०	२२	४	०	४	२	२	४	२६	२	०
	अनुसूची १ का मुद्दाको जम्मा			**४०३**	**१३७७**	**१७८०**	**३२०**	**१०००**	**१३२०**	**५३**	**३१०**	**९०८**	**१२७१**	**४४०**	**०**	**४४०**	**१८८**	**१७४**	**३६२**	**१६३३**	**१४७**	**९**
अनुसूची २ भित्रका मुद्दामा अभियोजन २ कारबाहीको विवरण	१		अध्यागमन	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२		उपभोक्ता संरक्षण	०	०	०	०	०	०	०	०	०	०		०	०		०	०	०	०	०
	३		औषधि	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	४		खाद्य पदार्थ सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	५		पानी दुषित पार्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	६		वातावरण प्रदुषित गर्ने	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	७		खाद्य ऐन अन्तर्गका	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	८		गुणस्तर (प्रमाण चिन्ह)	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	९		नाप तौल सम्बन्धी	०	२	२	०	२	२	०	०	२	२	०	०	०	०	०	०	२	०	०
	१०		निर्वाचन सम्बन्धी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	११		वैदेशिक रोजगार	२७	१२४	१५१	४४	१०४	१४८	०	४७	९५	१४२	२	०	२	२	२	४	१४६	५	१
	१२		राजश्व चुहावट	३	१६	१९	७	७	१४	०	९	४	१३	२	०	२	१	१	२	१५	४	३
	१३		गण्ठ्य निकुञ्ज तथा वन्यजन्तु	१	३	४	४	०	४	०	०	०	०	१	०	१	०	१	१	१	३	१
	१४		विदेशी विनिमय	१	६	७	१	४	५	१	०	३	४	२	०	२	१	१	२	६	१	०
	१५		वन	५	३५	४०	६	१७	२३	२	५	६	१३	१२	०	१२	४	४	८	२१	१९	०
	१६		विद्युत चोरी	०	३	३	०	१	१	०	०	१	१	२	०	२	१	१	२	३	०	०
	१७		शिक्षा ऐन दफा १७१)	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	१८		सम्पत्ति शुद्धीकरण	०	३	३	२	१	३	०	२	१	३	०	०	०	०	०	०	३	०	०
	१९		सामाजिक सुधार ऐन	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२०		स्वास्थ्य व्यवसायी परिषद्	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	२१		अन्य	४	१	५	०	५	५	०	५	०	५	१	०	१			०	५	०	०
	अनुसूची २ का मुद्दाको जम्मा			**४१**	**१९३**	**२३४**	**६४**	**१४१**	**२०५**	**३**	**६८**	**११२**	**१८३**	**२२**	**०**	**२२**	**९**	**१०**	**१९**	**२०२**	**३२**	**५**
देवानी	क) सरकारी जग्गा दर्पोट			०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	ख) तिरो दर्पोट			०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	ग) विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण			०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	घ) विदेशीलाई अंश अपुताली दिएको			०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
